
# नेपालमा थेरवाद - बुद्धधर्म एक अध्ययन



सम्पादक

डा. रीना तुलाधर

Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवाद-बुद्धधर्म : एक अध्ययन

सम्पादक
डा. रीना तुलाधर

Dhamma.Digital

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवाद-बुद्धधर्म : एक अध्ययन


| | | |
|---|---|---|
| सम्पादक | : | डा. रीना तुलाधर |
| संस्करण | : | पहिलो, वि.सं. २०७२ (५०० प्रति) |
| प्रकाशक | : | नेपाल प्रज्ञा-प्रतिष्ठान<br>कमलादी, काठमाडौँ |
| टङ्कन | : | रञ्जन घिमिरे |
| आवरण सज्जा | : | उषनिष तारा तुलाधर |
| मूल्य | : | रु.२००।- |
| मुद्रण | : | उपलब्धि प्रकाशन सेवा प्रा.लि.<br>गैरीधारा, काठमाडौँ |

ISBN : 978-9937-589-82-6


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्‌का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सीपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्‌मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ। यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई

Downloaded from http://www.dhamma.digital

सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौं । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौं ।

नेपाल भाषिक रूपमा पनि विविधताले सुन्दर रहेको देश हो । हाम्रो भौगोलिक एवं सांस्कृतिक विविधता अनुरूप भाषिक विविधता पनि रहेको छ । हाम्रा सबै भाषाहरूको एकै रूपमा विकास भएको पनि छैन । विकासको विभिन्न चरणमा रहेका नेपालका भाषाहरूलाई समानुपातिक हिसाबले विकसित हुने अवसर प्रदान गर्ने आधिकारिक संस्था नै नेपाल प्रज्ञा-प्रतिष्ठान हो । यसले कुनै पनि भाषाको विद्यमान अवस्था हेरी त्यस्ता भाषाको प्रवर्धनमा प्रज्ञा-प्रतिष्ठान क्रियाशील रहेकै छ ।

नेपालमा थेरवाद-बुद्धधर्म : एक अध्ययन नामको यो पुस्तक प्रज्ञा-प्रतिष्ठानको दर्शनशास्त्र विभागले प्रदान गरेको लघुपरियोजना अन्तर्गत तयार पारिएको अध्ययन प्रतिवेदनको परिमार्जित रूप हो । प्रस्तुत पुस्तकले बुद्धधर्मको थेरवाद सम्प्रदायको बारेमा जानकारी प्रदान गर्नेछ भन्ने अपेक्षा प्रतिष्ठानले लिएको छ । अध्ययन प्रतिवेदन प्रस्तुत गर्ने विद्वान् लेखिका डा. रीना तुलाधरलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

विश्वमा प्रचलित धर्महरुमा बुद्ध धर्म एउटा प्रमुख धर्म मानिन्छ। यो धर्मको प्रभाव आज विश्वभरि विस्तार भएको छ। बुद्ध धर्म, धर्म मात्र नभएर एउटा प्रमुख दर्शन पनि हो। हिन्दू धर्ममा जीवनको सार्थकता र उद्देश्य मोक्ष प्राप्ति रहे झैं बुद्ध धर्ममा पनि निर्वाण प्राप्तिलाई नै जीवनको अर्थ, अनि उद्देश्यका रूपमा मान्दै आएको पाइन्छ।

भगवान् बुद्धले सत्धर्मको उपदेश दिएका थिए। उनको महापरिनिर्वाण पछि उनका अनुयायी बीचमा बुद्ध धर्मबारे अनेक बहस र धारणाहरु जन्मँदै गए। समय सापेक्ष तिनमा परिवर्तनहरु हुँदै गए, त्यहींबाट बुद्ध धर्ममा विभिन्न सम्प्रदायहरु स्थापित हुन पुगे। सबै सम्प्रदायका अनुयायीहरुको एउटै लक्ष्य निर्वाण प्राप्ति हुँदाहुँदै पनि निर्वाण प्राप्तिका लागि अपनाउनु पर्ने प्रक्रिया र बाटो भने फरक फरक हुँदै गए। यस क्रममा भन्नुपर्दा बुद्ध धर्मको सबभन्दा प्राचीन र पहिलो बाटोमा सम्प्रदाय थेरवाद हो। थेरको अर्थ हो वरिष्ठ अथवा जेष्ठ। थेरवाद जसलाई स्थविरवाद पनि भनिन्छ, यो मूलतः पाली' ग्रन्थ त्रिपिटकमा आधारित छ। यो बुद्ध धर्मभित्रका अरू सम्प्रदाय जस्तो लचिलो र समय सापेक्ष सुधारको पक्षमा नभई बुद्ध धर्मको सच्चा अनुयायीका रूपमा आरम्भदेखि अहिलेसम्म यथावत् स्थिर छ।

बुद्ध धर्म र दर्शनको क्षेत्रमा थेरवाद सम्प्रदायको आफ्नै महत्त्व र स्थान छ। त्यसै पनि हामीकहाँ धर्म र दर्शन बारेका स्तरीय र महत्त्वपूर्ण पुस्तकहरुको अभाव नै छ। प्रस्तुत सन्दर्भमा डा. रीना तुलाधरज्यूले नेपाल प्रज्ञा-प्रतिष्ठानको दर्शन विभागबाट अध्ययन अनुसन्धानको योजना अन्तर्गत थेरवाद सम्बन्धी स्तरीय लेखहरुको सङ्कलन र सम्पादनको कार्य जिम्मा लिई सो कार्य समयमै सम्पन्न गर्नु भएकोमा हार्दिक धन्यवाद नदिइ रहन सकिँदैन। अहिले उहाँले सम्पन्न गर्नु भएको अध्ययन अनुसन्धानबाट नेपालमा थेरवाद-

Downloaded from http://www.dhamma.digital

**बुद्ध धर्म : एक अध्ययन** शीर्षकमा पाण्डुलिपि तयार भई प्रकाशनमा आएको छ। बुद्ध धर्म र दर्शनका स्वनामधन्य विद्वान् विदुषीहरुको समय सापेक्ष, महत्त्वपूर्ण उच्च स्तरका लेखहरुलाई मिहनेतसाथ सङ्कलन र सम्पादन गरी पुस्तकका रूपमा उहाँले तयार गर्नु भएको सामग्रीलाई प्रकाशनमा ल्याउन पाउँदा नेपाल प्रज्ञा-प्रतिष्ठान विद्वान् लेखकहरु र सम्पादकप्रति कृतज्ञ छ। यो पुस्तकले बुद्ध धर्मभित्रको थेरवाद सम्बन्धी धारणालाई अझ स्पष्ट पार्दै धर्म र दर्शनका क्षेत्रमा चाख हुने, यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने सबैलाई सहयोग पुऱ्याउने विश्वास गर्दछौं।

(डा. विष्णुविभु घिमिरे)
उपकुलपति

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विभागीय मन्तव्य

बुद्धधर्ममा स्थविरवादको अत्यन्त महत्त्वपूर्ण स्थान छ। त्यही स्थविरवादको विषयलाई लिएर तयार पारिएको **नेपालमा थेरवाद बुद्धधर्म : एक अध्ययन** नामक पुस्तक हाम्रो अगाडि छ। नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शन विभागको अनुसन्धान परियोजनाअन्तर्गत यो पुस्तक तयार भएको हो। सहप्राध्यापक मदन रत्न मानन्धरद्वारा **नेपालमा थेरवाद बुद्धधर्म : एक अध्ययन**, उपप्राध्यापक त्रिरत्न मानन्धरद्वारा **नेपालमा थेरवाद बुद्धधर्मको विकासक्रम** र लोचनतारा तुलाधरद्वारा **नेपालमा बुद्धधर्म प्रचारप्रसारमा थेरवादी भिक्षुणीहरूको योगदानमा** तयार पारिएका तीनवटा अनुसन्धानमूलक लेखलाई सम्पादन गरी पुस्तकाकार दिने काम सहप्राध्यापक डा.रीना तुलाधरद्वारा भएको हो। पुस्तक तयार पार्ने काममा परिश्रमपूर्वक संलग्न विद्वान् विदुषीलाई मेरो आफ्नो तर्फबाट र नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शन विभागको तर्फबाट हार्दिक धन्यवाद दिन्छु। नीरक्षीर विवेकीहरूबाट यस पुस्तकको गुणदोषको राम्रो परीक्षण हुनेछ, यसलाई तयार गर्ने विद्वान् विदुषीहरूबाट आफ्नो अध्ययन-अनुसन्धानलाई बढाउँदै जाने काम हुनेछ र आएका सल्लाह-सुझावलाई ग्रहण गरी यसको आगामी संस्करण योभन्दा बढी पूर्ण र प्रामाणिक हुनेछ भन्ने आशा मैले लिएको छु।

न तत्थ आनन्द तथागतस्स धम्मेसु आचारियमुट्ठि *(भगवान् बुद्ध-दीघनिकाय महापरिनिब्बानसुत्त)* (आनन्द, तथागतको (यथार्थज्ञाताको) धर्ममा आचार्यमुष्टि (आचार्यमुट्ठि = आचार्यले (गुरुले) आफ्नो मुठीमा अड्याइराखेको कुरो) हुँदैन।

**प्रा. दिनेशराज पन्त**
**प्रमुख**
**दर्शन विभाग**
**नेपाल प्रज्ञा-प्रतिष्ठान**

Downloaded from http://www.dhamma.digital

# थेरवादी बौद्ध मतमा भिक्षुणी परम्परा

-विष्णु प्रभात

जेष्ठ कनिष्ठको धारणा सामान्य जीवनदेखि विशिष्ट चिन्तनमा समेत देखा पर्दो रहेछ भन्ने कुरा बुद्धदर्शनको धार्मिक धारामा प्रकट भएको स्थविर र महासाङ्घिक सोचले दर्साएको छ। संस्कृतको स्थविर शब्दका सट्टामा बुद्ध धर्मानुयायीहरूले पालि भाषाको 'थेर' शब्द अँगाल्दै आएका छन्। थेरको अर्थ हो वरिष्ठ या जेष्ठ। परम्परागत कट्टरताको पक्ष लिने पाका र जेष्ठ भिक्षुहरूको बाहुल्य भएको धारा **थेरवादी** कहलिए भने केही कम उमेरका र कट्टरताभन्दा उदारता र सुधार समयोचित कुरा हो त्यसैले बुद्धका भनाइ या नियममा पनि परिस्थितिअनुकूल परिवर्तन गर्न सकिन्छ र कतिपय कुराहरूलाई पालन गर्नु आवश्यक छैन भन्ने धारणा राख्नेहरू महासाङ्घिक भनिए। निकाय भेदको यो प्रारम्भिक अवस्थाले नै बुद्धधर्मको दार्शनिक सोचमा नानात्व पैदा भयो। पालि भाषाका ग्रन्थआश्रितहरूले आफूहरू थेरवादी भएको बताए भने संस्कृत ग्रन्थआश्रितले आफूलाई सर्वास्तिवादी भन्दै आए। वर्तमान समयमा त झन् नेपालीका अतिरिक्त तिब्बती, सिंहली, बर्मी, जापानी, थाई, भियतनामी आदि बुद्धधर्मका बान्की देखा परेका छन्। **त्रिपिटक** र **जातक** कथाहरूको आधार एकै भए पनि प्रस्तुतिमा हिमाली बुद्धधर्मका रूपमा लामायान पनि प्रयोगमा छँदै छ। यद्यपि यो महायानी बौद्ध मतको तिब्बतिरूप मानिन्छ। नेपालमा थेरवाद र योगाचारी धारासँगै वज्रयानीहरू पनि छन् र बोनधर्मलाई समेत बुद्धधर्मको एउटा रूप मान्ने धारणा पनि पाइन्छ। सुरुमा बुद्धधर्मलाई श्रावक बोधि, प्रत्येकबोधि र सम्यक् सम्बोधि नाम दिई त्यसलाई अँगाल्नेलाई श्रावक यानी, प्रत्येकबोधि यानी र बोधिसत्त्वयानी भनियो। थेरवाद श्रावक यानअन्तर्गत पर्दछ। पछि यसलाई आफैं मात्र मोक्ष खोज्ने सङ्कीर्ण विचारवाला भनी **हीनयान** भनियो। आजभोलि थेर वा स्थविरवादका नामबाट जानिने बुद्धधर्म-दर्शनमा चार आर्य सत्य-दुख छ, दुखको कारण छ, दुख निरोध हुन्छ र दुख निरोधका बाटाहरू छन् भनेर बताइएको छ। रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान जस्ता पाँच उपदान स्कन्ध दुख हुन् भने तिनको कारणमा-काम, भव र विभवरूपी तृष्णा रहेका छन्। तृष्णाको त्याग नै दुख निरोधको उपाय हो र त्यसका निम्ति अष्टसम्यक् मार्ग अँगाल्नु जरुरी छ।

Downloaded from http://www.dhamma.digital

त्यसो त बुद्धदर्शन र बुद्धधर्ममा पनि भेद छ। बुद्धदर्शनको समग्रतालाई भन्दा बुद्धधर्मको विशिष्टतालाई बौद्धमार्गीहरूबाट चर्चा, छलफल, अध्ययन र अनुसरण गर्ने गरिएको छ। बुद्धदर्शनको समग्रता तत्त्वमीमांसीय, ज्ञानशास्त्रीय र नीतिपरक शाखाका धारमा ठड्याएर हेर्ने, विश्लेषण गर्ने र समाजशास्त्रीय विशेषता केलाउनेतर्फ धेरैको ध्यान गएको छैन। बुद्धत्वको तात्पर्य प्राकृतिक स्वभावबोध, वास्तविकताको ठम्याइ र ज्ञानको उच्चतम प्रबोधन भन्ने गरिएको परिप्रेक्ष्यमा हेर्दा चार आर्य सत्य र त्यसको निरूपणमा आउने आठ असल मार्गको परिपालन बुद्धानुशासन बन्न पुग्दछ। आठ असल मार्गलाई 'अष्टसम्यक्' भनिन्छ। कर्म, ध्यान-दृष्टि, विपश्यना, अक्लेश र फलका बारे सही दृष्टिकोण हुनु, बहुजन हितायको सङ्कल्प लिनु, सुवचन बोल्नु, नैतिक जीविका अँगाल्नु, सही प्रयास गर्नु, जागरूकता र दृढ एकाग्रता राख्नु जस्ता कुराहरू नै असल मार्ग हुन्। यद्यपि यो कुनै धर्मको कट्टरतामा भन्दा बुद्धदर्शनको समग्रतामा समाज, सामाजिक सम्बन्ध र उत्पादन पद्धतिसँग जोडिन पुग्दछ। दुख छ तर त्यो कारणयुक्त भएको हुँदा त्यसलाई निवारण गर्न सकिन्छ। त्यसनिम्ति आठवटा बाटाहरूलाई ध्यान दिएर अँगाल्नु-पालन गर्नुपर्दछ। बुद्धका उपदेशहरू नैतिक मात्र छैनन्, ती भौतिक जगत्का वास्तविकता ठम्याउन अभिप्रेरित गर्ने अशास्त्रीय, अनुभवजन्य एवं तार्किक पनि छन्। कुनै पनि विचारलाई आफ्नो विवेक प्रयोग गरेर, अतिवादी हठबाट अलगिएर, सही तथ्य ठम्याएर मात्र अँगाल्नुपर्छ-पालन गर्नुपर्छ भन्ने भावसन्देशमा बुद्धवाद खडा छ। त्यसो हुनुमा तत्कालीन परिवेश भनौं हिन्दू-कर्मकाण्डवादी कट्टरताको प्रभाव पनि कारक रहेको छ। प्रतीत्य समुत्पाद अर्थात् कार्य-कारण सिद्धान्त, क्षण-भङ्गुरताको मत र अनात्मवाद जस्ता कुराहरूले बौद्ध दर्शनको धार्मिक पक्षलाई मात्र व्यक्त गर्दैनन्। ती त समाजशास्त्रीय र मनोवैज्ञानिक पनि छन्। तत्त्व-निरूपण, ज्ञान-मीमांसा र शीलविनयको सन्दर्भमा बौद्ध दर्शनका अनुयायीहरू बढी धार्मिक धारणामा आबद्ध छन्। यद्यपि प्रज्ञा-पारमिताको सन्दर्भ बुद्ध बन्ने प्रकृयासँग जोडिए पनि त्रि-रत्नमा प्रज्ञा, शील र समाधि रहँदा अनात्मवादी सोच खण्डित हुन पुग्दछ। यो नागार्जुनको भावधाराद्वारा प्रवर्धित ईश्वरवादी शून्यवादतर्फ लम्कन्छ। बुद्धले प्रारम्भमा बताएको 'चतुर्ब्रम्ह' अलौकिक होइन, लौकिक छ र जीवनको यथार्थमा-मैत्री, करुणा, मुदिता र समताको भाव व्यक्त गर्दछ।

थेरवाद शब्दको प्रयोग अघि हीनयान भनिने धार्मिक धाराले वैयक्तिक मोक्षलाई जोड दिने कुरा गर्दछ। श्रीलङ्कामा सम्पन्न विश्व बौद्ध सम्मेलनले (सन् १९५०) हीनयान शब्दको सट्टा थेरवाद भन्नुपर्ने प्रस्ताव पारित गरेपछि नै यो बहुप्रचलित भयो। त्यसो त पहिलेदेखि भनिँदै आएको श्रावक यान जो इस्वी संवत्को दोस्रो शदीमा उदय भएको महायानभन्दा अघिको मत हो र त्यसैभित्रको एउटा निकाय बनेर थेरवाद आएको देखिन्छ। यसलाई पुरानो श्रावकयानकै नवीन

Downloaded from http://www.dhamma.digital

रूप भन्दा पनि हुन्छ। थेरवादी बौद्ध चिन्तनको आधार त्रिपिटक नै हो। त्रिपिटकलाई छैटौं सङ्गायना (सङ्गीति)सम्म परिष्कृत गर्दै ल्याइएको र त्यसपछि मात्र स्थिरता कायम भएको थियो। त्यही स्थिर पालि त्रिपिटकलाई मान्ने रूढ विचारका बुद्धधर्मावलम्बीहरू थेरवादी कहिन्छन्। बौद्ध धर्मको थेरवादी धारामा अनागारिका (भिक्षुणी) परम्परा निकै पहिलेदेखिको भए पनि नेपालमा यो निरन्तर प्रचलनमा रहिआएको पाइन्न। पछिल्लो समयमा चीन, श्रीलङ्का, ताइवान आदि देशको परम्पराबाट जागेर पुनः प्रयोगमा आएको हो। त्यसैले कतिपय बौद्ध विद्वान्हरूले– 'नेपालमा भिक्षुणी परम्परा नै छैन, यहाँ त केवल अनागारिकाहरू छन्' भन्ने धारणा राखेको पनि पाइन्छ। भिक्षुणी र अनागारिकालाई अङ्ग्रेजीमा एउटै शब्द नन (NUN) प्रयोग गरिन्छ। यसैलाई आधार बनाएर पुन जीवित भिक्षुणी परम्पराका पक्षधरहरूले अनागारिका भन्नु र भिक्षुणी भन्नुमा भेद देख्दैनन्।

थेरवादीहरूको के मत छ भने महायानीहरूले बुद्धका विचारलाई बङ्ग्याए। त्यसो त वज्रयानीहरूलाई केही मात्रामा प्रकृतिपूजक तन्त्रवादी प्रभाव र केही मात्रामा हिन्दू कर्मकाण्डवादको प्रभावमा परेको भन्दै टिप्पणी गरिन्छ। महायानकै पनि दुई धारा- माध्यमिक र विज्ञानवाद भनी छुट्टिएका छन् र दुवैले प्रतीत्य समुत्पाद सम्बन्धमा भिन्ना-भिन्नै दृष्टिकोण राख्दछन्। लक्ष्यबद्ध विचारबाट नै भावनाहरू जन्मन्छन् र गतिशीलता नै विश्वको चिनारी हो। त्यसैले स्थीर आत्माको अस्तित्व छैन भन्दै अनात्मवादको पक्षपोषण गर्ने बुद्धवादलाई धर्म मात्र मानेर हेर्नु दार्शनिक अर्थमा अज्ञानी बन्नु हुनेछ। आज हाम्रो देशमा बौद्ध दर्शनको बारेमा अनेकौं पक्षबाट अध्ययन-छलफल भइरहेको छ। नेपालको हिमाली क्षेत्रमा त्रिपिटकका अतिरिक्त चार तन्त्र– क्रिया, चर्या, योग र अतियोगलाई स्विकारिन्छ। पद्मसम्भवलाई मूल गुरु मानेर 'कामा-तेर्मा' ग्रन्थहरूको अध्ययन गर्ने गराउने ञीँमापा, बुद्धरूपी गुरु वचन पालना गर्ने बौद्ध तान्त्रिक धारा कर्ग्युक्पा, पण्डित परम्पराको रूपमा 'नाङ्सुम-ग्युसुम' अँगाल्ने सक्यापा र तिब्बत तथा नेपालका केही ठाउँमा प्रचलित विनयसूत्र आश्रित सङ्घनायक परम्परा अँगाल्ने गेलुक्पा धाराका अतिरिक्त प्रकृति पूजक बोनपा पनि प्रचलित छ। बोन विश्वास प्रारम्भमा नेपालको डोल्पा र मुस्ताङमा प्रशस्त रहेको भए पनि हाल यसले एउटा सम्प्रदायकै तहमा आफूलाई विकास गरेको देखिन्छ र बुद्धधर्मकै वृत्तमा बोनधर्म रहेको मानिन्छ। दक्षिण एसियामा बौद्ध दर्शनले पारेका प्रभावहरू हेर्दा प्रारम्भमा देखिएको मूल बौद्धवाद र अहिले प्रयोग भइरहेको बौद्ध धर्मका बीच ठूलो अन्तर देखिन्छ। योगाचारी विज्ञानवाद होस् या शून्यमय सत्यको भ्रमवाद दुवैले यथार्थको उपेक्षा गर्दछन् र अन्ततोगत्वा ती मानवीय भावधाराबाट अलग भएर ईश्वरीय भावधारामा विसर्जित हुन्छन्। बुद्धले अघि सारेको दर्शन मानवीय भावधारको सम्यक्, सुखी र शान्त जीवनको प्राप्तिका निम्ति केही गर्नुपर्छ र त्यस्तो कर्मलोक

Downloaded from http://www.dhamma.digital

हितकारी हुनुपर्छ भन्ने हो। भवतु सर्व मङ्गलम् हो-ईश्वरवादी होइन। परन्तु बुद्धकै विचारलाई अनेक अलौकिक रहस्य र धार्मिक सम्प्रदायमा टुक्रा-टुक्रा बनाएर हामीले आफ्ना विश्वास बनाउन पुग्यौं ! त्रि-जन्मको भावना अँगाल्न पुग्यौं। भिक्षु-भिक्षुणी परम्पराको सन्दर्भमा होस् या पञ्चस्कन्धको विज्ञान एवं प्रतीत्य समुत्पादको कार्य-कारण सिद्धान्तलाई गतिशील देख्दा होस् बुद्धको अनात्मवादलाई विस्थापित गरेर आत्माको पुनर्जन्म हुने अवतारवादी विश्वास बाँडिरहेका छौं। मानवकल्याणको लोकहितकारी मियोमा घुमेको बुद्धवादलाई हामीले परलोकवादी बनाएर पराश्रित भइरहेका छौं। त्यसैले बुद्धदर्शनको अध्ययनलाई पनि दार्शनिक पद्धतिअनुरूप तत्त्वमीमांसीय, ज्ञानशास्त्रीय र नीतिपरक विवेचना गरी नयाँ ढङ्गले अघि बढ्नुपर्दछ। धार्मिक भावनामा रहने उदारता र कट्टरताको विश्लेषण गर्नुपर्दछ। स्वयं बुद्धले आफ्ना उपदेशलाई समेत विवेकपूर्ण दृष्टि दिएर, अनुभवको आधार लिएर, यथार्थ र उपयोगिताको मेल भएमा नै अँगाल्नू भनी भन्नुभएको सन्दर्भ सम्झेर हामीले आफ्ना दृष्टिकोणहरू बनाउनुपर्छ। यसैका निम्ति भनौं मदनरत्न मानन्धर, त्रिरत्न मानन्धर र लोचनतारा तुलाधरले तयार पार्नुभएको थेरवादी बुद्धधर्मको परम्परागत शृङ्खलामा रहेको अनागारिका (भिक्षुणी) प्रथाबारे जानकारी दिने लेख-रचनालाई उपासिका रीना तुलाधरद्वारा सम्पादित गरेर यो पुस्तक पाठकसमक्ष प्रस्तुत गरेका छौं। ऐतिहासिक सन्दर्भ र सूचनामूलक विवरण र नारीजागृतिका सन्दर्भमा उपयोगीसमेत रहेको प्रस्तुत पुस्तकले पाठकहरूलाई बुद्धधर्मको थेरवादी धारामा प्रचलित अनागारिका (भिक्षुणी) परम्पराबारे बुझ्न अवश्य नै मदत गर्नेछ भन्ने विश्वास हामीले लिएका छौं। आशा छ यो पुस्तकले सकारात्मक प्रभाव दिनेछ र केही कमी रहेको भए विज्ञजनको सल्लाह-सुझाव प्राप्त भएमा तदनुरूप आगामी संस्करणमा सुधार गर्न सम्बन्धित स्रष्टा तथा सम्पादकलाई अनुरोध गरिने कुरा पनि यसैसाथ जानकारी गराउँदछु।

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

भगवान् बुद्धले केवल सद्धर्मको उपदेश दिनुभएको थियो । तर आज बुद्ध संवत् २५५८ सम्मको इतिहासमा यही सद्धर्म विभिन्न सम्प्रदायहरूमा विभाजन भई विकास भएको छ । भगवान् बुद्धको परिनिर्वाणको करिब १०० वर्ष पछितिर प्रथम सङ्गायनामा सङ्गृहीत भएको बुद्धको उपदेशलाई व्यवस्थित गर्न दोस्रो सङ्गायना गरियो । त्यही समयबाट थेरवाद (स्थविरवाद) र महासाङ्घिक दुई मतमा बौद्धहरू छुट्टिए । त्यसपछि भारतमा सम्राट् अशोकको समय (इ.पू. २६९) सम्म आइपुग्दा बुद्धधर्मका १८ वटा निकाय (सम्प्रदाय) भइसकेका थिए । मतभेद रहँदै आए पनि बुद्ध परिनिर्वाणको ७०० वर्षपछि मात्र बौद्ध साहित्यमा विभिन्न यानहरू अस्तित्वमा देखिएका हुन् । विभिन्न यान वा सम्प्रदायमा विभाजित भए तापनि महत्त्वपूर्ण कुरा यो हो कि बुद्धका मौलिक दर्शन प्रतीत्य समुत्पादको सिद्धान्त कहीँबाट पनि मेटिएको छैन र यसलाई मौलिक चिन्तन मानिन्छ ।

थेरवाद बुद्धधर्म मूलतः पालिग्रन्थ त्रिपिटकमा आधारित छ । यही थेरवाद बुद्धधर्मको २५५८ वर्षको इतिहासमा छ पटक बुद्धउपदेश र नियमहरू सङ्ग्रह र शुद्धीकरण कार्य भइसकेको छ जसलाई बौद्ध साहित्यमा सङ्गायना (सङ्गीति) भनिन्छ । पहिलो सङ्गायना भगवान् बुद्ध परिनिर्वाण हुनुभएको तीन महिनापछि, दोस्रो सङ्गायना बुद्ध परिनिर्वाणको सय वर्षपछि, तेस्रो सङ्गायना सम्राट् अशोकको पालामा इ.पू.२४८ मा, चौथो सङ्गायना इ.पू. ७९मा श्रीलङ्कामा, पाँचौं बर्मामा सन् १८७१ मा र छैटौं पनि बर्मामै सन् १९५४ देखि १९५६ सम्म भएको थियो । अहिलेसम्म शुद्धीकरणका साथै सङ्गृहीत गरिएको त्रिपिटक नै थेरवाद बुद्धानुशासनको मूल स्रोत हो । त्रिपिटकमा बुद्धका मूल दर्शन, अनित्य, दुःख, र अनात्मको व्याख्या पाइन्छ । थेरवादअन्तर्गत प्रत्येक बौद्धको अन्तिम लक्ष्य आर्य मार्गफल प्राप्ति हुन्छ वा निर्वाण लाभ हुन्छ । यही निर्वाण लाभका लागि क्षण-क्षण जागरूक भई शील, समाधि, र प्रज्ञाको अभिवृद्धि गर्दै जानु मनुष्यको लक्ष्य हुनुपर्छ ।

इतिहासअनुसार भारतबाट सम्राट् अशोकले तीव्र गतिमा बुद्धधर्मको प्रचार गरेको फलस्वरूप क्रमशः समयको प्रवाहसँगै बुद्धधर्म एसिया महाद्वीपमा च्यौनिर फैलिँदै गएको थियो । यस्तै इस्वी संवत्को पहिलो शताब्दीमा राजा कनिष्कको संरक्षकत्वमा भएको सर्वास्तिवादको सङ्गायनापछि श्रावक यानअन्तर्गतको थेरवाद र त्यसपछि गएर महायानको पनि प्रचार हुन पुगेको

Downloaded from http://www.dhamma.digital

थियो। फलस्वरूप श्रीलङ्का, थाइल्यान्ड, कम्बोडिया, बर्मा, जापान, कोरिया, मङ्गोलिया, चीन, भियतनाम र केही मात्रामा युरोपमा समेत जनताको मुख्य विश्वास बुद्धधर्ममा भयो। श्रीलङ्का, थाइल्यान्ड, कम्बोडिया, वर्मा देशहरूमा मूल पालि ग्रन्यमा आधारित थेरवादी बुद्धधर्म अपनाइए भने जापान, कोरिया, मङ्गोलिया, चीन, तिब्बत चीनकै एक प्रदेश, भियतनाम आदि देशहरूमा संस्कृत ग्रन्थमा आधारित सर्वास्तिवादी र महायानी बुद्धधर्म प्रचार भयो।

नेपालको सन्दर्भमा वुद्ध स्वयं कपिलवस्तु र देवदह पुगेको, त्यहाँ विहार बनेको, कपिलवस्तु र देवदहमा थेरीहरू रहेको प्रमाणवाट बुद्धको जीवन कालमै नेपालमा बुद्धधर्मले स्थान लिइसकेको मानिन्छ। स्वयम्भू पुराणअनुसार किराती राजा जितेदास्तीको राज्यकालमा बुद्धधर्मको इतिहास गौरवपूर्ण रहेको र प्राचीनत्तम धर्मका रूपमा स्वीकार गरिएको कुरामा इतिहासकारहरू सहमत छन्। भारतका सम्राट् अशोकको धर्मयात्रा नेपाल उपत्यकामा भएको, त्यसको फलस्वरूप धेरैपछि आफ्नी छोरी चारुमती र ज्वाइँ देवपालसँग उपत्यकामा चैत्य, स्तूप स्थापना गरी थेरवाद-बुद्धधर्मको जग बसालेको कुरा स्मरणीय छ।

नेपालमा बुद्धधर्मसम्बन्धी इतिहासको क्रमवद्ध सामग्री उपलब्ध नभए तापनि अशोक आफ्नी छोरी चारुमतीसहित नेपालमा आएको, चारुमतीको देवपालसँग विवाह भएर देवपत्तन सहर निर्माण गरेको घटना र चारुमतीले चावहिलमा चारुविहार निर्माण गरेको र पाटनमा थुरहरूको निर्माण अशोकको नेपाल भ्रमणकालमा नै भएको भन्ने भनाइ छ।

लिच्छविकालमा राम्रैसँग फस्टाएको बुद्धधर्म मल्लकालमा पुग्दा शासकहरूको नजरमा आस्थाको केन्द्र बन्न सकेन। जयस्थिति मल्लको राज्यकालमा तत्कालीन नेपाली समाजलाई वर्णव्यवस्थामा विभाजन गरी जातअनुसारको काम तोकिनु बुद्धधर्म र संस्कृतिका लागि हितकर रहेन। त्यसै बेलादेखि नेपालको विहार (बहा:-बही) मा परम्परागत रूपमा चल्दै आएको महायान र वज्रयानको विनयअनुसार भिक्षु बन्ने चलनमा परिवर्तन आयो। वज्राचार्यहरू विहारमै गृहस्थका रूपमा रहन लागे। समय अन्तरालसँगसङ्गै नेपालका वज्रयानी धर्मगुरुहरूले आफ्नो धार्मिक विधिमा हिन्दूधर्मको विधि-पद्धतिलाई सम्मिश्रण गरेरै भए पनि बुद्धधर्मको मौलिक दर्शनलाई जोगाइराखे।

इतिहासको कालक्रममा भारतमा पनि बुद्धधर्ममाथि आक्रमण भएको देखिन्छ। झन्डै १७४५ वर्षसम्म भारतमा जग बसालेको बुद्धधर्मलाई मुसलमान शासक यवन बख्तियार खिलजिले भारतबाटै उखेलिदिए। यता श्रीलङ्कातिर पनि पाश्चात्य प्रभाव हावी हुन थालेपछि इसाई धर्मदर्शनलाई व्यापक प्रचार गर्ने कूटनैतिक प्रयास भयो।

भारतमा विदेशी शासक विशेष गरेर मुसलमानी शासकले सत्ता लिएपछि ७०० वर्षसम्म बुद्धधर्मलाई दवाइयो। भारत र नेपालमा सयौं वर्ष ओझेलमा

Downloaded from http://www.dhamma.digital

परेको स्थविरवाद–बुद्धधर्मको पुनर्जागरण श्रीलङ्काका अनागारिक धर्मपाल हेवावितरण (सन् १८६४–१९३३) को उदयबाट सुरु हुन्छ। यिनै अनागारिक धर्मपाल श्रीलङ्काबाट आएर थेरवाद बुद्धधर्मलाई भारतमा पुनः बलियो जग हाली ठड्याए। उनले विश्वव्यापी रूपमा नै बुद्धधर्मको सन्देश फैलाए।

अनागारिक धर्मपालले ल्याएको पुनर्जागरणद्वारा नै नेपालमा पनि थेरवादको पुनर्जागरणका लागि बीउ प्राप्त भयो। संयोगवश यिनै अनागारिक धर्मपालको सत्सङ्गबाट प्रेरित भएर नेपालका सुपुत्र जगत्मान वैद्य (धर्मादित्य धर्माचार्य) नेपालमा थेरवादको पुनरुत्थानमा लागे। नेपालमा यो समय भनेको राणाशासनकाल हो र यो काललाई आधिकारिक रूपमा वि.सं. १९८० देखि गणना गरिन्छ।

थेरवादको पुनरुत्थानमा लागेका भिक्षु तथा धर्म र साहित्य सेवामा लागेका गृहस्थहरूलाई पनि जेलनेलको यातना दिने मात्र होइन, दुई पटकसम्म बौद्ध भिक्षुहरूलाई देश निकाला गरी बुद्ध जन्मभूमि नेपालको इतिहासमा राणा शासकले क्रूरता देखाएको समयको कुरा हो। वि.सं. २००७ को क्रान्तिअगावै जनमानसमा धार्मिक, सामाजिक, राजनीतिक जागरण आएको र त्यसैमा समर्पित भएर अगाडि बढेका सचेत जनसमूहले समय, परिस्थितिसँग जुन सङ्घर्ष गरे, त्यो थेरवाद–बुद्धानुशासनको पुनर्जागरणका लागि निकै सहयोगी बन्यो। थेरवाद बुद्धानुशासनका लागि पुनर्जागरणमा जग हाल्नेदेखि क्रमशः विकास गराउनमा योगदान पुऱ्याउने उल्लेखनीय व्यक्तिहरूमा समयगत हिसाबले क्रमशः धर्मादित्य धर्माचार्य, महाप्रज्ञा, भिक्षु कर्मशील (प्रज्ञानन्द), भिक्षु धर्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु अमृतानन्द, भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप आदि पर्दछन्।

महाप्रज्ञा र कर्मशील जस्ता थेरवादी भिक्षुहरूको संरक्षणमा नेपाली नारीहरूलाई थेरवाद परम्परामा भिक्षुणी (अनागारिका) दीक्षा दिलाई नारीलाई थेरवाद–बुद्धानुशासनमा प्रवेश गराइएको स्मरणीय इतिहास छ। वि.सं. १९८८ मा भिक्षु कर्मशीलले प्रव्रजित हुन इच्छुक तीन जना उपासिकाहरू पुण्यतारा, चँछिमि र सङ्घतारालाई आफूसँगै कुशिनगर पुऱ्याई गुरु ऊ चन्द्रमणि महास्थविरको हातबाट स्थविरवादी परम्परामा प्रव्रजित गराए। प्रव्रजित भएपछि क्रमशः रत्नपाली, धर्मपाली र सङ्घपाली नाम रहेका यिनै तीन जना अनागारिकाहरू आधुनिक नेपालका प्रथम अनागारिकाको चिनारीमा स्थापित भए।

त्यसपछि भिक्षुणी (अनागारिका)हरूको दीक्षामा क्रमशः वृद्धि भई २००७ को प्रजातन्त्र आउनुअगावै २००६ मा क्रमशः धम्मानन्दी, धर्मचारी, धर्मशीला, विरति, आरति, विशाखा, महानन्दी, शीलाचारी, सङ्घमित्ता, करुणा, मुदिता, धुलनन्दी, चुलनन्दी, सुशीला, रत्नमञ्जरी, उत्तरा, मागधी, माधवी, धम्मवती, ज्ञाणशीला, सत्यशीला, सङ्घरक्षिता आदि गरी २५ जना दीक्षित भइसकेका थिए।

Downloaded from http://www.dhamma.digital

भिक्षुणी (अनागारिका) धर्मचारीको साहसिक सङ्घर्ष तथा समर्पणको फलस्वरूप त्यति बेला थुप्रै गृहस्थ महिलाहरूले आफ्नो घरभित्र सीमित जीवनशैलीलाई नाघी घरबाट निस्के। त्यस बेलाको सङ्कुचित समाजका पिछडिएका महिलाहरूले विहारसम्म पुगी भिक्षु तथा भिक्षुणी (अनागारिका) हरूको धर्मदेशना सुनी ज्ञान आर्जन गर्ने अवसर पाएको उल्लेखनीय कुरा हो। काठमाडौंबाहिर प्रमुख रूपमा पोखरा एवं आसपासको क्षेत्रमा भिक्षुणी (अनागारिका) धर्मशीलाले बुद्धधर्मको व्यापक प्रचारप्रसार गरेको तथा त्यसताका भइरहेको राजनीतिक क्रान्तिमा समेत जागरण ल्याउने कार्यमा सघाएको जानकारी पाइन्छ। यस विषयको तथ्य अगाडि ल्याउनु आवश्यक छ। त्यसपछि भिक्षुणी (अनागारिका) धम्मवतीले बुद्धानुशासन कार्यमा अद्वितीय योगदान दिनुभयो। उनले थेरवाद-बुद्धधर्मको प्रचारमा एक युग नै बिताउनुभएको छ र ती कुराहरूको अनुसन्धान हुनु अति जरुरी छ।

यसै सन्दर्भमा बुद्ध जन्मभूमि नेपालमा थेरवाद-बुद्धधर्मको सङ्क्षिप्त इतिहाससँगै यसमा सम्मिलित भिक्षु तथा भिक्षुणीहरूको बुद्धानुशासनमा पुऱ्याएको योगदानको एउटा अनुसन्धानमूलक पुस्तक लेखन तथा प्रकाशन गर्नु समय सापेक्ष देखिएकोले यो पुस्तकको परिकल्पना गरिएको हो। वर्तमान नेपालको परिस्थितिलाई नियालेर हेर्दा सबै जातजातिले आफ्नो भाषा, धर्म, संस्कृतिको पहिचान खोजी गरिरहेका छन्। यस्तो बेलामा थेरवाद-बुद्धधर्मको अध्ययन, तथा यसको पुनर्जागरण र यससँगै उदय भएका केही थेरवादी बौद्ध भिक्षुणीहरूको योगदानको अनुसन्धानमूलक पुस्तक तयार गर्न सके निकै लाभदायक हुने कुरा नेपाल प्रज्ञा–प्रतिष्ठानको दर्शन विभागमा उठाएँ। धार्मिक सहिष्णुता भएको बुद्धको जन्मभूमि नेपालमा थेरवाद बुद्धधर्मको अध्ययन-अनुसन्धान गरी बुद्धको मौलिक दर्शनको व्याख्या गर्ने तथा अन्य सामाजिक, शैक्षिक, राजनीतिक जस्तै धार्मिक क्षेत्रमा पनि महिलावर्गले पुऱ्याएको योगदानको अनुसन्धान गर्न सके नेपाल प्रज्ञाप्रतिष्ठानको दर्शन विभागको लक्ष्यलाई मूर्तरूप दिन सकिने राय त्यस विभागका त्यस बेलाका प्रमुख विष्णु प्रभातज्यूको पनि रह्यो र आवश्यक परामर्शपछि परियोजना प्रस्तावना पेस गरें।

दर्शनका अनेकौं शाखाहरूमध्ये धर्मदर्शन पनि एउटा हो। विभिन्न धर्मदर्शनको अध्ययनका क्रममा बौद्ध धर्मदर्शनको पनि अध्ययन हुनु स्वाभाविकै कुरा हो। यही परिप्रेक्ष्यमा नेपाल प्रज्ञा–प्रतिष्ठानको दर्शन विभागद्वारा धर्म-दर्शनसम्बन्धी अनुसन्धानमूलक कार्यहरू गरिँदै आएको रहेछ र मेरो प्रस्तावलाई पनि स्विकारेर लघु अनुसन्धान गर्ने अवसर दिएकोमा नेपाल प्रज्ञा-प्रतिष्ठानप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। विशेषतः नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शन विभागका निवर्तमान विभागीय प्रमुख प्राज्ञ विद्वान् साहित्यकार विष्णु प्रभातज्यूप्रति म भित्री हृदयदेखि नै आभारी छु।

Downloaded from http://www.dhamma.digital

नेपाल प्रज्ञा–प्रतिष्ठानको दर्शन विभागका वर्तमान प्रमुख प्राज्ञ विद्वान् दिनेशराज पन्तज्यूले यस पुस्तक मुद्रण गर्ने क्रममा महत्त्वपूर्ण सल्लाह, सुझाव तथा सहयोग गर्नुभयो जसका लागि उहाँप्रति पनि म भित्री हृदयदेखि हार्दिक आभार व्यक्त गर्दछु।

योजना स्वीकृत भएको लगत्तै पछि म आफैं र अन्य तीन जना बौद्ध विद्वान् सहकर्मीहरू मिलेर शोधकार्य अगाडि बढायौं। प्रस्तावनामा तोकिएबमोजिम बुद्धदर्शनमा थेरवाद बुद्धधर्मको गहन अध्ययन, बुद्ध जन्मभूमि नेपालमा थेरवादको विगत तथा वर्तमान अवस्थाको अध्ययन तथा बुद्धधर्मको प्रचार गर्न योगदान दिने नेपाली थेरवादी भिक्षुणीहरूको योगदानको मूल्याङ्कन गर्ने तीनवटा विषय समेटी अनुसन्धान कार्य अगाडि बढायौं।

यस पुस्तकमा सम्मिलित भएका विषयमध्ये बौद्ध दर्शनको गहन अध्ययनबाट बुद्धधर्मको मूल तत्त्वमाथि प्रकाश पार्ने कार्य बौद्ध विद्वान् सहप्राध्यापक मदनरत्न मानन्धरबाट भयो। नेपालमा थेरवादको विगत तथा वर्तमान अवस्थाको अध्ययन गर्नेतर्फ बौद्ध विद्वान् उपप्राध्यापक त्रिरत्न मानन्धर "परियत्ति सद्धम्म कोविद" संलग्न भइन्। बुद्धधर्मको प्रचार गर्न योगदान दिने नेपाली थेरवादी भिक्षुणी (अनागारिका)हरूको योगदान केलाएर मूल्याङ्कन गर्ने कार्यतिर साहित्यकार एवं बौद्ध विदुषी लोचन तारा तुलाधर लाग्नुभयो र अन्त्यमा म समेत संलग्न भई यसको सम्पादन गरी कार्य सम्पन्न गर्‍यौं।

अनुसन्धान कार्य सम्पन्न भएकोमा हामी चार जनाको कार्यदल सन्तुष्ट छौं। आज विश्वमै लैङ्गिक हक हितको सवाल उठेको वेला धार्मिक क्षेत्रमा पनि महिलाको योगदानबारे खोजी हुनु समय सापेक्ष काम हो। हामीले यस पुस्तकको तीनमध्ये एक भाग विषय थेरवाद बुद्धधर्मको क्षेत्रमा भिक्षुणी या अनागारिकाहरूले पुर्‍याएको योगदानमा केन्द्रित गरेका छौं। थेरवाद बुद्धधर्मको क्षेत्रमा भिक्षुवर्गले पुर्‍याएको योगदान छुट्टै अध्याय हुन सक्थ्यो, जुन यस अनुसन्धान कार्यको सीमितताले गर्दा समेट्न सकेको छैन। कतिपय कुरामा सहमति विमति हुन सक्ला, तर पनि यसले पाठकहरूलाई निश्चित मात्रामा केही ज्ञान र सूचना दिने नै छ। बाँकी कुरा यहाँहरूले दिने सल्लाह पाएपछि पछिल्ला संस्करणमा सुधार गरौंला अहिलेलाई यत्ति।

–डा. रीना तुलाधर

Downloaded from http://www.dhamma.digital

# विषयसूची

थेरवाद-बुद्धधर्म : एक अध्ययन — मदनरत्न मानन्धर/१९

नेपालमा थेरवाद बुद्धधर्मको विकासक्रम — त्रिरत्न मानन्धर/५२

नेपालमा बुद्धधर्मको प्रचारप्रसारमा थेरवादी भिक्षुणीहरू (अनागारिका) को योगदान — लोचनतारा तुलाधर/१०५

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# थेरवाद-बुद्धधर्म : एक अध्ययन

मदनरत्न मानन्धर

**बुद्धधर्मको प्रादुर्भाव**

विश्व मानचित्रमा पूर्व ८८.१२ पू. र पश्चिम ८०.०४ पू. देशान्तर तथा उत्तर ३०.२७ ऊ. र २६.२२ उ. अक्षांशमा अवस्थित नेपाल देशको १४ अञ्चलमध्ये लुम्बिनी अञ्चलअन्तर्गत ८२.३ देशान्तर र २७.३३ अक्षांशमा समुद्री सतहबाट ९८ मी. माथि रहेको, ३७. २ वर्ग कि.मि. को कपिलवस्तु हाल तौलिहवा जिल्ला[१] इ.पू. ५६३ को समयताका शाक्य गणतन्त्रका रूपमा प्रख्यात कपिलवस्तुका राजा थिए शुद्धोदन।[२] उनका दुई पटरानीमध्ये जेठी महामायादेवीको कोखबाट वैशाख शुक्ल पूर्णिमाका दिन पवित्र लुम्बिनी उद्यानमा जन्मेका थिए युवराज सिद्धार्थ (सर्वार्थसिद्ध) कुमार।

२९ वर्षसम्म राजदरबारमा जीवन व्यतीत गरी उनै सिद्धार्थकुमारले सांसारिक दुःखबाट मुक्त हुने ज्ञानको खोजीमा आषाढ पूर्णिमाको रात महाभिनिष्क्रमण[३] (गृहत्याग) गरे। विभिन्न देश भ्रमण गर्दै त्यहाँका आचार्य, गुरुहरूको सत्सङ्गतबाट पनि आफ्नो गन्तव्य प्राप्त गर्न नसक्दा उनी घोर तपस्यामा लीन भए। आजभन्दा २६०१ वर्ष अगाडि वैशाख पूर्णिमाको रात भारतको बोधगयामा बुद्धत्व प्राप्तिपछि उनैलाई भगवान् बुद्धको नामले पुकारिन थालेको हो। बोधिज्ञान प्राप्तिपछि सो ज्ञानलाई सर्वसाधारणमाझ बाँड्ने क्रममा बुद्धले सर्वप्रथम पञ्चभद्रवर्गीय भिक्षुहरूलाई वाराणसीस्थित ऋषिपतन मृगदावनमा बताएको कुरा उनी स्वयंबाट वर्णन गरिएको पाइन्छ।[४]

---

१. माधवलाल कर्माचार्य **नेपाल लघु विश्वकोश** (वि.स. २०६८), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान, (पृ. १ र २२)।

२. भुवनलाल प्रधान, **नेपालमा बौद्ध धर्म** (वि.स.२०४५), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान, (पृ. ५)।

३. दुण्डबहादुर बज्राचार्य (अनु.) **मज्झिम निकाय** (वि.स.२०५७), ललितपुर : पवित्रबहादुर बज्राचार्य (पृ. ५३६)।

४. पूर्ववत् (पृ. ५४५)।



Downloaded from http://www.dhamma.digital

**थेरवादको मूल सिद्धान्त**

बुद्धदेशित त्रिलक्षण (अनित्य, दुःख र अनात्म), त्रिविध शिक्षा अर्थात् (शील, समाधि र प्रज्ञा), चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, हेतुफल सिद्धान्त वा प्रतीत्य समुत्पादलाई थेरवादीहरूले मूल सिद्धान्तको रूपमा अपनाएको पाइन्छ। यसकै माध्यमबाट सम्यक् सम्बुद्ध, प्रत्येक बुद्ध वा अर्हत् (उच्च सन्त) भएर अन्तिम लक्ष्य निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा राख्दछन्।[५]

**चतु आर्यसत्य – चारवटा श्रेष्ठतम सत्य (Four Noble Truth)**

१) दुःख सत्य
२) दुःख समुदय सत्य
३) दुःख निरोध सत्य
४) दुःख निरोध गामिनी प्रतिपदा मार्ग सत्य।

**१) दुःख सत्य**

दुःख आर्य सत्य : भगवान् बुद्धद्वारा आफ्नो पहिलो धर्म उपदेश धर्मचक्रप्रवर्तन सूत्रमा दुःखको व्याख्या यसरी गरिएको छ :

भिक्षुहरू ! यो दुःख आर्य सत्य हो – जन्म पनि दुःख, जरा(वृद्धावस्था) पनि दुःख, रोग पनि दुःख, मृत्यु पनि दुःख, अप्रियसँग बस्नु पनि दुःख, प्रियसँग बिछड्नु पनि दुःख, इच्छा गरेको नपुग्नु दुःख, संक्षेपमा पाँच उपादान–स्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान) दुःख हो।[६]

यहाँ दुःखको अर्थ शब्दकोशहरूमा शारीरिक वा मानसिक रूपमा हुने सबै प्रकारको पीडा, कष्ट, अप्रिय, तकलिफ, वेदना, छटपटी, औडाहा, उकुसमुकुस, अप्ठेरोपना, समस्या, जटिल स्थिति, बाधा, रोकावट आदि भनी दिइएको पाइन्छ –

बुद्धत्व प्राप्तिअन्तर्गत गौतम बुद्धले जानेका, देखेका, महसुस गरेका, अवबोध गरेका दुःखको परिभाषा कुनै पनि शब्दकोशहरूमा पाइँदैन। तर दृष्टान्त हामीले र सारा चराचर, दृश्य-अदृश्य, लौकिक-पारलौकिक प्राणीहरूले भोग्दै आएको, नचाहँदा-नचाहँदै पनि अनुभव गर्दै आएको, नचाहँदा-नचाहँदै पनि परिवर्तन भई जाने, प्रकृतिको एक स्वभावलाई उनले दुःखका रूपमा परिभाषित गरेको पाइन्छ। उदाहरणार्थ कुनै पनि प्राणीले आफूखुसी जन्मने वा मर्ने वा उमेर ढल्कँदै जाने वा शरीर कमजोर हुँदै जाने वा बिरामी हुने गर्न सक्दैन। जबसम्म जन्मनुपर्ने कारण बाँकी रहन्छ, तबसम्म जन्म भइ नै रहन्छ। जब जन्मनुपर्ने

---

५ मदनरत्न मानन्धर (अनु.) **बौद्ध विश्वास तृतीय भाग** (वि.सं. २०५१), काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

६. भिक्षु ज्ञानपूर्णिक, **तथागतया न्हापाङ्गु उपदेश** (ने.सं. १०९०), ललितपुर : रामरत्न शाक्य (पृ ४)



Downloaded from http://www.dhamma.digital

कारण निरोध हुन्छ, तब कसैको पनि जन्म हुन्न, पुनर्जन्म हुँदैन। यी प्रक्रियाहरूमा कोहीकसैको वश चल्दैन, हैकम चल्दैन, धपघट, अघिपछि कुनै हालतमा गर्न सकिँदैन र अर्को कुरा यी प्रक्रियाहरू सम्पन्न हुन कुनै देशको सिमानाले छेक्न सक्दैन, कुनै ग्रहको सिमानाले रोक्न सक्तैन र कुनै ब्रह्माण्डमा यम विपरित कार्य हुन सक्तैन। यस प्रकारले अकाट्य, सबैमा समान रूपले लागू हुने, कुनै पनि जातजाति, भाषाभाषी, रूपरङ्ग, आकारप्रकार, पहिचान-पहिरनको सिमाना नबाँधिने प्राकृतिक स्वभावलाई नै 'दुःख' भनिएको हो। यसै सत्यतथ्यलाई 'दुःख सत्य' भनियो र सर्वश्रेष्ठ याने कि आर्य सत्यमध्ये पहिलो कहलाइयो।

जन्म भएकै कारणले उमेर ढल्कँदै जान्छ अनि क्रमशः शारीरिक बनावट, अङ्गप्रत्यङ्गमा बदलाव आउँदै कालान्तरमा देहलाई अवसान गर्नैपर्छ। त्यसबीचमा साधारण बिमारीदेखि भयङ्कर किसिमका बिमारीलाई अनुभव गर्नैपर्ने हुन्छ, कसको तागत त्यसलाई रोक्ने ? कसैले भन्ला औषधीमूलो छँदै छ नि ! जगजाहेर कुरा हो, औषधी भनेको थामथुम पार्ने एक माध्यम मात्र हो।

त्यति मात्र कहाँ हो र, समाजमा बस्ने सामाजिक प्राणी भएको नाताले अनेक थरी मानिससँग उठबस हुन्छ। कुनै मन पर्ने खालका हुन्छन्, कुनै हेर्नै मन नलाग्ने खालका हुन्छन्। तर अपसोच जुन चाहन्नौं त्यही भइदिन्छ, जुन चाहन्छौं त्यो हुँदैन। चिताएका कुरा पूरा नहुँदा तनाव हुन्छ ! जसले गर्दा रक्तचाप, मधुमेह आदि रोग लाग्दछ। छोटकरीमा भन्दा इच्छा र कामना पूरा नहुँदा दुःख हुन्छ। यही हो भगवान् बुद्धले देखेका दुःख सत्य।

**२) दुःख समुदय सत्य**

धर्मचक्र प्रवर्तन सूत्रमा दुःख समुदय सत्य अर्थात् दुःखको कारण यसरी व्याख्या गरिएको छ : भिक्षुहरू ! यो दुःख समुदय आर्य सत्य हो : जुन यो पुनः पुनः जन्म गराउने, प्रीति र रागले युक्त भएको, उत्पन्न भएको ठाउँमा रमाइलो जस्तो भान गराइदिने–

(१) काम – तृष्णा (२) भव–तृष्णा (= जन्मसम्बन्धी तृष्णा)

(३) विभव तृष्णा - (= उच्छेदको तृष्णा)।[७]

कसैको वशमा नभएको प्राकृतिक स्वभाव सबैले भोग्नुका पछाडि कुनै न कुनै कारण अवश्यमेव रहेको हुन्छ। मूल 'कारण (समुदय) चाहिँ 'चाहना' वा 'तृष्णा' हो भन्ने कुरा बुद्धले बुद्धत्व प्राप्त गर्दा महसुस गरेको कुरा हो। त्यसलाई पनि वर्गीकरण गर्दा जति पनि शरीरधारी प्राणीहरू छन् तिनीहरूले आफ्नो शरीरमा विद्यमान इन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो, छाला र मन) लाई अनुकूल हुने, आनन्दित हुने, रोमाञ्चित हुने विषयवस्तु (रूप, शब्द, गन्ध, स्वाद,

७ पूर्ववत्, (पृ ४)



Downloaded from http://www.dhamma.digital

स्पर्श र चिन्तन) मात्र चाहना गर्छन् । जसको अप्राप्ति वा अतृप्तिले असन्तोष, आकुल-व्याकुल आदि असन्तुलन पैदा गर्ने रहेछ । चाहनाअनुसार प्राप्त भइसकेपछि फेरि अर्को चाहना थपिइहाल्छ । अनि के चाहियो र "दैवले नदिएको दुःख" सहेर पनि ती सबै प्राप्ति वा तृप्तिका लागि मरिहत्ते गर्दै बत्तीमा रमाउने पुतली- जो त्यही बत्तीमा जली खरानी हुन्छ, जस्तै इन्द्रिय भोगमा झुम्मिन्छन् । अनि त्यस्तालाई दुःख आइनलागे कसलाई आइलाग्छ त !

यस्तै प्रकारले संसारमा बारबार जन्म लिने चाहना अथवा 'यही जीवन मात्र हो, समयमै मोजमस्ती गरौं, मरेपछि कसले भोगेको छ' भन्दै तथानाम गरी हिंड्नेहरू आफ्ना खराब कर्तुतले गर्दा आफैं दुःखको भुमरीमा फस्ने हुन्छन् ।

३) दुःख निरोध सत्य

धर्मचक्र प्रवर्तन सूत्रमा दुःख निरोध सत्य अर्थात् दुःख निरोध हुने सत्यबारे यसरी व्याख्या गरिएको छ : भिक्षुहरू ! यो दुःख निरोध आर्य सत्य हो– जुन यही तृष्णाको सर्व प्रकारले विराग हुने हो, निरोध (= रोकिनु ), त्याग, प्रति निस्सर्ग (= निकास), मुक्ति (=अलग हुने), लीन नहुने हो ।[८]

जो व्यक्ति बुद्ध बन्दछ, उनको एक अनुपम विशेषता के रहने गरेको छ भने उसले समस्या मात्र देख्ने वा देखाउने नभई त्यसको कारण र निवारण (निरोध) अघि सार्नु, समस्या समाधानको उपाय देखाउनु र सबैलाई आफ्नो अनुभव बाँड्नु । तसर्थ माथि उल्लिखित अकाट्य सत्य– 'दुःख' र त्यसका कारणलाई हटाउन सकिन्छ, पन्छाउन सकिन्छ जसका लागि ऊ बौद्ध नै हुनुपर्छ वा कुनै धार्मिक सिमानामै बस्नुपर्छ भन्ने छैन, बरु एउटा मात्र अनिवार्यता छ के भने उसले आफैं प्रयास गर्नुपर्छ, तब मात्र ती सबै 'दुःख'बाट छुट्कारा पाउन सकिन्छ ।

Dhamma.Digital

४) दुःख निरोध गामिनी प्रतिपदा मार्ग सत्य

धर्मचक्र प्रवर्तन सूत्रमा दुःख निरोधगामिनि प्रतिपदा आर्य सत्यबारे अर्थात् दुःख निरोध हुने मार्ग सत्यबारे यसरी व्याख्या गरिएको छ :

भिक्षुहरू ! यो दुःख निरोधगामिनी प्रतिपदा आर्य सत्य हो : यो यही आर्य अष्टाङ्गिक मार्ग हो, जस्तै : (१) सम्यक् दृष्टि (२) सम्यक् सङ्कल्प (३) सम्यक् वचन (४) सम्यक् कर्मान्त (५) सम्यक् आजीविका (६) सम्यक् व्यायाम (७) सम्यक् स्मृति (८) सम्यक् समाधि ।[९]

'दुःख'बाट छुटकारा पाउन सकिन्छ, तर तरिका थाहा हुनुपर्छ । उपाय जानिएन भने कार्य सिद्धि हुँदैन । तसर्थ बुद्धले ती 'दुःख' हरूबाट छुटकारा पाउने

---

८ पूर्ववत्, (पृ.६)
९ पूर्ववत्, (पृ.६)



Downloaded from http://www.dhamma.digital

अद्वितीय उपाय (मार्ग) बताएका छन् जसमा आठवटा विशिष्ट, शुद्ध र सम्प्रदायविहीन उपायहरू रहेका छन्, र त्यसलाई आर्य अष्टाङ्गिक मार्गका रूपमा माथि उल्लेख गरियो। अब त्यसबारे थप चर्चा गरौं।

**क) सम्यक् दृष्टि**

सम्यक् दृष्टि भन्नाले यथार्थ रूपमा बुझिलिनु वा ठीक विचारधारा हुनु हो। पाँच विषयहरूप्रति ठीक धारणा हुनु नै सम्यक् दृष्टि मानिन्छ। ती हुन् :

१) कर्मसकता सम्यक् दृष्टि – कर्म र कर्मफल छ भनी दृष्टि सही हुनु सुचरित्र सम्यक् दृष्टि
२) ध्यान सम्यक् दृष्टि – ध्यानको महत्त्वबारे ठीक धारणा राख्नु।
३) विपश्यना सम्यक् दृष्टि – अनित्यताबारे ठीक धारणा राख्नु।
४) मार्ग सम्यक् दृष्टि – क्लेश निर्मूल पार्ने मार्गबारे ठीक धारणा लिनु।
५) फल सम्यक् दृष्टि – चारवटा मार्गफलबारे ठीक धारणा लिनु।[१०]

**सम्यक् दृष्टि राख्नका लागि ५ प्रकारको प्रज्ञा उल्लेख गरिएको छ :**

१) पुर्ख्यौली प्रज्ञा : वंशानुगत प्रज्ञा
२) श्रुतमय प्रज्ञा : सुनेर र पढेर हासिल गरेको प्रज्ञा
३) चिन्तनमय प्रज्ञा : विचार चिन्तनबाट प्राप्त प्रज्ञा
४) भावनामय प्रज्ञा : अनुभवबाट प्राप्त प्रज्ञा
५) स्थानोचित प्रज्ञा : स्थानअनुसारको प्रज्ञा[११]

मानिस आफूलाई मन पर्ने व्यक्तिले भन्यो भने गलत नै भए पनि मक्ख पर्ने स्वभावका धेरै छन्। अनि मन नपर्ने व्यक्तिको कुरालाई जतिसुकै लाभदायी भए पनि स्विकार्नमा हदैसम्मको आनाकानी र अविश्वास गर्छन् अर्थात् उसको दृष्टिकोण वा धारणा सही हुन्न। यसले गर्दा उसले सुखको चाहना गर्दैमा त्यो प्राप्त गर्न सक्दैन र फलत : दुःखकै भुमरीमा फस्छ। तसर्थ दृष्टिकोण, धारणा सही हुनुपर्छ, यथार्थ हुनुपर्छ, काल्पनिक हुनु भएन, कपोलकल्पित हुनु भएन। सही र गलत छुट्याउन सक्ने खुबी हुनुपऱ्यो। गहिरिएर सोच्दै र मूल्याङ्कन गर्दै जाँदा तपाईं-हामीले अति विश्वास गरेको, अति माया गरेको आफ्नै शरीर पनि वास्तवमा पञ्चतत्त्वले बनेको कुराको भेउ पाएपछि दङ्ग पर्नुपर्ने हुन्छौं। 'म', 'मेरो', 'तँ', 'तेरो', भनी अनाहकमा लडाइँ झगडा गरेकोमा मूर्खता देखी सही मार्गमा लाग्ने हुन्छौं। यसो हुन सके के चाहियो र, ऊभित्र बुद्धत्व जागृत हुन्छ र अनन्त कल्याणको बाटोमा अग्रसर हुन्छ।

---

१० प्रकाश वज्राचार्य, **बौद्ध दर्पण** (दोस्रो संस्करण) (वि.सं. २०५३) काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी (पृ. ४१)

११ पूर्ववत्, (पृ. ७१)



Downloaded from http://www.dhamma.digital

**ख) सम्यक् सङ्कल्प**

सम्यक् सङ्कल्प भन्नाले बहुजन हितायका लागि गरिने सही सङ्कल्प बुझिन्छ। सम्यक् सङ्कल्प तीन प्रकारका छन् :

१) नैष्क्रम्य सङ्कल्प– कामगुणबाट बाहिर जानेबारेमा विचार गर्ने।

२) अव्यापाद सङ्कल्प – नमार्ने, मर्न दिने वा मरोस् भन्ने (भाव) मनमा आउन नदिने, सुख दिलाइ दिने खालको गराउने बारेमा विचार गर्ने।

३) अविहिंसा सङ्कल्प – यातना (सास्ति) दिन मन नलाग्ने गराउने, दया राख्ने, रक्षा गर्ने बारेमा विचार गर्ने।[१२]

विचार वा कल्पना गलत हुँदा पनि मानिसले अनाहकमा दुःख पाउने हुन्छ। तसर्थ सङ्कल्प, विकल्प, विचार, चिन्तन सही भएमा दुःखको भुमरीमा फसिन्न। प्राणीहरूको विनाश नगर्ने सङ्कल्प, उनीहरूलाई दुःख पीडा नदिने सङ्कल्प र सांसारिक बन्धनबाट मुक्त हुने सङ्कल्प नै वास्तवमा सम्यक् सङ्कल्प हुन्।[१३]

**ग) सम्यक् वचन**

सम्यक् वचनको अर्थ हो दोषरहित तरिकाले बोल्नु। चार प्रकारका वचनहरू पालना गर्नु नै सम्यक् वचन भनिन्छ।

१) मुसावाचा वेरमणि– झूटो असत्य कुरा गर्नुबाट विरत रहनु।

२) पिसुणवाचा वेरमणि– चुक्ली कुरा गर्नुबाट विरत रहनु।

३) फरुसवाचा वेरमणि– कठोर-कडा बोली बोल्नुबाट विरत रहनु।

४) सम्फप्पलापवाचा वेरमणि – अर्थहीन व्यर्थको कुरा गर्नुबाट विरत रहनु।[१४]

हेर्दा सामान्य लाग्ने, केही पनि नभएको जस्तो ठानिने झूट कुरा गर्न अधिकांश मानिस हिचकिचाउन्नन्। साधारण रूपमै असत्य कुरा बोली हाल्छन्। तर त्यसको असर अरूलाई कत्तिको पऱ्यो, कत्तिको हानि गऱ्यो, भौतिक रूपमा होस् वा मानसिक रूपमा होस् वा सामाजिक रूपमा होस् भन्ने तर्फ बिलकुलै विचार नगरी, नसोची झूटो बोल्छन्। केही गरी त्यस्तो अवस्था उसैलाई आइपरेमा ऊ आफूले चाहिं मन पराउन्न, सहन सक्दैन, सके प्रतिवादमा उत्रिएर

---

१२ भिक्षु ज्ञानपूर्णिक (अनु.) महान् धर्मचक्र सुत्रोपदेश, (वि.स. २०५२), ललितपुर सन्ति सुखावास प्रकाशन समिति, (पृ. ११५)

१३ नानीमैत्रा मानन्धर (अनु.) बोधिपक्षीय दीपनी (वि.स. २०३८), काठमाडौं : प्रकाशक समूह, (पृ. १४२)

१४ भिक्षु ज्ञानपूर्णिक, पूर्ववत्, (पृ. ११९)



Downloaded from http://www.dhamma.digital

झगडै पनि गर्न वा हातै उठाउन वा हतियारै उठाउन पनि पछि पर्दैन भने आफ्नो बोलीले गर्दा अर्कालाई पनि मर्का पर्छ, बोल्नु हुन्न भनी संयम गर्न सक्ने बिरलै हुन्छन् र यदि सत्य कुराको बोलवाला बढेमा, सत्य-तथ्यलाई नवङ्ग्याईकन यथार्थरूपमा सामना गरेमा, स्वीकार गरेमा कुनै पनि झन्झट, आपत्-विपत् आइलाग्दैन। जसरी अरूले झूटो बोलेको आफूलाई मन पर्दैन, आफूले पनि झूटो नबोल्ने गर्नुपर्दछ।

मानिसहरूको अर्को नराम्रो बानी हो– चुगली कुरा लगाउनु। भए-नभएका कुरा बनाई, सुनाई, बयान गरी अर्काको चरित्र हत्या गर्ने, सम्पत्ति हत्याउने, भौतिक रूपमा हानि पुऱ्याउने आदि प्रकारका कुकर्तव्य गर्ने मानिसले महसुस गर्नुपर्ने कुरा के हो भने त्यस्तै परिस्थिति आफूलाई आइलागेमा सहर्ष स्वीकार गरिन्छ कि न्वारानदेखिको बल निकाली प्रतिवाद गरिन्छ ? मिलेका साथीभाइ, परिवार, दाजुभाइ, दिदीबहिनीबीच अनावश्यक फाटो ल्याई फुटाउनुमा रमाउने मानिस कदापि सुखी रहन सक्दैन। बरु त्यसरी फुटेका वा फुटाइएकाहरूबीच मेलमिलाप गराइदिने, आपसी मनमुटाव हटाइदिने र समझदारी कायम गराउनमा मदत गर्नेहरूप्रति उनीहरू हृदयदेखि नै कृतज्ञ हुन्छन्।

मानिसले जानाजानी वा अनजानवश पनि अरूको चित्त दुख्ने गरी, अपशब्द प्रयोग गरी गाली गर्ने, होच्याउने गर्छन्। जसलाई सज्जन व्यक्तिले कदापि प्रशंसा गर्दैनन्। कसैले आफूप्रति यस्तो दुर्व्यवहार गऱ्यो भने सहन कत्तिको गाहारो हुन्छ त्यो भुक्तभोगीले मात्र थाहा पाउँछ, भने अब उसले अरूप्रति पनि यस्तै व्यवहार गऱ्यो भने उसलाई मूर्ख, अबुझ र पाखण्डीको विशेषण भिराउँछन्। अब सुख महसूस हुन्छ कि दुःख ? तसर्थ आफ्नो वचन यदि राम्रो, सही र नम्र खालको बनाउने हो भने उपर्युक्तानुसार झूट, चुगली र कडा खालका हुनु भएन। अनि त्यस्ता व्यक्ति सबैका प्रिय पात्र हुन्छन्।

*काम न काजको कुरा गरी व्यर्थमा समय खेर फाल्नु भनेको उन्नतिको मार्गमा ठूलो बाधा, अड्चन र पङ्गुपना हो। देश उन्नतिको भाषण मात्र गरेर, गुड्डिमात्र हाँकेर, सपनामात्र देखेर वा बाँडेर यथार्थमा केही हुनेवाला छैन। विकासोन्मुख वा कम विकसित देशका नागरिकहरूले नितान्त बुझ्नु पर्ने तथ्य कुरा हो यो। कुनै विकसित देशको उन्नति प्रगति प्रति आरिस, डाह र गालीमात्र गरेर केही हुन्न। आफै तात्नुपर्छ आफ्नो उन्नति प्रगतिका लागि। अनि उँभो लाग्छ देश पनि। तसर्थ फजुल कुराकानी, बकम्फुस विवाद र तथ्यहीन सम्वादको केही माने छैन, त्यति मात्रै होइन बोलिवचन मार्फत मानिसले गर्ने एउटा अपराध पनि हो यो। यस्तो बानीलाई जसले छुटाउँछ, उन्नति प्रगति उसको पछि पछि लागेर आउँछ।*



Downloaded from http://www.dhamma.digital

माथि उल्लिखित चार प्रकारका मिथ्यावचनबाट बचेर जसले बोल्छ, ऊ नै सही अर्थमा सम्यक् वचनको संवाहक हुन्छन्। यस्तो वानी रहेका व्यक्तिलाई अनाहकमा कुनै प्रकारको आरोप, लाञ्छना र आघात आइपर्दैन। आइहालेमा पनि स्वतः र तुरुन्तै हटेर जान्छ।

**घ) सम्यक् कर्मान्त**

सम्यक् कर्मान्त भन्नाले शारीरिक कुकर्म गर्नुबाट विरत रहनु हो।

१) पाणातिपाता वेरमणि – सत्त्वहरूलाई मार्ने कामबाट विरत रहनु।

२) अदिन्नादाना वेरमणि – खोसेर लिने चोर्ने कामबाट विरत रहनु।

३) कामेसुमिच्छाचारा वेरमणि – अधीनस्थ नभएका कामगुणको दोषपूर्ण ढङ्गले उल्लङ्घन गर्नुबाट विरत रहनु।[१५]

सही काम र कर्तव्यलाई सम्यक् कर्मान्त भनिन्छ। कस्तो काम सही र कस्तो कर्तव्य मिथ्या हानिकारक हो यो बुझ्नु जरुरी छ। अरू प्राणीलाई कष्ट पुऱ्याउनु, घरेलु हिंसा, महिलाहिंसा, यौनहिंसा, दुर्व्यवहार आदि प्रकारका कुकर्तव्य गर्नु, हत्या गर्नु, चोरी गर्नु, अरूलाई ठग्नु, व्यापारमा अनधिकृत रूपमा मूल्य बढी लिनु, कम तौल दिनु, नराम्रोलाई राम्रो भनी झुक्याएर दिनु आदि। घूस खानु, कसैको सम्पत्ति बलजफ्ती छिन्नु, लुट्नु, अपहरण गर्नु, व्यभिचार कर्म गर्नु र होसहवास हराउने नशालु पदार्थको सेवन, मादक पदार्थको सेवनलाई मिथ्या कर्म भनिएको छ। यी काम कर्तव्य गर्नाले अन्य प्राणी, अन्य मानिसहसरूको हानि-नोक्सानी हुने, सुखशान्ति भङ्ग हुने हुनाले नै यसलाई कुकर्तव्य भनिएको हो। यीदेखिवाहेक अन्य काम कर्तव्य, जसले गर्दा आफू तथा अन्य प्राणीहरूको हित उपकार हुने, सुख शान्ति हुने जति पनि छन्, ती सबै सम्यक् कर्मान्त हुन्।

**ङ) सम्यक् आजीविका**

सम्यक् आजीविकाको अर्थ हो इमानदारीपूर्वक जीविका चलाउनु, कुनियतले गरेका तलका ५ व्यापारहरूलाई गलत जीविकाको तरिका मानिएको छ। सम्यक् आजीविका भन्नाले नैतिक आयको बाटोलाई बुझ्नुपर्दछ।

१) शस्त्रअस्त्रको व्यापार गर्नु

२) मान्छे र पशुको व्यापार गर्नु

३) प्राणी मारेर मासुको व्यापार गर्नु

४) मदिराको व्यापार गर्नु

५) विषको व्यापार गर्नु जस्ता जीविकोपार्जनलाई सम्यक् आजीविका मानिँदैन।[१६]

---

१५ पूर्ववत्, (पृ १२०)

१६ प्रकाश वज्राचार्य, पूर्ववत्, (पृ ४३)



Downloaded from http://www.dhamma.digital

सबै प्राणीहरू जीवित रहनुको आधार नै खाना हो। 'सब्बे सत्ता आहारट्ठितिका'। आहारविना कोही पनि बाँच्न सक्दैनन्। कोहीकसैले केही दिन, केही महिना नखाई पनि बस्न सक्लान्, तर ऊ आफ्नो आयुभर बाँच्न सक्तैनन्। अनि खानाको लागि मेहनत त गर्नैपर्दछ। भन्दो हो – 'अजिङ्गरको आहारा दैवले जुराउँछ'। तर आहारा मुख सामुन्ने आउँदैमा मात्र उसको पेट भर्छ र ? हरेक प्राणीले आहारा प्राप्तिका लागि आ-आफ्नो बुद्धि, बर्कत, क्षमताले भ्याएसम्म मेहनत गर्छन्। यो सबैले देखी, बुझी, अनुभव गरी आएका कुरा भए। मानिस आफूलाई विवेकशील प्राणी भन्नमा गर्व गर्छन्। तर ऊ आफू बाँच्न अरूलाई हानि पुऱ्याउने काम गर्दछ भने त्यो कदापि सम्यक् आजीविका हुन सक्तैन।

नशालु पदार्थ, मदिरालगायत हानिकारक पदार्थको बेचबिखन, ठगी व्यापार, जुवातास खेलाउने व्यवसाय, हत्याहिंसाको उद्देश्यलाई सघाउने खालका हातहतियारको व्यवसाय, मानिसहरूको किनबेच, घूसखोरी, नाफाखोरी, कृत्रिम अभावको व्यवहार आदिलाई मिथ्या या असम्यक् अर्थात् हानिकारक, दोषपूर्ण र खराब आजीविका भनिएको छ। यीदेखि बाहेकका व्यापार, व्यवसाय, पेसा गरी जीविकोपार्जन गर्नुलाई सम्यक् आजीविका भनिएको छ। 'म समाजको एक अङ्ग हुँ, जुन मलाई प्राप्त हुन्छ समाजबाटै प्राप्त हुन्छ, त त्यसको बदलामा म समाजलाई के दिन सक्छु, के गर्न सक्छु भन्ने मनसायबाट आफ्नो जीविका चलाउनु सम्यक् आजीविका हो।'[१७]

**च) सम्यक् व्यायाम**

सही र सम्यक् ढङ्गले प्रयत्न गर्नु, उद्योग गर्नु, कोसिस गर्नु नै सम्यक् व्यायाम हो। सम्यक् व्यायाम तलका चार किसिमका छन्।

१) जुन अकुशल उत्पन्न भइसकेको छैन, त्यो उत्पन्न नहुने गरी उद्योग गर्नु।

२) उत्पन्न हुने गरेको अकुशललाई पन्छाएर हटाउन सक्ने गरी उद्योग गर्नु।

३) जुन कुशल उत्पन्न भइसकेको छैन त्यो कुशल उत्पन्न हुने गरी उद्योग गर्नु।

४) उत्पन्न भइसकेको कुशललाई स्थिर वृद्धि र सम्पन्न हुने गरी उद्योग गर्नु।[१८]

**छ) सम्यक् स्मृति**

---

१७ लक्ष्मीनारायण राठी, **दुःख मुक्ति की साधना**, (सन् १९८४), महाराष्ट्र श्री रामचन्द्र राठी (पृ. १०८)।

१८ भिक्षु ज्ञानपूर्णिक, पूर्ववत्, (पृ. १२५)।



Downloaded from http://www.dhamma.digital

सम्यक् स्मृतिको अर्थ हो सदा होसियार, जागरूक भइरहनु । तलका चार तरिकाबाट ध्यान गरेर सम्यक् स्मृति राख्ने गरिन्छ ।

१) कायानुपश्यना – अनित्य, दुःख, अनात्म र अशुभयुक्त रूप समूह मात्र भनी भाविताद्वारा अवलोकन गरेर विहार गरी बस्ने ।

२) वेदनानुपश्यना – अनित्य, दुःख, अनात्म वेदना मात्र हो भनी भाविताद्वारा अवलोकन गरेर विहार गरी बस्ने ।

३) चित्तानुपश्यना – अनित्य, दुःख, अनात्म विचार गर्दै थाहा भइरहने मात्र हो भनी भाविता गरी देखेर विहार गरी बस्ने ।

४) धम्मानुपश्यना– अनित्य, दुःख, अनात्म स्वभाव धर्म मात्र हो भनी भाविताद्वारा देखेर विहार गरी बस्ने ।[१९]

२६०० वर्षअघिको भाषामा 'होस', 'सावधानी', 'सतर्कता'लाई स्मृति भन्दो रहेछ। आजकल स्मृति भन्नाले 'पुराना कुराको सम्झना' भन्ने अर्थ लगाइन्छ। पुराना कुरा भन्नाले विगतका, भूतकालका भए। 'होस राख्नु', 'सावधानी अपनाउनु', 'सतर्क रहनु' भनेको वर्तमानसँग सम्बन्धित भयो।। तसर्थ वर्तमान समयका हरेक क्षणमा 'सतर्कता' अपनाउनुलाई नै सम्यक् स्मृति भनिएको छ। वर्तमान समयमा, तत्कालको क्षणमा होस पुऱ्याउनाले नै अवाञ्छित दुर्घटना हुन पाउँदैन, अनावश्यक कुरा गरिन्न, आरोप-प्रत्यारोप लाउने बानीप्रति सजगता उत्पन्न हुन्छ, कुकर्तव्यतिर मनै गए पनि 'गर्न हुन्न' भन्ने भाव मनमा उठी त्यसबाट बच्न सकिने हुन्छ। हरेक खराब कामकुराबाट त बचाउँछ नै असल कामप्रति तदारुकताका साथ लाग्न, मेहनतका साथ कार्य सम्पन्न गर्न र उपलब्धिपूर्ण अन्तका लागि अभिप्रेरित भई सर्वत्र सफलता नै सफलता हात लाग्दछ। त्यसका लागि कुनै तन्त्रमन्त्र, जडीबुटी वा आशीर्वादको भर पर्नुपर्ने हुँदैन ।

Dhamma.Digital

### ज) सम्यक् समाधि

समाधि भन्नाले सम्यक् र सही रूपले गहनतापूर्वक स्थिर रहने, ठीकसँग चित्त एकाग्र गर्ने हो। काम (वासना) बाट रहित र शून्य भइरहने साथै अन्य अकुशल धर्मले पनि रहित र शून्य भई चिन्तन र निरीक्षणले युक्त नीवरण अकुशल चिन्तनबाट अलग र शून्य भएर उत्पन्न हुने प्रीति सुख पनि भएको प्रथम, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम ध्यान समाधिलाई सम्मासमाधि मार्गाङ्ग भनिन्छ।[२०]

सम्यक् समाधिअन्तर्गत ४० वटा कर्मस्थानहरू सहितको समथ ध्यान बुझ्नु आवश्यक छ। निर्वाणमा पुग्ने मार्गमा रहेका ५ बाधाहरू [illegible]

१९. पूर्ववत्, (पृ १२९)
२० पूर्ववत्, (पृ १३८)



Downloaded from http://www.dhamma.digital

भनिन्छ। पञ्चनीवरणलाई निर्मूल पार्ने उद्देश्यले गरेको ध्यानलाई समथ भावना भनिन्छ। समथ भावनाको लागि ध्यान एकत्रित गर्ने ४० विषयहरू छन् जसलाई ४० कर्मस्थान भनिन्छन्। यी हुन् :

कसिण –१०, अशुभ – १०, अनुस्मृति – १०, अप्रामाण्य – ४, आहार प्रतिकूल संज्ञा – १, धातु व्यवस्था – १, आरूपय – ४।

बिरालोले मुसा समात्न एकरत्ती नचलबलाई ढुकेर बसेको, माछा टिप्न वकुल्लाले गरिरहेको एकाग्रता अथवा भनौं अन्य प्राणीको हानि-नोक्सानी हुने काममा प्रयोग हुने एकाग्रतालाई सम्यक् समाधि मानिंदैन। त्यसको ठीक उल्टो- आफ्नो र अन्य प्राणीहरूको हित, सुख, कल्याण हुने कार्यमा प्रयोग हुने तथा राग, द्वेष, मोहले लिप्त नभएको एकाग्रता नै वास्तवमा सम्यक् समाधि हो र सही प्रकारको एकाग्रता हो।

यी आठवटा (अष्टाङ्गिक) मार्गलाई सजिलोसँग बुझ्नका लागि शील, समाधि, र प्रज्ञा गरी तीन भागमा बाँडिएको पाइन्छ –

सम्यक् वचन, सम्यक् कर्मान्त र सम्यक् आजीविका शीलअन्तर्गत पर्दछ।

सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि समाधिअन्तर्गत पर्दछ।

सम्यक् दृष्टि र सम्यक् सङ्कल्प प्रज्ञाअन्तर्गत पर्दछ।

यी नै शील, समाधि, र प्रज्ञालाई 'त्रिविध शिक्षा' भनिएको छ।

**प्रतीत्य समुत्पाद (कार्यकारण सिद्धान्त)**

भगवान् बुद्ध एक पटक कुरुमा (वर्तमान दिल्लीको नजिक, भारत) रहेको वेला उनका निजी सेवक भिक्षु आनन्दले 'प्रतीत्य समुत्पाद' सरल छ भन्ने प्रतिक्रिया व्यक्त गरे। त्यस वेला बुद्धले आनन्दलाई त्यसो नभन्न भन्दै प्रतीत्य समुत्पाद गम्भीर, अति गम्भीर रहेको कुरा वताए र यो धर्म (=स्वभाव, नियम) राम्ररी नजान्नाले, प्रतिवेध (=अनुभव) नहुनाले सबै मानिसहरू गुत्थी नसुल्झेको धागो जस्तै, घाँसमा घाँस अल्झेझैं अपाय, दुर्गति, विनिपात (=अत्यन्त दुःखदायी, पीडादायी र अन्धकारपूर्ण अवस्था) मा परी यो संसारबाट पार हुन नसकिरहेको यथार्थ व्यक्त गरेका थिए।[२१]

प्रतीत्य समुत्पाद (पालि-पटिच्च समुप्पाद) शब्द तीनवटा शब्दहरूका समास रूप हो। पटिच्च=प्रतीत्य (कारण), सम=सह, उप्पाद=उत्पाद, उत्पन्न।[२२]

अर्थात् 'यसकारणले गर्दा यो उत्पन्न भयो' भन्ने अर्थ यसमा पाइन्छ। साथै 'यसको निरोधले त्यो पनि निरोध हुन्छ' भन्ने अर्थ पनि यसले बोकेको

---

२१ दुण्डबहादुर वज्राचार्य, अनु.), दीर्घनिकाय (वि.सं.२०५६), ललितपुर पवित्रबहादुर वज्राचार्य (पृ. २१८)।

२२ लक्ष्मीनारायण राठी, पूर्ववत्, (पृ. १५८)



Downloaded from http://www.dhamma.digital

पाइन्छ। एक कारणले अर्को कार्य उत्पन्न हुन्छ, सो कार्य पनि अर्को चरणमा गएर कारण बन्दछ। बिनाकारण संसारमा केही पनि उत्पन्न हुँदैन। कारण र फल सम्बन्ध भएर मात्र उत्पन्न भएको हो भन्ने कुरा प्रतीत्य-समुत्पादले देखाउँछ।[२३]

उदाहरणका लागि– कुनै बीउ उर्वर जमिनमा रोपियो र घाम, पानी, मल, जल मिल्यो भने त्यसले अवश्य फल दिन्छ। अनि प्रत्येक फलले पुनः बीउ बोकेकै हुन्छ। यहाँ बीउ भन्नाले प्रतीत्य (कारण) भयो; पृथ्वी (जमिन), घाम, पानी, मल, जल भन्नाले प्रत्यय सामग्री भए र फल भन्नाले प्रत्ययको कारणले उत्पन्न पदार्थ भयो। सो फलमा भएको बीउले पुनः यही प्रकारको चक्र निरन्तर चलिरहन्छ।

प्रतीत्य समुत्पादको व्याख्याको क्रममा बुद्धले बाह्रवटा कडी (अङ्ग) बताएका छन्।

१) अविद्या (सही रूपमा नबुझ्ने, नजान्ने स्वभाव) को कारणले २) संस्कार (लोभ, द्वेष र मोहको कारणले खराब चित्त उत्पन्न भई नराम्रा कार्य गरिने वा बदलामा केही मिल्ने आशाले गरिने कार्य) उत्पन्न हुन्छन्।

संस्कारको उत्पत्तिको कारणले ३) विज्ञान (प्रतिसन्धि चित्त अर्थात् पुनर्जन्मको चित्त प्रवाह) उत्पन्न हुन्छ।

*(द्रष्टव्य–पुनर्जन्म भन्नाले प्रत्येक क्षण प्राणीहरूको मन र शरीर परिवर्तन हुँदै नयाँनयाँ चित्त र शरीर उत्पन्न भइरहेको अवस्थासमेतलाई जनाउँछ।)*

विज्ञानको उत्पत्तिको कारणले ४) नाम रूप (मन र भौतिक पदार्थ याने शरीर) उत्पन्न हुन्छ।

नाम रूपको उत्पत्तिको कारणले ५) षडायतन (६ वटा आयतन वा इन्द्रियहरू– आँखा, कान, नाक, जिब्रो, शरीर र मन) उत्पन्न हुन्छ षडायतनको उत्पत्तिको कारणले ६) स्पर्श (६ वटा इन्द्रियहरूको आ-आफ्ना विषयवस्तुहरू– रूप, शब्द, गन्ध, स्वाद, स्पर्श पदार्थ र विचारसँग स्पर्श) उत्पन्न हुन्छ।

स्पर्शको उत्पत्तिको कारणले ७) वेदना (संवेदना–सुखद, दुःखद र सुखद दुःखद दुईवटै नरहेको अनुभव) उत्पन्न हुन्छ।

वेदनाको उत्पत्तिको कारणले ८) तृष्णा (आसक्ति) को उत्पत्ति हुन्छ।

तृष्णाको उत्पत्तिको कारणले ९) उपादान (तीव्र लालसा, गहिरो आसक्ति) उत्पन्न हुन्छ। उपादानको उत्पत्तिको कारणले १०) भव (केही हुनु अथवा 'कर्म', भाग्य, नियति) को उत्पन्न हुन्छ। भवको उत्पत्तिको कारणले ११) जाति (नयाँ जन्म, नयाँ सृष्टि) उत्पन्न हुन्छ।

---

२३ अनागारिका अग्गञाणी, **बुद्ध शिक्षाका आयामहरू** (स. त्रिरत्न मानन्धर) (वि.सं. २०६५) कीर्तिपुर : श्री कीर्ति बौद्ध केन्द्र (पृ. ४५)



Downloaded from http://www.dhamma.digital

*(द्रष्टव्य–प्रत्येक क्षण शरीर वदलिएको हुनाले नै शिशु अवस्थाको शरीर वृद्ध अवस्थामा परिणत हुने हो। शरीरका अङ्गप्रत्यङ्ग वदलिनु भनेकै नयाँ अवयव उत्पत्ति हुनु र पुरानो क्षय हुनु हो, यसरी नयाँ उत्पत्ति र पुरानो नाशको निरन्तरता नै शरीर परिवर्तनका कारण हुन्।)*

जातिको उत्पत्तिको कारणले १२) जरामरण (शरीर वदलिँदै जानु, जीर्ण हुँदै जानु र अन्ततोगत्वा देहको अवसान हुनु– जुन प्रत्येक क्षण चलिरहेको हुन्छ। का साथै शोक, परिताप, शारीरिक दुःख, मानसिक दुःख, बेचैनी, रुनु कराउनु, डाह हुनु आदि उत्पन्न हुन्छन्। यसरी शोक, ताप आदिको कारणले पुनः अविद्यालाई उत्पन्न गराउँदछ र क्रमशः अरूअरू अङ्गहरू उत्पन्न हुँदै जान्छन्, जुन निरन्तर रूपमा चलिरहने प्रक्रिया हो। यसैलाई संसारचक्र अर्थात् भवचक्र भनियो। जवसम्म प्रत्यय (कारण) बाँकी रहन्छ तवसम्म यो चक्र चलि नै रहन्छ र जव प्रतीत्य (कारण) लाई हटाइन्छ वा निर्मूल पारिन्छ अनि यो चक्र पनि रोकिन्छ र पुनर्जन्मको सम्भावना रहन्न। तसर्थ बुद्धधर्ममा पुनर्जन्मवारे स्थायी धारणा भेटिन्न। जव पुनर्जन्मको शृङ्खला रोकिन्छ तब त्यस अवस्थालाई 'निर्वाण' अवस्था भनिएको छ। यसलाई प्रत्येक मानिसले अभ्यासद्वारा प्राप्त गर्न सकिने कुरा निर्विवाद छ। त्यसकारण बुद्धको शिक्षा सार्वजनिन, सार्वकालिक र सार्वदेशिक हुन्[२४]। जब कोही व्यक्ति सम्यक् सम्बुद्ध बन्दछ, चाहे सिद्धार्थ गौतम या अरू कोही, उसले कुनै सम्प्रदाय स्थापना गर्दैन, शुद्ध धर्म नै सिकाउँछ। शुद्ध धर्म माने प्रकृतिका ती नियम, जुन सबैलाई समान रूपले लागू हुन्छ, कसैलाई पक्षपात गर्दैन।[२५] प्रतीत्य समुत्पादको सिद्धान्तलाई 'हेतु–फल सिद्धान्त' (Cause and effect theory) पनि भन्ने गरिएको छ।

**त्रिलक्षण (अनित्य, दुःख, अनात्म)**

'संसरन्ति' ति संसारो'– निरन्तर चलिरहने भएकैले संसार भनिएको हो। निरन्तर चल्नु भनेकै यथास्थितिमा परिवर्तन हुनु हो, जस्तो दिनपछि रात, रातपछि दिन हुँदै समय परिवर्तन हुनु, ग्रीष्मपछि हिउँद, हिउँदपछि ग्रीष्म आदि प्रकारले ऋतु परिवर्तन हुनु, शिशु अवस्था विस्तारै वदलिँदै किशोर, युवा एवं वृद्ध हुनु, कहिले सुखको अनुभव गरिन्छ त कहिले दुःखको अनुभव आदि इत्यादि। यस्तो परिवर्तनशीलतालाई नै 'अनित्य' भनिएको हो। कुनै पनि वस्तु, स्थिति, वा घटना पनि स्थिर रहन सक्तैन, सबैले परिवर्तन हुनैपर्छ, यही प्रकृतिको नियम हो। यसैलाई बुद्धले स्वयं अनुभव गरी सबैलाई बुझाएका हुन्। जुन अनित्य छ, क्षणभङ्गुर छ त्यसलाई सुखपूर्ण, आनन्ददायक र मनमोहक भन्न सकिन्न तसर्थ

---

२४ आचार्य सत्यनारायण गोयन्का, **धारण करे तो धर्म** (सन् १९९९), इगतपुरी : विपश्यना **विशोधन विन्यास**, (पृ. २४)

२५ पूर्ववत्, (पृ. ३०)



Downloaded from http://www.dhamma.digital

'दुःख' भनिएको हो। परिवर्तन हुनुमा, दुःखपूर्ण हुनुमा कोही कसैको हात देखिँदैन, कोही कसैको नियन्त्रण सत्ता वा हैकम देखिँदैन त्यसैले 'अनात्म' (कसैको अधीनमा नरहेको) भनिएको हो।

**चतुब्रह्म विहार**

चतु=चार, ब्रम्ह=उच्च तथा विशिष्ट, विहार=जीवनको अवस्था।

मनका चारवटा सर्वोत्कृष्ट अवस्थाहरूलाई नै 'चतुब्रह्म' विहार भनिएको छ। चारवटा अवस्था भन्नाले–मैत्री, करुणा, मुदिता र उपेक्षा हुन्।

१) मैत्री (पालि भाषामा मेत्त)–भन्नाले निःस्वार्थ प्रेम, मित्रता, सहानुभूति, स्नेहले युक्त, अरूलाई हानि पुऱ्याउने इच्छाको दमन, अरूको हित, उपकारको चाहना। अरूको भलो होस् भनी मनले चिताउने।

२) करुणा– अर्काको दुःखमा दुखी हुनु, त्यस्तो दुःख हटाउनमा उद्यत हुनु।

३) मुदिता– अर्काको सुखमा खुसी हुनु, मृदु हुनु।

४) उपेक्षा– तटस्थ भाव राख्नु, समता भाव राख्नु, प्रतीकूल परिस्थितिमा पनि मन असन्तुलित हुन नदिनु, बदला र प्रतिहिंसाको भाव उत्पन्न नगर्नु, सबैलाई समान ठान्ने पक्षपातविहीन आचरण।[२६]

समाजमा बस्ने सामाजिक प्राणी मानिसलाई सुखपूर्वक, शान्तिपूर्वक र धार्मिकतापूर्वक जीवन बिताउन भगवान् बुद्धले थुप्रै उपाय एवं शिक्षाहरू बताएका छन्। तीमध्ये यो चतुब्रह्म विहार पनि एक हो।

आमाबाबु भइसकेका नारी र पुरुषहरूमा विशेष गरी यी चारवटा गुण देख्न पाइन्छ तसर्थ आमाबाबुलाई 'ब्रह्मा' को विशेषण पनि दिइने गरिन्छ र चारवटा गुणको प्रतीक सम्झाउन ब्रह्माको चारवटा मुख देखाइएको पाइन्छ।

गर्भवती अवस्थामा एउटी नारीले गर्भको बच्चाप्रति स्नेह दर्साई पथपरहेजमा बस्छिन्। बाबु बन्ने व्यक्तिले पनि उत्तिकै सघाउँछन्। बच्चा जन्मिसकेपछि ऊप्रति करुणाको सागर नै खन्याउँछन्, बच्चाले बामे सर्न थाल्दादेखि आफ्नो सन्तानको कुनै पनि प्रगतिमा सबभन्दा बढी खुसी हुनेहरूमा आमाबाबु नै पहिलो पर्छन्। ठूलो भइसकेपछि बिहाबारी गरी आफ्नै घरजम बसालेर आमाबाबुलाई बेवास्ता नै गर्दा पनि आफ्ना छोराछोरीप्रति कुनै द्वेष, दुर्भावना नराख्ने आमाबाबुहरू साँच्चीकै उपेक्षाका प्रतिमूर्ति ठानिन्छन्।

---

२६ मदनरत्न मानन्धर, बुद्ध शिक्षाका आयामहरू (सं. त्रिरत्न मानन्धर) (वि.सं.२०६५), कीर्तिपुर, श्रीकीर्ति बौद्ध केन्द्र, (पृ. ५९–६२)



Downloaded from http://www.dhamma.digital

मैत्री सूत्रमा भनिएको छ **माता यथानीयं पुत्तं आयुसा एक पुत्त मनुरक्खे एवम्पि सब्ब भूतेसु मानसं भावये अपरिमाणं** अर्थात् आमाले जसरी आफ्नो एक्लो छोराप्रति मैत्री भाव राख्दछिन्, त्यसरी नै सवैप्रति मैत्री भाव राख्नुपर्दछ।

यस्तो महान् कल्याणकारी गुणका व्याख्याता भगवान् बुद्धका शिक्षालाई अनवरत रूपमा, अक्षुण्ण र अखण्डित राख्न थेरवाद-बुद्धधर्म मान्नेहरूले पालन गर्दै र अभ्यास गर्दै आइरहेको देखिन्छ। गौतम बुद्धले आफ्नो शिक्षालाई दाजिहेर्न, विश्वस्त हुन र निक्योल गर्न चारवटा मापदण्ड (कसौटी) प्रदान गरेको पाइन्छ।

क) कोही कसैले यो मैले बुद्धको श्रीमुखबाट सुनेको हुँ, ग्रहण गरेको हुँ भन्दैमा त्यसलाई स्वीकार नगर्नू र तिरस्कार पनि नगर्नू। त्यसलाई सूत्र र विनयसित तुलना गरी हेर्नू, तीसँग मेल खान्छ भने मात्र निश्चय गरी धारण गर्नू, स्वीकार गर्नू ख) कोही कसैले 'यो मैले भिक्षुसङ्घबाट सुनेको हुँ, ग) कोही कसैले 'यो मैले पण्डित, विज्ञ स्थविर (जेष्ठ) भिक्षुहरूबाट सुनेको हुँ, घ) कोही कसैले 'यो मैले पण्डित, विज्ञ, स्थविर भिक्षुबाट सुनेको हुँ भन्दैमा विश्वास गरी नहाल्नू अथवा विरोध गरी नहाल्नू, त्यसलाई सूत्र र विनयसँग तुलना गर्दा मेल खान्छ भने मात्र स्वीकार गर्नू। यस कुरालाई थेरवादीहरूले अक्षरशः पालना गरी आएको देखिन्छ।

थेरवाद मान्नेहरूले तीन प्रकारका बुद्धलाई मानेको देखिन्छ– क) सम्यक् सम्बुद्ध– आफू मुक्त भई अरूलाई पनि मुक्तिमार्ग देखाउने, ख) प्रत्येक बुद्ध– आफू मात्रै मुक्त हुने बुद्ध र ग) श्रावक बुद्ध– सम्यक् सम्बुद्धको शिक्षालाई अपनाई मुक्त हुने– अर्हत्।[२७]

थेरवादमा त्रिविध शिक्षालाई अत्यन्तै महत्त्व दिइएको छ, जसलाई धर्मको भन्याङ पनि भनिन्छ। ती हुन्– क) परियत्ति शिक्षा– बुद्धवचनको अध्ययन गर्नु र राम्ररी बुझ्नु, ख) प्रतिपत्ति शिक्षा– अध्ययनअनुसार आचरण र अभ्यास गर्नु तथा ग) प्रतिवेध शिक्षा– आचरणद्वारा दुःख मुक्तिको अवस्था (अर्हतत्त्व) प्राप्त गर्नु।[२८]

शील, समाधि र प्रज्ञाको गम्भीर पालनाबाट मानिसले दुःखमुक्ति (निर्वाण) का चारवटा अवस्थामध्ये कुनै पनि अवस्था प्राप्त गरी आफ्नो जीवनलाई सफल पार्न सकिन्छ भन्ने धारणा थेरवादीहरूमा रहेको देखिन्छ। यी अवस्था हुन्–

क) **स्रोतापन्न** – मुक्तिको प्रथम तह, निर्वाणको स्रोतमा प्रवेश।[२९]
ख) **सकृदागामी** – एक पटक मात्र मनुष्य लोकमा फर्कने वा पुनर्जन्म हुने
ग) **अनागामी** – पुनः यस संसारमा नफर्कीकनै मुक्त अवस्था प्राप्त गर्ने
घ) **अर्हत्** – यसै जीवनमा मुक्त अवस्था (निर्वाण) प्राप्त गर्ने।

---

२७ प्रकाश वज्राचार्य, पूर्ववत्, (पृ ३५)
२८ लक्ष्मीनारायण राठी, पूर्ववत्, (पृ ३८७-८)
२९ अजाह्न एन्ड अजाह्न अमेरो, पसन्नो, दि आइल्यान्ड (सन् २००१) यू.एस.ए., अभयगिरि मोनास्टिक फाउन्डेसन, (पृ २८०)



Downloaded from http://www.dhamma.digital

स्रोतापन्न अवस्था प्राप्त गर्न चारवटा प्रक्रिया अपनाउनुपर्ने कुरा बुद्धले बताएका छन्–

क) **सप्पुरिससंसेव** – सत्पुरुषहरूसँगको सत्सङ्गत

ख) **सद्धम्मस्सवण** – सत्य (असली) धर्मको श्रवण

ग) **योनिसोमनसिकार** – शुद्ध विचार, सावधानी, बुद्धिमानी चिन्तन

घ) **धम्मानुधम्मपटिपत्ति** – धर्म (स्वभाव, प्रकृति) अनुसारको अभ्यास ।[३०]

**बुद्धका मूल शिक्षाहरू**

भगवान् बुद्ध स्वयंले आफूले अभिज्ञात गरी देशना गरेका धर्महरूबारे चर्चा गरेका कुरा 'त्रिपिटक' ग्रन्थमा पाइन्छ । ती हुन्[३१] :

१. चार सतिपट्ठान (स्मृतिप्रस्थान) – प्रत्येक क्षण होस राख्नु – कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धम्मानुपश्यना

२. चार सम्यक् प्रधान – हतोत्साह नभएको वीर्य

क) उत्पन्न भइसकेका अथवा उत्पन्न हुन लागेका अकुशल (नराम्रो) स्वभावलाई हटाउने प्रयास ।

ख) उत्पन्न भइनसकेका अकुशललाई उत्पन्न नै हुन नदिने प्रयास ।

ग) उत्पन्न नभएका कुशल (राम्रो) स्वभावलाई उत्पन्न गर्ने प्रयास ।

घ) उत्पन्न भइसकेका अथवा उत्पन्न हुन लागेका कुशल स्वभावलाई वृद्धि गरी स्थिर गर्ने प्रयास ।

३. चार ऋद्धिपाद – परिपूर्णता अथवा परिपक्वता

क) छन्द (प्राप्त गर्ने, पूर्ण गर्ने, पारङ्गत हुने इच्छा)

ख) वीर्य (निरुत्साहरहित कोसिस)

ग) चित्त (अनुराग)

घ) विमंस (संसारमा बारबार जन्म लिनुपर्ने दुःखलगायतका अन्य दुःखहरू भयङ्कर छन् भनी देख्न सक्ने ज्ञान) ।

४. पाँच इन्द्रिय – चित्तलाई नियन्त्रण

क) श्रद्धाइन्द्रिय – विश्वास, आस्थाको आधारमा चित्तलाई नियन्त्रण गर्नु

ख) वीर्यइन्द्रिय – प्रयत्न, उद्योग, कोसिसद्वारा चित्तलाई नियन्त्रण गर्नु

ग) स्मृतिइन्द्रिय – होसपूर्वक चित्तलाई नियन्त्रण गर्नु

घ) समाधिइन्द्रिय – मनको चञ्चलता हटाई चित्तलाई नियन्त्रण गर्नु

ङ) प्रज्ञाइन्द्रिय – मनमा आउने शङ्का र पश्चात्तापलाई हटाई चित्तलाई नियन्त्रण गर्नु

---

३० पूर्ववत्, (पृ. २८३–८)

३१ दुण्डबहादुर वज्राचार्य (अनु.) **दीर्घनिकाय**, पूर्ववत्, (पृ. २६१)



Downloaded from http://www.dhamma.digital

५. पाँच वल – प्रतीकूलतालाई दवाइराख्ने (एक प्रकारको सेनापतिको उपमा)

क) श्रद्धावल – अटल विश्वास वा आस्थाको शक्ति

ख) वीर्यबल – अटुट अभ्यासको शक्ति

ग) स्मृतिवल – अटुट सजगताको शक्ति

घ) समाधिवल – अटुट एकाग्रताको शक्ति

ङ) प्रज्ञाबल – ज्ञानमा निपुणताको शक्ति

६) सात बोधिअङ्ग (दुःख मुक्तिलाई यथार्थतः अवबोध गर्ने मार्ग – ज्ञानसँग सम्बन्धित)

क) स्मृति सम्बोधिअङ्ग (सम्बोध्यङ्ग) – स्मृति अर्थात् अटुट सजगताबाट दुःखमुक्तिलाई यथार्थतः अवबोध गर्ने

ख) धम्मविचय सम्बोधिअङ्ग – धर्मपूर्वक अनुसन्धानद्वारा प्राप्त प्रज्ञा (ज्ञान) बाट दुःखमुक्तिलाई यथार्थत : अवबोध गर्ने

ग) वीर्य सम्वोधिअङ्ग – अटुट अभ्यासवाट दुःख मुक्तिलाई यर्थाधतः अवबोघ गर्ने

घ) प्रीति सम्वोधिअङ्ग – सतिपट्ठान ध्यानको वृद्धिपश्चात् ज्ञात हुने वा साक्षात्कार हुने तरिका देखा पर्दा सुख-आनन्दको अनुभव हुने स्थितिबाट दुख मुक्तिलाई यथार्थतः अवबोध गर्ने

ङ) प्रश्रब्धि सम्बोधिअङ्ग – शारीरिक र मानसिक सुख सन्तोष र दुःख मुक्तिलाई यथार्थत : अवबोध गर्ने

च) समाधि सम्बोधिअङ्ग – अटुट एकाग्रताबाट दुःख मुक्तिलाई यथार्थत : अवबोघ गर्ने

छ) उपेक्षा सम्बोधिअङ्ग – तटस्थ भावबाट द ुःख मुक्तिलाई यथार्थत : अवबोध गर्ने

७. आर्य अष्टाङ्गिक मार्ग – आठवटा अङ्गले युक्त शुद्ध मार्ग वा उपाय

| | |
|---|---|
| क) सम्यक् दृष्टि | – सही दृष्टिकोण, धारणा |
| ख) सम्यक् सङ्कल्प | – सही विचार |
| ग) सम्यक् वचन | – सही वचन |
| घ) सम्यक् कर्मान्त | – सही काम कर्तव्य |
| ङ) सम्यक् आजीविका | – सही जीवन यापन ९ |
| च) सम्यक् व्यायाम | – सही प्रयत्न, उद्योग, कोसिस |
| छ) सम्यक् स्मृति | – सही प्रकारको होस, सजगता |
| ज) सम्यक् समाधि | – सही प्रकारको एकाग्रता । |

यी माथि उल्लिखित ३७ वटा धर्मलाई 'सप्ततिंस बोधि पक्षीय धर्म' भनी भन्दछन् ।



Downloaded from http://www.dhamma.digital

**देवदत्तद्वारा सङ्घभेद[32] – बुद्धधर्ममा विशृङ्खलताको सुरुवात**

बुद्धत्व प्राप्तिपछिको ३९ औं वर्षावासको क्रममा भगवान् बुद्ध कौशाम्बीको घोषिताराम विहारमा बसेका थिए। भिक्षु देवदत्तले भगवान्प्रति मानिसहरूको श्रद्धा, आदर, भक्तिभाव देखी त्यसमा ईर्ष्या गरेर आफैं बुद्धको स्थान ओगट्ने कुत्सित प्रयासस्वरूप बुद्धलाई मार्न तत्कालीन राजा अजातशत्रुलाई प्रयोग गरे। त्यसमा असफल भएपछि आफैंले पनि असफल प्रयास गरे। सफलता हात नलागेपछि एक दिन देवदत्तले केही भिक्षुहरू साथ लिई भगवान् बुद्धसँग ५ वटा माग राखे–

१. भिक्षुहरूले जीवनभर आरण्यक (जङ्गलमा बस्ने) हुनुपर्छ,
२. भिक्षुहरूले जीवनभर पिण्डपातिक (भिक्षा मागेर मात्र खाने) हुनुपर्छ,
३. भिक्षुहरूले जीवनभर पांशुकुलिक (धूलोमा फ्याँकेको कपडा टिपी त्यसबाट बनेको चीवर मात्र लगाउने) हुनुपर्छ,
४. भिक्षुहरूले जीवनभर वृक्षमूलिक (रूखमुनि मात्र बस्ने) हुनुपर्छ र
५. भिक्षुहरूले जीवनभर माछामासु खानु हुँदैन।

प्रत्युत्तरमा भगवान् बुद्धले इच्छा हुनेहरूले सो गर्न सकिने तर सबैलाई अनिवार्य नहुने कुरा बताउँदै माछामासु खाने विषयमा 'त्रिकोटी परिशुद्ध मांस'[33] (अदृश्य मांस– मारेको नदेखेको, अश्रुत मांस– आफ्ना लागि मारेको भनी नसुनेको र अपरिशङ्कित मांस– आफ्ना लागि मारेको हो कि भन्ने शङ्का नरहेको) मासु खानुमा रोक लगाएनन्।

भिक्षु देवदत्तले– 'भगवान्ले मेरो ५ सर्त स्वीकार गरेनन्। जसलाई यी सर्त स्वीकार छ, ऊ मेरो पछि आउनू' भनेर गए। त्यस बेला ५०० नयाँ भिक्षुहरू त्यहाँ थिए, जसलाई धर्म वा विनयबारे राम्रो ज्ञान थिएन, उनीहरू सबै देवदत्तको पछि लागे। यसरी देवदत्तले सङ्घभेद गऱ्यो। यसै घटनालाई बुद्धधर्ममा विशृङ्खलताको सुरुवात भन्न सकिन्छ। पछि ती ५०० भिक्षुहरू पुनः बुद्धकहाँ नै फर्केर आए।

**प्रथम सङ्गायनाको आवश्यकता**

भगवान् बुद्धले एक प्रसङ्गमा 'मैले स्वयं अभिज्ञात गरी धर्मदेशना गरेका कुराहरूलाई सबै (भिक्षुहरू) मिली, एकत्रित भई अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मिलाई सङ्गायना गर्नुपर्छ, झगडा गर्नु हुन्न। जसले गर्दा यो धर्म दीर्घकालसम्म रहन सकोस्, चिरस्थायी हुन सकोस्, अनि बहुजन हितका लागि, बहुजन सुखका

---

३२ भदन्त सम्यक् सम्बोधी प्राणपुत्र, **सम्यक् सम्बुद्ध** (वि.स. २०६०), काठमाडौं : सुखी होतु नेपाल, (पृ. १९३–५)

३३ दुण्डबहादुर वज्राचार्य, (अनु.), **मज्झिम निकाय**, पूर्ववत् (पृ. ३३७)



Downloaded from http://www.dhamma.digital

लागि, लोकवासीका अनुकम्पाका लागि, देवसहित मनुष्यहरूका, हितका निमित्त र सुखका निमित्त पनि हुन सकोस्' भनी आज्ञा गरेका थिए।[३४]

बुद्धत्व प्राप्तिपछि आफूले अभिज्ञात गरेको (राम्ररी जानेको, अनुभव गरेको) ज्ञान भगवान् बुद्धले ४५ वर्षसम्म विभिन्न स्थानहरूमा बाँडे। सबै तप्काका जनतामा पुऱ्याए। ८० वर्षको पाको उमेरमा उनी कुशीनगरमा महापरिनिर्वाण (परलोक) भए। उनी परिनिर्वाण भएको देख्ने वा सुन्ने धेरै व्यक्तिहरूले शोक व्यक्त गरे। सुभद्र भन्ने एक जना वृद्ध भिक्षुले यस्तो भने– "भइहाल्यो शोक नगर, नरोऊ। अब हामी उहाँ महाश्रमण (बुद्ध) बाट सुविमुक्त भयौं। उहाँ छँदा 'यो गर्छिन्, यो गर्नुहुन्न' भन्ने कुराबाट हामी पीडित थियौं। अब जे चाहन्छौं त्यही गर्न सक्नेछौं, जे गर्न चाहँदैनौं त्यो गर्ने छैनौं।"[३५]

यस्तो कुरा सुनी भिक्षु महाकाश्यप महास्थविरले भविष्यमा बुद्धको शिक्षा (धर्म)मा उच्छृङ्खलता आउन सक्ने, विकृति आउन सक्ने पूर्वाभास महसुस गरे। त्यस्ता विकृति, विशृङ्खलतावाट बुद्धानुशासनलाई बचाउन र चिरकालसम्म विशुद्ध रूपले सुस्थापित गर्नुपर्ने कर्तव्य वोध गरी उनले भिक्षु महासङ्घको सल्लाह, सहमति र स्वीकृतिअनुरूप ४९९ वरिष्ठ अर्हन्त भिक्षुहरू।[३६] सहित धर्म भण्डागारक भएका, भगवान् बुद्धका अनन्य उपस्थापक भिक्षु आनन्द महास्थविरसमेत ५०० जना भिक्षुहरू सम्मिलित गरी मगधका सम्राट् अजातशत्रुको संरक्षकत्वमा राजगृहको वेभ्भार पर्वतको सप्तपर्णी गुफामा प्रथम सङ्गायना सम्पन्न गरे। बुद्धको महापरिनिर्वाणको ३ महिनापछि भएको सो सङ्गायनामा बुद्ध भाषित ८२००० धर्मस्कन्ध (समूह) र श्रावक (शिष्य) भाषित तथा बुद्धद्वारा अनुमोदित २००० धर्मस्कन्धहरू गरी जम्मा ८४००० धर्म स्कन्धहरूको सङ्ग्रह भएको थियो।[३७] सोही प्रथम सङ्गायनावाट सङ्गृहीत एवं सुरक्षित भएर आएको धर्मस्कन्धहरू, गुरु शिष्य परम्पराबाट शुद्ध रूपमा अगाडि बढेको धर्म ग्रन्थ नै 'त्रिपिटक' हो।[३८]

**बुद्धधर्ममा विभिन्न विभाजनहरू**

भगवान् बुद्ध महापरिनिर्वाण हुनु भएको करिब १०० वर्षपछि (ई. पू. ४६३) तिर बुद्धका उपदेशको पुनः सङ्गायना गरियो। उक्त सङ्गायना गर्नुपर्ने

---

३४ दुण्डवहादुर वज्राचार्य, (अनु.), **दीर्घनिकाय**, पूर्ववत्, (पृ. ४५६)

३५ पूर्ववत् (पृ. २८५)

३६ पी.भी. बापत, (सं.), **ट्वेन्टी फाइभ हण्ड्रेड एयर्स अफ बुद्धिज्म** (वि.सं.२००९), पब्लिकेसन डिभिजन मिनिस्ट्री अफ इन्फोर्मेसन एन्ड ब्रोडकास्टिङ्ग, गभर्मेन्ट अफ इन्डिया, (पृ. ३३)

३७ आर.वी.वन्द्य, **बुद्धभूमि नेपालय् बुद्धधर्म–बौद्धया पिखाय्**, (वि.सं.२०६४),काठमाडौं : चारुमती बुद्धिस्ट मिसन–नेपाल (पृ. २१)

३८ पूर्ववत्, (पृ. २२)



Downloaded from http://www.dhamma.digital

मुख्य कारण मध्ये १० प्रकारका अधर्मवादको प्रचार गरी तदनुकूल आचरण गरेकाले हो भन्ने गरिन्छ।[३९] यी दस कुरा मान्नेहरूको समूह (वैशालीका वृजिपुत्रक भिक्षुहरू) मूल बुद्धधर्मबाट छुट्टिएर गई 'महासाङ्घिक' सम्प्रदायको उत्पत्ति भयो।[४०]

ती दस विवादास्पद कुराहरू निम्न प्रकारका छन् :

१. सिङ्मा नुन राखेर (सङ्ग्रह गरेर) लानु हुन्छ
२. मध्याह्नपछि दुई अङ्गुल छाया लामो भएसम्म भोजन गर्नु हुन्छ (१२ बजेपछि भोजन गर्न नहुने नियम थियो)
३. एकै दिनमा अर्को गाउँमा फेरि भोजन गर्छिन्
४. एउटै सीमागृह (उपोसथगृह) भएको ठाउँमा विभिन्न भिक्षुहरूले अलगअलग उपोसथ गर्नु हुन्छ। (सबैले एकै ठाउँमा उपोसथ गर्नुपर्ने नियम थियो)
५. पछि मात्र अनुमति लिउँला भनी उपोसथ गर्छिन्
६. उपाध्याय (गुरु) को अन्धानुकरण गर्छिन्
७. दही नजम्दैको दूध खानु हुन्छ (१२ बजेपछि दूध खान नहुने नियम थियो)
८. रक्सी भइनसकेको मद्य पिउनु हुन्छ (कुनै पनि प्रकारको मादक पदार्थ सेवन गर्न नहुने नियम थियो)
९. किनारा नभएको लम्पट प्रयोग गर्छिन्
१०. सुनचाँदी ग्रहण गर्छिन् (हुन्न भन्ने नियम थियो)।

माथिका दश कुराहरूमा विवाद उठेपछि मगधका राजा कालाशोकको संरक्षणमा दोस्रो सङ्गायना भयो। त्यस बेला महाकाश्यपको परम्परागत धारणालाई स्थविरहरूले कायम राखे, जुन शताब्दियौंसम्म पनि अपरिवर्तनीय रूपमा लागू भइरह्यो।[४१] वैशालीको बालुकाराम विहारमा भएको सो सङ्गायनामा ७०० अर्हत् भिक्षुहरूको सहभागिता रहेको थियो भने ८ महिनासम्म चलेको थियो। उक्त सङ्गायनासँग असहमत वृजिपुत्र भिक्षुहरूले कौशाम्बीमा गई १० हजार भिक्षुहरू सम्मिलित गरी अलग्गै सम्मेलन गरे र आफ्नै मतानुसारका धर्म र विनयको सङ्ग्रह गरे। यसरी यिनीहरूलाई 'महासाङ्घिक' भन्न थालियो, बुद्धको मूल शिक्षालाई जस्ताको तस्तै निरन्तरता दिँदै आएकाहरूलाई संस्कृतमा

---

३९. पूर्ववत्, (पृ. २२)
४०. प्रकाश वज्राचार्य, बौद्ध दर्पण, पूर्ववत्, (पृ. १०९)
४१. पिटर, डेल्ला,सन्तिभ, दि ट्री अफ् इनलाइटमेन्ट (सन् १९९७), ताइवान : शिको धेमा स्टडी फाउन्डेसन, (पृ. १२८)



Downloaded from http://www.dhamma.digital

'स्थविरवादी' वा पालिमा 'थेरवादी' (ज्येष्ठहरूको सिद्धान्त वा मत मान्ने) भन्न थालियो।[४२]

भारतमा सम्राट् अशोकको समय (इ.पू. २६९) सम्म आइपुग्दा बुद्धधर्मका १८ वटा सम्प्रदाय (निकाय) बनिसकेका थिए।[४३] (हेर्नुहोस् : अनुसूची १) तीमध्ये महासाङ्घिकका ६ वटा र स्थविरवादका १२ वटा निकायहरू छन्। उनै सम्राट् अशोकको संरक्षणमा पाटलिपुत्र (हाल भारतको पटना) को अशोकाराम विहारमा बुद्धधर्मको तेस्रो सङ्गायना भएको थियो।[४४] यो गर्नाको मूल कारण सम्राट् अशोकको संरक्षणमा बुद्धधर्मको विकास राम्ररी भइरहेकाले स्वार्थी भावले कुनियत राख्ने व्यक्तिहरू पनि भिक्षुसङ्घमा सम्मिलित भएर आ-आफ्नो विचार, मत, सिद्धान्तलाई बुद्धधर्मकै सिद्धान्त भनी बताउनमा लागे। फलस्वरूप बुद्धको शिक्षामा अनेकानेक विकृतिहरू थपिएको देखी ती कुनियत राख्ने व्यक्तिहरूलाई निकाल्न तथा वास्तविक बुद्धधर्मलाई प्रकाशमा ल्याउन, त्यसको शुद्धता कायम राख्न उनै सम्राट् अशोकले बुद्धानुशासन शुद्धिका लागि तेस्रो सङ्गायना गराएका थिए। साथै सङ्गायनाका अध्यक्ष मोग्गलिपुत्त तिस्सले 'कथावत्थु' नामक ग्रन्थ रचना गरी बुद्धधर्ममा देखिएका अन्य १७ सम्प्रदायहरूका दार्शनिक मतलाई खण्डन गरेर थेरवादलाई वास्तविक बुद्धधर्म हो भनी सिद्ध गरिदिए।[४५]

श्रीलङ्कामा राजा वट्टगामिनी अभयको पालामा (इ.पू. ७९ तिर) श्रीलङ्काकै आलोक विहारमा चौथो सङ्गायना भयो र यसै बेला 'त्रिपिटक' ताडपत्रमा लेखियो। तसर्थ सङ्गायनालाई 'पुस्तकारुढ सङ्गायना' पनि भनिन्छ।[४६]

सम्राट् कनिष्क (इ. १००)को शासनकालमा कतिपय भिक्षुहरू, विशेषत : महासाङ्घिकहरू बुद्धयानलाई मात्रै मान्ने भए र आफूलाई 'महायानी' भन्न थाले। तीनै यान (सम्यक् सम्बुद्ध यान, प्रत्येक बुद्ध यान र श्रावक यान) मान्ने अन्य सम्प्रदायलाई 'हीनयानी' भन्न थाले। यसरी कनिष्कको समयदेखि बुद्धधर्म 'महायान' र 'हीनयान' मा छुट्टिए।[४७]

---

४२ आर वी वन्द्य, पूर्ववत्, (पृ. २४)
४३ राहुल सांकृत्यायन, बौद्ध दर्शन (सन् २०१२), इलाहाबाद : किताब महल, (भारत, पृ. ६८)
४४ प्रकाश वज्राचार्य, बौद्ध दर्पण, पूर्ववत्, (पृ ११०)
४५ डा. रामानन्द शर्मा, पालि भाषा और साहित्य (सन् २००४), बाराणसी : चौखम्बा संस्कृत सिरीज आफिस, (पृ. ११३)
४६ प्रकाश वज्राचार्य, बौद्ध दर्पण पूर्ववत्, (पृ १११)
४७ पूर्ववत्, (पृ ११८)



Downloaded from http://www.dhamma.digital

सन् १९५० मा विश्व बौद्ध भ्रातृत्व (W.F.B) को उद्घाटन पश्चात् पूर्व र पश्चिमका विद्वान्हरूले हीनयान शब्द हटाई 'थेरवाद'को नाम प्रचलनमा ल्याउन सहमत भएको कुरा यहाँनिर स्मरणीय छ।[४८]

सन् १९५० मा श्रीलङ्कामा भएको प्रथम विश्व बौद्ध सम्मेलनले हीनयानलाई थेरवाद भन्नुपर्ने प्रस्ताव पारित गरेको थियो।[४९] वास्तवमा समाधि निर्मोचन सूत्र (एक महायानी सूत्र) मा स्पष्ट उल्लेख गरिएको छ कि श्रावक यान (थेरवाद) र महायान मिलेर एउटै मात्र यान 'एकयान' बन्छ र तिनीहरू कत्ति पनि फरक र भिन्न 'वाहन' होइनन्।[५०]

इ. सन् १८७१ मा वर्मा (म्यान्मार) का राजा मैन्डुङ्को संरक्षकत्वमा माङ्डलेमा पाँचौं सङ्गायना गरी त्रिपिटकको सम्पादनका साथै सङ्गमरमरमा त्रिपिटकलाई कुँदिएको थियो। त्यस्तै वर्मामै सन् १९५४ (बुद्ध संवत् २५००) मा भएको छैटौं सङ्गायना गरी ६ वटा सङ्गायनालाई थेरवादीहरूले आधिकारिक मान्दै आएको पाइन्छ।[५१]

**थेरवादको मूल स्रोत त्रिपिटक**

गौतम बुद्धले आफूले प्राप्त गरेको शिक्षा जनसाधारणमा बाँड्ने निश्चय गरी त्यस वेलाको जनभाषा 'मागधि' (वर्तमान 'पालि') भाषामा नै ४५ वर्षसम्म धर्मचेतनालाई बाँडे। थेरवाद अपनाउने भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले गुरुशिष्य परम्परावाट अघि बढिरहेको पालि 'त्रिपिटक' लाई आफ्नो मूल धर्मग्रन्थका रूपमा मान्दै आएका छन्। उनीहरूले बौद्ध परम्पराअनुसार भारतमा सम्पन्न प्रथम, द्वितीय र तृतीय सङ्गायना, श्रीलङ्कामा भएको चतुर्थ सङ्गायना र वर्मा देशमा सम्पन्न पाँचौं र छैटौं सङ्गायनालाई मात्र आधिकारिक मान्यता प्रदान गर्दै आइरहेको कारणले बुद्ध संवत् २५००मा वर्माको रङ्गुन सहरमा भएको सङ्गायनालाई आधिकारिक रूपले थेरवादी त्रिपिटकको छट्ठ सङ्गायना भनी ठहर गरिराखेको पाइन्छ[५२] र हालसम्म सोही पालि त्रिपिटकलाई मूल धर्मग्रन्थ मान्दै आएको पाइन्छ।

**'पालि त्रिपिटक' को सङ्क्षिप्त परिचय**

सम्पूर्ण बुद्धवचनलाई सङ्गृहीत गर्ने आयोजना गरेका सङ्गीतिका विद्वान्हरूले ती वचनहरूलाई तीन मुख्य भागमा विभाजन गरी 'त्रिपिटक' (

---

४८ (अनु.), **बौद्ध विश्वास**, पूर्ववत्, (पृ. ४)।
४९ प्रकाश वज्राचार्य, **बौद्ध दर्पण**, पूर्ववत्, (पृ. १८३)।
५० मदनरत्न मानन्धर, **बौद्ध विश्वास**, पूर्ववत्, (पृ. ४)।
५१ आर.बी. बन्द्य, पूर्ववत्, (पृ. ३४)
५२ पूर्ववत्, (पृ. ३४)



Downloaded from http://www.dhamma.digital

तीनवटा टोकरी) नामकरण गरे। जसअन्तर्गत-सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक पर्दछन्। सुत्तपिटकमा सङ्गृहीत बुद्धवचनहरूमा साधारण उपदेशदेखि लिएर चित्त विषयक उपदेशहरू समावेश भएका छन्। विनयपिटकमा शील, सदाचार आदि भिक्षु, भिक्षुणीहरूका नियम छन् भने दार्शनिक शिक्षा तथा 'निर्वाण' विषयमा बताउनु भएका कुराहरू अभिधम्मपिटकमा, समावेश गरिएका छन्।[५३]

सुत्तपिटकलाई ५ वटा निकायमा विभाजन गरिएको छ। (क) दीघनिकाय, (ख) मज्झिम निकाय, (ग) संयुक्त निकाय, (घ) अङ्गुत्तर निकाय र (ङ) खुद्दक निकाय। त्यस्तै खुद्दक निकायअन्तर्गत १५ वटा ग्रन्थ वर्गीकृत गरिएका छन्। विनयपिटकलाई पनि ५ वटा भागमा विभाजन गरिएको छ। (क) पाराजिका पालि (भिक्खु विभङ्ग), ख) पाचित्तिय पालि (भिक्खुणी विभङ्ग), ग) महावग्ग, (घ) चूलवग्ग र ङ) परिवार पालि।

अभिधम्मपिटकअन्तर्गत ७ वटा ग्रन्थ राखिएका छन्– क) धम्मसङ्गणी, ख) विभङ्ग, ग) कथावस्तु, घ) पुग्गलपञ्ञति, ङ) धातुकथा, च) यमक र छ) पट्ठान।[५४]

पालि त्रिपिटकको व्याख्याका रूपमा अनुपिटकहरू, अट्ठकथा र टीकाहरू पनि पाइन्छन्। तीमध्ये नागसेनको मिलिन्द प्रश्न (रचनाकाल इ.पू. १५०-इ.पू. ४००), आचार्य बुद्धघोषको विशुद्धिमग्ग (त्रिपिटकको सारांश) ज्ञानोदय, अट्ठसालिनी (धम्म सङ्गणीको व्याख्या), सम्मोह विनोदनी (विभङ्गको व्याख्या), पञ्चप्पकरणट्ठ कथा (धातुकथा, कथावत्थु, पुग्गलपञ्जति यमक र पट्ठानको व्याख्या) समन्तपासादिका (विनय पिटकको व्याख्या), कङ्खावितरणी (प्रातिमोक्षको व्याख्या), सुमङ्गल विलासिनी (दीघनिकायको व्याख्या), पपञ्चसूदनी (मज्झिम निकायको व्याख्या), सारत्थपकासिनी (संयुक्त निकायको व्याख्या), मनोरथपूर्णी ( अङ्गुत्तर निकायको व्याख्या) र परमत्थजोतिक (खुद्दकपाठ र सुत्तनिपातको व्याख्या); आचार्य-बुद्धदत्तको अभिधम्मावतार (अभिधम्म पिटकको व्याख्या) र विनय विनिच्छय (विनय पिटकको व्याख्या) तथा धम्मपाल थेरको परमत्थदीपनी (खुद्दक निकायअन्तर्गत आचार्य बुद्धघोषबाट व्याख्या नगरिएका उदान, इतिवुत्तक, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा र चरिया पिटकको व्याख्या), परमत्थमञ्जूषा (बुद्धघोषको विशुद्धि मग्गको व्याख्या आदि हुन्। धम्मपालका यी घ्याख्याहरूलाई दक्षिण भारत र श्रीलङ्काको समकालीन धार्मिक अवस्था बुझ्नका लागि महत्त्वपूर्ण मानिन्छ।[५५]

---

५३ डा रामानन्द शर्मा, पूर्ववत्, (पृ. ११५)

५४ वासुदेव देशार, (अनु.), त्रिपिटक प्रवेश (दो.सं.), (सन्२००७), ललितपुर : विपुल दर्शन उदास (पृ. कभरपेज)

५५ पी.भी. बापट, पूर्ववत्, (पृ. १७३-१८२)



Downloaded from http://www.dhamma.digital

**रीति, रिबाज, संस्कार**

थेरवादी विहारहरूमा आफ्नै किसिमका रीति, रिवाज र संस्कारहरू परम्परागत रूपमा मनाई आएको देखिन्छ। तिनीहरूलाई मुख्यतया : दुई भागमा बाँड्न सकिन्छ :

१) विहार सम्वन्धित र

२) अनुयायीहरू सम्वन्धित

**१) विहार सम्बन्धित**

यसमा विहार निर्माण, दैनिक कार्य, उत्सव र प्रव्रज्या पर्दछन्।

**क) विहार निर्माण**

थेरवादी विहार निर्माणमा कुनै पनि शैली उपयोग गरिएका हुन्छन् अर्थात् निश्चित शैली अपनाउनुपर्ने बाध्यता देखिन्न। तर भगवान् बुद्धको मूर्ति प्रायः मूल ढोकाबाटै छर्लङ्ग देखिने गरी स्थापना गरिएका हुन्छन्। एक तलाभन्दा बढी भएका विहारहरूमा प्रत्येक तलामा बुद्धमूर्ति राखिएको पाइन्छ। कुनै कुनै अवस्थामा प्रत्येक कोठामा बुद्धमूर्ति देख्न पाइन्छ।

**ख) दैनिक कार्य**

प्रायः थेरवादी विहारहरूमा विहान सबेरै भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले जलपान (नास्ता) गरिसकेपछि शील प्रार्थनासहित बुद्धपूजा गर्ने गर्छन्। साथै कुनै उत्सवविशेष वा दिनविशेषमा बुद्धभाषित सूत्रहरूको पाठ, परित्राण पाठ एवं धर्मदेशना गर्छन्। धर्मदेशनाबाहेक अरू सबै क्रियाकलापमा 'पालि' भाषा र शब्दको प्रयोग हुने गर्छन्। मध्याह्न १२ बजेअगावै सबै भिक्षु वा भिक्षुणीहरू भोजनको कामबाट निवृत्त भइसक्छन्, किनकि १२ बजेउप्रान्त ठोस भोजन (दूधसमेत) ग्रहण गर्न विनय, नियमले वर्जित गर्दछ। तथापि बिरामी भएको अवस्थामा यो नियम लागू हुन्न। प्रत्येक साँझ सबै भिक्षु, भिक्षुणीहरू (उपस्थित भएमा उपासक उपासिकाहरू पनि) सम्मिलित भई सन्ध्याकालीन बुद्धपूजा गर्छन्। कोही कसैले आफ्नो समयअनुकूल हिसाबले ध्यान-विपश्यना अभ्यास पनि गर्छन्। इच्छुक व्यक्तिहरूको इच्छा र प्रार्थनाअनुसार र भिक्षु, भिक्षुणीहरूको अनुकूलताअनुसार बुद्धवचनको व्याख्या एवं प्रश्नोत्तरका कार्य दैनिकजसो भइरहन्छन्।

**ग) विभिन्न उत्सव (हरू)**



Downloaded from http://www.dhamma.digital

अ) थेरवादी परम्पराअनुसार भिक्षुहरूले प्रत्येक १५।१५ दिनमा उपोसथ कर्म गर्नुपर्ने नियम रहेको छ। जसअन्तर्गत तथागतले विधान गरेका सम्पूर्ण शील, नियमहरूको वाचन र पालन गर्ने गरिन्छ। साथै आत्मालोचना कार्य पनि यही समयमा गरिन्छ।

आ) आषाढ पूर्णिमाको भोलिपल्टदेखि आश्विन पूर्णिमासम्म तीन महिना वर्षावास (एक स्थानमा बस्ने) नियम भगवान् बुद्धले आफूले बुद्धत्व प्राप्त गरेको वर्षदेखि नै अटुट रूपमा पालना गरेको देखिन्छ। यसअनुसार उनले बुद्धत्व प्राप्तिदेखि महापरिनिर्वाणसम्ममा ४६ वटा वर्षावास बसेको देखिन्छ।[५६] सोहीअनुरूप उनले प्रत्येक भिक्षु-भिक्षुणीहरूले पनि अनिवार्य रूपमा वर्षावास बस्नुपर्ने विधान गरेका छन्।[५७] कथङ्कदाचित् आषाढ पूर्णिमाको भोलिपल्टदेखि वर्षावास बस्न नसकेमा त्यसको एक महिनापछि अर्थात् श्रावण पूर्णिमाको भोलिपल्टदेखि भए पनि तीन महिना वर्षावास बस्नुपर्ने प्रावधान राखिएको छ, जसलाई द्वितीय वर्षावास पनि भनिन्छ।

इ) अखण्ड रूपमा वर्षावास पूरा गरेका भिक्षुहरूका लागि 'कथिनचीवर' दान गर्ने उत्सव कठिनोत्सव आश्विन पूर्णिमाको भोलिपल्टदेखि कार्तिक पूर्णिमाको दिनसम्म मनाइने गरिन्छ। यस्तो उत्सव एउटा विहारमा एक वर्षमा एकपल्ट मात्र गर्न सकिन्छ। तर द्वितीय वर्षावास बसेकाको लागि कथिनदान हुँदैन।

ई) विहारको वार्षिक उत्सव वा कुनै समितिहरू भएमा त्यसको वार्षिकउत्सव वा वार्षिक साधारणसभाहरू पनि हुने गर्छन्।

उ) बुद्धधर्मको प्रचार, प्रसार, उन्नति बृद्धिको उद्देश्यले विभिन्न सार्वजनिक तथा सामाजिक कार्यक्रमहरू पनि सञ्चालन हुने गरेका छन्।

**घ) प्रव्रज्या कार्यक्रम**

यसअन्तर्गत इच्छुक, श्रद्धालु व्यक्तिहरूको इच्छा र श्रद्धाअनुसार निम्नानुसारको कार्यक्रम सञ्चालन भई आएको देखिन्छ।

अ) श्रामणेर प्रव्रज्या–न्यूनतम ७ वर्षदेखिका कुलपुत्रहरूलाई दिइने प्रव्रज्या, जसअन्तर्गत कपाल खौरी, पहेंलो चीवर वस्त्र लगाई बस्नुपर्दछ। यो प्रव्रज्या अल्पकालीन वा दीर्घकालीन वा स्थायी पनि हुन सक्छ।

अ) ऋषिनी प्रव्रज्या– न्यूनतम ७ वर्ष देखिका कुलपुत्रीहरूलाई दिइने प्रव्रज्या, जसअन्तर्गत कपाल नखौरीकनै कलेजी रङ्गको वस्त्र लगाई बस्छन्। यो प्रव्रज्या प्रायः अल्पकालीन हुन्छ।

---

५६ भदन्त सम्यक् सम्बोधी प्राणपुत्र, पूर्ववत्, (पृ. विषयसूची)

५७ राहुल सांकृत्यायन, पूर्ववत्, (पृ. १७१)



Downloaded from http://www.dhamma.digital

इ) अनागारिका प्रव्रज्या– न्यूनतम ७ वर्षदेखिका कुलपुत्रीहरूलाई दिइने प्रव्रज्या जसअन्तर्गत कपाल खौरी, गुलाबी वा सेतो वस्त्र पहिरी बस्नुपर्दछ र यो प्रव्रज्या पनि अल्पकालीन वा दीर्घकालीन वा स्थायी पनि हुन सक्छ।

ई) उपसम्पदा प्रव्रज्या– उमेरले २० वर्ष पुगेका कुलपुत्रहरू, जसले विनय पिटकमा विधान गरिएका २२७ वटा शीललाई पालना गर्न सक्ने क्षमता र श्रद्धा राख्दछ, उसले मात्र प्राप्त गर्न सक्ने प्रव्रज्या हो। यो पनि अल्पकालीन वा दीर्घकालीन वा स्थायी हुन सक्छन्। यसमा कपाल खौरी, पहेँलो चीवर वस्त्र लगाई बस्नुपर्ने हुन्छ।

*(द्रष्टव्य : माथि उल्लिखित सबै प्रव्रज्या कार्यक्रम विहारमै सम्पन्न गर्नुपर्ने हुन्छ र सामान्यतया अनिवार्य रूपमा विहारमै बस्नुपर्ने हुन्छ। तर परिस्थितिवश वा विशेष कारणवश केही समयका लागि गृहस्थीहरूको घरमा वा आफ्नो घरमा पनि बस्न सक्छन्, तर सधैंका लागि होइन।)*

**२) अनुयायीहरू सम्बन्धित**

**क) गृहस्थी संस्कार**

यसमा गृहस्थी संस्कारसँगै धर्मशील संस्कारहरू पर्दछन्।

गृहस्थ जीवनका विभिन्न संस्कारहरूमा भिक्षु, भिक्षुणीहरूलाई उपस्थित गराएर बौद्ध परम्पराअनुसार सम्पन्न गर्ने चलन रहिआएको देखिन्छ। जस्तै :

अ) गर्भ शुद्धि आ) जन्म र नामकरण इ) प्रव्रज्या (चूडाकर्म) ई) शीलाचारी (ऋषिनी प्रव्रज्या-इहि वा गुफा राख्नुको साटो) उ) विवाह मङ्गल ऊ) बच्चा पास्नी ए) रथारोहण (बूढो पास्नी) ऐ) मृत्युसंस्कार ओ) पुण्य तिथिहरू पर्दछन्।

Dhamma.Digital

**ख) धर्मसंस्कार**

विहारहरूमा आयोजना हुने दैनिक एवं पर्वविशेष धार्मिक कार्यहरूमा गृहस्थी अनुयायीहरूको नङ र मासुको जस्तै सम्बन्ध रहिआएको देखिन्छ। गृहस्थ उपासक उपासिकाहरूले विहारका आवासीय भिक्षु, भिक्षुणीहरूलाई चतुप्रत्यय दान, अष्टपरिकार दान, कथिन चीवरदानलगायत आवश्यक वस्तुहरू दान गर्ने गर्दछन्।

यो धर्मसंस्कारको क्रियाकलाप हो र गृहस्थ उपासक उपासिकाहरूलाई भगवान् बुद्धको शिक्षा, शीलसम्बन्धी जानकारी, ध्यान-भावनासम्बन्धी जानकारी दिइने अवसर पनि हो जो भिक्षु-भिक्षुणीहरूबाट सम्पन्न हुने गर्दछ। जुनसुकै कार्य सम्पन्न भइसकेपछि पुण्यानुमोदन गरी पुण्य बाँड्ने अनुपम चलन पनि रहेको देखिन्छ।



Downloaded from http://www.dhamma.digital

### ग) शीलसंस्कार

थेरवादी भिक्षु, भिक्षुणीहरूका शील नियमलाई शीलसंस्कार भनिन्छ। श्रामणेर/श्रामणेरी/ऋषिनी/अनागारिकाहरूले ८ देखि १० वटा शील पालना गर्नुपर्दछ। भिक्षुहरूले २२७ वटा र भिक्षुणीहरूले ३११ वटा शील पालना गर्नुपर्दछ। उपासक, उपासिका (गृहस्थ)हरूले न्यूनतम पालना गर्नुपर्ने शील, नियम पाँचवटा छन्। ती यस प्रकार छन्–

१) हिंसा हत्याबाट विरत २) चोरी डकैतीबाट विरत ३) व्यभिचार, भ्रष्टाचारबाट विरत (अष्टशील पालन गर्नेले ब्रह्मचर्य पालन गर्ने ४) झूटो बोलीवचनबाट विरत ५) मादक पदार्थ सेवनबाट विरत

यसका अतिरिक्त अरू ३ वटा थप शील पालना गरी उपोसथव्रत ग्रहण गर्न पनि सकिन्छ। ती ३ वटा थप शीलहरूमा

१)मध्यान्ह १२ बजेपछि ठोस आहार ग्रहण नगर्ने।

२)नृत्य, गीत, बाजाबाट विरत एवं मन विचलित पार्ने दृश्यहरूबाट अलग रहने, माला नलगाउने, सुगन्ध लेपन नगर्ने र आभूषण विभूषण नलगाउने

३) उच्च उचाइ भएको, विलासी आसन, पलङ्ग प्रयोग नगर्ने।

यी ८ वटा शीललाई ऋषिनी प्रव्रज्या ग्रहण गर्नेले पनि पालना गर्नुपर्दछ। माथि उल्लिखित ८ वटा शीलमध्ये सातौं शीललाई दुई खण्ड गरी वाचन गर्ने र मैत्री सहगत भई बस्ने शीलसमेत गरी १० वटा शील श्रामणेर र अनागारिकाहरूले पालन गर्नुपर्दछ।

### थेरवादी दृष्टिकोणमा बुद्धका उपदेशहरू

सिद्धार्थ गौतम बुद्धले देशना गर्नुभएका अमूल्य उपदेश/शिक्षाहरूलाई थेरवादीहरूले अत्यन्त आदर, गौरव एवं श्रद्धाका साथ श्रवण, धारण र पालन गरी आएको पाइन्छ। ती शिक्षा/उपदेशहरूमा मानिसको जीवनको उन्नति र अवनतिका कारणहरू (मङ्गल सूत्र, व्यग्घपज्ज सूत्र, पराभव सूत्र), आर्थिक व्यवस्थापन (व्यग्घपज्ज सूत्र, सिगालोवाद सूत्र), गृहस्थी जीवन सुखपूर्वक बिताउने उपायहरू (सिगालोवाद सूत्र वा गृही विनय), सामाजिक मेलमिलाप र सद्भावलाई उत्थान गर्ने तरिकाहरू, समाज व्यवस्था, राज्यव्यवस्था एवं राज्य सञ्चालकहरूले पालना गर्नुपर्ने कर्तव्य र अकर्तव्यहरूको वर्णन (कूटदन्त सूत्र, चक्कवती सिंहनाद सूत्र, दसधम्म सूत्र) लगायत वैचारिक स्वतन्त्रताको अपूर्व सन्देश पाइने (केसमुत्ति सूत्र) जस्ता थुप्रै समाज उपयोगी समसामयिक र मार्ग प्रदायक उपायहरू पाइन्छन्। मानिसको आध्यात्मिक उन्नति, सुख शान्ति पाउने अचुक उपाय (महासतिपट्ठान सूत्र) सामाजिक कलहका दुष्परिणाम र मेलमिलापका सुपरिणाम (कलह विवाद सूत्र), कोही पनि मानिस जातले ठूलो वा सानो होइन, कर्मैले हो भन्ने (वसल सूत्र) आदि केही उदाहरणहरू हुन्।



Downloaded from http://www.dhamma.digital

बुद्धका उपदेशहरूलाई थेरवादीहरूले सामाजिक, आर्थिक, राजनैतिक, लैङ्गिक, मानव अधिकार, पशु अधिकार, वातावरणीय प्रभाव आदि क्षेत्रमा समयसापेक्ष एवं बहुजन हिताय, बहुजन सुखायका लागि अद्वितीय शिक्षा, उपदेश एवं आचार संहिताका रूपमा मान्दछन् ।

बुद्धका शिक्षाको विशेषता एवं महान्तालाई दृष्टिगत गरी बनाइएका बौद्ध झन्डालाई थेरवादीहरूले बडो आदर गौरवका साथ प्रयोग गर्दै आइरहेको पाइन्छ । उक्त बौद्ध झन्डामा नीलो, पहेंलो, रातो, सेतो र कलेजी रङलाई समानरूपमा क्रमश: ठाडो राखी त्यसको अर्को छेउमा सोही पाँच रङलाई क्रमश: तेर्सो राखी चारपाटे बनाइएको छ । ती ५ वटा रङलाई क्रमश: बुद्धको केश, शरीर, रगत, हाड र मुटुको प्रतीक मानेको पाइन्छ । त्यसले न्याय, करुणा, सेवा, पवित्रता र अनुशासनको प्रतीकको प्रतिनिधित्व गर्ने कुरा दिवङ्गत भिक्षु सुदर्शन महास्थविरद्वारा रचना गरिएको बौद्ध भजन गीतमा पुनर्व्याख्या गरिएको छ ।

**उपसंहार**

आजभन्दा करिब २६०० वर्षअगाडि नेपालको धरती, लुम्बिनीमा जन्मेर भारतको बोधगयामा बुद्धत्व प्राप्त गरेका सर्वार्थ सिद्ध गौतम बुद्धको शिक्षालाई अक्षरश: पालन गरी आएका र मौलिक रूपमा संरक्षण एवं संवर्धनमा आफूलाई समर्पित गर्दै आइरहेका 'स्थविरवादी' अथवा 'थेरवादी' बौद्ध भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूद्वारा बुद्धको शिक्षालाई अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक बनाउन र जनजीवनलाई सुखपूर्ण एवं शान्तिपूर्ण बनाउन हरदम प्रयासरत रहेको देख्न सकिन्छ ।

**सन्दर्भग्रन्थ**

१ अमृतानन्द, भिक्षु, *गृही विनय* (दो.सं.), (वि.सं. २०४६), काठमाडौं : आनन्दकुटी विहार गुठी ।

२ कर्माचार्य, माधवलाल (सं), *नेपाल लघु विश्वकोष* (वि.सं.२०६८), काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

३ गोयन्का, आचार्य सत्यनारायण, *धाम्म कर नो धर्म* (सन् १९९९), इगतपुरी : विपश्यना विशोधन विन्यास ।

४ थेर, ञाणपोणिक, भिक्षु बोधि (अनु) *न्युमेरिकल डिस्कोर्सेस अफ दि बुद्ध* (सन् २०००), न्यु दिल्ली : विस्टार पब्लिकेशन्स ।

५ देशार, वासुदेव (अनु) *त्रिपिटक प्रवेश* (दो.सं.) (वि.सं. २०७०), ललितपुर : विपुलदर्शन उदास ।

६ प्रधान, भुवनलाल, *नेपालमा बौद्ध धर्म* (वि.सं.२०४५), काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

७ प्राणपुत्र, भदन्त सम्यक् सम्बोधि, *सम्यक् सम्बुद्ध* (वि.सं २०६०) काठमाडौं : सुखी होतु नेपाल ।



Downloaded from http://www.dhamma.digital

८.मानन्धर, त्रिरत्न (सं), *बुद्ध शिक्षाका आयामहरू* (वि.सं २०६५), कीर्तिपुर : श्रीकीर्ति बौद्ध केन्द्र ।
९.मानन्धर, नानीमैयाँ (अनु.), *बोधिपक्षिय दीपनी* (वि.स.२०३८), काठमाडौँ : प्रकाशक समूह ।
१०.मानन्धर, मदनरत्न (अनु.) *बौद्ध विश्वास* (तृतीय भाग) (वि.स.२०५१), काठमाडौँ : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।
११.राठी, लक्ष्मीनारायण, *दुःख मुक्तिकी साधना,* (वि.सं.१९८४), महाराष्ट्र : श्री रामचन्द्र राठी ।
१२.वज्राचार्य, दुण्डबहादुर (अनु.) *दीघनिकाय* (नेपाली भाषा), (वि.स.२०५६) ललितपुर : पवित्रबहादुर वज्राचार्य ।
१३.वज्राचार्य, दुण्डबहादुर (अनु.) *मज्झिम निकाय* (नेपाली भाषा), (वि.स.२०५७) ललितपुर : पवित्रबहादुर वज्राचार्य ।
१४.वज्राचार्य, प्रकाश, *बौद्ध दर्पण,* दोस्रो संस्करण (वि.सं.२०५३), काठमाडौँ : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।
१५.वन्द, आर. वि., *बुद्धभूमि नेपालय् बुद्धधर्म–बौद्धया मिखाय्* (वि.सं.२०६४) काठमाडौँ : चारुमती बुद्धिस्ट मिसन नेपाल ।
१६.शर्मा, डा. रामानन्द, *पालि : भाषा और साहित्य* (सन् २००४) वाराणसी : चौखम्बा संस्कृत सिरिज वाराणशी ।
१७.सांकृत्यायन, राहुल, *बौद्ध दर्शन,* (सन् २०१२) इलाहाबाद : किताब महल ।
१८.सांकृत्यायन, राहुल, *विनय पिटक बौद्ध आकार ग्रन्थमाला* (सन् १९९४) वाराणसी : काशी विद्यापीठ ।
१९.ज्ञानपूर्णिक, भिक्षु, *तथागतया न्हापाङ्गु उपदेश, धम्मचक्कप्प- वत्तन सुत,* (ने.सं.१०९०) ललितपुर : रामरत्न शाक्य ।
२०.ज्ञानपूर्णिक, भिक्षु, (अनु), *महान् धर्मचक्र सूत्रोपदेश* (वि.सं.२०५२), ललितिपुर : सन्ति सुखावास प्रकाशन समिति ।
1.Bapat, P.V. (Tr.), *2500 Years of Buddhism* (2009 A.D.), India : Publication Division, Ministry of Information and Broadcasting, Government of India.
2.Pasanne, Ajahn & Ajahn Amaro, *The Island,* (2009), USA: Abhayagiri Monastic Foundation.
3.Santina, Peter Della, *The Tree of Enlightment*, (1997), Taiwan: Chico Dhamma Study Foundation.

**शब्दकोशहरू**

१.नेपाली बृहत् शब्दकोश, (वि.स. २०४४) काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
२.वसन्तकुमार शर्मा नेपाल, *नेपाली शब्द सागर,* (वि.सं.२०५८), साझा भाषा पुस्तक भण्डार ।
३.*पालि इङ्लिस डिक्सनरी,* टि.डब्लु रिस डेभिड्स, विलियम स्टीड, मोतीलाल बनारसी दास पब्लिसर्स ।
४.योगन्द्र सिंह, *डिक्सनरी अफ पालि, संस्कृत, हिन्दी, इङ्गलिस,* (दिल्ली,सन् १९९७), लखनउ : इन्टरनेशनल रिसर्च इन्स्टिच्यूट अफ बुद्धिस्ट स्टडिज ।



Downloaded from http://www.dhamma.digital

**शब्दार्थ**

**अभिज्ञात** – राम्ररी जानेको, बुझेको, अनुभव गरेको विशिष्ट ज्ञान ।

**अष्टपरिष्कार** –भिक्षुत्व प्रव्रज्या ग्रहणका लागि अत्यावश्यक ८ वटा **वस्तुहरू**–चीवर (बाहिर ओढ्ने), सङ्घाटी (भित्रको लुगा), अन्तरवासक (लुँगी), कायबन्धन (पेटी), पात्र (खानेकुरा राख्ने गोलो भाँडो), कपाल खौरने छुरा, पानी चाल्नी र सियोधागो । एक जना भिक्षुको निजी सामान भनेको यही अष्ट वस्तु मात्र हुन्छ । बाँकी प्रयोग गरिने सामानजति सबै सङ्घको स्वामित्वमा हुन्छ भन्ने भिक्षु विनय छ ।

**उपोसथ** – पूर्णिमा, औंसी र दुइवटै पक्षका अष्टमीका दिन बसिने व्रत, उपवास ।

**कथिन चीवर** – वर्षावास समाप्तिपछि विशेष कार्यक्रम आयोजना गरी दान गरिने एक प्रकारको चीवर

**कायानुपश्यना** – शरीरमा हुने कुनै प्रकारको घटना, अनुभवलाई साक्षीभावमा हेर्नु, जान्नु ।

**चतुप्रत्यय** – भिक्षुहरूका लागि अत्यावश्यक ४ वस्तुहरू– चीवर, भोजन, आवास र औषधी

**चित्तानुपश्यना** – चित्त, मनमा आउने सबै प्रकारका भावना, चिन्तन आदिलाई साक्षीभावमा हेर्नु, जान्नु ।

**तथागत** – बुद्धत्व प्राप्त व्यक्तिलाई सम्बोधन गरिने विभिन्न नाममध्ये एक ।

**धम्मानुपश्यना** – चित्त, मनमा आउने वा प्रकट हुने सकारात्मक, नकारात्मक क्रिया प्रतिक्रिया एवं दुःख सत्य, मार्ग सत्यलगायतलाई साक्षीभावले हेर्नु, जान्नु ।

**पञ्चभद्रवर्गीय भिक्षुहरू** – सिद्धार्थले बुद्धत्व प्राप्त गर्ने उद्देश्यले घरबार त्यागेदेखि उनलाई सेवा सुश्रुषा गर्ने ५ जना श्रमणहरू–कौण्डन्य, वप्प, भद्दिय महानाम र अस्सजित ।

**वर्षावास** – वर्षाऋतुको तीन महिना एकै ठाउँ वा विहारमा वस्नु, अन्यत्र रात काट्ने गरी नजानु ।

**बुद्ध** – चार आर्य सत्यलाई स्वयं अवबोध गर्ने महापुरुष ।

**बोधिज्ञान** – बुद्धत्व ज्ञान ।

**भगवान्** – राग, द्वेष, मोह आदि भग्न गरिसकेका व्यक्ति; ६ वटा भाग्य (ऐश्वर्य, धर्म, यश, श्रीशोभा, मनोकामना, प्रयत्न) ले युक्त व्यक्ति ।

**महापरिनिर्वाण** – महापुरुष बुद्धको देहावसानलाई भनिने शब्द ।

**विहार** – भिक्षु, भिक्षुणी, श्रामणेर, श्रामणेरी, अनागारिकाहरूको आवास गृह ।

**वेदनानुपश्यना** – शरीरमा उत्पन्न हुने मनपर्ने वा नपर्ने (सुखद वा दुखद) अथवा सुखद पनि नभएको दुखद पनि नभएको अनुभवलाई साक्षीभावले हेर्नु, जान्नु ।




Downloaded from http://www.dhamma.digital

**सूत्र** – उपदेशहरूको सँगालो
**सङ्गायना** – बुद्धवचनलाई एकत्रित गर्न आयोजना गरिएको भिक्षुहरूको वृहत् भेला या महासभा ।
**त्रिपिटक** – सम्पूर्ण बुद्धवचनलाई एकत्रित गरी राखेको पवित्र बौद्ध धर्मग्रन्थ ।
**सम्यक्** – सम्+एक (एउटासङ्ग संयुक्त अर्थात् सत्यसङ्ग संयुक्त) ।



Downloaded from http://www.dhamma.digital

## अनुसूची-१
### बुद्धधर्मका १८ वटा सम्प्रदायहरू




(स्रोत : बौद्ध दर्शन, राहुल सांकृत्यायन, पृ. ६८)

Dhamma.Digital

## अनुसूची-२
**थेरवादी मुलुकहरू – श्रीलङ्का, बर्मा, थाइल्यान्ड, कम्बोडिया, लाओस ।**
(स्रोत : बौद्ध दर्पण, प्रकाश वज्राचार्य, पृ. १८३)



Downloaded from http://www.dhamma.digital

## अनुसूची-३

### केसमुत्ति सूत्र (अङ्गुत्तर निकाय, तिक निपात, महावर्ग, पाँचौं सूत्र)

### स्वतन्त्र चिन्तनबारे बुद्धको धारणा

१.कहिल्यै नसुनेका कुरा भनी स्वीकार नगर ।
२.परम्परादेखि चलिआएको भन्दैमा नमान ।
३."यस्तै भनिएको हो" भनेर शास्त्र अनुकूलतालाई मात्र नहेर ।
४."आफ्नो ग्रन्थ अनुसार ठीक छ" भनेर पनि नस्वीकार ।
५.तर्कसङ्गत छ, तर्कसम्मत छ भनेर आँखा चिम्ली नअँगाल ।
६.न्यायसङ्गत छ, न्यायसम्मत छ भनेर पनि अनुकरण नगर ।
७.आकार प्रकार राम्रो छ भन्दैमा अन्ध श्रद्धा नदेखाऊ ।
८.आफ्नो मत अनुकूल छ भनेर पनि उत्ताउलो नहोऊ ।
९.वक्ताको आकर्षक व्यक्तित्वको कारणले मात्र पनि अङ्गीकार नगर ।
१०.आफ्नो गुरु भन्दै वा हाम्रो श्रमण पूज्य हुन् भन्दै अन्धानुकरण नगर ।
र मैले भनेको भन्दैमा पनि तिमीहरूले स्वीकार नगर बरू आफ्नो बुद्धिविवेकले राम्रोसँग विचार गरेर, राम्रोसँग मूल्याङ्कन गरेर ठीक लाग्छ, सही लाग्छ र कल्याणकारी लाग्छ भने मात्र स्वीकार गर ।"

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवाद-बुद्धधर्मको विकासक्रम

त्रिरत्न मानन्धर

### १. थेरवादको सङ्क्षिप्त परिचय

पालि शब्द "थेर" को अर्थ हो वरिष्ठ। संस्कृतमा यसलाई स्थविर भनिन्छ। बुद्ध परिनिर्वाणको १०० वर्षपछि कालाशोक राजाको समयमा द्वितीय सङ्गायना हुनुभन्दा अगाडि वैशालीका भिक्षुहरूले १० वटा भिक्षु नियमहरूमा केही खुकुलोपनको अभ्यास गर्न खोजेका थिए। त्यसलाई कौशाम्बिका भिक्षुहरूले विनय अनुकूल नभएको भनेर विरोध गरे र त्यसैको कारण द्वितीय सङ्गायना आयोजना भएको थियो। उक्त सङ्गायनाले नियममा केही खुकुलोपन ल्याउनु भनेको विनयसम्मत नभएको निर्णय गरेको कारणले भिक्षु सङ्घ दुई भागमा विभाजित हुन पुग्यो। नियमलाई कुनै पनि हालतमा छोड्नु हुँदैन भनेर पक्ष लिने भिक्षुहरूमा धेरैजसो उमेर नाघिसकेका पाका र ज्येष्ठ भिक्षुहरूको बाहुल्य थियो, जसलाई थेर अर्थात् वरिष्ठ भनियो र नियमहरू परिस्थितिअनुसार परिवर्तन गर्न सकिन्छ र सानातिना नियमलाई कट्टरताका साथ पालन गर्नु आवश्यक छैन भन्ने पक्षका भिक्षुहरू सङ्ख्यामा केही बढी थिए र तिनीहरूलाई महासाङ्घिक भनियो। यसरी थेरवाद र महासाङ्घिक भनेर भिक्षु सङ्घ छुट्टिएर निकाय भेद सुरु भयो। निकाय भेदको निरन्तरता क्रमशः पछिल्ला वर्षहरूमा पनि हुँदै गयो र सम्राट् अशोकको कालसम्म आइपुग्दा थेरवादबाट १२ तथा महासाङ्घिकबाट ६ वटा निकाय गरी जम्मा १८ निकायहरू प्रादुर्भाव भइसकेका थिए। (हेर्नुहोस् अनुसूची १) यसरी पाको उमेरका वा वरिष्ठ शब्दबाट थेर र तिनीहरूको विचारधारा वा वादलाई थेरवाद शब्दद्वारा चिनाउँदै आइएको छ[५८]। कालान्तरमा थेरवादीहरू बुद्धको शिक्षालाई कुनै पनि किसिमले परिवर्तन र परिमार्जित नगर्ने समूहका रूपमा परिचित हुन पुगे। धर्म सम्बन्धमा बुद्धले देशना गरेको शिक्षाबाहेक त्यस सम्बन्धमा टीका–टिप्पणी गरेर, विश्लेषण गरेर बुद्धधर्ममा अन्य निकाय जस्तै आचार्यवादलाई बढावा नदिने निकाय भएकाले यसलाई प्रारम्भिक

---

५८ भद्ररत्न वज्राचार्य, नेपालमा थेरवादी बौद्ध सम्प्रदाय :एक अध्ययन (२०५८), काठमाडौं नेपाल र एसियाली अनुसन्धान केन्द्र



Downloaded from http://www.dhamma.digital

बुद्धधर्म पनि भन्ने गरियो। यसरी बुद्धकालदेखि कुनै पनि किसिमले समयअनुसार परिवर्तन नगरीकन ४५ वर्षसम्म बुद्धबाट उपदेश भएका शिक्षालाई नै विशेष महत्त्व दिने मूल बुद्धधर्मका रूपमा थेरवाद परिचित हुन गयो। पछि आएर एसियाका दक्षिण तथा दक्षिण पूर्वका देशमा विशेष रूपले प्रचारप्रसार भएकाले यसलाइं Southern Buddhism वा दक्षिणी बुद्धधर्म भन्ने नामले पनि सम्वोधन गर्न थालियो।

**२. नेपालमा बुद्धधर्म**

नेपालमा बुद्धधर्मको अस्तित्व बुद्धकालदेखि विद्यमान रहेको तथ्य धेरै कुराहरूबाट प्रस्ट पार्न सकिन्छ। विशेष रूपले बुद्धकालमा नेपाल र भारतको व्यापारिक सम्बन्ध भएको र नेपालबाट ऊन र हरिताल भारतमा निर्यात हुने र भारतबाट सूती कपडाहरू नेपालमा आयात हुने कुरा उल्लेख भएका छन्[५९]. भगवान् बुद्धको परिनिर्वाण हुनु केही समयअगाडि कपिलवस्तुका शाक्यहरूलाई अस्त्वित्वविहीन गर्ने नियतले कपिलवस्तुमा आक्रमण गरेर कोशलका राजा विडुडभले शाक्यहरूको नरसंहार गरे। आक्रमणबाट बच्न सफल भएका शाक्यहरू कपिलवस्तु छोडेर तितरवितर भएका थिए। यसै क्रममा केही पूर्वको वैशालीमा पुगेका, केही मगधमा लुकिबसेका र केही नेपाल (काठमाडौं) उपत्यकामा प्रवेश गरेको भन्ने इतिहासकारहरूको भनाइ छ। यसरी शाक्यहरूसँगै नेपालमण्डलमा बुद्धधर्मको प्रवेश भएको भन्ने कुरा इतिहासकारहरू उल्लेख गर्दछन्।

तर त्यति वेला मात्र नेपाल मण्डलमा बुद्धधर्मको प्रवेश भएको भन्ने कुरा पूर्ण तर्कसङ्गत नहुने धेरै इतिहासकारहरूको भनाइ छ। विशेष रूपले बुद्धको जीवनकालमा भारतका टाढा-टाढाका ठाउँबाट भिक्षु हुन आउने व्यक्तिहरू धेरै सङ्ख्यामा थिए। नेपाल मण्डल जस्तो व्यापारिक कार्यकलाप हुने स्थानबाट मानिसहरू भिक्षु हुन नआउने कुरा त्यति तर्कसङ्गत हुँदैन[६०]। तर कपिलवस्तुका शाक्यहरूको आगमनपछि बुद्धधर्मको प्रचारप्रसारमा बढी गति लिन सक्ने कुरामा शङ्का गर्ने ठाउँ छैन। यसै क्रममा भगवान् बुद्धका उपस्थापक भिक्षु आनन्द जो शाक्यकुलका थिए, नेपालमा आफ्ना नातेदारहरू भेट्न आएको वर्णन मूल **सर्वास्तिवाद** विनयमा उल्लेख भएको पाउँछौं। यसरी बुद्धकालमै नेपाल र भारतबीच व्यापारिक सम्बन्ध हुनु र बुद्ध परिनिर्वाण हुनुभन्दा केही समयअगाडि कोशलका राजा विडुडभले[६१] कपिलवस्तुलाई आक्रमण गरेर शाक्यहरूको संहार गरेको र केही शाक्यहरू विभिन्न ठाउँमा भाग्ने क्रममा नेपाल आएको भन्ने कुराले

---

५९ भुवनलाल प्रधान, **नेपालमा बुद्धधर्म** (२०४५), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान, (पृ. २९)।
६० भिक्षु सुदर्शन ,**नेपालमा बुद्धधर्म** (२०५३) , काठमाडौं : धर्मरत्न शाक्य (पृ. ६)।
६१ पूर्वोक्त पादटिप्पणी ३



Downloaded from http://www.dhamma.digital

नेपालमा बुद्धधर्मको अस्तित्व बुद्धकालदेखि नै थियो भन्ने कुरालाई स्पष्टसँग भन्न सकिने अवस्था छ। व्यापारिक सम्बन्ध र शाक्यहरूको आगमनबाट प्रादुर्भाव भएको त्यसताकाको बुद्धधर्म भनेको प्रारम्भिक बुद्धधर्म नै हुनुपर्ने र पछिका अन्य निकायहरूले थेरवाद नाम दिएको बुद्धधर्म नै त्यस बेला नेपालमा अस्तित्वमान् हुने कुरामा दुई मत हुन सक्दैन। यस हिसाबले नेपालमा सुरुदेखि अस्तित्वमा रहेको बुद्धधर्म भने थेरवाद-बुद्धधर्म हो जसलाई प्रारम्भिक या मूल बुद्धधर्म पनि भनिन्छ।

### ३. सम्राट् अशोकको कालमा बुद्धधर्मको प्रचार

बुद्ध परिनिर्वाणको २१६ वर्षपछि पाटलिपुत्रलाई राजधानी बनाएर सम्राट् अशोकले भारतको चक्रवर्ती राजाका रूपमा शासन गरेका थिए। श्रामणेर निग्रोधको प्रारम्भिक बुद्धदेशना र मोगल्लिपुत्त तिस्सको ओवाद र मार्ग निर्देशनको कारणले भारतमा मात्र होइन विदेशमा पनि धर्मप्रचार गरेको श्रेय उनलाई जान्छ। सम्राट् अशोक मोग्गलिपुत्त तिस्ससँगको सामीप्यपछि बुद्धधर्मको परम अनुयायी बने। बुद्धधर्मको बारेमा जिज्ञासा राख्दा ८४००० धर्मस्कन्धमा सङ्गृहीत भएको उत्तर पाएकोले उसले सम्पूर्ण भारतमा त्यति नै सङ्ख्या बराबर चैत्य निर्माण गर्ने प्रण गरेका थिए। त्यसको लागि भगवान् बुद्धको परिनिर्वाणको लगत्तै पछि बुद्धको अस्थिधातु राखेर बनाइएका आठवटा चैत्यबाट अस्थिधातु निकाली ८४००० स्तूप वा चैत्य निर्माणमा लागे। आठवटा बुद्धकालमा बनाइएका चैत्यमध्ये नेपालको नवलपरासीमा रहेको रामग्राम स्तूपबाहेक अरू चैत्यमा राखिएका अस्थिधातुहरूलाई निकालेर भारतका विभिन्न ठाउँमा निर्मित चैत्यभित्र राखियो। यसरी अशोकको समयमा एउटा महत्त्वपूर्ण कार्यका रूपमा देशका कुनाकाप्चामा चैत्य निर्माण कार्य सम्पन्न भएको थियो[६२]। भारतमा चैत्य निर्माण गर्ने लहरले नेपाल पनि प्रभावित भएको फलस्वरूप नेपालमा पनि त्यस बेलादेखि चैत्य निर्माणको थालनी भएको कुरामा शङ्का गर्नु आवश्यक छैन।

ऐतिहासिक प्रमाण नभए तापनि अशोक आफ्नी छोरी चारुमतीसहित नेपालमा आएको, चारुमतीको देवपालसँग विवाह भएर देवपत्तन सहर निर्माण गरेको गरेको घटना र चारुमतीले चावहिलमा चारुविहार निर्माण गरेको र पाटनमा थुरहरूको निर्माण अशोकको नेपाल भ्रमणकालमा नै भएको भन्ने भनाइ छ[६३]। इतिहासकारहरूले यस कुरालाई नकारे तापनि अशोकको धर्मको प्रचारको प्रभाव नेपालमा परेको तथ्यलाई भने कसैले नकार्न सक्दैन।

---

६२ भुवनलाल प्रधान, **शाक्यमुनि बुद्धका स्मारक** (इ.सं. २००१), काठमाडौं : युवा बौद्ध समूह (पृ. ३२)।

६३ भुवनलाल प्रधान, **काठमाडौं उपत्यकाका केही सांस्कृतिक छिर्कामिर्का** (इ.सं. २००७), काठमाडौं : सुमित्रा मानन्धर (पृ. १४)।



Downloaded from http://www.dhamma.digital

विभिन्न देशहरूमा धर्मदूत मण्डल पठाउने क्रममा हिमवत् खण्डमा मज्झिम थेरलाई पठाइएको थियो। त्यस बेलाको **हिमवत्खण्ड** नेपाल भएको भनाइ धेरैको छ। हिमवत्खण्डको रूपमा रहेको नेपालमा अशोकको धर्मदूत मण्डल आएको कुरालाई भने इतिहासकारहरूले नकार्न सकेका छैनन्। विभज्जवाद अथवा थेरवाद-बुद्धधर्मका भिक्षु मोग्गलिपुत्त तिस्सका अनुयायी सम्राट् अशोकले पठाएका भिक्षुहरूले प्रचार गरेको धर्म भगवान् बुद्धको प्रारम्भिक धर्म वा थेरवादबाहेक अरू हुन नसक्ने कुरामा विश्वास गर्न सकिन्छ। तर कालान्तरमा कुन बेला थेरवाद यहाँबाट के कसरी लोप हुन पुग्यो भन्ने तथ्य अनुसन्धानको विषय हुन पुगेको छ।

यसबाहेक प्रारम्भकालमा नेपालमा थेरवादको अस्तित्व रहेको कुरालाई प्रमाणित गर्ने धेरै महत्त्वपूर्ण दस्तावेजहरू प्राप्त भएका छन्। नेपालको पुरातत्त्व विभागमा सुरक्षित रहेको भिक्षुणी विनयद्वारा ताडपत्रमा लिखित महावग्ग जुन नवौं शताब्दीमा लेखिएको भनी सबभन्दा पहिलो जानकारी दिने व्यक्ति थिए बुद्धधर्मका अन्वेषक सिसिल बेन्देल। उनले पालिको सर्वाधिक प्राचीन पाण्डुलिपि नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको भिक्षुणी विनयको हस्तलिखित ग्रन्थ Pali Manuscript को बारेमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन रोममा हुँदा उजागर गरेका थिए। यस्तै अन्वेषक हरप्रसाद शास्त्रीले पनि नेपालमा पालि साहित्यको एउटा ग्रन्थ भेट्टाएको दावी गरेका छन्[६४]।

धनवज्र वज्राचार्यको "कर्णाली प्रदेशको एक बिटो अध्ययन" (२०२८) भन्ने लेखमा मल्लकालीन राजा पृथ्वीमल्लले भिक्षु, ब्राह्मण, धर्ममानिक र सूत्रधरहरूलाई कर छुटको घोषणा गरेको कुरा उल्लेख छ। भिक्षु भन्नासाथ बुद्धधर्मका विभिन्न निकायका हुन सक्ने भएकोले भिक्षु शब्दबाट एकिनका साथ थेरवादी भिक्षु नै हुन सक्ने आधार छैन। तर सुर्खेत उपत्यकाको एउटा अभिलेखमा उल्लेख भएको "सूत्रधर" शब्दले साङ्केतिक रूपमा नेपालमा थेरवादको अस्तित्व प्राचीन कालदेखि नै रहेको स्पष्ट गर्दछ। किनभने सूत्रधर भन्ने शब्दले सूत्रहरूलाई कण्ठ गर्ने प्रारम्भिक बुद्धधर्मका भिक्षुहरूको निरन्तरता हुन सक्ने अथवा थेरवादी परम्परामा सूत्रपिटक कण्ठ गर्ने परम्पराका भिक्षुहरू हुन सक्ने धेरै सम्भावना छ[६५]।

नेपालमा स्थविरवादको प्राचीन इतिहास त्यति स्पष्ट नभए तापनि कपिलवस्तुमा भिक्षुहरू थेरवादसँग सम्बन्धित भएको कुरा ह्वेनसाङ्गको **पश्चिमको महायात्रा** नामक भ्रमण डायरीबाट स्पष्ट गर्न सकिन्छ। ह्वेनसाङको यात्रा-वृत्तान्तअनुसार नेपाल उपत्यकामा हीनयान र महायानका तीनतीन हजार

---

६४ त्रिरत्न मानन्धर, **परित्राण ट्राडिसन इन नेपाल**, (२००३), अप्रकाशित थेसिस : त्रिभुवन विश्वविद्यालय (पृ. १६-१७)।

६५ भिक्षु सुदर्शन, **बौद्ध संस्कृति** (इ.स. १९९८), काठमाडौं : श्री कीर्ति बौद्ध केन्द्र (पृ. १३४)



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू भएको कुराले पनि त्यस बेलासम्म थेरवादको अस्तित्व रहेको कुरा स्पष्ट गर्न सकिन्छ। थेरवाद-बुद्धधर्मको वाङ्मयका रूपमा रहेको **किन्नर-जातक** उपत्यकाको चावहिलमा उत्कीर्ण गरिएको छ। किन्नर-जातक थेरवादी साहित्य जातक पालिको अट्ठकथाको जातक हो[६६]।

सन् १९०५ मा आयरल्यान्ड मूलका भिक्षु धम्मालोक जसले वर्मामा धेरै समय बिताएका थिए– चीन, जापान, सिङ्गापुर थाइल्यान्ड र श्रीलङ्काको भ्रमण गर्ने क्रममा नेपालमा पनि आइपुगेका थिए। यस सम्बन्धमा तथ्यगत विवरण प्रा.डा. त्रिरत्न मानन्धरले **भिक्षु धम्मालोकको नेपाल यात्रा** भन्ने लेखमा वर्णन गरेका छन्। यदि यस कुरालाई मान्ने हो भने थेरवादको पुनर्जागरणको समय हालको सन् १९२५को समयभन्दा २० वर्ष अगाडि हुन जान्छ[६७]। यस्ता धेरै प्रत्यक्ष र अप्रत्यक्ष प्रमाणले नेपालको थेरवाद बुद्धानुशासनसित प्रारम्भकालदेखि नै सम्वद्ध रहेको कुरा प्रस्टसँग भन्न सकिन्छ।

### ४. पुनर्जागरण पछिको थेरवादी बुद्धानुशासन

नेपाल मण्डलमा थेरवाद-बुद्धधर्मको पुनर्जागरणकाल २० औं शताब्दीको प्रारम्भमा भएको थियो। नेपालमा थेरवादी पुनर्जागरण भारतको स्वतन्त्रता सङ्ग्रामसँगसँगै भएको थियो। भारतको कलकत्तामा बुद्धधर्मको पुनरुद्धारक मानिएका अनागारिक धर्मपालको सङ्गत पाएका नेपालका जगत्मान शाक्य भिक्षुले आफूलाई छात्रवृत्ति प्राप्त भएको वाणिज्यशास्त्रसँगसँगै बुद्धधर्मको पनि अध्ययन गरेका थिए[६८]। अनागारिक धर्मपाल जो पहिला हेनरी स्टिल अल्कोटबाट स्थापना गरेको **एसियाटिक सोसाइटीसँग** आवद्ध थिए, पछि आफ्नै पहलमा **महाबोधि सोसाइटी**को स्थापना गरी थेरवाद– बुद्धधर्मको प्रचारप्रसार र बुद्धगया आदि बौद्ध सम्पदाहरूको संरक्षण र संवर्धनमा लागेका थिए। उनले अमेरिकाको सिकागोमा भएको धर्मसम्मेलनमा बुद्धधर्मबारे प्रवचन दिएर पश्चिममा बुद्धधर्मको जागरण ल्याउनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए[६९]।

अनागारिक धर्मपालकै प्रेरणामा नेपालका जगत्मान वैद्यले बौद्ध साहित्यरत्नको परीक्षा पास गरी पहेँलो कोट लगाई बुद्धधर्मका ग्रन्थहरू सङ्कलन संरक्षण र संवर्धन गर्ने कार्यमा तल्लीन हुन पुगे। बौद्धहरूलाई सङ्गठित गर्ने उद्देश्यले बौद्ध उपासक-उपासिका सङ्घ स्थापित गरेर विहार, चैत्य आदिको रक्षा र जीर्णोद्धार गर्दै बुद्धको जन्मस्थलका रूपमा रहेको लुम्विनीको रक्षा गर्न त्यहाँ

---

६६ पूर्वोक्त पादटिप्पणी, ७ (पृ. १७)

६७ त्रिरत्न मानन्धर, '**भिक्षु धम्मालोकको नेपाल यात्रा**', पद्मकन्या क्याम्पसबाट प्रकाशित **बुद्धज्योति** (इ.सं. २०१३), काठमाडौं : पद्म कन्या क्याम्पस।

६८ भिक्षु सुदर्शन, पादटिप्पणी नं ८,(इ.सं. १९९८), (पृ. १३४)

६९ भिक्षु सुदर्शन, पादटिप्पणी नं ३, (२०५३)



Downloaded from http://www.dhamma.digital

आउने यात्रुहरूका लागि आवश्यक सुविधाको व्यवस्थापन गर्ने कार्यमा पनि अग्रसर हुन पुगे। त्यस कार्यका लागि उनले **बुद्धधर्म उद्धार सङ्घ** नामक संस्था पनि स्थापना गरे। कलकत्तामा अध्ययनरत छँदै उनले 'बुद्धधर्म र नेपालभाषा' नामक पत्रिका प्रकाशनमा ल्याए, जुन नेवार समुदायका लागि भाषा र बुद्धधर्म प्रचारको एउटा महत्त्वपूर्ण प्रारम्भिक प्रयास बन्न पुग्यो। बुद्धधर्मप्रति अनभिज्ञ रहेका तत्कालीन नेपालीहरूका लागि बुद्धधर्मको प्रथम स्वाद आफ्नै भाषामा प्राप्त भएको यो ऐतिहासिक सुरुवातले नेपालमा थेरवादको पुनर्जागरणका लागि महत्वपूर्ण भूमिका खेलेको छ। 'बुद्धधर्म र नेपालभाषा' पत्रिकाको "वैशाख पूर्णिमाको महत्त्व" भन्ने लेखको कारणले नै बु.सं. २४७० देखि नेपालमा वैशाख पूर्णिमाको उत्सव सार्वजनिक ढङ्गले मनाउन सुरु भएको थियो[७०]। ने.सं. १०४८ को समयदेखि किण्डोल विहारमा वैशाखपूर्णिमा सङ्गठित रूपले मनाउने कार्य सुरु भयो[७१] जुन अद्यापि आनन्दकुटी विहारमा प्रत्येक वर्ष सार्वजनिक सभा गरी मनाउने चलन छ।

थेरवाद बुद्धानुशासनको पुनर्जागरणमा तिब्बतबाट आएका क्यान्छे लामाको पनि भूमिका रहेको थियो। तिब्बतको खामबाट आएका क्यान्छे लामाले बुद्धशिक्षाको बारेमा दिएको प्रवचनलाई त्यस बेलाका काठमाडौंवासी बौद्धहरूलाई निकै प्रभावित गरेको थियो। प्रत्येक दिन पाँचछ हजारको जमघटबीच उनको प्रवचन सुन्ने कार्य तत्कालीन नेपालका लागि असाधारण घटना नै थियो[७२]। तर यही शुद्ध रूपमा धर्मश्रवण गर्ने कार्यलाई पनि राजनैतिक भय अघि सारेर तत्कालीन जहानियाँ शासकहरूलाई कान भर्ने कार्य गरेर शासकीय हस्तक्षेपले सभा बिथोल्न जनमानसमा भगडाको बीउ रोप्ने कार्य पनि भयो। तर पनि धर्मप्रति जागरूक युवाहरूले समय र अवसरलाई पहिचान गरी बुद्धधर्मप्रति श्रद्धा जगाउने र नेपालमा बुद्धानुशासन पुनर्स्थापित गर्न प्रव्रजित हुने कार्य शुभारम्भ गरे। हिन्दू कुलमा जन्मेर पनि बुद्धधर्मप्रति ठूलो श्रद्धा राख्दै चिकंमुगलका प्रेमबहादुर श्रेष्ठ छेरिङनोर्बुको उपाध्यायत्वमा महायानी भिक्षु पाल्देन शेराब बने। उनी नै पछि भिक्षु महाप्रज्ञा बने। उनीसहित अरू चार जना तिब्बती परम्पराबाट भिक्षु बन्ने सौभाग्य प्राप्त गर्ने नेपालीहरूमा महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति हुन्। ती पाँच भिक्षुहरूले सुरु गरेको प्रव्रजित जीवन र धर्मप्रचारलाई सहन नसक्ने तत्कालीन श्री ३ चन्द्रशमशेरले उनीहरूलाई बुद्धभूमि नेपालमा रहने अधिकारबाट वञ्चित गरी निर्वासित गर्नेजस्तो क्रूर कार्य गरे। वि.सं. १९८२ मा भएको यस कलङ्कित घटनापछि १९८३ मा भारत हुँदै ल्हासा पुगेको बेला एक जना तेजस्वी युवासँग भेट भयो। ती युवाले उनीसँगको सङ्गतले प्रव्रजित

---

७० भिक्षु सुदर्शन, पादटिप्पणी न ८, (बु.स. १९९८),(पृ. १३५)।

७१ ऐ ऐ

७२ भिक्षु सुदर्शन, पादटिप्पणी न ३, (२०५३) (पृ. १३)।



Downloaded from http://www.dhamma.digital

जीवनमा प्रवेश गरी श्रामणेर कर्मशील बनेका थिए। त्यति बेलाको श्रामणेर कर्मशील नै आधुनिक नेपालका प्रथम सङ्घनायक प्रज्ञानन्द महास्थवीर थिए। पाल्देन शेराव ल्हासाबाट फर्केपछि थेरवादी बुद्धधर्मप्रतीको श्रद्धाले कुशीनगर पुगी वि.सं. १९८४ मा घेलु भएका श्रामणेर कर्मशीलसँगै गुरु चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा सन् १९३० थेरवादी श्रामणेर भए[७३]। यसरी आधुनिक नेपालमा थेरवादी भिक्षुहरू प्रादुर्भाव भए। भिक्षु महाप्रज्ञाकै सक्रियतामा भोजपुर टक्सारमा पहिलो थेरवादी विहारको स्थापना भयो र यसै स्थानमा पहिलो पटक बुद्धजयन्तीको कार्यक्रम पनि आयोजना गरियो[७४]।

बुद्धशिक्षाको जागरणबाट आफ्नो शासनसत्ता अस्थिर हुने भयले अनेक षड्यन्त्र रच्दै राणा शासकहरूले फेरि पनि उपत्यकाका स्थानीयबासीहरूमाझ छुवाछुतको आधारले झगडा गराउने कार्य गरे। लामा ढोंगेको निहुँ ल्याएर तुलाधरहरू र गुभाजुहरूलाई झगडा गराउने कार्यमा पनि राणा शासक सफल भए। तर बुद्धको धर्ममा दृढ आस्था भइसकेका अनुयायीहरूले फर्केर हेर्ने काम भने गरेनन्।

वि.सं. १९८२ मा पहिलोपल्ट भिक्षुहरूलाई निष्कासन गरेको घटनाले बुद्धप्रतीको श्रद्धा घटाउनुको साटो झन्झन् बढाउने कार्य भयो नेपाली जनमानसमा। नेपालको गेलुक्पाका भिक्षु महाप्रज्ञा र श्रामणेर कर्मशील तिब्बतबाट फर्केर कुशीनगरमा गई बर्माका भिक्षु ऊ चन्द्रमणि महास्थविरको सन्मुखमा प्रव्रजित जीवन प्रारम्भ भएकोलाई नै नेपालमा भिक्षु परम्परालाई पुनर्स्थापना गर्ने घटनाको रूपमा लिन सकिन्छ। कुशीनगरबाट काठमाडौंमा फर्केर सन् १९३० मा सर्वप्रथम भिक्षु प्रज्ञानन्दले भिक्षाटन गरे र उनी दशरत्न साहूको निमन्त्रणामा किम्डोल विहारमा बसे। किम्डोल विहारमा उनले धर्मदेशनाको कार्य सुरु गरे। धर्मदेशनाको यस कार्य राणाहरूका लागि थप चिन्ताको विषय बन्यो। फलत : पुलिसहरू धर्मदेशना हुने स्थलमा आएर विहारका सबै सदस्यहरूलाई पक्रेर लगे। तर भाग्यवश त्यस बेला भिक्षु प्रज्ञानन्द त्यहाँ नभएकाले पक्राउमा परेनन्। त्यसपछि उनी तीर्थयात्राको क्रममा केही उपासकहरूसँग भारतमा पुगे। कुशीनगरमा पुगेपछि ऊ चन्द्रमणि महास्थविरको सान्निध्यमा एक जना उपासक र तीनजना उपासिका प्रव्रजित भए। उनीहरू थिए, श्रामणेर शासनज्योति, अनागारिका रत्नपाली, अनागारिका धर्मपाली र अनागारिका सङ्घपाली। अनागारिका रत्नपाली, अनागारिका धर्मपाली र अनागारिका सङ्घपाली तीन जना अनागारिकाहरू नै नेपालको थेरवाद बुद्धानुशासनका पहिलो तीन अनागारिका भए। यसै क्रममा नेपालका अन्य युवाहरू पनि प्रव्रजित हुने निरन्तरता चल्यो।

---

७३ भिक्षु सुदर्शन, पादटिप्पणी नं ८, इ.सं. १९९८), (पृ. १३५)।
७४ प्रकाश वज्राचार्य, **बौद्ध दर्पण** (इ.सं. १९९६), काठमाडौं : बुद्धजयन्ती समारोह समिति, आनन्दकुटी विहार (पृ. १६५)।



Downloaded from http://www.dhamma.digital

पछि शाक्यानन्द, धम्मालोक, अमृतानन्द, अनिरुद्ध, सुबोधानन्द, बुद्धघोष आदिले पनि उपसम्पदा लिए ।

भिक्षु धम्मालोकको गृहस्थी नाउं दशरत्न थियो । सन् १९२५ मा दशरत्न साहू आफ्नी श्रीमतीको मृत्युपछि आफ्नो छोरासँग तिब्बतबाट नेपाल फर्केर किम्डोल विहारमा तिब्वती बुद्धधर्म अध्ययन गर्दै समय विताउने क्रममा आफ्नो छोरालाई श्रीलङ्कामा पठाएर प्रव्रजित गराए। पछि दशरत्न साहू आफैं पनि श्रीलङ्का गई थेरवादी परम्परामा श्रामणेर भई श्रामणेर धम्मालोक भए। नेपाल फर्केर फेरि किम्डोलमै बसी धर्मप्रचारमा लागे। सन् १९३० मा बुद्धधर्म प्रचार गरेको आरोपमा उनीसहित ११ जनालाई राणा सरकारको आदेशमा पक्रेर लग्यो। पक्राउमा पर्नेहरूमा त्यस बेलाका प्रसिद्ध साहूहरू धर्मा (धर्ममान) साहूलगायत योगवीरसिंह, चित्तधर आदि थिए। उनीहरूलाई केही दिन थुनेर पछि मुक्त गरियो।[७५] सन् १९३५ मा श्रामणेर धम्मालोक पनि ऊ चन्द्रमणि महास्थविरको सान्निध्यमा उपसम्पदा प्राप्त गरी भिक्षु धम्मालोक बने। भिक्षु बनेर नेपाल फर्कनासाथ उनलाई विना अभियोग पक्रेर छ दिन थुनामा राखी त्यतिकै छाडियो। यसरी राणाहरूले बारम्बार थुनामा राखेर हैरान गर्दा पनि बुद्धानुशासनका लागि निरन्तर लाग्ने उनको दृढतामा कुनै कमी आएन। पछि उनले नेपालको पहिलो विहारका रूपमा स्वयम्भूको डाँडाको उत्तरतिर आनन्दकुटी विहार निर्माण गरे जुन कालान्तरमा नेपालको थेरवादी बुद्धानुशासनको महत्त्वपूर्ण विहारका रूपमा विख्यात भयो ।

थेरवादी बुद्धानुशासनको पुनर्स्थापनाका अर्का महत्त्वपूर्ण व्यक्ति थिए भिक्षु अमृतानन्द। पाल्पा, तानसेनमा जन्मेका लालकाजी शाक्य सन् १९३६ मा ऊ चन्द्रमणि महास्थविरबाट श्रामणेर दीक्षा लिएपछि श्रामणेर अमृतानन्द बने। थेरवादी उपसम्पदा लिएर भिक्षु महाप्रज्ञा भोजपुरमा पुग्दा काठमाडौंबाट निष्कासित भिक्षु नेपालमा फर्क्यो भनेर सन् १९३७ मा भोजपुरमै गिरफ्तार गरी जेलमा राखिएको थियो। भिक्षु महाप्रज्ञासँगै त्यति बेला श्रामणेर अमृतानन्द पनि थिए। गुरुलाई जेलमा राखेको कारणले उनी आफू पनि जेलमा बस्छु भनेपछि दुवै जना भोजपुरको जेलमा थुनिए। सन् १९३७ मा श्री ३ जुद्धशमशेरले भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई भोजपुर जेलबाट निकाली देशनिकाला गरे।[७६] उनीहरू त्यसपछि श्रीलङ्कामा अध्ययनार्थ गए। श्रीलङ्काको वजीरारामा अध्ययनपश्चात् उनी सन् १९४२ मा नेपालमा फर्किए। भिक्षु धम्मालोकको पहलमा उनीबाट स्वयम्भू पर्वस्थानमा धर्मदेशना दिने कार्य सुरु भयो। धर्मदेशना कार्य वर्षावासको तीन महिना चलेको थियो। त्यस धर्मदेशनाले जनमानसमा धेरै राम्रो प्रभाव

७५ प्रकाश वज्राचार्य,पूर्वोक्त पादटिप्पणी १७ (पृ १६५)
७६ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ १६५)



Downloaded from http://www.dhamma.digital

पऱ्यो। उनको धर्मदेशनालाई पछ्याउँदै विदेशबाट अध्ययन सकेर फर्किएका भिक्षु तथा अनागारिकाहरूबाट पनि ठाउँ-ठाउँमा धर्मदेशना गर्ने कार्यक्रम सुरु गर्दै धर्मजागरणको लहर ल्याए। यस कार्यले राणाहरूलाई फेरि सशङ्कित पार्ने काम गऱ्यो। विशेष रूपले राणाहरूको जहानिया शासनको विरुद्धमा जनताहरू एकताबद्ध भइरहेको तथा चार जना सपूतहरू गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री तथा दशरथ चन्दलाई मृत्युदण्ड दिइसकेको त्यो अवस्थामा बुद्धको उपदेश दिने कार्यले जनमानसलाई थप जागरण गराउने भएकाले राणाहरूले आफ्नो शासनसत्तालाई ठूलो चुनौती हुने महसुस गरी यस्ता कार्यहरूलाई प्रतिबन्ध लगाउने निर्णय लिई सन् १९४४ मा राणा प्रधानमन्त्री जुद्धशमशेरले बुद्धधर्मको प्रचारप्रसार गर्न प्रतिबन्ध लगाउने कार्य गरे। तर यस्तो आदेश तत्कालीन भिक्षुहरूले अवज्ञा गरेको हुँदा त्यही वर्ष नेपालका आठ जना भिक्षुहरू र श्रामणेहरूलाई देशनिकाला गरियो। देशनिकालामा परेका तत्कालीन भिक्षुहरू थिए : भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, श्रामणेर प्रज्ञारस, श्रामणेर रत्नज्योति, श्रामणेर अग्गधम्म तथा श्रामणेर कुमार[७७]।

देशनिकालाको आदेश हुँदा वर्षावासको महिना थियो। वर्षावासको समयमा भिक्षुहरूले विहार छाडेर अन्यत्र जान नहुने नियम भएकाले देशनिकालाको आदेश केही महिनापछाडि सार्ने अनुरोध बौद्ध समुदायले गरेको थियो। तर राणा शासकहरूका लागि अनुनय-विनयको महत्त्व के बुझ्नू, उनीहरूले आफ्नो आदेश तत्काल कार्यान्वयन गराइछाडे। त्यस बेलासम्म अनागारिकाहरू पनि उल्लेख्य मात्रामा धर्म प्रचारप्रसारमा संलग्न भएका थिए। तर उनीहरूलाई वर्षावास पूरा नहुँदासम्म विहारमा बस्न अनुमति दिइयो।

निष्कासित भिक्षुहरूले भारतको सारनाथमा पुगी त्यही वर्ष भिक्षु चन्द्रमणि महास्थविरको अध्यक्षमा धर्मोदय सभाको स्थापना गरे। उक्त संस्थाको सचिवमा भिक्षु अमृतानन्द रहे। धर्मोदय सभाले बुद्धधर्म प्रचारको लागि महत्त्वपूर्ण उद्देश्य राखेर दीर्घकालीन योजना सार्वजनिक गर्ने कार्य गऱ्यो। जसअनुसार :

१। नेपालका विभिन्न ठाउँमा बौद्ध स्कुलहरू खोल्ने
२। बौद्धहरूको बाहुल्य भएका प्रत्येक सहर र गाउँहरूमा विहार निर्माण गरेर भिक्षुहरूद्वारा दैनिक रूपमा बौद्ध गतिविधि तथा स्वास्थ्य सेवा प्रदान गर्ने।
३। नेपाल तथा नेपाली भाषामा बौद्ध ग्रन्थको अनुवाद तथा बुद्धधर्मका साहित्यहरू सृजना गर्ने
४। नेपालीहरूलाई बुद्धधर्ममा शिक्षित गर्ने
५। नेपाली र अङ्ग्रेजीमा पत्रिका प्रकाशन गर्ने

---

७७ भिक्षु सुदर्शन, पूर्वोक्त पादटिप्पणी ८ (पृ १३८)



Downloaded from http://www.dhamma.digital

६) नेपालका पुराना बौद्ध स्मारकहरू विशेष गरेर लुम्बिनी र कपिलवस्तुलाई सरकारद्वारा संरक्षण र संवर्धन गराउन विशेष पहल गर्ने
७) विदेशी बौद्धहरूलाई नेपालमा आमन्त्रण गर्ने
८) बौद्धहरूलाई अन्य धर्ममा परिवर्तन गर्ने संस्थागत प्रयासलाई निस्तेज पार्ने

धर्मोदय सभाको सचिवको हैसियतले भिक्षु अमृतानन्दले नेपालबाट निष्कासित भिक्षुहरूलाई स्वदेश फर्काउने महत्त्वपूर्ण पहल गरे। निष्कासित गरिएको घटनालाई लिएर सर्वप्रथम उनले नेपालको सरकारलाई विरोध पत्र लेखे। विभिन्न देशमा गई निष्कासित भिक्षुहरूलाई फर्कनका लागि सहयोग गर्न आह्वान गरे। यसै क्रममा उनी श्रीलङ्कामा गई अन्तर्राष्ट्रिय स्तरमा विख्यात भिक्षु नारद महास्थविरको अध्यक्षतामा एक सद्भावना मण्डल गठन गरी निष्कासित भिक्षुहरूलाई नेपालमा ल्याउन पहल गर्न थाले। त्यस सद्भावना मण्डलको अध्यक्षमा भिक्षु नारद थेर र सदस्यहरूमा नेपालका भिक्षु अमृतानन्द, श्रीलङ्काका भिक्षु पियदस्सी, डा. रत्नसूर्या तथा प्रोफेसर आर्यपाल रहे। सद्भावना मण्डल नेपाल आएर त्यस बेला नवनियुक्त प्रधानमन्त्री पद्मशमशेरलाई भेटे र निष्कासित भिक्षुहरूलाई फर्काउन अनुरोध गरे। पद्मशमशेरले सद्भावना मण्डलको अनुरोधलाई स्वीकार गरी निष्कासित भिक्षुहरू फर्कन सक्ने आदेश दिए। निष्कासन फुकुवापछि सर्वप्रथम भिक्षु धम्मालोक महास्थविर नेपालमा फर्किए र त्यसपछि अन्य भिक्षुहरू पनि फर्कने क्रम सुरु भयो[७८]।

थेरवादको पुनर्जागरणकालमा महत्त्वपूर्ण भूमिका खेल्ने विदेशी भिक्षुहरूमा भिक्षु नारदको अग्रणी स्थान रहेको छ। उनी नेपालमा धेरै पटक आई धर्म प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान दिए। विशेष रूपले श्रीलङ्काबाट बोधिवृक्ष, अस्थिधातु ल्याई आनन्दकुटीमा लङ्काराम चैत्य निर्माणमा विशेष भूमिका खेल्नुका साथै उपत्यकाका विभिन्न ठाउँमा धर्मदेशना दिए। उनको नेपालप्रतीको माया तथा हितैषी व्यवहारले उपत्यकाका जनताहरूले नागरिक अभिनन्दनसमेत गरे। वि.सं. २००३ मा काठमाडौंको यटखा बहालमा भएको नागरिक अभिनन्दन नै नेपालको सबभन्दा पहिलो सार्वजनिक आमसभा हुन गयो। भिक्षु अमृतानन्दको संयोजकत्वमा भएको यस सभामा तत्कालीन गृहस्थ उपासकहरू तीर्थनारायण मानन्धर, द्वारिकादास श्रेष्ठ तथा धर्णमान उपासकको विशेष भूमिका रहेको थियो। राणा प्रधानमन्त्री पद्मशमशेरको तर्फबाट उनको प्राइभेट सेक्रेटरी सुब्बा दीपराज मानन्धरले समेत स्वागत गरेको सो सभामा भिक्षु नारदबाट अङ्ग्रेजीमा दिएको

---

७८ भिक्षु सुदर्शन, पूर्वोक्त पादटिप्पणी ८ (पृ. १३७-१३८)



Downloaded from http://www.dhamma.digital

प्रवचनलाई भिक्षु अमृतानन्दले अनुवाद गरिदिंदा सो सारगर्भित मन्तव्यले उपस्थित स्रोताहरूलाई निकै प्रभावित तुल्याएको थियो[७९]।

भिक्षु नारद थेर नेपालको अत्यन्त हितैषीका रूपमा बारम्बार नेपाल आउने क्रममा सन् १९४७ मा उनले श्रीलङ्काबाट बुद्धको अस्थिधातु दुई टुक्रा ल्याई आनन्दकुटी विहारको प्राङ्गणमा लङ्काराम चैत्य स्थापना गरी वर्षको एक पटक सार्वजनिक प्रदर्शन गर्ने निर्णयका साथ त्यस चैत्यको गर्भगृह राख्न लगाएका थिए। त्यही वर्ष उनले श्रीलङ्काको अनुराधापुरबाट ल्याएको बोधिवृक्ष पनि आनन्दकुटी विहारसँगैको जङ्गलमा रोपेका थिए। तेस्रो पटक नेपाल आगमन हुँदा उनले अस्थिधातु राख्न बनाइएको लङ्काराम चैत्यको उद्घाटन गरेका थिए। तर वि.सं. २०५० मा सो अस्थिधातुको चोरी भयो र श्रीलङ्का सरकारबाटै दोस्रो पटक सरकारी स्तरबाट आनन्दकुटीलाई अस्थिधातु हस्तान्तरण भयो जुन हालसम्म पनि प्रत्येक वर्ष बुद्धजयन्तीको दिन प्रदर्शन भैरहेको छ[८०]।

त्यस्तै त्यस बखत सद्भावना मण्डलका सदस्यको रूपमा आउने भिक्षु प्रियदस्सीले पनि नेपालमा बुद्धधर्म प्रचारको काममा संलग्न हुन धेरै पटक नेपाल आएको र नेपालका विभिन्न ठाउँमा प्रवचन दिई बौद्ध परियत्तिका विद्यार्थीहरूलाई बुद्धधर्मको अध्ययनमा प्रेरणा दिने कार्य गरेका थिए। श्रीलङ्काका नारद थेर र प्रियदस्सी थेरको नेपालप्रतिको सद्भावना स्वरूप श्रीलङ्का सरकारले थेरवादको पुनर्जागरणकालदेखि हालसम्म पनि नेपालीहरूलाई बुद्धधर्म र औपचारिक शिक्षाको लागि छात्रवृत्ति दिई श्रीलङ्काको विभिन्न परिवेण र विश्वविद्यालयमा अध्ययनको सुअवसर प्रदान गर्दै आइरहेको छ। यसरी नेपालमा थेरवादको पुनर्जागरणका लागि श्रीलङ्काबाट महत्त्वपूर्ण योगदान भएको छ।

## ५. भिक्षु सङ्घको स्थापना

वि.सं. २००७ मा नेपालमा जहानियाँ राणाशासनको अन्त भई प्रजातन्त्रको उदय भयो। प्रजातन्त्र स्थापनासँगै पुनर्जागरित थेरवादी बुद्धानुशासनबाट पनि तीव्र गतिमा धर्म प्रचारप्रसार गर्ने कार्य अघि बढ्यो। नेपालका बौद्ध जातिका रूपमा रहेका वज्राचार्य, शाक्यका साथै अन्य नेवारहरूले यस कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे। त्यस बेला तुलाधर थरका व्यवसायीहरू व्यवसाय गर्न तिब्बतमा जाने गर्दथे। त्यहाँ व्यवसाय गरेर बसेका व्यापारीहरूबाट पनि नेपालमा थेरवादी बुद्धानुशासनका लागि नेतृत्वदायी भूमिका निर्वाह भएको थियो। पुनर्जागरणपछिको थेरवादी बुद्धानुशासनमा सर्वप्रथम

---

७९ तीर्थनारायण मानन्धर, जिगु लुमन्ति यँ दे म्हिग : व यौं (इ.सं. २००७), काठमाडौं : नेपाल भाषा परिषद् (पृ. ४३-४५)

८० भिक्षु सुदर्शन, पूर्वोक्त पादटिप्पणी ८ (पृ. १३९)



Downloaded from http://www.dhamma.digital

सङ्घनायक भएका प्रज्ञानन्द महास्थविर इतुंबहालको नेवार समुदायबाट प्रव्रजित भएका थिए। त्यस्तै अनागारिकाको रूपमा महिलाहरूलाई शिक्षा दिलाउने तथा धर्ममा जागरण ल्याउने कार्यमा पनि लक्ष्मीनानी तुलाधरलाई सङ्घर्षशील गर्ने अग्रणी महिलाको रूपमा लिन सकिन्छ। त्यस्तै गृहस्थहरूमा पनि भाजुरत्न कसाः, योगविरसिंह तुलाधर, मणिहर्ष ज्योति, ज्ञानज्योति, सानुरत्न स्थापित, लोकरत्न उपासक आदि सबै तुलाधर समुदायका थिए। यी समुदायहरू बौद्ध जागरणप्रति जागरूक भएको फलस्वरूप नेपालका अन्य समुदायहरूलाई पनि बौद्ध जागरणमा योगदान दिन प्रेरित गर्ने काम भयो। विशेष रूपले बुद्धशिक्षाका बारेमा अनभिज्ञ भएको कारणले बुद्धधर्मलाई आफ्नै धर्म हो कि होइन भन्ने अन्योलमा रहेका मानन्धर, चित्रकार, महर्जन, तण्डुकारहरू पनि बुद्धको शिक्षाबाट प्रभावित भएर उन्मुक्त रूपमा हामी बौद्ध हौं भन्नमा गर्व गर्ने वातावरण बन्यो।

वि.सं. २००७ मा नेपालमा प्रजातन्त्र आएपछि विदेशनिकाला गरिएका भिक्षुहरू नेपालमा फर्कने क्रम सुरु भयो। भिक्षु सङ्घमा सदस्यहरूको सङ्ख्या उल्लेखनीय मात्रामा पुगिसकेपछि त्यसलाई संस्थागत गर्न एउटा औपचारिक सङ्घको आवश्यकता महसुस गरियो। प्रजातन्त्र प्राप्ति भएको वर्षमा नै वि.सं. २००७ मा 'अखिल नेपाल भिक्षु महासङ्घ' भन्ने स्थविरवादी भिक्षुहरूको एक संस्था स्थापना भयो[८१]। वि.सं. २००८ मा एउटा महत्त्वपूर्ण घटना भयो त्यो हो– भगवान् बुद्धका दुई अग्रश्रावकहरू सारिपुत्र र महामौद्गल्यायनको अस्तिधातु नेपालमा ल्याएको। त्यो बेला नेपालका बौद्धहरूले उत्सवका रूपमा लिएर बडो धूमधामका साथ अस्थिधातुलाई रथमा राखेर नगर प्रदिक्रमा गराइयो। अस्थिधातुलाई स्वागत गर्ने समितिको अध्यक्ष स्वयं तत्कालीन राजा त्रिभुवन थिए भने समारोह राजदरबारको प्राङ्गणमा गरिएको थियो। सन् १९५२ मा बुद्धजयन्ती नेपाल अधिराज्यभर मनाउनका लागि राजा त्रिभुवनले वैशाख पूर्णिमाको दिन सार्वजनिक बिदाको घोषणा गरेको थियो।[८२]

भिक्षुसङ्घ भन्नाले धर्मलाई आफूले राम्ररी पालन गर्ने र उपासक उपासिकाहरूलाई उपयुक्त धर्मदेशना गरेर उनीहरूमा धर्मप्रति श्रद्धा बढाउने कार्य गर्नु हो। भगवान् बुद्धले एक जना भिक्षुको कर्तव्य भनेको धर्मप्रति श्रद्धा उत्पन्न नभएकाहरूलाई श्रद्धा उत्पन्न गराउने र श्रद्धा उत्पन्न भइसकेकाहरूलाई अझ बढी श्रद्धा बढाउनका लागि प्रयास गर्नु हो। विनय नियमलाई पालना गरेर धर्म प्रचारप्रसारमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हो भनेका छन्। नेपालमा अखिल नेपाल भिक्षु महासङ्घको स्थापनाले सबै नेपालीहरूलाई बुद्धधर्मको नेतृत्व गर्न मार्ग प्रदर्शन गरेको छ। नेवार जातिका शाक्य, वज्राचार्य, उदास, मानन्धर,

---

८१ भिक्षु सुदर्शन, पूर्वोक्त पादटिप्पणी ८ ।पृ १४०।

८२ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (इ.स १९९६) ।पृ १६७।



Downloaded from http://www.dhamma.digital

महर्जन, तण्डुकार, चित्रकारका साथै तामाङ, गुरुङ, मगर, थारू आदिका साथै ब्राह्मण र क्षत्री जातिका व्यक्तिहरूसमेत भिक्षु बनेर बुद्धानुशासनलाई निरन्तरता दिन लागि परेका छन्। यसरी समावेशी धर्मको सिद्धान्तलाई थेरवादी बुद्धानुशासनले व्यवहारमा प्रयोग गरेको पाइन्छ।

नेपालमा संस्थागत रूपमा थेरवादी बुद्धानुशासनको प्रचारप्रसारका लागि यस सङ्घबाट महत्त्वपूर्ण कार्य हुँदै गयो। विशेष रूपले तत्कालीन राजा त्रिभुवनको बुद्धधर्मप्रति अभिरुचि र भिक्षु अमृतानन्दको राजासँगको सामीप्यले गर्दा राजपरिवारमा समेत बुद्धधर्मको सन्देश प्रचार गर्न महत्त्वपूर्ण अवसर प्राप्त भयो। सन् १९५२ को वैशाख पूर्णिमाका दिन बिहान राजा त्रिभुवन र तत्कालीन युवराज महेन्द्रको सुस्वास्थ्यको कामना गरी भिक्षुसङ्घबाट आनन्दकुटी विहारमा परित्राण पाठ सम्पन्न भयो[८३]। त्यसै दिन बिहान राजा त्रिभुवनको अध्यक्षतामा स्वयम्भू भुईंखेलमा वैशाख पूर्णिमाको अवसरमा सार्वजनिक सभा पनि भयो। त्यस सभामा भिक्षु अमृतानन्द महास्थविरबाट वैशाख पूर्णिमाको दिन अधिराज्यभर सार्वजनिक बिदाको घोषणा गरिदिन निवेदन गरेको फलस्वरूप राजा त्रिभुवनबाट उक्त दिन सार्वजनिक बिदाको घोषणा भएको थियो। यस्तै राजा त्रिभुवनको वि.सं. २०११ मा निधनपश्चात् नेपालको राजा बनेका युवराज महेन्द्रबाट पनि महत्त्वपूर्ण घोषणा गर्ने क्रममा वि.सं. २०१२ फागुन ७ गते लुम्बिनी गई उक्त दिन भएको सार्वजनिक सभामा बुद्धको जन्म, बोधिप्राप्त तथा महापरिनिर्वाण भएको पावन दिन वैशाख पूर्णिमाका दिन नेपाल अधिराज्यभर हिंसा गर्न नपाइने घोषणा भयो[८४]।

सन् १९५६ बौद्धहरूका लागि महत्त्वपूर्ण वर्ष भयो। त्यस वर्ष भगवान् बुद्धको परिनिर्वाण भएको २५०० वर्षको अवसरमा विभिन्न बौद्ध देशहरूमा बौद्ध महोत्सव आयोजना गरिएको थियो। श्रीलङ्का, म्यान्मार, थाइल्यान्ड तथा भारतमा समेत विभिन्न बौद्ध गतिविधिहरू भइरहेका थिए। थेरवादको प्रवर्धनका लागि यो घडी यसकारणले पनि महत्त्वपूर्ण थियो कि म्यान्मारमा ऐतिहासिक छैटौं सङ्गायनाको समाप्तिपछि भव्य रूपले समापनको आयोजना भएको थियो। नेपालका भिक्षुहरू पनि भाग लिन जाने मौका प्राप्त भएको सो छैटौं सङ्गायनाले थेरवादको अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न कार्यक्रमको घोषणा पनि गरिएको थियो[८५]। यहीताका अथवा वि.सं.२०१३ मा चतुर्थ विश्व बौद्ध सम्मेलन गर्ने गौरवपूर्ण जिम्मेवारी नेपाललाई प्राप्त भयो। विश्व बौद्ध भ्रातृत्व सङ्घको यो अन्तर्राष्ट्रिय सम्मेलन त्यस बेला हुन गइरहेको थियो जुन बेला विश्वका अत्यधिक जनमानसले नेपाल भन्ने देश भूगोलमा कहाँ छ भन्ने कुराको समेत पत्तो पाएका

---

८३ भिक्षु सुदर्शन, पूर्वोक्त पादटिप्पणी ८ (पृ. १४०)
८४ भिक्षु सुदर्शन, पूर्वोक्त पादटिप्पणी ८ (पृ. १४०)
८५ भिक्षु सुदर्शन पूर्वोक्त पादटिप्पणी ३ (पृ. ४८)



Downloaded from http://www.dhamma.digital

थिएनन्। विश्वका विभिन्न २७ राष्ट्रका ४० प्रतिनिधिहरूलाई आमन्त्रण गरेर वि.स. २०१३ कात्तिक ३० मा शुभारम्भ गरी मङ्सिर ५ मा सम्पन्न भएको यस सम्मेलनले नेपाललाई विश्वमा परिचित गराउने महत्त्वपूर्ण अवसर दियो।[८६] विभिन्न देशका बौद्ध विद्वान् प्रतिनिधिहरूको सहभागिता रहेको यो सम्मेलन त्यस बेला खुल्ला आकाशमुनि टुँडिखेलको चाकला:सिमा-खरीको रूखको फेदमा मञ्च बनाई सम्पन्न भएको थियो। हाल खुला मञ्च भएको त्यस ठाउँमा त्यस बेला ठूलो रूख थियो।

त्यस सभामा विभिन्न देशका विद्वान् सहभागीहरूको उपस्थिति थियो। त्यसमा पनि विशिष्ट पाहुनाहरूको रूपमा श्रीलङ्काका विख्यात विद्वान् मलालाशेखर, भारतका संविधान निर्माता बाबासाहेब अम्बेडकरहरू प्रमुख आकर्षण रहेका थिए। पालि शब्दकोशको निर्माण गरेर थेरवाद बौद्ध साहित्यलाई अतुलनीय गुण लगाउने मलालाशेखर तथा भारतका दलितहरूलाई बुद्धधर्मको उज्यालो प्रकाश छरेर उनीहरूको जीवनलाई गौरवपूर्ण बनाइदिएका अम्बेडकरको भाषण त्यस बेलाका श्रोताहरूको लागि विशेष महत्त्वपूर्ण थियो। उनीहरूले टुँडिखेलको मञ्चमा अभिव्यक्त गरेका भावनाले नेपालका बौद्धिक समुदायलाई बुद्धको शिक्षाप्रति नतमस्तक तुल्याएको थियो।

**प्रारम्भिक बौद्ध कार्यक्रम**

**६. बुद्धपूजा र धर्मदेशना**

थेरवाद बुद्धानुशासनको पुनर्जागरणकै क्रममा धर्म प्रचारप्रसारलाई तीव्रता दिने कार्यमा सर्वप्रथम नेपालका विभिन्न ठाउँमा बौद्ध क्रियाकलाप हुँदै गयो। त्यस क्रममा सबभन्दा पहिलो कार्यक्रम थियो विभिन्न स्थानमा बुद्धपूजा र धर्मदेशनाको कार्यक्रम। पहिलो गतिविधिका रूपमा विभिन्न ठाउँ-ठाउँमा, टोल-टोलमा बुद्धपूजा र त्यसपछि धर्मदेशनाको कार्यक्रम गर्ने क्रम सुरु भयो। त्यस बेला मानिसहरू बुद्धलाई पूजा गर्दा अन्य देवीदेवताहरूलाई जसरी अक्षता, फूल, नैवेद्य चढाएर मात्र पूजा गर्दथे। त्यस परम्परालाई थेरवादी भिक्षुहरूले केही परिवर्तन गरी नौवटा बुद्धगुण, छवटा धर्मगुण र नौवटा सङ्घ गुणलाई प्रकाश गर्दै किस्तीमा पुष्प, धूप, अन्न, फलफूल, बत्ती आदि राखेर चारैतिर उपासकहरू उभिएर पालैपालो त्यस किस्तीलाई एकले अर्कोलाई हस्तान्तरण गर्दै अन्त्यमा बुद्ध प्रतिमाअगाडि व्यवस्थित रूपले राखेपछि बसेर **त्रिशरण र पञ्चशील** ग्रहण गर्ने र तत्पश्चात् सबै बसेर जलपूजा, खाद्यपूजा, धूपपूजा, पुष्पपूजा आदिका पालि वाक्य वाचन गरेर पूजा सम्पन्न गर्ने परम्परा सुरु भयो। भिक्षु वा अनागारिकाहरूबाट बौद्ध शिक्षाको बारेमा धर्मदेशना गर्ने कार्य गरी सबैलाई बुद्धधर्मको बारेमा

---

८६ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ. १६८)



Downloaded from http://www.dhamma.digital

जानकारी दिने र अन्त्यमा पुण्यानुमोदन र दान प्रदानको कार्य गर्ने एउटा नौलो परम्परालाई सुरु गरियो। यसरी बुद्धपूजा र धर्मदेशनाको निरन्तरताले जनमानसलाई बुद्धशिक्षाबारे जानकारी प्राप्त गर्ने महत्त्वपूर्ण अवसर मिल्यो।

बुद्धको नाउँमा पूजाआजा मात्र गरिने समुदायलाई सार्वजनीन शिक्षाको रूपमा रहेको बुद्धशिक्षाले मानिसहरूमा नैतिक आचरण, चित्तलाई एकाग्र गर्ने अभ्यासबाट जीवनमा महत्त्वपूर्ण उपलब्धि भएको महसुस धेरैले गरे। यसकारण बुद्धपूजाका यस्ता कार्यक्रमहरू उपत्यकाका टोल-टोलमा मात्र नभई गाउँ-गाउँमा र पछि उपत्यकाबाहिर पनि सुरु हुँदै गयो। फलस्वरूप भिक्षुहरू बस्नका लागि आवश्यक विहारहरू निर्माण गर्ने कार्यको पनि थालनी भयो। केही निश्चित समुदायमा मात्र केन्द्रित बुद्धशिक्षालाई सार्वजनीन गर्ने अभियानको रूपमा विभिन्न ठाउँमा बुद्धपूजा, धर्मदेशना, महापरित्राणहरू काठमाडौं उपत्यका तथा उपत्यकाबाहिरका केही ठाउँमा पनि भयो। धर्मको नाउँमा मात्र पूजाआजा र कर्मकाण्डमा अल्झिरहेका मानिसहरू माझ प्रज्ञाज्ञान युक्त जीवनोपयोगी उपदेशहरूको निरन्तरताले अन्धकारमा रुमल्लिरहेका जनमानसमा एक किसिमको मानसिक उत्सुकता जगाउने काम गऱ्यो। कुनै पनि जाति, वर्ग, वर्ण, लिङ्ग र समुदायको भेदभाव नरहेको त्यस बुद्धधर्मको महिमा नेपाली जनताहरूबीच छोटो समयमै अवगत हुन पुग्यो। अझ नेपालका विभिन्न जातजातिका कुलपुत्र र कुलपुत्रीहरू प्रव्रजित हुने क्रमले बुद्धधर्म सबैको साझा धर्म हो भन्ने सही पहिचान पनि तीव्रतर हुँदै गयो।

### ७. विहारहरूको निर्माण र धार्मिक गतिविधिको विकास

युवा भिक्षुहरूको सङ्ख्या वृद्धिसँगै विहारहरूको पनि उल्लेखनीय वृद्धि हुन थाल्यो। किन्डोल र आनन्दकुटीमा मात्र सीमित भिक्षुहरूले उपत्यकाका अन्य ठाउँमा पनि विहारको व्यवस्था गर्दै गए। प्रारम्भिक दिनमा पुराना बौद्ध स्थल तथा सार्वजनिक ठाउँ आदिमा पुराना संरचनाहरूको जीर्णोद्धार गरेर भिक्षुहरू बस्न अनुकूल बनाउने काम भयो। काठमाडौंमा भिक्षु सुदर्शन महास्थविरबाट गणमहाविहारको जीर्णोद्धार भयो। त्यस्तै भाजुरत्न साहूको प्रयासबाट काठमाडौंको नःघलमा श्रीघःविहार स्थापना भयो। त्यस्तै ललितपुरमा श्री सुमङ्गल विहार, शाक्य सिंह विहार, मणिमण्डप विहार, भक्तपुरमा समकृत विहार, मुनि विहार, बनेपामा सुदर्शन विहार, चन्द्रकीर्ति विहार आदिमा भिक्षुहरू बसी दैनिक धार्मिक कार्यकलापमा संलग्न भए। उपत्यकाबाहिर बुटवल, पनौति, पोखरा, तानसेन, लुम्बिनी, कपिलवस्तु, नारायणघाट, हेटौंडा, वीरगञ्ज, त्रिशूली, भोजपुर, चैनपुर, बाग्लुङ, चत्तरा, धरान, धनगढी, उर्लाबारी, विराटनगर, झापा आदि ठाउँमा विहारहरू बन्ने र धार्मिक गतिविधि तीव्र हुँदै गयो।



Downloaded from http://www.dhamma.digital

विहारहरू बनाउनमा विशेष योगदान दिने भिक्षुहरूमा भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु अमृतानन्द, भिक्षु अनिरुद्ध, भिक्षु बुद्धघोष, भिक्षु अश्वघोष, भिक्षु सुमङ्गल, भिक्षु सुदर्शन, भिक्षु ज्ञानपूर्णिक, भिक्षु मैत्री, भिक्षु शुशोभन, भिक्षु बोधिसेन, भिक्षु गुणघोष, भिक्षु शीलभद्र, भिक्षु कालुदायीलगायत अन्य भिक्षुहरूले पनि विहार निर्माणमा अग्रणी भूमिका खेले ।

भिक्षुहरू मात्र नभई नेपालको थेरवादी बुद्धानुशासनलाई अभिवृद्धि गर्न विभिन्न स्थानमा विहारहरू निर्माणमा भिक्षुणी (अनागारिका) गुरुमाहरूले पनि अग्रणी भूमिका खेलेका छन् । विशेष रूपले अनागारिका धम्मवतीले आफ्नो वाकसिद्धि प्रवचनले उपासक–उपासिकाहरूको मन जितेर उपत्यकाको मुटुमै धर्मकीर्ति विहार निर्माण गरिन् । उनले ध्यानकेन्द्रको रूपमा अन्तर्राष्ट्रिय ध्यानकेन्द्र शङ्खमुल, बनेपाको ध्यानकुटी विहार निमार्णमा पनि विशेष योगदान दिइन् । धर्मकीर्तिकै शाखाको रूपमा, सुलक्षणकीर्ति विहार, वसुन्धरा विहार, लुम्बिनीमा गौतमी विहार आदि विहारहरू निर्माण एवं विभिन्न बौद्ध गतिविधि सञ्चालन गरी युवा तथा उपासक उपासिकाहरूमाझ सर्वाधिक लोकप्रिय गुरुमाको रूपमा प्रतिष्ठित बन्न सफल भइन् । अन्य गुरुमाहरूमा अनागारिका धर्मशीला, अनागारिका धर्मचारी, अनागारिका कमला, अनागारिका .सुशीला, अनागारिका माधवी आदि गुरुमाहरूले पनि विहार निर्माणमा तत्परता देखाए ।

**८. थेरवादी भिक्षु तथा अनागारिकाहरूद्वारा शैक्षिक क्षेत्रमा योगदान**

विहार निर्माणका साथै साक्षर र शिक्षित जनसमुदाय कम भएको त्यस बेलाको मागलाई ध्यान दिई स्कुलहरूको पनि निर्माण कार्य सुरु भयो । विशेष गरेर भिक्षु अमृतानन्द महास्थविरबाट स्कुलको औपचारिक शिक्षाका साथै बुद्धको सन्देश कलिला बालकहरूको हृदयमा बीजारोपण गर्न सन् १९५२ मा आनन्दकुटी विहारनजिकै स्वयम्भूको पश्चिममा आनन्दकुटी विद्यापीठ स्थापना गरी शिक्षाक्षेत्रमा पनि जागरण ल्याउने कार्य भयो । यस स्कुलको पढाइको स्तर उच्चस्तरको भएकाले अभिभावकहरू आफ्ना बालकहरू भर्ना गर्न धेरै लालायित हुन्थे । विशेष गरेर भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, भिक्षु सुदर्शन आदि प्रख्यात भिक्षुहरूको अनुशासनमा रहेर पढ्ने अवसर पाएका यस स्कुलका विद्यार्थीहरूले आफ्नो भविष्य सुनिश्चित गर्ने मौका प्राप्त गरे । नेपालमा नयाँ शिक्षा योजना सुरु हुनुभन्दा अगाडि यो स्कुललाई एक नम्बरको स्कुलका रूपमा लिने गरिन्थ्यो । यस स्कुलबाट वि.सं.२०३१ मा धेरै छात्रहरू एस्.एल्.सी बोर्डमा प्रथम श्रेणीमा आउन सफल भएका थिए । जनमानसलाई साक्षर र शिक्षित बनाउन खोलिएको यस



Downloaded from http://www.dhamma.digital

स्कुलको स्थापनाको २५ वर्षपछि सन् १९७७ मा छात्राहरूलाई पनि अध्यापन गर्ने हेतुले **आनन्दकुटी कन्या विद्यापीठ** पनि स्थापना भयो।[८७]

यस्तै औपचारिक बौद्ध शिक्षालाई जनमानससमा फैलाउन अनागारिका माधवीबाट पनि यशोधरा बौद्ध विद्यालयको स्थापना भयो। विशेष गरेर ललितपुर जिल्ला पाटनका बौद्ध बालबालिकाहरूलाई लक्षित गरी बुद्धधर्मको शिक्षा दिने बौद्ध परियत्ति पनि समावेश गरी यस स्कुलले शिक्षाको उज्यालो घामको साथै बुद्धको अमृतमय शिक्षा जनमानससमा दिन सक्षम भयो। औपचारिक शिक्षामा नर्सरी र के.जी. जस्ता साना नानीहरू पढ्ने स्कुलमा पनि बुद्धको सन्देश राख्न आवश्यक ठानी भिक्षु सुमङ्गल महास्थविरबाट वि.सं. २०३१ मा **सिद्धार्थ शिशु निकेतन** नामको शिक्षण संस्था गणमहाविहारमा सञ्चालन गर्ने कार्य भयो। पछि यो शिक्षण संस्था भृकुटी मण्डपको बुद्धविहारमा सञ्चालन भयो[८८]। यस प्रकार थेरवाद बौद्ध भिक्षु तथा अनागारिकाहरूबाट स्कूल स्थापना गर्ने क्रम जारी नै रह्यो। अनागारिका त्राणवतीबाट भास्सरा माध्यमिक विद्यालय, धर्मकीर्ति विहारको तर्फबाट धर्मकीर्ति शिक्षा सदन तथा पाटनको बौद्ध संस्था नेपाल Y MBA बाट पनि स्कुल स्थापना गरी शिक्षासँगै बुद्धधर्म प्रचारमा बौद्ध भिक्षु तथा भिक्षुणीहरू लागिरहेका छन्।

## ९. सङ्घाराम भिक्षु तालिम केन्द्रको स्थापना –

गृहस्थ बालबालिकाहरूका लागि शिक्षा दिने स्कुलहरूको साथसाथै प्रव्रजित बालबालिकाहरूका लागि छुट्टै शिक्षण संस्थाको आवश्यकता महसुस गर्दै सर्वप्रथम काठमाडौंको ढल्कोस्थित सङ्घाराम विहारमा भिक्षु अश्वघोष महास्थविरको विशेष पहलमा भिक्षु मैत्री र भिक्षु सुशोभनको योगदान तथा उपासक द्वारिकादास तथा अनागारिका सङ्घरक्षिताको आर्थिक सहयोगमा सङ्घाराम भिक्षु तालिम केन्द्रको स्थापना सन् १९८१ सालमा भयो[८९]। उक्त तालिम केन्द्रमा पटकपटक गरी नेपालका कुलपुत्रहरूलाई प्रव्रजित गराई शिक्षा दिने कार्य सम्पन्न भयो। यहाँबाट प्रारम्भिक शिक्षा प्राप्त गरिसकेपछि विभिन्न बौद्ध देशहरूमा उच्चशिक्षा अध्ययनका लागि पठाउने प्रकृया पनि चल्यो। विशेष गरी यस तालिम केन्द्रबाट श्रीलङ्कामा श्रामणेरहरूलाई उच्चशिक्षा अध्ययनार्थ पठाउने कार्य भयो।

सन् १९९५ मा विश्वशान्ति विहार निर्माणपश्चात् उक्त विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरको पहलमा श्रामणेरहरू बनाई माध्यमिक तथा

---

८७ तीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२ (पृ. १२१-१२७)

८८ कुमार रञ्जिन, धम्मदूत (इ.सं. २००८), काठमाडौं श्री कीर्ति बौद्ध केन्द्र

८९ Sarah levina and David N Gelner, **Rebuilding of Buddhism** (2005 A.D). London Harvard University Press (P 104)



Downloaded from http://www.dhamma.digital

उच्चशिक्षा दिने कार्यमा विशेष पहल गरियो।[९०] यस्तै आनन्दकुटी विहारबाट पनि श्रामणेरहरू बनाएर उच्चशिक्षा अध्ययनार्थ पठाउने कार्य पनि निरन्तर भइरहेको छ।

थाइल्यान्डबाट फर्केका भिक्षु विपस्सी धम्मारामोबाट भक्तपुरको इनाच्वस्थित मुनि विहारमा सन् २००३ देखि स-साना बालकहरूलाई श्रामणेर बनाई केही समय त्यही विहारमा तालिम दिई थाइल्यान्डमा अध्ययनार्थ पठाउने कार्य सुरु भयो। यसरी श्रामणेर हुनेहरूमा नेपालका विभिन्न ग्रामीण क्षेत्रका जनजातिहरूको उल्लेखनीय सङ्ख्या रहेको छ।[९१]

**१०. बुद्ध जीवनीसँग सम्बन्धित विभिन्न महत्त्वपूर्ण तिथिमा मनाइने उत्सवहरू**

**क. वैशाख पूर्णिमा वा बुद्ध जयन्ती महोत्सव**

सिद्धार्थको जन्म, बुद्धत्व लाभ र बुद्धको महापरिनिर्वाण भएको त्रिसंयोग सम्पन्न दिन वैशाख पूर्णिमालाई भव्य रूपमा मनाउने चलन नेपालमा भोजपुरबाट सुरु भएको थियो। काठमाडौं उपत्यकामा सार्वजनिक समारोहका रूपमा वि.सं.२०११ मा राजा त्रिभुवनको अध्यक्षतामा स्वयम्भूको भुईंखेलमा बुद्धजयन्ती मनाउने कार्यको थालनी भएको थियो। पछि यस महत्त्वपूर्ण समारोहलाई संस्थागत रूपमा मनाउन बुद्ध जयन्ती समारोह समिति गठन भयो। उक्त समारोह समितिले आनन्दकुटी विहारमा विहानदेखि बुद्धपूजा, अस्थिधातुको प्रदर्शन र सर्वसाधारणलाई क्षीर भोजन तथा दिउँसो सार्वजनिक सभा गर्ने कार्यको सुरुवात गऱ्यो, त्यस सार्वजनिक सभामा सरकार प्रमुख वा प्रधानमन्त्रीलाई मुख्य अतिथिका रूपमा निम्त्याएर अन्य बौद्ध देशका राजदूतहरूलाई विशेष अतिथिका रूपमा निमन्त्रणा गर्ने कार्य र प्रत्येक तीन वर्षमा एकचोटि राष्ट्राध्यक्ष वा राजालाई नै निम्त्याएर सार्वजनिक सभा मनाउने चलन सुरु भएको थियो। प्रत्येक तीन वर्षमा आनन्दकुटीमा भएको अस्थिधातुलाई काठमाडौं सहर परिक्रमा गराउने कार्य पनि निरन्तर सम्पन्न भइरहेको छ[९२]।

विगत केही वर्षदेखि बुद्धजयन्ती समारोह समितिबाट नेपालका विभिन्न जिल्लाहरूमा पनि बुद्धजयन्ती मनाउने प्रचलनलाई बढावा दिन वैशाख पूर्णिमाको दिन भिक्षुहरू तथा अनागारिकाहरूलाई पठाउने व्यवस्था पनि गर्दै आइरहेको छ।

**ख. आषाढ पूर्णिमा महोत्सव**

आषाढ पूर्णिमा पनि बौद्धहरूका लागि महत्त्वपूर्ण पर्व हो। यो चलन

---

९० *Ibid*

९१ मगाह लेबिना एन्ड डेभिड एन गेल्नर, पूर्वोक्त पादटिप्पणी ३२ (पृ. १३९)

९२ नीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२ (पृ. ९९)



Downloaded from http://www.dhamma.digital

विभिन्न बौद्ध देशहरूमा रहेको छ। यस दिन बुद्धको जीवनमा महत्त्वपूर्ण घटनाहरू भएको मानिन्छ। बोधिसत्वको गर्भ प्रवेश, महाभिनिष्क्रमण, सर्वप्रथम धर्मदेशना वा धर्मचक्र प्रवर्तन, यमक प्रतिहार्य देखाएको, अभिधर्मको देशना गरेको, वर्षावास प्रारम्भ तथा प्रथम सङ्गायनाको सुरुवात भएको महत्त्वपूर्ण संयोग परेको उक्त दिनलाई आषाढ महोत्सवका रूपमा नेपालका विभिन्न ठाउँहरूमा धूमधामका साथ मनाउने चलन पनि चल्दै आइरहेको छ। त्यस अवसरमा विभिन्न प्रकारका प्रतियोगिताहरू जस्तै : हाजिरी जवाफ, वक्तृत्वकला आदि कार्यक्रम गर्ने चलन हुँदै आइरहेको छ, जसबाट सहभागी तथा दर्शकहरूलाई समेत धर्मको ज्ञान प्राप्तगर्ने सुअवसर प्राप्त भइरहेको छ। आषाढ पूर्णिमाको दिनलाई भव्य उत्सवका रूपमा मनाउन वि.सं २०४० मा गणमहाविहारबाट समिति नै निर्माण गरी केही वर्ष भगवान् बुद्धको मूर्तिलाई हात्तीमा राखी नगर परिक्रमा गर्ने परम्परा सुरु भएको थियो। तर यो परम्परा केही वर्ष मात्र भयो। त्यस दिन विभिन्न विहारमा धर्मचक्र सूत्रको देशना, प्रवचन गरिने कार्यक्रम आदि निरन्तरत भइरहेका छन्।

### ग. शस्त्रपरित्याग दिवस

बुद्धानुशासनलाई महत्त्वपूर्ण योगदान दिने सम्राट् अशोक सुरुमा धेरै चण्ड स्वभावका थिए। तर श्रामणेर निग्रोध र भिक्षु मोग्गलिपुत्त तिस्सको उपदेशबाट उनी धर्मप्रति श्रद्धालु भई सुधिए। अशोकले कलिङ्गयुद्धमा मारिएका मानिसहरूको वीभत्स लास देखेर र बुद्धवचनको प्रभावले युद्धप्रति विरक्तिएर आइन्दा आफ्नो साम्राज्य बढाउने उद्देश्य नै त्यागेर लडाइँ नलड्ने प्रण गरी शस्त्र त्याग गरेको थियो। आफ्ना बाजे चन्द्रगुप्त मौर्यकालीन तरवारलाई आइन्दादेखि अन्यायपूर्ण कार्यमा प्रयोग नगर्ने प्रण गरेर शस्त्र त्याग गरेको दिनका रूपमा असोज शुक्ल पक्षको दशमी जसलाई विजयादशमी पनि भनिन्छ, उक्त दिनलाई बौद्ध मान्यताअनुसार शस्त्रपरित्याग अर्थात् निःशस्त्रीकरण दिवसका रूपमा मनाउने चलन पनि सुरु भयो।

यस दिनको अवसरमा नेपालका केही बौद्धहरूले वि.सं. २०५० देखि शस्त्रपरित्याग दिवस मनाउने चलन प्रारम्भ गरेका थिए। युवा बौद्ध समूहबाट सङ्घाराममा उक्त दिनको महत्त्वलाई प्रचार गर्ने हेतुले एक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो। त्यस वर्षदेखि विभिन्न ठाउँमा यो दिवस मनाउने चलन चल्यो। शस्त्रपरित्याग दिवसको सकारात्मक प्रभावका रूपमा हिन्दूहरूको महान्पर्वका रूपमा रहेको दसैं विजयादशमी-पर्वलाई पनि हिंसामय बनाउन हुँदैन, हिंसात्मक दसैं मनाउने कार्यलाई बन्द गर्नुपर्छ भन्ने जागरुकता आएको छ र हिन्दूहरूले समेत अहिंसाको निम्ति आवाज उठाउन थालेका छन्। बौद्ध क्षेत्रमा शस्त्रपरित्याग दिवस कार्यक्रमलाई निरन्तरता दिने कार्य थेरवाद केन्द्रीय दायक परिषद्बाट भएको छ।



Downloaded from http://www.dhamma.digital

घ. कथिन चीवर दान

थेरवादी परम्पराको महत्त्वपूर्ण उत्सवका रूपमा कथिन चीवर दानको परम्परालाई पनि लिइन्छ। थेरवादको पुनर्जागरणकालमा कथिन चीवर दानको परम्परा त्यति थिएन, तर भिक्षु सुदर्शन महास्थविरबाट कीर्तिपुरमा गरिएको ऐतिहासिक कथिन उत्सवबाट यसको महत्त्व सबैले बुझ्ने मौका प्राप्त भएको र त्यस ऐतिहासिक कथिन दानपछि उपत्यकाका विहार तथा उपत्यकाबाहिरका विहारहरूमा यसलाई महत्त्वपूर्ण उत्सवका रूपमा मनाउने चलन चल्यो।

थेरवादी परम्परामा आषाढ पूर्णिमादेखि आश्विन पूर्णिमासम्म वर्षातको महिना हुने भएकाले भिक्षुहरू यताउती नगइकन तीन महिनासम्म एउटै विहारमा बसेर गुणधर्म पालन गर्ने परम्परालाई वर्षावास भनिन्छ। भिक्षुहरूको वरिष्ठताको मापदण्डको मापन पनि कुनै भिक्षु कतिचोटि वर्षावास बसेको छ त्यसका आधारमा गरिन्छ। भगवान् बुद्धको समयदेखि चलन चलेको यो विनय नियमलाई प्रत्येक थेरवादी बौद्धहरूले अद्यापि निरन्तरता दिइरहेको पाइन्छ। वर्षावासको समाप्तिपछि चीवर दान दिने उत्सवलाई कथिन उत्सव भनिन्छ। नेपालमा पनि यस परम्पराको सुरुवात थेरवादी भिक्षुहरूको प्रादुर्भावदेखि निरन्तर भइरहेको छ।

कथिन चीवरको वास्तविकता जनमानसलाई बुझाउन कीर्तिपुरमा वि.सं २०३१ कार्तिकमा भिक्षु सुदर्शन महास्थविरको नेतृत्वमा गरिएको कठिन दान ऐतिहासिक बन्नुको कारण एकै दिन कपासबाट धागो बनाई, धागोलाई तानमा राखेर कपडा बुनी त्यसलाई रङ्ग्याई, सिलाई गरी एकै दिनमा चीवर निर्माण गरी चीवर दान दिने कार्य सम्पन्न भएको थियो। त्यसपछि भिक्षुहरू वर्षावास बस्ने प्रत्येक विहारमा कथिन चीवर दानको परम्परा सुरु भयो। कथिन चीवर दान दिने कार्य वर्षावास समाप्त भएको आश्विन पूर्णिमादेखि एक महिनाभित्र गर्नुपर्ने नियम थियो। उपत्यकामा थेरवादको पुनर्जागरणकालमा विहारहरूको सङ्ख्या सीमित मात्र रहेकाले कथिन दान कार्य प्रत्येक दिन एउटा मात्र हुने परम्परा थियो। तर विहारहरूको सङ्ख्या बढ्दै गएपछि एकै दिनमा दुई वा तीन ठाउँमा पनि कथिन चीवर दान दिने परम्परा सुरु भयो। कुनैकुनै दिन बिहान एउटा विहारमा र दिउँसो अर्को विहारमा गर्ने चलन पनि चल्यो। विशेष रूपले वर्षावास समाप्त भएको एक महिना थेरवादी उपासक उपासिकाहरू भिक्षुसङ्घ तथा अनागारिकाहरूलाई दान दिने उत्सवका रूपमा लिने गरिएको छ। त्यागी जीवन धारण गरेका प्रव्रजित भिक्षुसङ्घ तथा अनागारिकाहरूलाई श्रद्धापूर्वक दान दिने यो परम्पराले गृहस्थहरू दानकार्यमा सरिक हुन पाउने भई मन प्रसन्न हुने र प्रव्रजितहरूलाई आवश्यक वस्तुहरू प्राप्त भै भिक्षुहरूले विनय–नियमलाई राम्ररी पालन गर्न सहज वातावरण तयार हुने भएकोले यसलाई महत्त्वपूर्ण अवसर मानिन्छ।



Downloaded from http://www.dhamma.digital

कथिनोत्सवमा भिक्षुहरू, अनागारिका गुरुमाहरू तथा उपासक उपासिकाहरूको जमघट हुने भएकाले बुद्धानुशासनका लागि आवश्यक कार्यका बारेमा पनि अनौपचारिक छलफलको वातावरण पैदा हुने भएकोले यसलाई एउटा महत्त्वपूर्ण ज्ञानदानको अवसरका रूपमा पनि लिन सकिन्छ।

यस उत्सवले नेपालको सम्बन्ध विदेशी बौद्धहरूसँग परिष्कृत गर्न पनि मौका प्रदान गरेको छ। विभिन्न बौद्ध देशका उपासक-उपासिका अझ राज्य स्तरबाट समेत नेपालका विभिन्न विहारमा कथिनोत्सवको दाताका रूपमा कार्यक्रम आयोजना गर्ने क्रम पनि बढिरहेको छ। यसलाई सुखद विषयका रूपमा लिनुपर्दछ। थाइल्यान्ड, मलेसिया, म्यान्मार, हङकङ, जापान आदि ठाउँबाट नेपालमा कथिनोत्सव मनाउने परम्पराअन्तर्गत शाक्य सिंह विहार, नगरमण्डप श्रीकीर्ति विहारमा र मुनि विहार भक्तपुरमा थाइल्यान्डका सङ्घराजका तर्फबाट धेरै पटक कथिनोत्सव मनाउने कार्य भइसकेको छ। विश्वशान्ति विहारमा धेरैजसो मलेसियाका उपासक उपासिकाहरू आएर कथिनोत्सव मनाउने कार्य निरन्तर भइरहेको छ।

## घ. आयु संस्कार परित्याग दिवस

भगवान् बुद्धले आफ्नो परिनिर्वाणको ठीक तीन महिनाअगाडि माघ पूर्णिमाको दिन आयुसंस्कार परित्याग गरी त्यसको तीन महिनाभित्र ८० वर्षको उमेरमा महापरिनिर्वाण हुने घोषणा गर्नुभएको थियो। यसै दिनको सम्झनामा नेपालमा आयुसंस्कार परित्याग दिवस मनाउने परम्परा वि.सं २०५५ तिरबाट सुरु भएको थियो। गणमहाविहारमा भिक्षु सुबोधानन्द महास्थविरको अध्यक्षतामा र ज्ञानमान शाक्यको पहलमा सुरु भएको यस कार्यको लागि न्युरोडका भ्वाइस अफ रेडियो परिवारका न्हुछेरत्न शाक्य तथा दिलरत्न शाक्यको प्रायोजकत्वमा आयु-संस्कार परित्याग दिवस मनाउने चलन सुरु भएको थियो। यस कार्यक्रममार्फत् भगवान् बुद्धको आयुसंस्कार परित्यागको सन्दर्भमा घटेका घटना र यस दिनको महत्त्व प्रकाश पार्ने हिसावले पुस्तिका प्रकाशन गरी वितरण पनि गरिएको थियो। यस कार्यक्रम सुरुका वर्षहरूमा भगवान् बुद्धको मूर्तिलाई नगर परिक्रमा गराई मनाएको थियो। हाल यस कार्यक्रमको निरन्तरता नगदेश बुद्ध विहार ठिमीका तर्फबाट कृष्णकुमार प्रजापतिको नेतृत्वमा सम्पन्न भइरहेको छ।

## ११. ज्ञानमाला भजन

ज्ञानमाला भजन खल: सन् १९३७ अर्थात् वि.सं. १९८४ मा राणाकालमै थेरवाद-बुद्धधर्मको पुनर्जागरणसँगै सुरु भएको थियो। अन्य धर्मको भजन जस्तै भक्ति– गीतमा मात्र सीमित नभई यसले समग्र समाजमा भाषिक, सामाजिक र धार्मिक जागरण कार्य गर्ने संस्था बनेर यसले काम सुरु गरेको थियो।



Downloaded from http://www.dhamma.digital

प्रारम्भकालमा स्वयम्भूको सत्तलबाट सुरु भएको भजन हाल समग्र उपत्यकामा रहेका विहारहरूका साथै उपत्यकाबाहिरका विहारहरूमा पनि विस्तार भइसकेको छ। थेरवाद-बुद्धधर्मको जागरणसँगसँगै स्थापना भएको यस सङ्घलाई भजन गर्न आवश्यक गीत रचनाको सङ्गृहीत ज्ञानमाला पुस्तक भिक्षु प्रज्ञाविभंस महास्थविरले कुशीनगरबाट छपाइं गर्ने कार्य गर्नुभएको थियो। नेपालमा त्यस बेला नेपाल भाषा र बुद्धधर्मको पुस्तक छाप्न प्रतिबन्ध जस्तै थियो। भारतबाट छापेर ल्याएको पुस्तिका भेटिएकाले तत्कालीन भिक्षु धम्मालोकलाई सजाय पनि सुनाइएको थियो। ज्ञानमाला भजनलाई राणा शासकहरूले मन नपराएको कारणले सन् १९४४ मा ज्ञानमाला पुस्तकका प्रतिहरू जफत गरिएको थियो[९३]। त्यस्तै सन् १९४५ मा स्वयम्भूमा ज्ञानमाला भजन गरिरहेको समयमा पुलिसहरू आएर हङ्गामा मच्चाए र ज्ञानमालाका पुस्तिकाहरू लुटेर लगेका थिए। पछि राणाशासकहरूको पतनसँगसँगै ज्ञानमालाको विकास उन्मुक्त वातावरणमा भयो र राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा यसको विकास भयो। हाल नेपालभरि ७० भन्दा बढी ज्ञानमाला सङ्घ निर्माण भइसकेको र यसको छाता संस्थाको रूपमा राष्ट्रिय ज्ञानमालाको स्थापना पनि भइसकेको छ। यसबाट देशका विभिन्न भागमा प्रत्येक वर्ष सम्मेलन गर्ने कार्यकलापहरू भैरहेको छ र देशबाहिर कालिङ पोङ र बेलायतसम्म पनि यसको सञ्जाल फैलिएको छ।[९४]

थेरवादी बुद्धानुशासनलाई विकास गर्ने कार्यमा ज्ञानमालाको महत्त्वपूर्ण भूमिका रहेको छ। थेरवाद बुद्धधर्मको पुर्जागरण सँगसँगै ज्ञानमालाको पनि प्रचार भएको थियो। यसले धार्मिक जागरणका साथै सामाजिक जागरणमा पनि उत्तिकै योगदान दिएको थियो। विशेष गरेर पुनर्जागरण कालमा यसले समाजलाई जागरण गर्ने कार्यमा प्रमुख भूमिका निर्वाह गरेको थियो। सामाजिक जागरणका गीत तथा भजनहरू नेपालका विभिन्न ठाउँमा गएमा शासन सत्ता नै पल्टिने डरले राणा प्रधानमन्त्री जुद्धशमशेरले नेपालभाषामा लिखित ज्ञानमाला बेचेको सजायस्वरूप भक्तबहादुर नामका एक पुस्तक व्यापारीको सर्वस्व हरण गरेको थियो। यसरी ज्ञानमाला भजनमा बन्देज लगाए तापनि यसको विकासलाई रोक्न सकेनन्। यसको लोकप्रियता दिनानुदिन बढ्दै गयो। भिक्षु धम्मालोक र भिक्षु अमृतानन्दको प्रयासमा ज्ञानमाला भजनका पुस्तक प्रकाशित भए। ती पुस्तकमा बुद्धधर्मको सन्देश अन्तर्निहित छ। यस्ता सन्देशमूलक गीत-भजन लेख्नमा भिक्षुहरू, कविहरू, सर्वसाधारणहरूले निरन्तरता दिँदै गए फलस्वरूप नेपालमा अहिलेसम्म सर्वाधिक संस्करण निस्केको बौद्ध पुस्तकको रूपमा ज्ञानमाला भजनको पुस्तक रहन आएको छ। ज्ञानमाला भजन गर्नका लागि स्वयम्भूमा ज्ञानमाला

---

९३ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ १६६)

९४ डेभिड गेल्नर, ज्ञानमाला भजन, (डिमोसनल सङ्ग्स) (सन् २००८), यु.के लुम्बिनी नेप्लिज बुद्धधर्म सोसाइटी



Downloaded from http://www.dhamma.digital

भजन सतल नामकरण गरेर भजनको कार्यक्रमलाई निरन्तरता दिने कार्य भयो जुन अहिलेसम्म निरन्तर चलिरहेको छ। यस ज्ञानमाला भजनको प्रभावले विभिन्न गाउँ-गाउँमा पनि बुद्धधर्म प्रचार हुन सकेको छ। फलस्वरूप अहिले प्रत्येक थेरवाद विहारहरूमा **ज्ञानमाला भजन खलः** भनेर सङ्गठित भइरहेको देख्न सकिन्छ। पुनर्जागरणपछिको प्रारम्भिक समयदेखि अहिलेसम्म पनि विभिन्न बौद्ध कार्यकलापहरू जस्तै बुद्धपूजा, महापरित्राण, धर्मदेशना आदि कार्यक्रममा ज्ञानमाला भजन खलःको तर्फबाट बुद्धको सन्देश युक्त भजन गाएर सुरु गर्ने चलन चलिरहेकै छ।

ज्ञानमाला भजनको माध्यमबाट नेपालका भिक्षुहरू महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु शाक्यानन्द, भिक्षु अनिरुद्ध, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, भिक्षु सुदर्शन आदि अग्रज भिक्षुहरूले बुद्धको सन्देशलाई जनमानसमा प्रवाहित गरेका थिए। यसबाहेक नेपालका प्रसिद्ध साहित्यकारहरूले पनि बुद्धको शिक्षालाई गीतमा ढाल्ने काम गरेर आफूलाई मात्र नभई अरूलाई पनि सद्धर्मको रस चखाउने कार्य गरे। नेपालका सुप्रसिद्ध कविकेशरी चित्तधर हृदय, योगवीरसिंह कंसाकार, सिद्धिचरण श्रेष्ठ, दुर्गालाल श्रेष्ठ आदि ख्यातिप्राप्त प्रतिभाले ज्ञानमालाको लागि गीत रच्नु भई धर्मजागरणमा एक पाइला अगाडि बढाउन मदत गरे।

### १२. बौद्ध तीर्थयात्राको आरम्भ

भगवान् बुद्धले आफ्नो जीवन कालमा चार स्थानलाई संवेजनीय स्थल भनेर घोषणा गरेका थिए। ती ठाउँहरू हुन् :

**लुम्बिनी** : जहाँ सिद्धार्थको जन्म भयो।

**बुद्धगया** : जहाँ सिद्धार्थले बुद्धत्व प्राप्त गरे।

**सारनाथ** : जहाँ भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गरे।

**कुशीनगर** : जहाँ भगवान् बुद्धको परिनिर्वाण भयो।

श्रद्धालुहरूले यी पवित्र स्थानहरूलाई धर्मप्रति श्रद्धा तथा धर्म अभ्यासमा प्रेरणा जगाउन सक्ने ठाउँका रूपमा लिए। भगवान् बुद्धले यसलाई दर्शनीय स्थलको रूपमा लिएको यी ठाउँ बौद्ध तीर्थस्थल हुन्। यसै कुरालाई हृदयङ्गम गरी थेरवादको सुरुवातसँगै नेपालका उपासक उपासिकाहरूलाई ती विभिन्न स्थानहरूमा सामूहिक तीर्थयात्रा लैजाने परम्परा थालियो। यसमा अग्रणी भूमिका खेल्नेहरूमा भिक्षु तथा उपासक नै थिए। **स्वयम्भू ज्ञानमाला भजनखलः**का सदस्यहरूको पहलमा पहिलो ऐतिहासिक तीर्थयात्रा २०२३ सालमा सम्पन्न भयो। भिक्षु सुदर्शन – त्यस बेला श्रामणेर थिइन्। उनको नेतृत्वमा ३२५ तीर्थयात्रीहरूलाई चार संवेजनिय स्थलका साथै भारतका अन्य सहरहरूमा स्पेशल रेलको व्यवस्था गरी १५ दिनको तीर्थयात्रा सम्पन्न गराइएको थियो। यस



Downloaded from http://www.dhamma.digital

ऐतिहासिक तीर्थयात्राको सफलता पछि पछिल्ला दिनहरूमा पनि यस्ता तीर्थयात्राहरूको आयोजना हुँदै आएका छन् । वि.सं. २०२८ को दोस्रो तीर्थयात्रा पहिलो भन्दा समय र सङ्ख्याको हिसावले ठूलो थियो । भिक्षु सुदर्शन र तीर्थनारायण मानन्धरको नेतृत्वमा ५२० जना तीर्थयात्रीहरू सहभागी भएको उक्त तीर्थयात्रालाई भारत सरकारले समेत स्वागत गरेको थियो । नेपाली तीर्थयात्रीहरूको सम्मानमा तत्कालीन राष्ट्रपति नीलम सञ्जीवा रेड्डी र प्रधानमन्त्री इन्दिरा गान्धीसमेतले तीर्थयात्रीहरूलाई भेट्ने काम भएको थियो । राष्ट्रपति भवनको प्राङ्गणमा सबै तीर्थयात्रीहरूलाई चियापान गराइएको थियो । त्यस्तै वि.सं. २०३४ मा भएको तीर्थयात्राको सङ्ख्या ६२८ पुगेको थियो । यसरी यी तीन तीर्थयात्राको कार्यक्रमले नेपालका बौद्धहरूलाई बौद्ध तीर्थस्थलहरूसँग परिचित गराउने काममा महत्त्वपूर्ण भूमिका खेल्यो । यसले नेपाल र भारतको सम्वन्ध सुमधुर बनाउन पनि मदत गऱ्यो । तीर्थयात्राको यस परम्पराको निरन्तरता पछिका दिनमा पनि थेरवादी भिक्षु तथा अनागारिकाहरूको नेतृत्वमा सञ्चालन हुँदै आइरहेको छ र हाल आएर भारतबाहेक अन्य बौद्ध देशहरू, श्रीलङ्का, थाइल्यान्ड, म्यान्मार आदि ठाउँमा पनि तीर्थयात्राको आयोजना हुँदै आइरहेको छ जसबाट नेपाल र अन्य बौद्ध देशहरूसँगको सम्वन्ध सुमधुर बन्न सघाइरहेको छ ।[९५]

### १३. बौद्ध पत्रपत्रिकाको प्रकाशन

थेरवादी बुद्धानुशासनको पुनर्जागरणसँगसँगै बौद्ध पत्रिका प्रकाशन गर्ने कार्य पनि सुरु भएको थियो । नेपालमा प्रेस सेवाको विकाश भइनसकेको र छाप्ने वातावरण नभएको परिस्थितिमा पनि धर्म र भाषाप्रति श्रद्धालुहरूवाट पत्रपत्रिकाको प्रकाशन कार्य सुरु गरिएको थियो । यसै क्रममा जगत्मान वैद्य (धर्मादित्य धर्माचार्य) कलकत्तामा अध्ययनार्थ जाँदा त्यहाँ प्रकाशन हुने धर्मदूत पत्रिकावाट प्रभावित भएर सन् १९२६ मा **"बुद्धधर्म व नेपालभाषा"** नामक पत्रिकाको प्रकाशन सुरु गरेका थिए[९६] । बुद्धधर्म र नेपालभाषाका साथै अन्य भाषाहरूलाई उकास्न नै नदिने त्यस बेलाको राणाशासकको नीतिलाई चुनौती दिँदै विदेशी भूमिमा निकालिएको त्यस पत्रिकाले धर्म र भाषाको जागरणमा धेरै योगदान दिने कार्य गऱ्यो । नेपालभाषा र बुद्धधर्मप्रति श्रद्धालुहरूका लागि त्यस वेला कलकत्ताको महावोधि सोसाइटीले प्रकाशन गर्ने हिन्दी भाषाको धर्मदूत पत्रिकामा समेत नेपालभाषावाट पनि धर्मसम्वन्धी लेख छापिने क्रम सुरु भएको थियो । एउटा

---

९५ तीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२ (पृ. ७३-७८)

९६ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ. १६३)



Downloaded from http://www.dhamma.digital

हिन्दी भाषाको पत्रिकामा नेपालभाषाको लेख छापिनुलाई भारतका बौद्धहरूको नेपालप्रतीको मैत्री भावनाको महत्त्वपूर्ण उपमा मान्न सकिन्छ ।

बुद्धधर्म र नेपालभाषाप्रतीको लगावको फलस्वरूप पछि धर्मोदय सभाको प्रकाशनमा "धर्मोदय" नामक पत्रिका निकाल्न थालियो । नेपालभाषाको यो पत्रिका पहिला कलकत्तामा छापिएर भिक्षु महानामको प्रयासमा नेपाल ल्याई पाठकहरूको माफ पुऱ्याउने गरिन्थ्यो । त्यस पत्रिकाको लागि आवश्यक न्युजप्रिन्ट साहू मणिहर्ष ज्योतिद्वारा उपलब्ध हुन्थ्यो । उक्त पत्रिका भिक्षु सुदर्शन तथा नेपालभाषासेवी फणीन्द्ररत्न वज्राचार्यबाट सम्पादन भई धेरै अङ्कसम्म निरन्तर प्रकाशित हुँदै रह्यो ।[१७]

पछि कलकत्तामा रहेको धर्मोदय सभा नेपालमा सारिसकेपछि भने धर्मोदय पत्रिका निस्कने क्रम बन्द भएको थियो । किनभने वि.सं. २००१ मा देशनिकाला गरिएका भिक्षुहरू नेपालमा आइसकेको र कलकत्ताको धर्मोदय कार्यालयमा पनि कोही नभएकाले त्यहाँबाट प्रकाशन हुने वातावरण बनेन र नेपालमा पनि पत्रिका प्रकाशनको कार्यमा कानुनी अड्चन भएकाले धर्मोदयको प्रकाशन केही समय स्थगित हुन पुगेको थियो । पछि केही अङ्क भारतको कालिम्पोङबाट पनि प्रकाशन भएर आएको थियो ।

वि.सं. २०२९ मा आनन्दकुटी विहार गुठीबाट "आनन्दभूमि" पत्रिका प्रकाशन गर्ने कार्य भयो ।[१८] यस पत्रिकाको सुरुका सम्पादक भिक्षु अश्वघोष महास्थविर र व्यवस्थापनमा भिक्षु महानाम रहेका थिए । सुरुमा नेपालभाषामा मात्र लेख निस्केको यस पत्रिकामा पछिल्लो समयमा नेपाली र अङ्ग्रेजी भाषामा समेत लेखरचनाहरू छापिन थाल्यो ।

आनन्दभूमि पत्रिका प्रकाशन भएको केही समयपश्चात् वि.सं २०२९मा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट भिक्षु अश्वघोष महास्थविरकै सम्पादकत्वमा "धर्मकीर्ति" नामक बौद्ध पत्रिका प्रकाशन गर्ने कार्य भयो ।[१९] उपत्यकामा यी दुई बौद्ध मासिक पत्रिका प्रकाशन भइरहकै बेला पोखराको धर्मशीला बुद्ध विहारबाट पनि मासिक रूपमा "धर्मचक्षु" नामको पत्रिका निस्कन थाल्यो । नेपाली भाषामा निस्कने यस पत्रिकाका सम्पादक हुन् तिलकमान गुभाजू । वि.सं. २०६२ मा उपत्यकामा अर्को नयाँ मासिक पत्रिका "अमृतोपदेश" आनन्दभुवन विहारबाट भिक्षु सङ्घरक्षितको सम्पादकत्वमा प्रकाशन सुरु भयो ।

मासिकबाहेक विभिन्न विहारहरूबाट वर्षको एक पटक विशेष गरी वैशाख पूर्णिमाको दिन पत्रिका निकाल्ने कार्य पनि हुँदै आइरहेको छ । त्यस्तै विभिन्न बौद्ध संङ्घसंस्थाहरूले पनि वर्षमा एक पटक पत्रिका निकालेर बौद्ध

---

१७ तीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२ (पृ. ८१)

१८ ऐ ऐ (पृ. ८२-८३)

१९ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ. १६४)



Downloaded from http://www.dhamma.digital

सन्देश प्रचार गर्ने कार्य भैरहेको छ। वुद्धजयन्तीको शुभ अवसरमा वुद्धजयन्ती समारोह समितिवाट 'स्मारिका', सङ्घाराम विहारवाट 'सङ्घाराम', वौद्ध महिला सङ्घवाट 'धर्मचक्र', युवा वौद्ध समूहबाट 'धर्मभूमि', विश्व शान्ति पुस्तकालयवाट 'विश्व शान्ति' आदि वार्षिक पत्रिकाहरू प्रकाशित छ। यसरी पत्रपत्रिकाको माध्यमबाट थेरवादी वुद्धानुशासनलाई प्रचारप्रसार गर्नमा भिक्षु, अनागारिका, गृहस्थ उपासक-उपासिकाहरू लागि परेका छन्।

## १४. महापरित्राण

थेरवादको जागरणसँगै परित्राण पाठ र महापरित्राण पाठको प्रचलन सुरु भएको हो। परित्राण पाठको थालनी भगवान् वुद्धको पालामा नै भएको कुरा वैशालीमा दुर्भिक्ष हुँदा भगवान्ले भिक्षु आनन्दलाई रत्नसूत्रको पाठ गर्न लगाएको घटनाले प्रस्ट गर्दछ[१००]। परित्राणको शाब्दिक अर्थ चारैतिरवाट आउन सक्ने भय अन्तरायलाई हटाउनु हो। विभिन्न किसिमका रोगको भय, मनुष्य भय, अमनुष्य भय, दुर्भिक्ष भय हटाएर सहकाल गर्न पनि परित्राण पाठ गर्ने चलन छ। सामान्यतः छोटा ११ वटा सूत्रहरूको वाचन जुन भिक्षुहरूले वुद्धपूजा, भोजन निमन्त्रणा आदिको समयमा गर्दछन्, त्यसलाई चूल परित्राण पाठ भनिन्छ भने औपचारिक रूपमा मण्डप बनाएर उत्सवका साथ अहोरात्र वा पूरा दिन लगाएर गरिने चतुभाणवारमा भएका ३२ वटा छोटो र लामो सूत्रहरूको पाठलाई महापरित्राण भनिन्छ[१०१]। सुरुमा महापरित्राण पाठ अहोरात्र गर्ने चलन थियो तर विस्तारै अवका दिनमा विहान सुरु गरी साँझसम्म पाठ गर्ने चलन छ।

थेरवाद पुनर्जागरणपछि महापरित्राण पाठ गर्ने चलन सबभन्दा पहिला भिक्षु अमृतानन्द महास्थविरको नेतृत्वमा वि.सं. १९९८ मा स्वयम्भू पर्वस्थानमा भएको थियो[१०२]। हिन्दूधर्ममा गरिने यज्ञ परम्परा तथा वज्रयान वुद्धधर्ममा पञ्चरक्षा पाठ गरेको देखिरहेका र सुनिरहेका बौद्धहरूको लागि महापरित्राण एक नौलो परम्परा जस्तो भए तापनि वुद्धद्वारा देशित सूत्रहरूको वाचन हुने कार्यक्रम छोटो समयमा नै लोकप्रिय भयो र थेरवादी वौद्धहरूले विभिन्न निमित्तमा परित्राण गर्ने कार्य श्रद्धापूर्वक उत्पन्न गर्न थाले। राणाकालमा वुद्धधर्म भन्नासाथ देखिनसहने प्रशासन पतन भएपछि लगत्तैको त्रिभुवन राजाको पालामै तत्कालीन राजपरिवारहरूको आयोजना तथा भिक्षु अमृतानन्दको पहलमा नारायणहिटी

---

१०० भिक्षु ज्ञानपूर्णिक, **परित्राण निश्चय** (इ.सं. १९९३), ललितपुर : शान्तिसुखावास (पृ. १८०-१८१)
१०१ भिक्षु सुदर्शन, **महा परित्राण** (इ.स. १९९५), काठमाडौं : सानुमैया कसाकार, (पृ. क – ग)
१०२ ऐ.ऐ.



Downloaded from http://www.dhamma.digital

राजदरवारमा समेत महापरित्राण पाठ भएको थियो[१०३]। तत्पश्चात् प्रत्येक वर्ष राजाको जन्मदिनका अवसरमा आनन्दकुटी विहारमा परित्राण पाठ गर्ने चलन नेपालमा राजतन्त्र कायम रहेसम्म अनवरत रूपले भइरहेको थियो।

महापरित्राणको लोकप्रियता बौद्धहरूमाझ यस्तरी बढेर गयो कि प्रत्येक वर्ष ४, ५ वटादेखि लिएर ९, १० पटकसम्म महापरित्राणको पाठ हुन थाल्यो। काठमाडौं, भक्तपुर, ललितपुरमा मात्र यो कार्यक्रम सीमित नभएर उपत्यकाबाहिर बनेपा, धुलिखेल, पनौती, रानीपौवा, त्रिशूली आदि ठाउँमा पनि यो कार्यक्रमको लोकप्रियता बढ्दै गयो। कुनै वर्ष त यस्तो पनि रह्यो कि उपत्यकामा भन्दा बनेपामा बढी पटक महापरित्राण पाठको कार्यक्रम सम्पन्न भएको थियो। यस्तै उपत्यकाबाहिर तानसेन, पोखरा, नारायणगढ, हेटौंडा, धरान, विराटनगर, उर्लाबारीलगायत पूर्व नेपालदेखि पश्चिम नेपालका विभिन्न जिल्लाहरूमा महापरित्राणको पाठ गर्ने कार्यक्रम सञ्चालन हुँदै गयो।

अन्य कार्यक्रम भन्दा महापरित्राणको कार्यक्रमले भगवान् बुद्धका मूल सूत्रहरूको बारेमा प्रत्यक्ष जानकारी प्राप्त गर्ने मौका जनमानसलाई प्राप्त भयो। पालि भाषामा वाचन गर्ने परित्राणलाई नेपालभाषामा पनि अनुवाद गरेर बुझाउने गर्दा बुद्धवचनको शुद्ध श्रवणसँगै त्यसमा अन्तर्निहित गम्भीर विषयवस्तुका बारेमा सजिलै जानकारी प्राप्त गर्ने सुअवसर मिल्यो। अनागारिकाहरूबाट पनि महापरित्राण पाठको आयोजना गर्दा परित्राणको मर्मसँगै अर्थहरू पनि बताउने कार्य हुन थाल्यो र अझ बढी मानिसहरूले परित्राणको महत्त्व बुझ्ने मौका प्राप्त गरे।

हिन्दू परम्परामा र वज्रयान बौद्ध परम्परामा वाचन गरिने संस्कृतका मन्त्रहरू, स्तोत्र पाठ तथा पञ्चरक्षा सूत्रहरूको श्रवण गर्ने परम्परामा हुर्केका नेपाली बौद्धहरूका लागि बुद्धको श्रीमुखबाट वाचन गरिएका पालि वा मागधि भाषाका सूत्रहरूले सकारात्मक प्रभाव पारेको छ। यसबारे नेपालका प्रथम सङ्घनायक भिक्षु प्रज्ञानन्द महास्थविरले परित्राण पुस्तक प्रकाशित गर्ने क्रममा आफ्नो भनाइमा यसबाट उपासक-उपासिकाहरूलाई प्रत्यक्ष लाभ भएको कुरा लेखेका छन्। परित्राण श्रवणबाट मनलाई शान्त र आनन्दित पारेको अभिव्यक्तिले परित्राणको परम्परा विकास हुँदै गयो र नेपालको इतिहासमा ज्ञानमाला भजनपछि दोस्रो धेरै पटक छापिने पुस्तकका रूपमा परित्राण पुस्तक प्रसिद्ध भयो।

परित्राणमा वाचन गरिने सूत्रहरू त्रिपिटकमा अन्तर्निहित सूत्रहरू हुन् जसमा बुद्धका शिक्षा अन्तर्निहित छन्। त्रिपिटकका विशेष सूत्रहरूको सँगालो भएकाले परित्राणले कसैको आराधना र स्तुति गर्नेभन्दा पनि प्रत्यक्ष रूपमा बुद्धका शिक्षालाई जनजीवनको हितका लागि वाचन गरिने भएकाले यसको लोकप्रियता

---

१०३ त्रिरत्न मानन्धर पूर्वोक्त पादटिप्पणी ७।पृ ७७।



Downloaded from http://www.dhamma.digital

छोटो समयमा नै बढेको मान्न सकिन्छ। विशेष रूपले चूलपरित्राण र महापरित्राण भनेर क्रमश: ११ र २९ सूत्र वाचनको परम्पराले बुद्धको मौलिक शिक्षालाई जनमानसमा व्यापक बनाउन र धर्मसँग परिचित हुन धेरै मदत गरेको छ। ने.सं. १००६ मा भिक्षु प्रज्ञानन्दले बङ्गलादेशको चटगाउँबाट प्रकाशनमा ल्याएका ११ सूत्रहरू भएको परित्राणले निक्कै लोकप्रियता प्राप्त गऱ्यो। त्यस पुस्तकमा भएका ११ सूत्रहरू विशेष गरेर बौद्ध देश बर्मामा पाठ गर्ने चलन थियो। महापरित्राणमा छोटा र लामा गरी २९ सूत्रहरूको पाठ गर्ने परम्परा श्रीलङ्कामा लोकप्रिय थियो। यस पुस्तकलाई चतुभाणवार पालि पनि भनिन्छ। यस पुस्तकलाई भिक्षु सुदर्शन महास्थविरले नेपाल भाषामा अनुवाद गरी प्रकाशनमा ल्याएका हुन्। यी दुवै प्रकारका सूत्रहरूमा बुद्धका सन्देश अन्तर्निहित छन्। मङ्गलसूत्र, मैत्री सूत्र, वसल सूत्र, पराभव सूत्र जस्ता मानिसहरूको सामाजिक जीवनलाई सुधार्ने, अन्धविश्वासबाट टाढा रहनुपर्ने, अरूसँग मिलेर बस्नुपर्ने, समानताको भावना विकास गर्नुपर्ने तथा मानिसहरूलाई पतन हुनबाट जोगाउने सूत्रहरूदेखि लिएर बुद्धले आफ्नो मूल शिक्षाका रूपमा सर्वप्रथम देशना गरेको धम्मचक्क पवत्तन सूत्र, मूल शिक्षालाई विश्लेषण गरिएको सच्चविभङ्ग सूत्र तथा ध्यान भावनाको निर्देशन दिएको गिरिमानन्द सूत्र जस्ता महत्त्वपूर्ण सूत्रहरूको वाचन परम्पराले जनजीवनमा धर्मका बारेमा गम्भिर जानकारी प्रदान गऱ्यो। यसरी परित्राण र महापरित्राण पाठको परम्पराले बुद्धका प्रारम्भिक शिक्षालाई आफ्नो मूल शिक्षा ठान्ने थेरवादी परम्परा नेपालमा जीवन्त गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

### १५. बौद्ध परियत्ति शिक्षाको विकास

बुद्धभूमि नेपालमा बुद्धशिक्षाप्रति चासो जगाउने कार्य पनि थेरवादको पुनर्जागरणपश्चात् मात्र भएको हो। सर्वसाधारणलाई बुद्धको अमृतमय शिक्षा औपचारिक रूपमा दिने कार्यको शुभारम्भ वि.सं. २०१९[१०४] मा भयो। नेपालमा बौद्ध परियत्ति शिक्षा स्थापनाको महत्त्वपूर्ण घटना नेपालको बागमती अञ्चल नुवाकोट जिल्लाको त्रिशूलीबाट भएको थियो। वर्षावास बस्न तीन महिनाको लागि त्रिशूली आएका भिक्षु बुद्धघोष महास्थविरसमक्ष त्रिशूली निवासी धर्मरत्न शाक्य 'त्रिशूली' बाट बुद्धधर्म अध्ययन गराउन परियत्ति शिक्षा सञ्चालनको लागि प्रार्थना गरेका थिए र अनागारिका सुशीलासहितको पहलमा त्रिशूलीमा परियत्तिको शुभारम्भ भएको थियो। यसरी त्रिशूली नदीको किनारामा अवस्थित सुगतपुर विहार परियत्तिको उद्गमस्थल हुन पुगेको थियो।

अखिल नेपाल भिक्षु महासङ्घको संरक्षकत्वमा २०२० बाट संस्थागत रूपमा सञ्चालित यस शिक्षण संस्थामा स्थापनाकालदेखि भिक्षु बुद्धघोष

---

१०४ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७:पृ. १६८।



Downloaded from http://www.dhamma.digital

महास्थविर परीक्षा नियन्त्रक भएर कार्यहरू गरेका थिए[१०५]। १० वर्षसम्मको पढाइ हुने यस शैक्षिक पद्धतिमा प्रत्येक वर्ष परीक्षा हुने र परीक्षा पास भएकाहरूलाई पदक तथा प्रमाणपत्र दिने चलन छ। सात वर्षसम्म अध्ययनपश्चात् "परियत्ति सद्धम्मपालक" र दस वर्षसम्मको अध्ययनपश्चात् "परियत्ति सद्धम्म कोविद" उपाधि दिने चलन पनि अनवरत रूपमा अगाडि बढिरहेको छ। हाल आएर यस संस्थाको दायरालाई फराकिलो पार्ने कार्य भएको छ। अखिल नेपाल भिक्षु महासङ्घअन्तर्गत पाँच जना भिक्षुहरू सम्मिलित परियत्ति समितिअन्तर्गत १५ सदस्यीय परिषद्को गठन गरी उक्त परिषद्बाट व्यवस्थापनसम्बन्धी सम्पूर्ण जिम्मेदारी लिएर त्यसअन्तर्गतका विभिन्न उपसमितिहरूबाट विभिन्न कार्य सम्पादन गर्ने पद्धति अवलम्वन भइरहेको छ।

नेपालको एक सानो सहरमा वीजारोपण भएको यस शिक्षाले क्रमशः शाखा प्रशाखा बढाउँदै अहिले सम्ममा ५० भन्दा बढी स्थानमा यो शिक्षण केन्द्र स्थापना भइसकेको छ। काठमाडौं उपत्यकाका विभिन्न विहारहरूका साथै पूर्वमा धरान, मध्यमाञ्चलमा काभ्रे, पश्चिममा तानसेन र लुम्बिनीका साथै सुदूर पश्चिममा समेत यस शिक्षालाई श्रद्धावानले ग्रहण गरिसकेको छ। परियत्तिले उत्पादन गरेका जनशक्तिहरूले विभिन्न नयाँ बौद्ध गतिविधिलाई बढाउनुका साथै बुद्धशिक्षालाई संस्थागत गर्न गरेको प्रयास स्वरूप नै आज नेपालमा बुद्धशिक्षाका विभिन्न विषयहरू उच्चशिक्षा सञ्चालनमा आइसकेका छन्। यसकारण आजको बौद्ध शिक्षा अध्ययन गर्ने अवसर नेपाली जनताहरूले प्राप्त गर्न सक्नुमा परियत्तिको पनि महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ।

### १६. थेरवादी बौद्ध सङ्घसंस्थाहरूको स्थापना

भारतीय भूमिमा स्थापना भएको धर्मोदय सभाले थेरवादको पुनर्जागरण कालमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। धर्मोदय संस्था थेरवाद-बुद्धधर्म पुनर्जागरणको प्रारम्भकालमा थेरवादी भिक्षुहरूसँग सम्बन्धित भए पनि हाल आएर नेपालमा थेरवाद, महायान र वज्रयान तीनै धारालाई समेटेर बुद्धधर्मको प्रचारप्रसारमा संलग्न छन्। धर्मादित्य धर्माचार्यबाट विदेशी भूमिमा बसेर धर्म प्रचार गर्दै बौद्धोपासक सङ्घ नामको थेरवादी बुद्धानुशासनलाई सहयोगी सङ्घको रूपमा स्थापना गरिएको थियो। पछि गएर २००७ सालमा अखिल नेपाल भिक्षु महासङ्घको स्थापनापछि भिक्षुहरूका तर्फबाट शसक्तरूपमा थेरवाद बुद्धानुशासनलाई प्रचारप्रसारमा अघि सार्ने कार्य भयो। यस सङ्घको निर्माणपछि

---

१०५ सुवर्ण शाक्य तथा अन्य (स.),नेपाल **बौद्ध परयत्ति शिक्षा स्वर्ण जयन्ती स्मारिका** (इ.सं. १९८९), ललितपुर : नेपाल बौद्ध परियत्ति शिक्षा (पृ. ३८)



Downloaded from http://www.dhamma.digital

थेरवादी भिक्षुहरूको बुद्धानुशासन परिपालनमा मघाउन गृहस्थहरूले पनि विभिन्न सङ्घसंस्था स्थापना गरेर धर्म प्रचारमा लाग्ने काम गरे।

युवाहरूलाई धर्मप्रचारमा सक्रिय गराएर उपत्यकाका गाउँ-गाउँमा र सहरका विभिन्न टोल-टोलमा धर्मको जागरण जगाउने कार्यको थालनी वर्तमान सङ्घनायक भिक्षु अश्वघोष महास्थविरबाट सुरु भएको थियो। नेपाल बौद्ध परिषद् नामको संस्था गठन गरी धर्मको व्यावहारिक ज्ञान युवामाझ परिचित गराउने उनको कार्यले वि.सं. २०३० को दशकमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, अनागारिका धम्मवती धम्माचरिय आदि भिक्षु तथा गुरुमाहरूबाट विभिन्न ठाउँमा दिएको सारगर्भित प्रवचनले बुद्धधर्मको बारेमा जानकारी प्राप्त गरी धेरै श्रद्धालुहरू धर्मप्रति समर्पित भएका छन्। यसैको निरन्तरतास्वरूप वि.सं. २०२८ मा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शुभारम्भ भयो[१०६]। अनागारिका धम्मवतीको नेतृत्वमा स्थापित उक्त अध्ययन गोष्ठीबाट युवाहरूलाई शिलशिलाबद्ध रूपमा धर्मप्रति श्रद्धा जगाउने र अध्ययन-अध्यापनमा जोड दिने कार्य भयो, जसको फलस्वरूप धर्मप्रति दत्तचित भएर लाग्ने मात्र होइन धर्म प्रचारप्रसारमा लाग्न सक्षम युवाहरूको पनि उत्पादन हुने काम भयो। अनागारिका धम्मवतीबाट सरल तथा सहज भाषामा बुद्धधर्मका विभिन्न पक्षहरूको सम्बन्धमा पुस्तक लेख्ने र प्रकाशन गर्ने कार्यको साथ-साथै युवाहरूको हातबाट महत्त्वपूर्ण लेखन र प्रकाशनमा पनि यस अध्ययन गोष्ठीले भूमिका निर्वाह गर्‍यो। वरदेश मानन्धरको *बौद्ध विश्वास भाग १,* प्रकाश वज्राचार्यको *बौद्ध दर्पण, बुद्ध र बुद्धपछि, बौद्ध विश्वास भाग २,* मदनरत्न मानन्धरको *बौद्ध विश्वास भाग ३,* लोचनतारा तुलाधरको *अनागारिका धम्मचारी,* रीना तुलाधरको *चिर सम्मानित गुरुमा धम्मवती* आदि जस्ता महत्त्वपूर्ण पुस्तक प्रकाशन भैसकेको छ। यस अध्ययन गोष्ठीबाट धर्मजागरणमा सघाउने सयौं पुस्तक प्रकाशन भैसकेको र यसबाहेक यसै अध्ययन गोष्ठीको व्यवस्थापनमा धर्मकीर्ति बौद्ध पत्रिका वि.सं. २०२९ देखि अनवरत रूपमा प्रकाशन हुँदै आइरहेको छ। यसै क्रममा विश्व बौद्ध भ्रातृत्व सङ्घका युवाहरूको सङ्घका रूपमा युवक बौद्ध मण्डल नेपालको स्थापना ललितपुरका स्थानीय युवाहरूले सन् १९७० मा गरेका थिए। यसका विभिन्न शाखा अहिले नेपालका विभिन्न ठाउँमा छरिएर रहेका छन्। धर्मोदयको भगिनी संस्थाका रूपमा यसले आफ्ना कार्यकलापहरू अगाडि बढाउँदै छन्[१०७]।

महिलाहरू पनि सङ्गठित भएर धर्म प्रचारमा लाग्नुपर्ने आवश्यकतालाई महसुस गर्दै सन् १९८१[१०८]मा नेपाल बौद्ध महिला सङ्घ स्थापना भयो। विमला वज्राचार्य, नानीमैया मानन्धर, बेटीदेवी वज्राचार्यहरूको प्रयासबाट सुरु गरिएको

---

१०६ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७:पृ. १६८।
१०७ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७:पृ. १६८।
१०८ ऐ. ऐ.:पृ. १६८।



Downloaded from http://www.dhamma.digital

नेपाल बौद्ध महिला सङ्घ पछि गएर दुईवटा संस्थामा विभाजित भयो र हाल सक्रिय भइरहेको बौद्ध महिला सङ्घ नेपालका महिला कार्यकर्ताहरू महिलालाई धर्ममा जागृत गर्ने, बौद्ध परियत्तिको प्रवर्द्धन कार्यमा सहयोग गर्ने तथा विपश्यना ध्यानलाई प्रचार गर्ने कार्यमा समर्पित भइरहेका छन् ।

यसै क्रममा १९७२[१०९] मा स्थापना भएको गणमहाविहारका परियत्ति विद्यार्थी तथा शिक्षकहरूले धर्म प्रचारप्रसारलाई प्रभावकारी तुल्याउन काठमाडौं लगनका युवाहरूसंग सहकार्य गरी गोष्ठी, पञ्चशील अभियान, प्रवचन कार्यक्रमहरूको सुरुवात गरे । सन् १९८२[११०] मा विधिवत् युवा बौद्ध समूहको नाउँमा स्थापना भइसकेपछि विभिन्न विहारलाई केन्द्रबिन्दु बनाएर धर्मजागरणका महत्त्वपूर्ण कार्य हुँदै गए । भिक्षु सुदर्शन महास्थविरको नेतृत्वमा जनजातिहरूलाई जागरण गर्ने कार्यक्रम सुरु गरी कीर्तिपुरमा बौद्ध जागरण तथा नेतृत्वविकास शिविरहरू सञ्चालन हुँदै गए । पछि जनजातिहरूसंगको सामीप्यको फलस्वरूप जनजातिका छ जना कुलपुत्रहरूलाई प्रव्रजित गराई थाइल्यान्डमा अध्ययनार्थ पठाउने व्यवस्था भयो । यसै कार्यक्रमको निरन्तरता स्वरूप भिक्षु अश्वघोषको नेतृत्वमा सङ्घाराम विहार र बनेपाको ध्यानकुटी विहारमा दर्जनौं पटक सातदिने र दसदिने जागरण कार्यक्रम सम्पन्न भयो ।

प्रारम्भमा युवा बौद्ध समूहले भगवान् बुद्धको पञ्चशीलका बारेमा सर्वसाधारणले थाहा पाऊन् भन्ने उद्देश्य लिएर काठमाडौंको चक्रपथबाहिरका गाउँहरूमा पञ्चशील अभियान सञ्चालन गर्ने कार्य गरेको थियो । विशेष रूपमा पञ्चशीलको पालना बुद्धधर्ममा न्यूनतम आवश्यकता भएको तर्फ जागृत गराउन वि.सं. २०४५ देखि २०४७ सम्म उपत्यकाभित्र तथा बाहिर पञ्चशील अभियान सञ्चालन गरियो । यसको सुरुवात ठिमीका विभिन्न सात ठाउँमा २०४५ को बुद्धजयन्तीका अवसरमा भयो । ठिमीको चपाचो, नगदेश, लोकन्थली, मरुटोल, बोडे, निगू पुखु र अन्तिम दिन पाटी विहारमा बुद्धजयन्तीका अन्य कार्यक्रमसहित पञ्चशील अभियान सम्पन्न भएको थियो । ठिमीका श्री गोपाल प्रजापति, धर्मसुन्दर शाक्य, श्याम मानन्धरको विशेष सक्रियतामा भएको उक्त सप्ताहव्यापी पञ्चशील अभियानबाट ठिमीमा बौद्ध जागरणको लहर आयो र थप उत्साह थपियो । यसबाट धर्म प्रचारप्रसारको गति बढ्यो जसको फलस्वरूप, पाटी विहार ठिमीमा परियत्ति शिक्षाको सञ्चालन तथा विहार परिसरमा चैत्य निर्माण गरी त्यसभित्र देशभित्र नै निर्माण गरिएको धातुको बुद्धमूर्ति स्थापना गर्न त्यहाँका युवाहरू सक्रिय भए ।

१०९ ऐ ऐं
११० प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ :पृ १६९।



Downloaded from http://www.dhamma.digital

उपत्यकाबाहिर पञ्चशील अभियान सञ्चालन गर्ने क्रममा २०४५ को फागुनमा धर्मरत्न शाक्य 'त्रिशूली'को पहलमा त्रिशूली वजारमा पञ्चशील अभियान सम्पन्न भयो। यस्तै किसिमले उपत्यकाका विभिन्न गाउँहरू विशेष गरी खोकना, लुभू, चापागाउँ आदि ठाउँमा पनि पञ्चशील अभियान कार्यक्रमको आयोजना गरियो।

त्यसपछि २०४७ देखि जनजातिहरू माझ बौद्ध जागरण कार्यक्रम सञ्चालन गर्ने कार्यमा युवा बौद्ध समूहले आफ्नो ध्यान केन्द्रित गरेको थियो। वि.सं. २०४७ मा सर्वप्रथम तामाङ घेदुङको सह-आयोजनामा १५ दिनको बुद्धधर्म परिचयात्मक कार्यक्रम सञ्चालन भएको थियो। भिक्षु सुमङ्गल महास्थविरको निर्देशनमा सुरु भएको उक्त कार्यक्रममा ५० तामाङ सहभागीहरूको उपस्थिति थियो। तत्पश्चात् युवा बौद्ध समूहको आयोजनामा उपत्यकाबाहिर पूर्वमा सङ्खुवासभा खाँदबारीदेखि पश्चिममा सुर्खेत तथा धनगढीसम्म बुद्धधर्मको परिचय दिने बौद्ध जागरण कार्यक्रम सञ्चालन गर्ने काम भएको थियो[१११]।

यस्तै सन् १९९६ मा भिक्षु सुदर्शन महास्थविरको अध्यक्षतामा नगरमण्डप श्रीकीर्ति बौद्ध केन्द्रको स्थापनापश्चात् जनजातिहरूमा बौद्ध जागरण कार्यक्रमको अलावा प्रत्येक १० वर्षमा हुने जनगणनामा बौद्धहरूको सही तथ्याङ्क निकाल्नका लागि 'जनगणना जागरण कार्यक्रम' पनि सञ्चालन गर्ने गरियो। वि.सं २०४८ देखि प्रारम्भ गरेको जनगणना जागरण कार्यक्रमले त्यस वर्ष बौद्ध जनसङ्ख्या ७ प्रतिशतमा र यसै कार्यको निरन्तरतावाट २०५८ मा बौद्ध जनसङ्ख्या ११ प्रतिशतसम्म पुगेको थियो। २०३८ मा ५ प्रतिशतमात्र बौद्ध जनसङ्ख्या देखाएकोमा २० वर्षपछि यसरी बढ्नुलाई जनगणना सञ्चेतना कार्यक्रमको सकारात्मक परिणाम मान्नुपर्ने हुन्छ[११२]।

अभिवादन सिलिस्स निच्चंबद्धापचायिनो अर्थात् आफूभन्दा ठूलाबडालाई सधैं अभिवादन गर्नुपर्छ वा मान्नुपर्छ भन्ने बुद्ध वचनलाई कार्यान्वयन गर्ने हेतुले भिक्षु सुमङ्गल महास्थविरको विशेष पहलमा वि.सं. २०५४ मा बनेपाको ध्यानकुटी विहारसँङ्गै बौद्ध वृद्धाश्रम सञ्चालनमा ल्याउने कार्य भयो. दैनिक रूपमा बुद्धको शिक्षालाई आत्मसात् गर्ने गरी दैनिकी गुजार्ने वातावरण तयार पारेर वृद्धवृद्धाहरूलाई जीवनयापन गराउने यस वृद्धाश्रममा कम सङ्ख्यामा वृद्धवृद्धा रहे तापनि हालसम्म सन्तोषप्रद ढङ्गले अगाडि बढिरहेको छ।

१११ देवरञ्जित तथा अन्य (सं), युवा बौद्ध समूहको रजत वर्षको स्मारिका (इ.सं. २००७), काठमाडौं : युवा बौद्ध समूह (पृ. १८-२२)

११२ ऐ.ऐ (पृ. २१-२२)



Downloaded from http://www.dhamma.digital

यसबाहेक ज्योतिदय सङ्घ, सुखीहोतु नेपाल, चारुमती बुद्धिस्ट मिसन नेपाल, मेत्तासेन्टर, धर्मविजय पदनम आदि बौद्ध संस्थाहरूले थेरवाद अनुशासनका लागि सक्दो कार्यकलाप अगाडि बढाइरहेका छन्।

भक्तपुरमा युवा बौद्ध पुचः, मैत्रेय युवा सङ्घ पनि युवा जागरण ल्याउन सक्रिय भइरहेका छन्। यस्तै उपत्यकाबाहिरका विहारहरूसँग सम्बन्धित बौद्ध संस्थाहरूले पनि थेरवादी बुद्धधर्म प्रचारप्रसारमा सहयोगी भएर कार्यहरू गरिरहेका छन्। विशेष गरी धरानमा युवा बौद्ध साथी, पोखरामा युवा बौद्ध सङ्घ, तानसेन, बुटवल, बाग्लुङ, म्याग्दी आदि ठाउँमा पनि विभिन्न सङ्घहरू थेरवादी बुद्धधर्म प्रचारप्रसारमा सक्रिय छन्।

### १७. थेरवादी बुद्धानुशासन र मित्रराष्ट्रहरूसँगको सम्बन्ध

वि.सं. २००१ को श्रावण १५ गते थेरवादी बुद्धानुशासनले आफ्नो प्रभाव बढाउँदै धर्म प्रचारप्रसार गरिरहेको समयमा राज्य स्तरबाट पुनः षड्यन्त्र सुरु भयो। राणा अनुयायीहरूले आफ्नो प्रभुत्व गुमेको महसुस गर्दै राज्य संयन्त्रमा आफ्नो पहुँचको कारणले राणाहरूलाई सजिलै प्रभावित पारी थेरवादी भिक्षुहरूलाई देशनिकाला गर्ने षड्यन्त्र रचियो। त्योभन्दा पहिला वि.सं. १९८७ मा श्री ३ भीमशमशेरले ब्राह्मणहलाई नढोगेको निहुँमा योगवीरसिंह कंसाकार, माणिकमान तुलाधर, खड्गराज, धर्ममान तुलाधर, करुणारत्न, सिद्धिरत्न, दशरत्न, मञ्जुहर्ष, मानदास, हर्षदास र चित्तधर हृदयमध्ये कोहीलाई देशनिकाला तथा कोहीलाई नजरबन्द गरेको थियो। यसै पृष्ठभूमिको निरन्तरतास्वरूप वि.सं.२००१ को घटना पनि हुन पुग्यो जसलाई नेपालको दोस्रो कलङ्कित घटनाको रूपमा लिन सकिन्छ। यस घटनामा नेपालका ८ जना भिक्षुहरूलाई देशनिकाला गरिएको थियो। उनीहरू थिए : भिक्षु प्रज्ञानन्द, भिक्षु धर्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, श्रामणेर प्रज्ञारश्मि, श्रामणेर रत्नज्योति, श्रामणेर अग्गधम्म र श्रामणेर कुमार[११३]।

बुद्ध जन्मभूमि नेपालमा बौद्ध भिक्षुहरूलाई निष्कासन गरेको यस लज्जास्पद घटनाले विश्वका बौद्ध राष्ट्रहरूलाई आश्चर्यचकित तुल्याएको थियो। तर बुद्धको शिक्षाबाट वञ्चित जहानियाँ र अन्धविश्वासी शासकहरू र त्यस कार्यका लागि उक्साउने त्यस बेलाका पुरोहित वर्गका लागि पुरुषार्थको विषय थियो। विशेष रूपले श्रीलङ्काली भिक्षुहरूलाई यो अशोभनीय घटनाले धेरै संवेदनशील बनाइदियो, श्रीलङ्काका तत्कालीन प्रभावशाली भिक्षु नारद महास्थविर नेपालमा भिक्षुहरूलाई पुनः प्रवेश गराउन २००३ को अप्रिलमा श्री ३ पद्मशमशेरकहाँ आएका थिए। नारद महास्थविरको प्रयासकै फलस्वरूप ८ जना

---

११३ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ. १६६)।



Downloaded from http://www.dhamma.digital

निष्कासित भिक्षुमध्ये भिक्षु धर्मालोकलाई श्री ३ पद्मशमशेरको पालामा नेपाल आउने अनुमति प्रदान गरियो। यसरी नारद महास्थविरको नेपाल आगमनपश्चात् थेरवादी बुद्धानुशासनलाई अरू उर्जा प्राप्त भयो र उनी नेपालको श्रद्धाका पात्र बने। तत्पश्चात् उनी बारम्बार नेपाल आउने गरे। यसै क्रममा वि.सं. २००५ मा दोस्रो पटक नेपाल आएका नारद भन्तेद्वारा बोधिवृक्ष ल्याउने महत्त्वपूर्ण कार्य भयो र त्यस बोधिवृक्षलाई आनन्दकुटी विहारमा रोप्ने काम भएको थियो[११४]। हाल श्रीलङ्काका राष्ट्राध्यक्षदेखि लिएर सर्वसाधारण नेपाल आउँदा आनन्दकुटी विहारमा आई श्रीलङ्काका राम चैत्यको दर्शन गर्ने चलन छ। त्यस्तै श्रीलङ्कावाट भिक्षु पियदस्सी, भिक्षु मद्देह पञ्ञासिंह, मलालाशेखर आदि भिक्षु तथा विद्वान्हरू नेपाल आएका थिए।

नेपालमा थेरवादको पुनर्जागरणपछि थाइल्यान्ड, बर्मा, आदि देशहरूसित पनि सास्कृतिक आदान-प्रदान र दुबै देशको सम्बन्ध सुमधुर बनाउन मदत गरेको छ। अनागारिका धम्मवतीसँग नेपालमा आएका मा. गुणवतीले नेपालमा नेपालकै अनागारिकासरह नेपाल भाषामा धेरै धर्म प्रचार गरेका थिए। त्यस्तै धर्मकीर्ति विहारको निमन्त्रणामा दो.पञ्ञाचारीको आगमनबाट नेपालमा विपश्यना ध्यानलाई सस्थागत गर्न मदत पुगेको थियो। नेपालमा प्रारम्भकालमा उपसम्पदा प्राप्त गर्ने अधिकांश भिक्षुहरूका गुरुको रूपमा रहेका ऊ चन्द्रमणि महास्थविरको आगमनले पनि म्यान्मारसँग सम्बन्ध सुमधुर गर्न मदत गरेको थियो। त्यसपछि विपश्यना कर्मस्थानाचार्य महासि सयादो, तम्पुलु सयादो, भिक्षु सुमङ्गलालङ्कार आदि भिक्षुहरूको आगमनले थेरवाद-बुद्धधर्म प्रचारप्रसारका लागि ऊर्जा थपेको थियो।

नेपालमा बुद्धधर्म प्रचारका लागि मित्रराष्ट्र थाइल्यान्डबाट पनि महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ। थाइल्यान्डले नेपालका श्रामणेर तथा भिक्षुहरूलाई धर्म अध्ययनका लागि महत्त्वपूर्ण योगदान दिएको छ। महामुकुट तथा चुलालङ्कार बौद्ध विश्वविद्यालयमा नेपाली भिक्षु स्नातकहरूको सङ्ख्या हालसम्म उल्लेखनीय भइसकेको छ। थाइल्यान्डका राजगुरु सोमदेच फ्रा ञाणसंवर भन्तेको आगमन यहाँ पटकपटक भैसकेको छ। उनको आगमनमा यहाँका कुलपुत्रहरूलाई भिक्षु बनाउने परम्परा पनि सुरुवात भयो। वि.सं. २०६८ मा थाइल्यान्डको धम्मकाय फाउन्डेसनको आयोजनामा नेपालमा अल्पकालीन समयका लागि १००० भिक्षु बनाउने बृहत् कार्य सम्पन्न भएको थियो। यसैलाई निरन्तरता दिने उद्देश्यले अबका दिनमा १०००० भिक्षु बनाउने योजना कार्यान्वयन गर्न यो संस्था लागिरहेको छ। थाइल्यान्डबाट आउने अरू भिक्षुहरूमा भिक्षु धम्मधीर राजमहामुनि र भिक्षु उक्किति बुद्ध आदि छन्।

---

११४ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७।पृ. १६७।



Downloaded from http://www.dhamma.digital

त्यस्तै थेरवादी पुनर्जागरणको प्रारम्भिक समयमा भारतबाट विशिष्ट विद्वान्हरूको आगमनले नेपाललाई थेरवाद बुद्धधर्म प्रचारप्रसार गर्न ऊर्जा मिलेको थियो। महापण्डित राहुल साङ्कृत्यायन, भिक्षु जगदीश काश्यप, भदन्त आनन्द कौशल्यायन, बाबासाहेब अम्बेडकर, भिक्षु धर्मरक्षित, प्रोफेसर जगन्नाथ उपाध्याय आदिहरूले धर्मजागरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। त्यस्तै विपश्यनाचार्य सत्यनारायण गोयन्काको आगमनले त नेपाली बौद्ध जगत्लाई धन्य नै बनायो। उनको आगमनपश्चात् नेपालमा विपश्यना ध्यानको अभ्यास गर्ने महत्त्वपूर्ण परिपाटी सुरु भयो, जसबाट बौद्ध मात्र होइन गैरबौद्धहरूसमेतले यस ध्यानको अभ्यासमा सरिक हुने महत्त्वपूर्ण अवसर प्राप्त गरे।

त्यस्तै बङ्गलादेशबाट भिक्षु विशुद्धानन्द, साइबेरियाबाट हम्बोलामा, मङ्गोलियाबाट गम्बो लामा आदिले पनि नेपालमा भ्रमण गरी यस कार्यलाई सुदृढ गर्न मदत गरे।

### १८. लुम्बिनीको विकासमा सहयोग

नेपाल बुद्धभूमि हो भन्ने कुरालाई प्रमाणित गर्ने काम लुम्बिनीमा खडा रहेको अशोकस्तम्भले गरिरहेको छ। लुम्बिनीमा अवस्थित उक्त शिलास्तम्भमा "हिद बुधे जाते" अर्थात् यहाँ बुद्ध जन्मेका हुन् भन्ने वाक्यांश उत्कीर्ण गरिएको छ। ब्राह्मिलिपिको उक्त वाक्यले नेपालमा अवस्थित उक्त स्थान लुम्बिनी नै हो भन्ने एकिन हुन गयो। सन् १८९६ मा खड्गशमशेर तथा जर्मनीका पुरातत्त्वज्ञ डा. एलोइज एन्टोन फुहररले यो अशोकस्तम्भ पत्ता लाएका थिए[११५]। तथापि यस स्तम्भलाई पत्ता लगाउनमा नेपालीकै योगदान मुख्य रहेको भन्ने तथ्य पनि प्रकाशित हुँदै गइरहेको छ। जर्मनीका ख्यातिप्राप्त पुरातत्त्वविद् भएको र अन्तर्राष्ट्रिय स्तरमा परिचित भएकोले फुहररलाई लुम्बिनीको स्तम्भ पत्ता लगाउने श्रेय दिइएको भए पनि वास्तवमा पाल्पामा बडाहाकिम बनेर बसेका खड्गशमशेरले नै सर्वप्रथम उक्त स्तम्भ पत्ता लगाएका थिए। यो कुरा इतिहास तथा पुरातत्त्वविद् भुवनलाल प्रधानले बारम्बार आफ्नो लेखरचनामार्फत प्रकाश पारेका छन्।

लुम्बिनी पत्ता लागेको धेरै समयसम्म यसको पुनर्विकासका लागि उल्लेखनीय काम भएन। त्यहाँ जान दुर्गम भएको र नेपालको सीमाबाट त्यहाँ पुग्न सम्भव नभएको र भारतीय सीमाबाट घुमेर जानुपर्ने भएकाले यसको विकासमा अग्रसर हुन गाहारो भइरहेको थियो। त्यस अवस्थामा चतुर्थ विश्व बौद्ध सम्मेलनको सान्निध्यमा भिक्षु अमृतानन्दले तत्कालीन राजा महेन्द्रलाई लुम्बिनीमा धर्मोदय सभाको लागि एउटा बुद्धमन्दिर बनाउने र अतिथिहरूलाई राख्न गेस्ट

---

११५ प्रकाश वज्राचार्य, पूर्वोक्त पादटिप्पणी १७ (पृ. १६०)



Downloaded from http://www.dhamma.digital

हाउस बनाउने कुरासँगै बाटो र पुल बनाउनका लागि आग्रह गरेपछि त्यस आग्रहलाई राजा महेन्द्रले तत्काल स्वीकार गरी सो काम गर्ने निर्देशन दिए। केही समयपश्चात् कच्ची बाटो, मन्दिर र अतिथिहरूका लागि एउटा आवासगृह निर्माण भयो[११६]।

त्यस मन्दिर तथा अतिथिगृह निर्माणपश्चात् सुनसान लुम्बिनी परिसरभित्र थेरवादी भिक्षुहरूले लुम्बिनी वनलाई बुद्ध जन्मस्थलका रूपमा धार्मिक वातावरण बनाउने कार्य अघि बढाए। संयुक्त राष्ट्र सङ्घका महासचिव बर्माका ऊथान्त लुम्बिनीको भ्रमण गर्न आउँदा बुद्ध जन्मस्थलको हालत देखेर उनको आँखाबाट आँसु झरेको थियो[११७]. त्यस ठाउँमा बौद्ध वातावरण भनेकै लुम्बिनी मन्दिर तथा त्यस मन्दिरमा बस्ने भिक्षु अनिरुद्ध महास्थविरको उपस्थिति थियो। त्यसपछि ऊथान्त काठमाडौंमा पुगी राजा महेन्द्रसंगको दर्शनभेटको क्रममा लुम्बिनी गुरुयोजना संयुक्त राष्ट्र सङ्घबाट निर्माण गरिदिने प्रस्ताव राखे। राजा महेन्द्रले उनको कुरा सहर्ष स्वीकार गरे। त्यस प्रस्तावअनुसार लुम्बिनीको गुरुयोजना जापानका अन्तर्राष्ट्र ख्यातिप्राप्त वास्तुकलाविद् प्रोफेसर केन्जो ताङ्गेले तयार पारे। त्यस कार्यमा सघाउने काम इन्जिनियर उरटेकले गरेका थिए।[११८]

बु.सं.२५१६ मा बुद्धजयन्ती मनाउने कार्यक्रममा लुम्बिनी विकास सहयोग समिति निर्माण गरेर जनस्तरमा लुम्बिनीमा केही गरौं भन्ने भावनाबाट प्रेरित भएर भिक्षु कुमार काश्यपको अध्यक्षतामा लुम्बिनी विकास सहयोग समिति निर्माण भयो। उक्त समितिमा उपाध्यक्ष लोकदर्शन वज्राचार्य र सचिव तीर्थनारायण मानन्धर रहेका थिए। लुम्बिनी विकास सहयोग समिति निर्माणपछि त्यसका पदाधिकारीहरूसमेत एउटा जिप लिएर नेपालको बाटोबाट लुम्बिनी निरीक्षण गर्न जाने कार्य भयो। तत्पश्चात् लुम्बिनीका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण तथा पानी आदिको व्यवस्थाका लागि यस सहयोग समितिबाट तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टको नेतृत्वमा चन्दा सङ्कलन गरियो। त्यस चन्दा सङ्कलनबाट लुम्बिनी विकासका लागि जागरण ल्याउने कार्य भयो र यही लुम्बिनी विकास सहयोग समितिकै प्रयासमा सरकारी स्तरमा लुम्बिनी विकास समिति बनाएर गुरुयोजना पूरा गर्नुपर्ने आवश्यकता सरकारलाई बोध गराउन सम्भव भयो। फलस्वरूप सहयोग समितिकै उपाध्यक्ष लोकदर्शन वज्राचार्यलाई उपाध्यक्ष बनाई लुम्बिनी विकास समित सरकारी स्तरबाट गठन भयो[११९]। यसरी निर्जन वनको रूपमा रहेको दुर्गम लुम्बिनी, जहाँ पूर्वाधारको केही व्यवस्था थिएन

---

११६ तीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२ (पृ १०१)
११७ ऐ ऐ (पृ १०२)
११८ तीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२(पृ १०१)
११९. ऐ ऐ



Downloaded from http://www.dhamma.digital

र काठमाडौंवासीहरूलाई गर्मी खप्न धेरै गाहारो पर्‍यो, त्यहाँ बर्मी नेपालका थेरवादी भिक्षुहरू धम्मालोक, अनिरुद्ध, विमलानन्द, गुणघोष आदिले लुम्बिनीमा बौद्ध वातावरण बनाउने कार्यलाई अघि बढाए ।

त्यस्तै लुम्बिनी विकास योजनाको परिसर बाहिर पर्सा बजारमा रही भिक्षु मैत्रीबाट पनि लुम्बिनी विकासका लागि तथा लुम्बिनीका गाउँवासीहरूका लागि नेपाल बौद्ध समाज नामक बौद्ध संस्था खडा गरी आवश्यक स्वास्थ्य सेवा पुऱ्याइरहेका छन् ।

**१९. विपश्यना ध्यानकेन्द्रको स्थापना**

बुद्धधर्ममा ध्यान भावना एक अत्यावश्यक अभ्यास हो। ध्यान भावनाविना धर्मलाई वास्तविक रूपमा बुझ्न सकिंदैन। भगवान् बुद्ध स्वयंले ध्यानको अभ्यासबाट नै बुद्धत्व प्राप्त गरेका थियो । बुद्धशिक्षामा शील प्रारम्भिक आधार हो भने त्यस आधारमा बसेर समाधिसम्मको अभ्यास गर्नुपर्छ त्यसपछि मात्र प्रज्ञा प्राप्त भई सम्पूर्ण दुःखको निरोध हुन्छ । त्रिपिटक वा थेरवादको मौलिक ग्रन्थहरूको समूहअन्तर्गत पर्ने दीघनिकाय र मज्झिमनिकायमा रहेको सतिपट्ठान सूत्रमा भगवान् बुद्धले भनेका छन् "**एकायनं अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया**....." अथवा यही एउटा मात्र मार्ग छ जसले सम्पूर्ण शोक, परीदेव, दुःख र दौर्मनस्यलाई हटाई निर्वाण साक्षात्कार गर्न सकिन्छ र त्यो मार्ग भनेको चार सतिपट्ठानको अभ्यास हो। चित्त एकाग्र गर्नका लागि समथ तथा सम्पूर्ण क्लेशलाई जडैदेखि निर्मूल गर्न विपश्यना ध्यानको मार्ग बुद्धले बताएका थिए। ४० प्रकारका समथ ध्यान र विपश्यना वा सतिपट्ठानको स्रोतका रूपमा पालि त्रिपिटकमा महत्त्वपूर्ण सूत्रहरू छन्। वर्तमान युगमा बुद्धधर्मको मूल अभ्यास विपश्यना-ध्यानलाई लिइन्छ। पश्चिमेली बौद्धहरू बुद्धधर्मको पहिचान नै विपश्यनाको ध्यानको अभ्यासबाट गर्छन् । यस्तो महत्त्वपूर्ण अभ्यास नेपाल जस्तो बुद्धको जन्मभूमिमा भने थेरवादी बुद्धानुशासनको पुनर्जागरणपछि मात्र सर्वसुलभ हुन सक्यो ।

हुन त ध्यान भावनाको अभ्यास थेरवादी बुद्धानुशासन स्थापना भएको प्रारम्भकालदेखि नै स्थानीय विहारमा सञ्चालन हुँदै आइरहेको थियो। विशेष रूपले भिक्षु महाप्रज्ञा तथा भिक्षु प्रज्ञानन्द महास्थविरबाट विहारमा आउने उपासक उपासिकाहरूलाई ध्यान भावना सिकाउने कार्य गरेका थिए। भिक्षु प्रज्ञानन्द महास्थविरबाट मातातीर्थमा विपश्यना ध्यान सिकाएका थिए। बर्माबाट अध्ययनपश्चात् फर्केका भिक्षु बुद्धघोष महास्थविरबाट पनि ध्यान भावनाको महत्त्वलाई प्रकाश पार्दै पुस्तक लेखन र अभ्यास गराउने कार्य भएको थियो । भिक्षु ज्ञानपूर्णिक "धम्माचरिय" र अनागारिका धम्मवती "धम्माचरिय" बर्मामा अध्ययनपश्चात् फर्किएपछि ध्यान भावनाको सम्बन्धमा दिएका प्रवचनले पनि



Downloaded from http://www.dhamma.digital

यसबारेमा जिज्ञासा बढ्न गएको थियो। विपश्यना आचार्य सत्यनारायण गोयन्काबाट भारतका विभिन्न ठाउँमा र पछि महाराष्ट्रको इगतपुरीमा स्थापित विपश्यना ध्यानकेन्द्रमा सञ्चालन हुने दस दिवसीय र ३० दिनको विपश्यनाका शिविरमा नेपालका प्रमुख उपासकहरू पनि भाग लिन जाने क्रम सुरु भयो। नेपालका यदुकुमार सिद्धि व्यवसायको सिलसिलामा भारत जाने बेलामा बोधगयामा आचार्य सत्यनारायण गोयन्काको ध्यान शिविरमा बसेका थिए। यसरी विपश्यना आचार्य सत्यनारायण गोयन्काको ध्यान शिविरमा बस्ने पहिलो नेपालीका रूपमा उनलाई लिन सकिन्छ। यस्तै उनी सन् १९७६ मा इगतपुरीको ध्यानकेन्द्रमा विपश्यना शिविरमा बसिरहेको समयमा नेपालका प्रसिद्ध व्यापारी मणिहर्ष ज्योति पनि उक्त शिविरमा भाग लिइरहेका थिए[१२०]। हालका सङ्घनायक भिक्षु अश्वघोष महास्थविर तथा धम्मवती गुरुमा पनि इगतपुरीको ध्यान शिविरमा भाग लिई नेपालमा पनि विपश्यना ध्यानको प्रचार गर्नको लागि आवश्यक आधार तयार गर्दै थिइन्। भिक्षु अश्वघोषबाट **बौद्ध ध्यान** भन्ने पुस्तक प्रकाशन गरे। विश्वविख्यात विपश्यनाचार्य सत्यनारायण गोयन्काको ध्यान शिविरमा बसेर लिएका ध्यानको बारेमा जानकारीमूलक सन्देश भएको उक्त पुस्तकबाट ध्यान भावनाको महत्त्वबारेमा बौद्ध जनमानसलाई जानकारी दिने कार्य भएको थियो।

यसै बीचमा सन् १९७९ मा धर्मकीर्ति विहारमा अनागारिका धम्मवती गुरुमाको प्रयासमा म्यान्मारबाट अनागारिका दो पञ्ञाचारीलाई निमन्त्रणा गरियो। अनागारिका दो पञ्ञाचारीको निर्देशनमा प्रत्येक दिन धर्मकीर्ति विहारमा विपश्यनाको सामूहिक ध्यान अभ्यास गराउने कार्य शुभारम्भ गरियो। केही दिन एक घन्टाको नियमित सामूहिक ध्यानको प्रशिक्षणपश्चात् बनेपाको ध्यानकुटीमा एक सप्ताहको ध्यान शिविर सञ्चालन भयो। यो शिविर नै थेरवादको पुनर्जागरणपश्चात् औपचारिक रूपमा आयोजना गरिएको प्रथम विपश्यना शिविर भनी मान्न सकिन्छ। उक्त शिविरमा बर्मी भाषामा दो पञ्ञाचारी गुरुमाले दिने ध्यानको निर्देशनलाई अनागारिका धम्मवतीले अनुवाद गर्दथिन्[१२१]।

ध्यान भावनाको अभ्यासमा फड्को मार्ने कार्य विपश्यना आचार्य सत्यनारायण गोयन्काको नेपालमा आगमनपश्चात् भएको थियो। बुद्धको शिक्षालाई बुद्धिविलासका रूपमा मात्र नलिईकन ध्यानभावना अनिवार्य भएको सन्देशसहित उनीबाट सन् १९८१ मा सर्वप्रथम आनन्दकुटीमा दस दिवसीय ध्यान शिविरको आयोजना भएको थियो। उक्त दस दिवसीय शिविरको लोकप्रियता दिनानुदिन बढ्दै गयो र फेरि सन् १९८२ मा दोस्रो पटक बूढानीलकण्ठको बोर्डिङ स्कुलमा शिविर सञ्चालन भयो। एवं रीतले सन् १९८४ र सन् १९८५ मा

---

१२० तीर्थनारायण मानन्धर, पूर्वोक्त पादटिप्पणी २२ (पृ. १०५-१०८)।
१२१ ऐ ऐ (पृ. १०८)।



Downloaded from http://www.dhamma.digital

आनन्दकुटी विद्यापीठमा तेस्रो र चौथो पटक दस दिवसीय ध्यान शिविर सञ्चालन भयो[१२२], ती शिविरहरूमा भाग लिएका अधिकांश व्यक्तिहरूले भगवान् बुद्धले देखाएका वास्तविक मार्गका बारेमा जानकारी प्राप्त भएको भनी सन्तोषपूर्ण उद्गार व्यक्त गरेका थिए। नेपालका प्रमुख उपासक-उपासिकाहरूले भाग लिएको उक्त शिविरपश्चात् दस दिवसीय शिविर विभिन्न ठाउँमा सञ्चालन गर्न स्वयं विपश्यना आचार्य सत्यनारायण गोयन्का पटक-पटक नेपाल आए। उनी काठमाडौं बस्ने अवधिमा राष्ट्रिय सभागृह, प्रज्ञाभवन आदि ठाउँमा पटक-पटक ध्यान भावनासम्बन्धी सार्वजनिक प्रवचनको आयोजना पनि गरिएको थियो।

यसै क्रममा यदुकुमार सिद्धिबाट बूढानीलकण्ठमाथि मुहान पोखरीमा आफ्नो निजी प्रयोजनका लागि किनेर राखेको सानो टुक्रा जग्गा र त्यस स्थानमा बनाइएको छाप्रोलाई स्थायी रूपमा ध्यान शिविरको सञ्चालन गर्ने प्रयोजनका लागि दान दिए। विपश्यनाचार्य गोयन्का गुरुबाट पनि सो स्थान उपयुक्त हुने भनेर विपश्यना ध्यानकेन्द्रका रूपमा त्यहाँ नै बनाउने स्वीकृति दिनुभयो। काठमाडौं मरुहिटीका द्वारिकाप्रसाद मानन्धरबाट पनि त्यस स्थानमा रहेको आफ्नो सानो घर ध्यानकेन्द्रका लागि प्रदान गरे। त्यसपछि यस ध्यानकेन्द्रलाई एउटा महत्त्वपूर्ण स्थानमा रूपान्तरण गर्न बृहत् रूपमा निर्माण कार्यको योजना तयार भयो। नेपालका ठूला व्यवसायी तथा एक प्रमुख उपासक मणिहर्ष ज्योति तथा भक्तिदास साहूहरूको संलग्नतामा नेपाल विपश्यना ध्यानकेन्द्रको निर्माण कार्य तीव्र गतिमा भयो। निर्माण कार्यमा विपश्यना ध्यानमा सहभागीहरूको स्वैच्छिक चन्दा रकमबाट मात्र पूरा गरिएको थियो। हाल त्यहाँ प्रति महिना दुई पटक दस दिवसीय शिविर र समय-समयमा एक महिना र त्यसभन्दा पनि बढी समयको शिविर निरन्तर सञ्चालन हुँदै आइरहेको छ। भगवान् बुद्धले दुष्कर तपस्या गरेर लाभ गरेको ज्ञान यही ध्यानको अभ्यासबाट बौद्धमार्गी मात्रले होइन, स्वदेशी एवं विदेशी अन्य धर्मावलम्बीहरू पनि अभ्यास गर्दै लाभान्वित भइरहेका छन्। यसरी साधकहरूको श्रद्धाको फलस्वरूप अहिले त्यहाँ एकै पटक ३०० जनाभन्दा बढी साधक बसेर ध्यान गर्न सक्ने हल, शून्यागारहरू निर्माण भैसकेको छ र निरन्तर रूपमा मासिक दुई पटक, दीर्घ शिविर र एकदिवसीय ध्यान शिविर सञ्चालन भइरहेको छ[१२३]।

विपश्यना ध्यानकेन्द्रलाई केन्द्र बनाई हाल नेपालका अन्य स्थानमा पनि ध्यानकेन्द्र खोल्ने कार्य भइरहेको छ। हाल नेपालमा गोयन्का गुरुको निर्देशनमा विपश्यना ध्यान सञ्चालन हुने सातवटा केन्द्रहरू छन्। यथा: धम्मशृङ्ग काठमाडौं,

---

१२२ कुमार रञ्जित, पूर्वोक्त पादटिप्पणी ३१ (पृ. ६१-६३)
१२३ कुमार रञ्जित, पूर्वोक्त पादटिप्पणी ३१(पृ. ६४)



Downloaded from http://www.dhamma.digital

धम्मजननी लुम्बिनी, धम्मतराई लुम्बिनी, धम्मविराट विराटनगर, धम्मपोखरा पोखरा, धम्मचितवन चितवन, धम्मकीर्ति कीर्तिपुर ।

बर्माका ऊ बा खीनको परम्परालाई अनुकरण गरी गोयन्का गुरुको निर्देशनमा ध्यान शिविर सञ्चालनसँगसँगै म्यान्मारका प्रसिद्ध ध्यानगुरु तथा छैटौं सङ्गायनका प्रश्नकर्ता महाशि सयादोद्वारा निर्देशन दिने पद्धतिको सतिपट्ठान ध्यान पनि नेपालमा सुरु भयो । बर्माका ध्यानगुरु ऊ सुन्दरले नेपाल आई ध्यान शिविर सञ्चालन गरिरहेको समयमा उपासिका चैत्यमाया शाक्यबाट शङ्खमूलस्थित वाग्मती नदीको किनारमा आठ रोपनी जग्गा ध्यानकेन्द्र निर्माणका लागि दान दिने कार्य भयो र यही जग्गामा अन्तर्राष्ट्रिय भावना केन्द्रको निर्माण कार्य सुरु गरी वि.सं. २०४४ देखि नियमित रूपमा ध्यान शिविर सञ्चालन हुँदै आएको छ । सर्वप्रथम वि.सं. २०४४ आषाढ पूर्णिमाको दिन एक महिनाको शिविर सयादो ऊ पण्डिताभिवंशको निर्देशनमा सञ्चालन भयो[१२४] . त्यसपछि दस दिवसीय शिविर पनि सञ्चालन हुँदै गयो । पछि भिक्षु सुमङ्गल तथा अनागारिका धम्मवतीको प्रयासमा यस स्थानमा अन्य निर्माण कार्यको थालनी भयो । ध्यान शिविर, बाल ध्यान शिविर, परियत्ति कक्षा सञ्चालन आदि बुद्धानुशासनको कार्यमा अन्तर्राष्ट्रिय भावना केन्द्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । वि.सं. २०७० भाद्र २२ गते यस केन्द्रका लागि सँगैको १ रोपनी जग्गा पाटनका धर्मनरसिंह शाक्यले दान दिए । हाल यस केन्द्रबाट ललितपुरको पूर्वी पहाडमा अवस्थित लाकुरी भन्ज्याङमा पनि ध्यानकेन्द्र बिस्तार गरिँदै छ ।

### २०. संस्कार र चाडपर्वमा थेरवाद बुद्धधर्मको प्रभाव

नेपालका थेरवादी बौद्धहरूमाझ संस्कारहरू गराउने कार्यमा थेरवादी धारणा पनि प्रभाव देखा परेको छ । संस्कार कर्म र पर्व मनाउँदा कहिलेकाहीं बुद्धले मार्गनिर्देशन गरेको शीलसमेतलाई उलङ्घन गर्नुपर्ने परिस्थितिबाट टाढा रहन थेरवाद परम्पराबाट हिंसारहित पर्व तथा संस्कार कर्मको सम्पादन गर्ने कार्य सुरु भएको छ । विभिन्न चाडपर्वको समयमा हिंसा र बलि दिने पर्वमा बुद्धधर्मको प्रभावकै कारणले हिंसाकर्म छोडेर शीलसम्पन्न भई संस्कार कर्म मनाउने क्रान्तिकारी परिवर्तन आएको छ । हिन्दूहरूको महान् चाड दसैं तथा अन्य देवाली आदि पर्वहरूको समयमा बलि दिने कार्यबाट बौद्धहरू अलग भैसकेका छन् । त्यस्तै शिशु जन्मिँदा, न्वारान गर्दा, व्रतबन्ध, इही गर्ने, गुफा राख्ने, विवाह, मृत्यु, श्राद्ध संस्कार कर्म आदिलाई सरल रूपले गर्न भिक्षु सङ्घलाई आमन्त्रण गरेर त्यस कार्यको सम्पादन गर्ने प्रवृत्तिको थालनी भएको छ । केटाहरूलाई व्रतबन्धको सट्टा विहारमा श्रामणेर बनाएर, केटीहरूलाई बारा तयेगु (गुफा राख्ने) संस्कारको

---

१२४ ऐ ऐ (पृ ४१-४३)



Downloaded from http://www.dhamma.digital

सट्टा ऋषिनी बनाएर विहारमा अष्टशील पालन गराउने कार्यहरू भैरहेको छ। विवाहमा पनि भिक्षु तथा अनागारिकाहरूका अगाडि केटा र केटीले आ–आफ्नो तवरले पति-पत्नीको कर्तव्य निर्वाह गर्छु भन्ने प्रतिवद्धता गराएर विवाह मङ्गल सम्पादन गर्ने, मृत्युको समयमा मत्तक वत्थ दान दिन लगाउने तथा मृतकको वार्षिकीमा भिक्षु सङ्घबाट परित्राण पाठ गराएर सस्कार कर्म गर्ने प्रचलन बढ्दो छ। विभिन्न कर्मकाण्ड र विशेष पुरोहितको उपस्थितिमा मात्र गर्नुपर्दछ भन्ने मान्यताबाट पछि हट्दै कुलका थकालीको उपस्थितिमा त्रिशरण, पञ्चशील, र त्रिरत्न वन्दना गरी घरैमा वा विहारमा विभिन्न संस्कारहरू सम्पादन गर्न सकिने कुरालाई विशेष गरी थेरवादी परम्पराका बौद्धहरूले कार्यान्वयन गरिरहेका छन्। थेरवादी परम्परामा कसरी संस्कार कर्म गर्ने भन्ने कुरालाई स्पष्ट्याउन भिक्षु अश्वघोष महास्थविर तथा धर्मरत्न शाक्यबाट बौद्ध संस्कारपद्धतिको किताव पाठकसामु ल्याइएको छ। नेवार बौद्धहरूको दाँजोमा जनजाति बौद्ध समुदायमा यस संस्कार कर्मको पुस्तक अनुसरण गर्ने प्रवृति बढ्दो छ। विशेष गरेर थारू समुदायमा थारू पण्डितहरू, मगर समुदायमा बाप्पाहरूले बौद्ध संस्कार पद्धतिअनुसार आफ्नो संस्कार कर्मको तालिम लिने दिने कार्य भैरहेको छ।

### २१. विहारहरूको स्थापना

बौद्ध विहारको कुरा गर्दा नेपालको थेरवादी पुनर्जागरण कालमा स्वयम्भूको दक्षिणमा अवस्थित किण्डोल विहार र किण्डोल उपासिकारामलाई पहिलो थेरवादी गतिविधि भएको विहारका रूपमा लिन सकिन्छ। पछि भिक्षु धम्मालोकबाट स्वयम्भू डाँडाको दक्षिणपट्टि रहेको ठाउँमा आनन्दकुटी विहार स्थापना गरियो। यसरी विहार निर्माणको कार्य उपत्यकाभित्र तथा उपत्यकाबाहिर विभिन्न ठाउँमा क्रमशः हुँदै गयो।

हाल नेपालमा रहेका थेरवादी बौद्ध विहारहरूको सूची अनुसूचीमा प्रस्तुत गरिएको छ– हेर्नुहोस् : अनुसूची

### २२. बौद्ध साहित्यको प्रकाशन

विश्वसभ्यताको इतिहाससँग तुलना गर्दा नेपालमा अध्ययन-अध्यापनको सुरुवात निक्कै पछि भयो। वि.स. २०६८को जनगणनाअनुसार नेपालमा ६५.९ प्रतिशत साक्षर रहेको देखाइएको छ। नेपालको पहिलो जनगणना भएको वि.सं. २००९-१० तिर साक्षरताको प्रतिशत मात्र ५.३ थियो। यस हिसावले थेरवादी पुनर्जागरणको समय अथवा वि.सं. १९८० को दशकमा त्योभन्दा बढी जनसङ्ख्या साक्षर हुन सक्ने सम्भावना कमै थियो। त्यस्तो समयमा पनि थेरवादी भिक्षुहरू, उपासक-उपासिकाहरूले शिक्षण क्षेत्रमा पनि जागरण ल्याउने कार्य गरेका थिए। राणा शासनकालमा सामान्य जनतालाई औपचारिक शिक्षाको अवसरबाट वञ्चित



Downloaded from http://www.dhamma.digital

गरिएको र बौद्ध साहित्यप्रति शासकहरूको नकारात्मक दृष्टिकोणले तिनका विवेकहीन सोचको परिचय दिएको थियो ।

शिक्षाको पहारिलो घामबाट बहुसङ्ख्यक जनता वञ्चित गराइएको त्यो परिस्थितिमा अध्ययन गर्नुको महत्त्वलाई बुझाउन बौद्ध अनागारिका धर्मचारीले नेपालभाषामा "स्वदेशवासी दाजुकिजा तता केहेँपिं विद्या ब्वना दियेमाल" अथवा स्वदेशवासी दाजुभाइ दिदीबहिनीहरू शिक्षा ग्रहण गर्नुपर्‍यो भन्ने सन्देशमूलक गीतको रचना गरी शिक्षामा जागरण ल्याउने कार्य भएको थियो । साक्षरता धेरै न्यून भएको त्यस्तो परिस्थितिमा पनि थेरवादी बौद्ध जागरणले बौद्ध साहित्य लेखन र प्रकाशन उल्लेखनीय मात्रामा गरेको थियो । यसरी बुद्धभूमिमा बौद्ध साहित्यको प्रकाशन वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने काम थेरवादी बौद्ध भिक्षुहरूले र अनागारिकाहरूले गरे । तर जङ्गबहादुरले बौद्ध साहित्यप्रति गरेको रवैया पुनः जुद्धशमशेरबाट दोहर्‍याउने काम भयो । भिक्षु अमृतानन्दद्वारा लिखित नेपाल भाषाका बौद्ध पुस्तकहरू, त्रिरत्न वन्दना, पाठ्यसूत्र, धम्मपद, बुद्ध जीवनी, गृही विनय आदि सन् १९४३ मा जफत गरेका थिए[१२५] ।

शासकहरूको यस्तो रवैयाका बावजुद भिक्षुहरूले बुद्धको अमृतमय शिक्षा जनमानसमा फिंजाउने कार्यलाई निरन्तरता दिँदै गए । प्रारम्भकालमा भिक्षु महाप्रज्ञाबाट सन् १९३९ मा पालि साहित्यमा अन्तर्निहित बुद्धको जीवनीलाई नेपाली बौद्धहरूको चिरपरिचित ग्रन्थका रूपमा ललितविस्तरको नाममा प्रकाशन भयो । उनी आफैले प्रेस प्रति बनाई पालि भाषाको ललितविस्तरलाई अनुवाद गरी नेपालभाषामा प्रकाशित गरे[१२६] । त्यस्तै प्रज्ञानन्द महास्थविर, धम्मालोक महास्थविर, अमृतानन्द महास्थविर, सुबोधानन्द महास्थविर, महानाम महास्थविर, बुद्धघोष महास्थविर, विवेकानन्द महास्थविर, अश्वघोष महास्थविर, कुमार काश्यप महास्थविर, सुदर्शन महास्थविर, ज्ञानपूर्णिक महास्थविर, अनागारिका धम्मवती "धम्माचरिय" आदि भिक्षु तथा अनागारिकाहरूलाई थेरवादको पुनर्जागरणमा उल्लेखनीय पुस्तक लेखनकार्यमा योगदान दिने व्यक्तित्व हुन् । विशेष रूपले भिक्षु अमृतानन्द महास्थविरबाट भएको अनुसन्धानका लागि उपयुक्त हुने किसिमका बौद्ध ग्रन्थहरू नेपाली भाषामा लेख्ने तथा आनन्दकुटी विहार गुठी स्थापना गरी प्रकाशन शुभारम्भ गर्ने काम उल्लेख्य थिए । बुद्धकालीन ब्राह्मणबाट सुरु गरी दुई दर्जनभन्दा बढी महत्त्वपूर्ण ग्रन्थहरूको लेखन र प्रकाशन गर्ने कार्य भएको थियो । यी ग्रन्थले बौद्ध साहित्यमा अनुसन्धानमूलक कार्यका लागि अति सहयोग गरेको छ । ऐतिहासिक तथ्य समेटेर भिक्षु सुदर्शन महास्थविरले महत्त्वपूर्ण विश्लेषणात्मक ग्रन्थ लेखेका थिए । बौद्ध दर्शन र अभिधर्मका सम्बन्धमा विशेष रूपले भिक्षु

---

१२५ कुमार रञ्जन, पूर्वोक्त पादटिप्पणी ३१ (पृ १६६)

१२६ लाभरत्न तुलाधर, (सं), **महाप्रज्ञाको आत्मकथा** (इ स २०१२), काठमाडौं : उपासक, उपासिका



Downloaded from http://www.dhamma.digital

बुद्धघोष महास्थविरबाट महत्त्वपूर्ण ग्रन्थ रचना भएको थियो। जनजीवनका व्यावहारिक समस्यालाई सम्बोधन गर्ने विषयवस्तुहरूलाई समेटेर भिक्षु अश्वघोष, ध्यानभावनालाई केन्द्रविन्दु बनाएर अनुवाद गर्नुहुने भिक्षु ज्ञानपूर्णिक महास्थविर तथा धर्मलाई सरल भाषामा बुझाउने हिसाबले अनागारिका धम्मवती गुरुमालगायतका लेखक लेखिकाहरूबाट बौद्ध साहित्य रचना गर्ने महत्त्वपूर्ण कार्य भयो।

## २३. नेपालमा त्रिपिटकको प्रकाशन

नेपाल बुद्धकालदेखि नै बुद्धशिक्षाको प्रचारप्रसार मात्र होइन समय-समयमा महत्त्वपूर्ण बौद्ध केन्द्रको रूपमा स्थापित हुँदै आइरहेको तथ्य इतिहासले देखाएको छ। तर समय-समयमा सद्धर्मको महत्त्व नबुझ्नेले आ-आफ्नो पूर्वाग्रह र स्वार्थवश धर्मको धाराप्रवाहलाई छिन्नभिन्न पार्न नखोजेको पनि होइन। कसैकसैको स्वार्थको कारणले एउटा महत्त्वपूर्ण कालखण्डमा बुद्धशिक्षाको प्रचारप्रसार हुनुबाट वञ्चित भएर बस्नुपर्‍यो र सार्वजनिन बुद्धशिक्षा केही वर्गमा मात्र सीमित हुन पुग्यो। बुद्धशिक्षाका पुस्तकहरू नै नपाउने कालखण्ड र बुद्धशिक्षाको जीवन्त अभ्यासको अभावले र बुद्धधर्मलाई जनमानसबीच प्रचार गर्न नसकेकाले झन्डैझन्डै बुद्धधर्मलाई बिर्सने अवस्थामा नेपाल पुगिसकेको थियो। धर्मबारे अनभिज्ञ भएर बस्नुपर्ने अवस्थाकै कारणले अहिलेको पुनर्जागरण अवस्थामा पनि बुद्धधर्म प्रचारप्रसारले त्यति राम्रो गति लिन सकिरहेको छैन। तैपनि सद्धर्मप्रति श्रद्धाले अभिभूत भएका भिक्षु तथा गृहस्थहरूले यसको महत्त्वलाई बुझेर संरक्षण गर्ने र पुनर्जागरणलाई गति दिने कार्यमा सबै कल्याणमित्रहरूको सत्प्रयास बढेको छ। फेरि एक पटक बुद्धधर्म सार्वजनिक विषयका रूपमा प्रस्तुत भइरहेको छ। बुद्धधर्मका अमृतमय सन्देश बोकेका पुस्तकहरू प्रकाशन हुने क्रम पनि बढ्दै गइरहेको छ।

त्रिपिटक प्रारम्भिक बुद्धधर्मको मौलिक ग्रन्थ हो। बुद्धका सम्पूर्ण शिक्षाहरू समावेश भएको यस मौलिक ग्रन्थलाई अध्ययन नगरीकन बुद्धधर्मको वास्तविकता थाहा हुँदैन। यस्ता ग्रन्थहरूले दिने शिक्षालाई जनमानसमा प्रचार गर्नु मानवकल्याणको बाटोमा लाग्नु हो भने यसले सद्धर्मलाई पनि सुरक्षित गर्न मदत गर्दछ। बुद्धधर्मको प्रारम्भिक तथा आधिकारिक ग्रन्थहरूको सङ्ग्रह **त्रिपिटक** ग्रन्थको नेपाल तथा नेपाली भाषामा अनुवाद गर्ने क्रम सुरु भइसकेको छ। सन् १९३१ मा डा. इन्द्रमान वैद्यबाट खुद्दक निकायको धम्मपद अनुवाद भएको थियो[१२७], यही नै नेपालको भाषामा सर्वप्रथम त्रिपिटक ग्रन्थको अनुवाद भन्न

---

१२७ अनागारिका अग्गञाणी तथा विमलञाणी, **चूल निद्देस** (इ.स. २००२), काठमाडौं : ज्ञानज्योति तथा लक्ष्मिप्रभा कसाकार, (पृ. ख)



Downloaded from http://www.dhamma.digital

सकिन्छ। यही ग्रन्थ पछि भिक्षु अमृतानन्द महास्थविरबाट पनि ने.सं १०६२ मा अनुवाद भएको थियो। बु.सं २५०० मा खुद्दक निकायकै थेरीगाथा ग्रन्थ अनागारिका चन्द्रशीलाबाट अनुवाद भएको थियो। बु.सं २५१२, २५१३ र २५१८ मा धर्मरत्न शाक्यबाट क्रमशः खुद्दक निकायकै खुद्दकपाठ, चरियापिटक र उदान अनुवाद गरी प्रकाशनमा ल्याइयो। उनीबाटै ने.सं ११११ मा सुत्तनिपात र बु.सं २५४४ मा विमान वत्थु पनि अनुवाद भई प्रकाशनमा आयो। यसरी खुद्दक निकायका पांच महत्त्वपूर्ण ग्रन्थ र अङ्गुत्तर निकाय अनुवाद गर्ने श्रेय धर्मरत्न शाक्यमा जान्छ।

सबभन्दा बढी त्रिपिटक पालिको अनुवाद गरी नेपाल र नेपाली भाषामा धर्मको भण्डार वृद्धि गर्ने पुण्य कार्य बौद्ध विद्वान् दुण्डबहादुर बज्राचार्यबाट भएको छ। उनले सूत्रपिटकका महत्त्वपूर्ण ३ वटा ग्रन्थहरू दीघनिकाय, मज्झिमनिकाय र सयुक्त निकायको अनुवाद क्रमशः बु.सं २५३३, २५४१, र २५४२ मा सम्पन्न गरी प्रकाशनसमेत गरी सक्नु भएको छ।। त्यसभन्दा अगाडि बु.सं. २५२६ मा उनले खुद्दक निकायका इतिवुत्तक ग्रन्थ अनुवाद गरेको थियो। यसबाहेक खुद्दक निकायका अन्य ग्रन्थहरूको अनुवाद गर्ने क्रममा बु.सं. २५४४ मा जातक पालिको पहिलो भाग भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट, पेतवत्थु र थेरगाथा भिक्षु बोधिसेन महास्थविरबाट, बुद्धवंश भुवनलाल प्रधानबाट अनूदित भई प्रकाशित भएको थियो भने चुलनिद्देस अनागारिका अग्गञाणी र विमलञाणीबाट बु.सं २५४५मा अनुवाद सम्पन्न गरी प्रकाशनमा ल्याउनु भएको थियो। अपदानको पहिलो भाग भिक्षु धर्ममूर्तिबाट अनुवाद गरी बु.सं २५५० मा प्रकाशनमा ल्याइयो। बाँकी अपदान र महानिद्देश क्रमशः भिक्षु विपस्सी धम्मागमा र अग्गञाणीबाट अनुवाद कार्य सकी प्रकाशनको बाटोमा छ। यसरी सुत्तपिटकको पटिसम्भिदामग्ग, महानिद्देस र जातक पालिका बाँकी अंशहरू प्रकाशन गर्न बाँकी रहेको छ।

सुत्तपिटकका अधिकांश ग्रन्थहरू नेपालभाषा वा नेपाली भाषामा अनुवाद भई प्रकाशनमा ल्याइए तापनि विनयपिटकका कुनै पनि ग्रन्थ अनुवाद हुन सकिरहेको छैन। अभिधम्म पिटकका सात ग्रन्थमा पुग्गलपञ्ञत्ति एउटा बु.सं २५५२ मा भिक्षु धर्मरक्षितबाट अनुवाद भै प्रकाशनमा आएको थियो। यसरी विनयपिटक र अभिधर्मपिटकका अधिकांश ग्रन्थहरू अनुवाद र प्रकाशनका लागि प्रयास आवश्यक भइरहेको छ।

अनुपिटक साहित्यमा मिलिन्दप्रश्न ग्रन्थ बु.सं २५२८ मा दुण्डबहादुर बज्राचार्यबाट अनुवाद र प्रकाशन भैसकेको र विशुद्धिमग्ग ग्रन्थ बु.सं २५४५ मा भिक्षु विशुद्धानन्द र भिक्षु कोडण्यबाट अनुवाद गरी प्रकाशनमा आइसकेको छ। अर्थकथा साहित्यमा जातक अट्ठकथा दुण्डबहादुर बज्राचार्यबाट अनुवाद भैसकेको छ। धम्मपद अट्ठकथाका केही अंशहरू भिक्षु अनिरुद्ध महास्थविर तथा नानीमैया



Downloaded from http://www.dhamma.digital

मानन्धरबाट अलग–अलग अनुवाद र प्रकाशन हुँदै आइरहेको छ। धम्मपद अट्ठकथाको सङ्क्षिप्त पुस्तक पनि दुण्डबहादुर बज्राचार्यबाट प्रकाशनमा ल्याइएको छ। हाल आएर त्रिपिटकको सूत्रपिटकका अधिकांश ग्रन्थरत्नको अनुवादमा समर्पित दुण्डबहादुर बज्राचार्यको पहलमा त्रिपिटक अनुवाद व्यवस्थित गरी कार्य सुरु गर्ने योजनाअनुरूप भिक्षु कोण्डन्यको संयोजकत्वमा त्रिपिटक अनुवादक मण्डलबाट कम्तीमा पनि त्रिपिटकको सूत्र, विनय र अभिधर्मका सम्पूर्ण पिटक साहित्यलाई छिटोभन्दा छिटो जनमानसमा उपलब्ध गराउने हिसावले जोडतोडका साथ अनुवादको कार्य भैरहेको छ। भिक्षु धर्मगुप्त, अनागारिका अग्गञाणी सहभागी रहेको उक्त मण्डलले यथाशीघ्र सम्पूर्ण त्रिपिटक अनुवाद सम्पन्न गर्ने उद्देश्य लिएको छ।

यस्तै हिसावले पालि साहित्यको अर्थकथा साहित्य, अनुपिटक साहित्य, टीका, अनुटीका, वंशसाहित्य आदि पनि क्रमशः अनुवाद गर्दै मूल पालिका सम्पूर्ण साहित्य आफ्नै भाषामा अध्ययनको अवसर मिलाउन सके नेपाली जनमानसको धेरै उपकार हुने कुरामा दुई मत छैन। सरकारी स्तरबाट कुनै किसिमको सहयोगविना व्यक्तिगत प्रयासमा भइरहेको त्रिपिटक साहित्यको अनुवाद र प्रकाशनले नेपाली बौद्धहरूको धर्मप्रतिको श्रद्धालाई प्रदर्शन गरेको छ। धर्म प्रचारमा कुनै पनि प्रकारले नेपालीहरू कम छैनन् भन्ने सन्देश दिइरहेको छ र आगामी दिनहरूमा पनि यस्तै प्रगाढ श्रद्धाको निरन्तरताले बाँकी सम्पूर्ण ग्रन्थहरूको यथाशीघ्र प्रकाशन हुने कुरामा आशावादी हुन सकिन्छ।

बुद्धभूमि नेपालमा त्रिपिटकको अनुवाद नेपालका विभिन्न भाषाहरूमा भइ सक्नुपर्ने अवस्थामा साधन र स्रोतको अभावले ती ग्रन्थहरूको समयानुकूल प्रकाशन गर्न सकिएको छैन। बुद्धका अमृतमय वचन सङ्गृहीत त्रिपिटकको नेपालका विभिन्न जाति र जनजातिहरूलाई बोध गराउनका लागि उनीहरूको विभिन्न भाषामा अनुवाद गर्दै जानु बुद्धशिक्षा प्रचारमा लाग्नेहरूका लागि महत्त्वपूर्ण कार्य हुन गएको छ।

**२४. बौद्ध जागरण कार्यक्रम र जनजातिहरूबाट बुद्धशिक्षा ग्रहण**

नेपालका विभिन्न जनजातिहरू विशेष गरेर तामाङ, गुरुङ, सेर्पा, मगर, थारूहरूमा बुद्धधर्मप्रतीको अपनत्व पनि थेरवादको पुनर्जागरणपछि भएको हो। अधिकाश गरिबी र अशिक्षामा बाँच्नुपरेका यी जातिहरू राज्यको एक धर्मलाई प्रोत्साहन गर्ने नीतिले क्रमशः हिन्दूकरण हुने क्रममा थियो। तर थेरवादी बुद्धानुशासनअन्तर्गतका बिभिन्न संस्थाहरूले समय–समयमा गरेका बौद्ध जागरण कार्यक्रमले उनीहरूले विर्सिसकेका बौद्ध संस्कारहरूलाई फेरी एक पटक आत्मसात् गर्ने अवसर प्रदान गर्‍यो।



Downloaded from http://www.dhamma.digital

त्यस्तै २०४६ असोज १३ गते बुद्ध विहार भृकुटी मण्डपमा युवा बौद्ध समूहको आयोजनामा "बुद्धधर्म र थारू समाज" विषयक एक प्रवचन कार्यक्रम भएको थियो। भिक्षु अमृतानन्दको उपस्थितिमा भएको उक्त कार्यक्रममा पूर्व महान्यायाधिवक्ता रमानन्दप्रसाद सिंहबाट थेर शब्द थारू जातिबाट आएको हो र थारूहरू बौद्ध धर्म मान्ने जाति हुन् भन्ने कुराको सगौरव घोषणा गर्ने कार्य भयो[१२८]. यसै अभिप्रायको एक पुस्तक पनि उनले प्रकाशन गरे। उनको यस घोषणापश्चात् अन्य धेरै थारू विद्वान्हरूले थारू भाषामा बौद्ध साहित्य निर्माण गर्न थाले। विशेष रूपमा तेजनारायण पञ्जियारबाट शाक्यमुनि बुद्ध, त्रिरत्न वनहैन– (त्रिरत्न वन्दना) आदि पुस्तक प्रकाशित गरियो। त्यस्तै सुबोधकुमार चौधरीबाट Return of Mourya भन्ने पुस्तकमा थारूहरू सुरुदेखि नै बौद्ध भएको प्रमाण प्रकाशित गर्ने कार्य भयो। थारूहरूको प्रमुख बस्ती रहेको सप्तरीको मटिगौडामा एक चैत्य निर्माणको कार्य युवा बौद्ध समूहको पहलमा भिक्षु अश्वघोष महास्थविरबाट २०४९ पौष २४ गते शिलान्यास र वि.सं. २०५० चैत्र २४ गते भिक्षु कोण्डण्यबाट उद्घाटन[१२९] गरेपश्चात् त्यसै ठाउँमा महान्यायाधिवक्ता रमानन्दप्रसाद सिंहद्वारा विहार निर्माण कार्य भयो।

बौद्ध जागरण कार्यक्रमको सुरुवात काठमाडौंको युवा बौद्ध समूहबाट वि.सं. २०४७ सालदेखि व्यवस्थित रूपले भयो। प्रारम्भमा एक वा दुई दिवसीय जागरण कार्यक्रम उपत्यकाका विहारमा सुरु गरिएकोमा पछि उनीहरूका गाउँ-गाउँमै गएर जागरण कार्य गरियो। व्यवस्थित रूपमा कार्यक्रम गर्ने क्रममा सातदेखि दस दिनसम्मको जागरण शिविर आयोजना गरी बुद्धधर्मबारे सविस्तार जानकारी दिने कार्य गरियो। त्यसका लागि विशेष गरेर दिवङ्गत भिक्षु सुदर्शन महास्थविर, भिक्षु अश्वघोष महास्थविरले प्रमुख भूमिका खेलेका थिए। युवा बौद्ध समूहले सुरु गरेको यस जागरण कार्यमा पछि अन्य बौद्ध संस्थाहरू पनि संलग्न भई महत्त्वपूर्ण कार्य सम्पादन गरे[१३०].

जनजातिहरू माभ्क बुद्धधर्मको चेतना जगाउने महत्त्वपूर्ण कार्यमा वि.सं. २०४७ तिर नेपालका छ जना जनजातिका कुलपुत्रहरूलाई प्रव्रजित गराई बौद्धदेश थाइल्यान्डमा अध्ययनार्थ पठाउने महत्त्वपूर्ण कार्य भिक्षु सुदर्शनको नेतृत्वमा सम्पन्न भयो। अध्ययनार्थ थाइल्यान्ड पठाइएको उक्त पाँच समूहमा, तामाङ,

१२८ देवरत्न्जन तथा अन्य (स), युवा बौद्ध समूहको रजत वर्षको स्मारिका, (इ.सं. २००७), काठमाडौं : युवा बौद्ध समूह (पृ. ६)
१२९. पूर्वोक्त पादटिप्पणी ५४ (पृ. ७)
१३० पूर्वोक्त पादटिप्पणी ५४ (पृ. १८-२२)



Downloaded from http://www.dhamma.digital

थारू, मगर जातिका बालकहरू थिए। तिनीहरूलाई श्रामणेरको दीक्षा दिइं अध्ययनार्थ थाइल्यान्डमा छात्रवृत्तिको व्यवस्था गराइएको थियो[१३१]।

बौद्ध जनजातिहरूमा बौद्ध जागरण आएकै फलस्वरूप आदिकालदेखि बौद्ध जनजातिका रूपमा परिचित हुँदै आइरहेको तर अज्ञानतावश अन्य धर्म अँगाल्न पुगेका तामाङ जातिहरूमा आफू बौद्ध हौं भन्ने भावना प्रबल मात्रामा विकास भई बुद्धधर्मको अध्ययन गर्ने, आफ्ना संस्कारहरू फेरि जगाउने कार्य भयो। यसै क्रममा वि.सं. २०४९ मा तामाङ बाहुल्य भएको ललितपुरको दक्षिणमा अवस्थित नल्लु भन्ने गाउँको हात्तीडाँडामा एउटा बौद्ध चैत्यको स्थापना भयो[१३२]। तामाङ जातिमा यसरी बुद्धधर्मप्रति अभिरुचि बढाउने कार्यमा विशेष रूपले नेपाल तामाङ घेदुङका सीताराम तामाङ र परशुराम तामाङहरूले महत्त्वपूर्ण योगदान दिने कार्य गरेका थिए।

त्यस्तै लुम्बिनीको उत्तरतिर रहेको रूपन्देही जिल्लाका मगर जातिहरूमा पनि बौद्ध जागरण कार्यक्रमबाट आफूहरू बौद्ध हौं भन्ने भावना जागृत भयो। गोरेबहादुर खपाङ्गी र एम्.एस्. थापा मगरहरूको विशेष पहलमा मगरहरूमा बौद्ध जागरण कार्यक्रम हुँदै गयो। त्यसको नतिजास्वरूप वि.सं. २०५५आश्विन ३ गते बिर्तामोडमा आयोजना भएको केन्द्रीय मगर सङ्घको सम्मेलनमा मगरहरू बौद्ध हुन् भन्ने घोषणा गरियो[१३३]। बौद्ध जागरणको कार्यक्रमपछि मगरहरूले बौद्ध संस्कार नै मगरहरूको संस्कार हो भन्ने सन्देश दिने कार्य गरे। यस अभिप्रायको सन्देश मगरहरूको पत्रिका "लाफा" मार्फत प्रचारप्रसार गर्ने कार्य भयो।

### २५. नेपालका भिक्षु, अनागारिका तथा गृहस्थहरूलाई विभिन्न देशबाट दिईएका सम्मानहरू

नेपालका भिक्षुहरूमा विदेशबाट सर्वाधिक मानपदवी प्राप्त गर्ने व्यक्ति भिक्षु अमृतानन्द महास्थविर हुन्। उनलाई सन् १९५५ मा श्रीलङ्का सरकारबाट नेपाल शासन शोभन श्री धर्मरक्षित वंशालङ्कार, सन् १९५९मा मङ्गोलियाबाट गजेन भन्ने पदवी, १९७६ मा श्रीलङ्काबाट साहित्य चक्रवर्ती, सन् १९८४ मा श्रीलङ्काबाट महानायक, सन् १९८४ मा त्रिपिटक विशारद शासन जोतिक, १९८४ मै श्रीलङ्काबाट श्री धर्मरक्षित वंशालङ्कार धर्मकीर्ति तथा श्रीलङ्का र थाइल्यान्डबाट मानार्थ विद्यावारिधि प्रदान गरिएको थियो।

नेपालका प्रथम सङ्घनायक भिक्षु प्रज्ञानन्द महास्थविरलाई नेपाली भिक्षुमध्ये सर्वप्रथम महापण्डितको उपाधि म्यान्मारबाट प्रदान भएको थियो। भिक्षु कुमार काश्यपलाई श्रीलङ्काबाट त्रिपिटकाचार्यको उपाधि प्रदान गरिएको थियो।

---

१३१ पूर्वोक्त पादटिप्पणी ५४ (पृ. ५)

१३२ ऐ.ऐ.

१३३ ऐ.ऐ.(पृ. १२)



Downloaded from http://www.dhamma.digital

म्यान्मारमा अध्ययन गरेर बर्माकै सर्वोत्कृष्ट शैक्षिक उपाधि सासनधज धम्माचरिय हासिल गरेका भिक्षु ज्ञानपूर्णिक तथा भिक्षुणी (अनागारिका) धम्मवतीमध्ये भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई म्यान्मार सरकारबाट अग्गमहापण्डित र धम्मवती गुरुमालाई अग्गमहागन्थवाचक पण्डित उपाधिबाट विभूषित गरिएको छ। भिक्षु ज्ञानपूर्णिकलाई थाइल्यान्डबाट मानार्थ डिलिट उपाधि प्रदान गरिएको छ।

नेपालका धेरै भिक्षुहरू, अनागारिका गुरुमाहरू तथा एक गृहस्थलाई समेत शासनिक कार्यमा लागिपरेको कदरस्वरूप म्यान्मार सरकारबाट अग्गमहासद्धम्म जोतिक धज, महासद्धम्म जोतिक धज, सद्धम्मजोतिकधज अग्गमहागन्थवाचक पण्डित, अग्गमहागन्थवाचक भन्ने पदवी प्रदान गरिएको छ। अग्गमहासद्धम्म जोतिक धज प्राप्त गर्नेहरूमा भिक्षु बुद्धघोष महास्थविर, भिक्षु अश्वघोष महास्थविर, भिक्षु कुमार काश्यप महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर। महासद्धम्म जोतिक धज प्राप्त गर्नेहरूमा, भिक्षु बोधिसेन महास्थविर, भिक्षु धम्मशोभन महास्थविर, भिक्षुजटिल महास्थविर, भिक्षु उदयभद्र, अनागारिका त्राणशीला, अनागारिका सत्यशीला, अनागारिका सुजाता, तथा गृहस्थको रूपमा सद्धम्म जोतिकधज प्राप्त गर्नेमा द्रव्यमान सिंह (भाइराजा) तुलाधर छिन्।

त्यस्तै अग्गमहाग्रन्थवाचकको सम्मान अनागारिका धम्मविजयाले प्राप्त गरेकी छिन्।

## २६. लुम्बिनीमा थेरवादी बौद्ध विहार निर्माण

लुम्बिनी विकासको प्रारम्भकालमा निर्माण गरिएको बुद्ध मन्दिर र अतिथिगृहलाई केन्जो तान्गेको गुरु योजनाअनुसार अन्यत्र सान्नुपर्ने भएकोले प्रारम्भकालमा निर्माण गरिएका ती संरचनाहरू हटाएर अन्यत्र बनाउनका लागि लुम्बिनी विकास कोषबाट प्रदान गरिएको जग्गामा भिक्षुणी (अनागारिका) धम्मवतीको अगुवाइमा गौतमी विहार स्थापना भएको छ। अर्को थेरवादी बौद्ध विहार निर्माणको योजनामा हाल बौद्ध भिक्षुहरू लागि परेका छन। यसकार्यका लागि भिक्षु, गुरुमा, उपासक-उपासिकाहरूले सश्रद्धा सहयोग गर्नुपर्ने जागरण पनि थेरवादी बौद्धहरूमा पलाएको छ।

## २७. लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना र त्यसअन्तर्गत पालि सङ्कायको अध्ययन

थेरवादको पुनर्जागरणपछि बुद्धधर्म अध्ययन-अध्यापनमा तीव्रता ल्याइयो। क्रममा २०१९ सालदेखि परियत्ति शिक्षाको सुरु भई जनसाधारणले पनि बुद्धधर्म के हो ? भन्ने कुरा अध्ययन गर्ने मौका प्राप्त गरे वि.स. २०६९ सालमा लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत थेरवाद सङ्कायअन्तर्गत थेरवाद बुद्धिस्ट एकेडेमी स्थापना भयो। भिक्षु ज्ञानपूर्णिक महास्थविर प्राचार्य रहेको यस शिक्षण संस्थाले पालि



Downloaded from http://www.dhamma.digital

साहित्य अध्ययनार्थ विदेशमा जानुपर्ने भिक्षु, अनागारिका तथा गृहस्थहरूलाई समेत नेपालमै अध्ययन गर्ने अवसर सृजना गऱ्यो ।

**२८. उपसंहार : थेरवाद पुनर्जागरणको प्रभाव**

नेपालमा थेरवाद-बुद्धधर्मको पुनर्जागरणमा समय–समयमा विभिन्न प्रकारका बाधा र अवरोधहरू आए तापनि यसका अनुयायीहरूको श्रद्धाले गर्दा निरन्तरता दिन सफल भएको छ। त्यसकारण सानो समुदायमा मात्र संरक्षित भइरहेको बुद्धको शिक्षालाई व्यापक तुल्याउन यसले ठूलो योगदान गरेको छ। यसले वज्राचार्य तथा शाक्यहरूद्वारा संरक्षित बौद्ध संस्कारहरूलाई व्यापक बनाएर अबौद्धकरण हुन गइरहेका वा धर्मप्रति नै बेवास्ता गर्ने बौद्धधर्मीहरूमाझ बुद्धधर्मप्रति श्रद्धा अभिवृद्धि गराउने कार्य गरेको छ। विशेष रूपले गरिबी र अशिक्षाले गर्दा आफ्नो परम्परा र धर्म नै पहिचान गर्न असमर्थ भैसकेका बौद्ध जनजातिहरूमाझ धर्मको जागरण ल्याउन केही हदसम्म सफल भएको छ।

बुद्धको जन्मस्थल लुम्बिनीको विकासमा तीव्रता ल्याउने कार्यमा प्रारम्भकालमा भिक्षुहरूले खेलेको भूमिकाले लुम्बिनी गुरुयोजना संयुक्त राष्ट्र सङ्घबाट निर्माण गरी तदनुसार विकास गर्ने क्रमको थालनी भयो ।

पुरुषप्रधान समाजमा धर्मका बारेमा महिलाहरूलाई पनि जागरण ल्याउने कार्य सुरु भएको फलस्वरूप धर्म प्रचारको कार्यमा महिलाहरूले पनि नेतृत्व लिने मौका प्राप्त भई बुद्धानुशासन प्रवर्धन कार्यमा अझ तीव्रता हासिल गरेको छ।

धर्म प्रचारप्रसार गर्न आवश्यक पाठ्यसामग्री विकास गर्ने क्रममा नेपालभाषा विकास गर्न मदत गरेको र पछिका दिनमा नेपाली भाषामा पनि प्रचुर मात्रमा बौद्ध साहित्यको अनुवाद भएको फलस्वरूप नेपाली भाषाको पनि विकासमा योगदान पुगेको छ। अझ नेपालमा उपेक्षित भइ रहेका जनजातिहरूको भाषा विशेष गरी तामाङ, गुरुङ, थारू, मगर आदि भाषामा पनि महत्त्वपूर्ण बौद्ध साहित्य अनुवाद भएबाट ती भाषाहरूको संरक्षण र सवर्धनमा पनि महत्त्वपूर्ण टेवा पुग्न गएको छ।

बुद्धशिक्षाबाट जीवनलाई लाभान्वित गर्न बौद्धिक पक्षको मात्र विकास पर्याप्त नभएको, त्यसका लागि ध्यान भावना अत्यावश्यक भएको सन्देश दिन पनि थेरवाद बुद्धानुशासन सफल भएको छ। जसअनुसार ध्यानकेन्द्रको विकास भई बौद्धलाई मात्र नभई गैरबौद्ध धर्मावलम्बीहरूले पनि सद्धर्मको अभ्यास गर्ने अवसर प्राप्त गरेका छन्। यसबाट धर्म एक सार्वजनीन विषय हो भन्ने सन्देश फैलिएको छ भने त्रिविध बुद्धानुशासनका रूपमा परियत्ति, प्रतिपत्ति र पटिवेध पक्षलाई समेत समेट्न सफल भएको छ।

विश्व मानचित्रमा नेपाल भन्ने देशलाई चिनाउनका लागि पनि थेरवाद बुद्धधर्मले महत्त्वपूर्ण कार्य गरेको छ। भारतलगायत श्रीलङ्का, म्यान्मार,



Downloaded from http://www.dhamma.digital

थाइल्यान्ड, मलेसिया, चीन, जापान, ताइवान, युरोप, अस्ट्रेलिया, अमेरिका आदि देशमा गई भिक्षुहरूले त्यहाँका बुद्धानुयायी बीच बुद्धानुशासन सिकाउने कार्यमा संलग्न भएको फलस्वरूप तथा देशदेशावरका बौद्ध भिक्षु तथा विद्वान्हरूको नेपाल आगमनले र नेपालका भिक्षु तथा गृहस्थहरूले विदेशबाट उच्चशिक्षा प्राप्त गर्ने क्रमका साथै ती देशहरूबाट प्राप्त भएको गौरवपूर्ण सम्मान र पदले नेपाललाई अन्तर्राष्ट्रिय पहिचान दिलाउन पनि केही हदसम्म सफल भएको छ।

थेरवाद पुनर्जागरणले बौद्धहरूमा हामी बौद्ध हौँ भन्ने भावना जगाउन पनि सफल भएको छ जसको फलस्वरूप प्रत्येक दस वर्षमा हुने जनगणनामा बौद्धहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्न पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। वि.सं. २०३८ मा ५ प्रतिशत, २०४८ मा ७ प्रतिशत तथा २०५८ मा १० प्रतिशतमा वृद्धि भएको देखाउन सफल भएको थियो।

बुद्धधर्मले समाजमा रहेको छुवाछुतको भावना हटाउने, नारीपुरुष समानताको भावना अभिवृद्धि गर्ने, व्यक्तिवादी प्रवृत्ति हटाई हामी भन्ने भावना अभिवृद्धि गर्ने, मानिसहरूलाई नैतिक आचरणले युक्त बनाउने र सबै प्रकारका समस्या दुःख तथा पीडाहरूबाट प्रभावित नभईकन शान्तपूर्ण जीवन जिउने कला सिकाउँछ। यो कलाको विकासमा थेरवादी पुनर्जागरणले विशेष भूमिका खेलेको छ।

**सन्दर्भग्रन्थ सूची**


१ अग्गञाणी अनागारिका तथा विमलञाणी, *चूल निद्देस* (सन् २००२) काठमाडौं : ज्ञानज्योति तथा लक्ष्मिप्रभा कंसाकार।

२.तुलाधर, लाभरत्न, *महाप्रज्ञाको आत्मकथा* अनु. (सन् २०१२), काठमाडौं : उपासक उपासिक, बौद्ध ऋषि महाप्रज्ञा आश्रम।

३ प्रधान, भुवनलाल, *काठमाडौं उपत्यकाका केही सांस्कृतिक छिर्कामिर्का* (इ.सं २००७),काठमाडौं : सुमित्रा गुरुङ।

४ प्रधान, भुवनलाल, *नेपालमा बौद्ध धर्म* (वि सं २०४५), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान।

५.महास्थविर, अमृतानन्द, *नेपालमा थेरवाद शासनको इतिहास* (सन् १९८८) काठमाडौं : आनन्दकुटी विहार गुठी।

६.महास्थविर, सुदर्शन, *बौद्ध संस्कृति* (सन् १९९८) काठमाडौं : नगर मण्डप श्री कीर्ति विहार।

७.महास्थविर, सुदर्शन, *लुम्बिनीया किचलय्* (सन् १९९६) काठमाडौं : पुष्प मानन्धर र परिवार।

८.महास्थविर, सुदर्शन, *विश्वय् बुद्धधर्म* (सन् १९९६) ललितपुर : धर्मरत्न, त्रिशूली।

९ महास्थविर, सुदर्शन, *महापरित्राण* (वि.सं.२०६८) काठमाडौं : आनन्दकुटी विहार गुठी।

१० महास्थविर, सुदर्शन र दबलकाजी तुलाधर, *नेपा :या थेरवादी बुद्धशासनया इतिहासय् लूपि सतपुरुषतयगु लुमन्ति मुना* (सन् १९८८), काठमाडौं : कयो मयजु तुलाधर।

११. महास्थविर, ज्ञानपूर्णिक, *परित्राण निश्रय* (सन् १९९३), ललितपुर : शान्तिसुखावास।

१२ मानन्धर, तीर्थ नारायण, *जिगु लुमन्ति यें दे स्मिग : व थौं* (सन् २००७), काठमाडौं : नेपाल भाषा परिषद्।




Downloaded from http://www.dhamma.digital

१३. रञ्जित, कुमार, *धम्मदूत* (सन् २००८), काठमाडौं : श्री कीर्ति बौद्ध केन्द्र ।
१४. रञ्जित, देव तथा अन्य (सं), *युवा बौद्ध समूहको रजत वर्षको स्मारिका* (सन् २००७), काठमाडौं : युवा बौद्ध समूह ।
१५. रेग्मी, जगदीशचन्द्र, *नेपालको धार्मिक इतिहास* (सन् १९८२), काठमाडौं : रत्न पुस्तक भण्डार ।
१६.वज्राचार्य, प्रकाश, *बौद्ध दर्पण* (सन् १९९६) काठमाडौं : बुद्ध जयन्ती समारोह समिति ।
१७.वज्राचार्य, रञ्जना, *बुद्धज्योति*, (सं) (सन् २०१३) काठमाडौं : पद्म कन्या क्याम्पस ।
१८.वज्राचार्य लोकदर्शन, *लुम्बिनी एक स्मृति* (सन् २००६), काठमाडौं : बासन्ती देवी वज्राचार्य ।
१९.वज्राचार्य, भद्ररत्न, *नेपालमा थेरवादी बौद्ध सम्प्रदाय एक अध्ययन* (वि.सं.२०५८), काठमाडौं : CNAS.
२०. शाक्य रत्नसुन्दर, *बौद्धजगत्का स्मरणीय व्यक्तिहरू* भाग ४ (सन् २००३) भक्तपुर : विवेकानन्द लुमन्ति प्रकाशन ।
२१. शाक्य रत्नसुन्दर, *बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू* – भाग ५ (सन् २००९), काठमाडौं : सुखी होतु नेपाल ।
२२. शाक्य, सुवर्ण तथा अन्य, *नेपाल बौद्ध परियति शिक्षा स्मारिका* (सन् १९८९), ललितपुर : नेपाल बौद्ध परियत्ति शिक्षा रजतजयन्ती समारोह समिति
२३. सङ्घरक्षित, भिक्षु, *नेपालमा बुद्धधर्म समुन्नतिको लागि भिक्षु अश्वघोषको देन* (सन् २००४), काठमाडौं : सत्यसन्देश प्रचारक प्रकाशन ।
1.Gellner, David N. *Gyanmala Bhajan (Devotional Songs.* (2008 A.D.) UK: Lumbini Nepalese Buddha Dharma Society.
2.Levina, Sarah and David N.Gelner, *Rebuilding of Buddhism* (2005 A.D.) London: Harvard University Press.
3. Manandhar, Triratna, *Paritrana Tradition in Nepal* (2003 A.D.) An unpublished thesis: TU

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अनुसूची

**काठमाडौँस्थित विभिन्न ठाउँमा रहेका विहारहरू यस प्रकारका छन्**

१. आनन्दकुटी विहार; स्वयम्भू २.श्रीघ : विहार, न:घल; ३. धर्मकीर्ति विहार, न:घल, ४.किण्डोल विहार, किण्डोल; ५.निर्वाणमुर्ति विहार, किण्डोल; ६.प्रणिधिपूर्ण विहार, बलम्बु; ७.बुद्ध विहार, भृकुटी मण्डप; ८.गणमहाविहार, गणबहाल; ९.नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर; १०.गौतम बुद्ध विहार, पाङ्गा; ११.मनमैजु विहार, मनमैजु; १२.प्रणिधिपूर्ण विहार, बलम्बु; १३.सङ्घाराम विहार ढल्को; १४.चतुब्रह्म विहार, मातातिर्थ; १५.धर्मचक्र आश्रम, बागबजार; १६.विश्वशान्ति विहार, बानेश्वर; १७.पद्म सुगन्ध विहार, मजिपात; १८.महाप्रज्ञा आश्रम, डिल्लीबजार; १९.अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शङ्खमूल; २०.आनन्द भूवन विहार, धिमेल्वहं; २१.सुलक्षणकीर्ति विहार, चोभार, २२.पद्मकीर्ति विहार, कमल पोखरी; २३.जीतवन विहार, धानकोट; २४.धम्मावास विहार, खुसिबुं; २५.बुद्धभूमि महाविहार, टोखा २६.चारुमती विहार, चावहिल; २७.बुद्धरत्न विहार, पुतलीसडक; २८.रत्न विपश्यना विहार, सानो भऱ्याङ; २९.विश्वशान्ति धर्मकीर्ति विहार, वसुन्धरा; ३०.गौतम बुद्ध विहार, पाँगा ।

**ललितपुर जिल्लामा रहेका विभिन्न विहारहरू**

१ सुमङ्गल विहार, लुखुसी; २. शाक्य सिंह विहार, थैना ३. मणिमण्डप विहार, पटको; ४. शान्ति विहार, राजतिर्थ; ५.बौद्धजन विहार, सुनाकोठी; ६.ज्योतिउदय विहार, चापागाउँ ७.वेलुवनाराम विहार, धेचो; ८.सुवर्ण छत्रपुर विहार, लुभू, ९. सिद्धिमङ्गल विहार, थसी; १०.जयमङ्गल विहार, तन बहाल; ११.इलावही विहार, इलावही; १२.जितापुर गन्धकुटी विहार, खोकना; १३.अमरापुर बुद्ध विहार, बुङमती; १४ इलायवहि विहार, लँहिति; १५.पुण्यउदय विहार, हरिसिद्धि; १६. यम्पि विहार, इंवहीं; १७.यशोधरा बौद्ध विद्यालय; १८.शान्ति सुखावास, चाकुपात ।

**भक्तपुरस्थित विभिन्न विहारहरू**

१. मुनि विहार, भक्तपुर; २.बौद्धसमकृत विहार, भक्तपुर; ३.पाटी विहार, ठिमी; ४.नगदेश विहार, ठिमी ।

**काभ्रेको बनेपास्थित विहारहरू**

१ चन्द्रकीर्ति विहार; २.सुदर्शन विहार ३.ध्यानकुटी विहार ४.बोधिचर्या विहार ।

**पनौतीमा** – काशीवर्ण विहार ।



Downloaded from http://www.dhamma.digital

**धुलिखेलमा** – १.पूर्वाराम विहार; २.मिखलापुर विहार ।
**हेटौंडामा** – प्रज्ञा महाविहार ।
**धरानमा** – १.बुद्धधर्म आश्रम; २.स्वयम्भू चैत्य विहार; ३.ज्योति विहार;
**पाल्पा, तानसेनमा** – १.आनन्द विहार, २.टक्सार विहार, ३. महाचैत्य विहार; ४.होलन्दी विहार; ५.महाबोधि विहार ।
**नुवाकोटमा** – १.सुगतपुर विहार, त्रिशूली २.ककनी बुद्ध विहार, रानीपौवा ।
**बुटवलमा** – १.अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार २.पद्म चैत्य विहार ।
**गुल्मीमा** – १.शान्तिश्री बुद्ध विहार वार्मी, टक्सार ।
**चैनपुरमा** – १.सिद्धि विहार, २.बोधिसत्व विहार ।
**म्याग्दीमा** – बेनी बुद्धविहार ।
**पोखरामा** – १.धर्मशिला बुद्ध विहार; २.माछापुच्छ्रे विहार, पोखरा
**भोजपुरमा** – शाक्यमुनि विहार ।
**नारायणगढमा** – चित्रवन विहार ।
**लुम्बिनीमा** –१.अभिनव बुद्ध विहार; २.गौतमी विहार ।
**भैरहवामा** –पुगताभूमी विहार ।
**भद्रपुरमा** – बुद्ध विहार झापा ।
**धनगढीमा** – लोकचक्र विहार ।
**विराटनगरमा** – बुद्ध विहार ।
**नेपालगन्जमा** – बुद्ध विहार ।
**वाङमा** – बुद्ध विहार ।
**रिडीमा** – सुगन्ध विहार ।
**कपिलवस्तुमा** – मङ्गल विहार ।
**बाग्लुङमा** – ज्ञानोदय विहार ।
**उलांबारीमा** – स्वयम्भू चैत्य विहार ।
**धरानमा** – स्वयम्भू चैत्य महाविहार ।



Downloaded from http://www.dhamma.digital

# नेपालमा बुद्धधर्मको प्रचारप्रसारमा थेरवादी भिक्षुणीहरु (अनागारिका) को योगदान

लोचनतारा तुलाधर

**भूमिका**

आजभन्दा २६०० वर्षअगाडि सिद्धार्थ गौतमले मानव मात्रको कल्याणका लागि राजसी सुख त्याग गरी ६ वर्षसम्म दुष्कर तपस्या गरी बुद्धत्व प्राप्त गरे र बुद्ध भए। उनले प्राप्त गरेको बोधिज्ञान ४५ वर्षसम्म सर्वसाधारणको हितका लागि प्रचार गरे। यसलाई पछि गएर बुद्धधर्म भनियो। उनको यस धर्ममा चारै दिशाबाट आएका सबै मानव जातिलाई स्वागत छ। राजा, प्रजा, धनी, गरिब, ब्राह्मण, शूद्र, पुरुष, महिला सबै यस धर्ममा समावेश भएका छन्। भगवान् बुद्धका धर्मोपदेश पालना गर्दै भिक्षु, भिक्षुणी र उपासक, उपासिकाहरूको समूह बन्दै गयो। यी चार परिषद्लाई बुद्धानुशासनको चारवटा पाङ्ग्रा भनिन्छ जसको संयुक्त प्रयासमा बुद्धानुशासन २६०० वर्षअगाडिदेखि चिरस्थायी भएको छ।

बुद्धधर्ममा कुनै पनि ग्रन्थ कसैलाई वर्जित वा पढ्यो भने पाप लाग्छ भन्ने छैन। धर्म ग्रहण गर्न वा निर्वाण प्राप्त गर्न महिला, पुरुष, तल्लो जात वा ठूलो जात सबैका लागि समान अवसर छ। बौद्ध दर्शनअनुसार सत्य दुई थरीका हुन्छन्; परमार्थ सत्य (आध्यात्मिक) र प्रज्ञप्ति सत्य (सांसारिक)। परमार्थ सत्यअनुसार पञ्चस्कन्ध धारण गर्नु नै दुःख हो। पञ्चस्कन्ध शरीर नारी र पुरुष दुवैले धारण गरेका हुन्छन्। तसर्थ दुःखको भागीदार पनि नारी र पुरुष समान रूपमै हुन्छन्। त्यसैले दुःख हटाउने मार्ग पनि दुवैका लागि खुल्ला छ। तर पनि भौतिक संसारले भगवान् बुद्धका यी मान्यता र दर्शनलाई अलग्ग राखी महिलाहरूलाई तल्लो दर्जामा राख्न परिवार, समाज र राज्यले पनि विभेदपूर्ण व्यवहार गर्दै आएको छ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेका पाँच वर्ष पछि शुद्धोदन महाराजाको परिनिर्वाण भयो। त्यसपछि ८० वर्षीया महाप्रजापति गौतमीले आफैंले शिर मुण्डन गरी काषायवस्त्र धारण गरी भगवान् बुद्धसमक्ष प्रव्रज्या ग्रहण गर्न अनुमति मागिन्। आठवटा 'अष्ट गुरु धर्म' को नियम पालना गर्न तयार छौ भने उपसम्पदा त्यही भयो भनी भगवान् बुद्धद्वारा अनुमति दिएको घटनादेखि



Downloaded from http://www.dhamma.digital

बुद्धानुशासनमा "भिक्षुणी सङ्घ" को स्थापना भयो। भिक्षुणी सङ्घमा प्रव्रजित भएका कैयौं भिक्षुणीहरूले बाधा, अड्चन, दुःख भेलेर आफ्नो त्याग, धैर्य र मेहनतद्वारा अर्हत्‌फल प्राप्त गरी निर्वाण लाभ गरे। त्यसैले बुद्धधर्ममा निर्वाण प्राप्त गर्न स्त्री र पुरुष भन्ने भेदभाव रहँदैन भन्ने कुरा स्पष्ट छ।

बुद्धानुशासनमा भिक्षुहरूसरह भिक्षुणीहरू तथा उपासकहरूसरह उपासिकाहरूमा भएको विशेष गुणको मूल्याङ्कन गरी "एतदग्ग" भन्ने अग्रस्थान भगवान् बुद्ध स्वयंले घोषणा गर्नुहुन्थ्यो। भिक्षुणी प्रजापति गौतमी, भिक्षुणी खेमा, भिक्षुणी उत्पलवण्णा भिक्षुणी धर्मदिन्ना, भिक्षुणी यशोधरा, भिक्षुणी नन्दा, भिक्षुणी पटचारा, भिक्षुणी कृषा गौतमी, भिक्षुणी सोना, भिक्षुणी भद्राकपिलायनी, भिक्षुणी भद्राकुण्डलकेश, भिक्षुणी सकुला, भिक्षुणी सिङ्गलक माता यी १३ जना भिक्षुणीहरू विशिष्ट गुणका लागि भगवान् बुद्धद्वारा अग्रस्थान पद्वी प्राप्त नारीरत्नहरू हुन्[१३४] उनीहरू कोही नामी राजाकी महारानी अथवा ठूला देउताका पत्नी भएर होइन वरु आ-आफ्नै परिश्रम र बुद्धिद्वारा प्राप्त अर्हत्‌त्वको कारण पूजनीय भएका हुन्। बुद्धानुशासनमा भिक्षुणीहरूको स्थान ठूलो छ। भगवान् बुद्धले दुई जना भिक्षुहरू सारिपुत्र र मौद्गल्यायनलाई अग्रश्रावक पद दिएजस्तै दुई जना भिक्षुणीहरू खेमा र उत्पलवण्णालाई अग्रश्राविका पद दिएका थिए। निर्वाण लाभ गरेपछि भिक्षुणीहरूले पोखेको उद्‌गार सङ्कलन गरिएको ग्रन्थ "थेरी गाथा" लाई त्रिपटिकमा समावेश गरिएको छ। यसरी थेरी गाथाको पनि बुद्धवचनसरह नै मान्यता छ।

भगवान् बुद्धको परिनिर्वाणको करिब १०० वर्षपछि (इ. पू. ४६३) दोस्रो सङ्गायनापछि बुद्धधर्म थेरवाद र महासाङ्घिक दुई मतमा छुट्टिए। बुद्धधर्ममा देखा परेको पहिलो सङ्घभेद हो जो पछि गएर विभिन्न मतमा विभाजित भयो। यसरी विभाजित मतहरू सम्राट् अशोकको पालामा पाटलिपुत्र (हालको पटना) मा इसापूर्व २४८ मा भएको तेस्रो सङ्गायनाको अवसरसम्ममा अठारवटा निकाय या मतमा विभाजित भइसकेको थियो। (हेर्नु अनुसूची १) यस्तै सन् १०० मा भारतको काश्मिरमा सम्पन्न भएको सर्वास्तिवादीहरूको सङ्गायनापछि विकास भएको बुद्धधर्मको महायानी सम्प्रदायमा समेत भिक्षुणी परम्पराले यथेष्ट स्थान पाएको देखिन्छ।

जुनसुकै मत होस् बुद्धधर्मको प्रचारप्रसार र उत्थानमा नारीहरूले आफ्नो क्षमता देखाउँदै आएका छन्। सम्राट् अशोककी पुत्री भिक्षुणी सङ्घमित्रा श्रीलङ्कामा बुद्धधर्म प्रचार गर्न सफल भइन्। त्यस्तै नेपालको सन्दर्भमा अशोककी अर्की पुत्री चारुमती देवपालसँग विवाह गरेर ललितपुरमा अशोकपत्तन

---

१३४ भिक्षु, अमृतानन्द, **बुद्धकालीन श्राविका चरित** (वि.स. २५२६), काठमाडौं : आनन्दकुटी विहार गुठी



Downloaded from http://www.dhamma.digital

सहर बसालेको र पछि भिक्षुणी भई निरन्तर बुद्धधर्म प्रचारमा लागेको कुरा इतिहाससम्मत छ।[१३५]

इतिहासको कालखण्डमा भिक्षुणी सङ्घ पटकपटक लोप भए पनि नेपालका सन्दर्भमा भारतीय सम्राट् अशोक-पुत्री चारुमतीले देवपालसँग विवाह गरी ललितपुरमा अशोकपत्तन सहर बसालेको र पछि भिक्षुणी भई निरन्तर बुद्धधर्म प्रचारमा लागेको कुरा काठमाडौं जिल्लाको चावहिलस्थित चारुमती स्तूपले बोलिराखेको छ। नेपालको इतिहासमा लिच्छविकालीन समयमा विभिन्न अभिलेखमा 'भिक्षुणी' शब्दको उल्लेख भएकाले त्यति बेला भिक्षुणी सङ्घ रहेको जनाउँछ।[१३६] लिच्छविकालमा राजा वृषदेवको पालाको विभिन्न अभिलेखमा आर्य भिक्षुणी सङ्घ, महाप्रतिन्नाचार्य भिक्षुणी सङ्घ, आदि शब्दहरूको उल्लेखले त्यति बेला भिक्षुणी सङ्घ रहेको जनाउँछ।

बुद्धधर्म प्रचार गर्नमा यस प्रकार भिक्षुणी सङ्घको योगदान महत्त्वपूर्ण रहे तापनि थेरवाद परम्परामा इतिहासको कालक्रममा भिक्षुणी परम्परा हराएर गएको पाइन्छ। भिक्षुणी शासन चिरस्थायी रहन नसकेको भए तापनि चेतनशील सजग नारीहरू हातमा हात राखी चुप लागेर बसेका भने थिएनन्। बेलाबेलामा सङ्घर्षरत नै थिए।

त्यसैको फलस्वरूप भिक्षुणी शासनको बिंडो थाम्ने काम बुद्धधर्म बढी प्रचलनमा आएका देशहरूमध्येमा श्रीलङ्का, बर्मा, थाइल्यान्ड, जापान, कोरिया, चीन र ताइवान आदि देशहरूमध्येमा बर्माका इतिहासमा पगान् युग, प्यु युग, तमखेत्तमा युग, कुसाउं युगहरूमा पनि पण्डरङ्ग परिव्राजिकाका रूपमा अथवा सेतो लुगा लगाउने गृहत्यागी शीलवती महिलाहरूका रूपमा राजमहिषी, राजपुत्री राजकुमारी आदिहरू रहिआएका कुराहरू उल्लिखित छन्। (ऐ. पृ. ग र घ)

यसै सम्बन्धमा आधुनिक कालको कुरा गर्दा नेपालमा थेरवादी बुद्धधर्ममा पुनर्जागरणसँगसँगै मात्र महिलाहरू भिक्षुणी (अनागारिका) बन्न अग्रसर भएको देखिन्छ। बीसौं शताब्दीको प्रारम्भसम्म नेपालमा महायानी र वज्रयानी बुद्धधर्मको मात्र व्यापकता थियो। वज्रयानी गुरुज्यूहरू र महायानी लामाहरू जनतालाई धर्मकथा भन्ने र व्रत राख्ने गर्थे। राणाशासनको प्रचुर दमनकाल रहेको त्यति बेला नेपालीहरूले कुनै किसिमको प्रव्रज्या लिन पनि निषेध थियो। महिलाहरूले गृहत्याग गरी प्रव्रजित हुने साहस गरेको पनि देखिँदैन। वि.सं. १९८२ मा महायानी परम्परानुसार प्रव्रजित हुने पाँच जना भिक्षुलाई श्री ३ चन्द्रशमशेरको सरकारले देशनिकाला गरेको थियो।[१३७] वि.स. १९८७ मा कुशिनगरमा ऊ

---

१३५ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख** (वि.स. २०५३), काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि. वि. वि. (पृ. ३८२-३८३)।

१३६ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (वि.सं. २०५३), पृ. ३८३–३८३)

१३७ प्रकाश वज्राचार्य, **बौद्ध दर्पण** (१९९६) काठमाडौं : बुद्ध जयन्ती समारोह समिति (पृ. १६५)



Downloaded from http://www.dhamma.digital

चन्द्रमणि महास्थविरबाट प्रव्रज्या ग्रहण गरी श्रामणेर प्रज्ञानन्द नेपाल आएपछि उनी नै स्थविरवादी बुद्धधर्मलाई पुनः स्थापना गर्ने पहिलो भिक्षु भए। उनको धर्मप्रचार र प्रेरणाले महिलावर्गमा पनि प्रव्रजित हुने जाँगर आयो। बुद्धधर्ममा निर्वाणको मार्ग नारीपुरुषलाई समान रूपमै छ भन्ने कुरा दर्साउन भिक्षु प्रज्ञानन्दले वि.सं. १९८८ मा तीन जना नारीहरूलाई प्रव्रज्या दिलाए। उनीहरू थिए– अनागारिका रत्नपाली, अनागारिका धर्मपाली र अनागारिका सङ्घपाली[१३८] त्यसपछि वर्षौंदेखि धार्मिक क्रियाकलापमा संलग्न अगुवा नारी उपासिका लक्ष्मीनानीले वि.सं. १९९१ मा धर्मचारीको नाउँले प्रव्रज्या ग्रहण गरिन्। पटकपटक समाज तथा राणाशासनको मार खाए पनि हार नखाने भिक्षुणी (अनागारिका) धर्मचारी नेपालमा अनागारिकाहरूका लागि विहार बनाउने प्रथम अग्रणी नारी हुन्।

त्यसपछि पोखराकी धर्मशीला गुरुमा, भोजपुरकी सुशीला गुरुमाहरूको उदय भयो। *(नोट : नेपालमा थेरवादी परम्परामा प्रव्रजित भएका भिक्षुणी वा अनागारिकालाई उपासक उपासिकाहरूले आदरपूर्वक सम्बोधन गर्ने शब्द हो* **गुरुमा**) त्यस्तै जनजनमा बुद्धधर्मको ज्ञान फैलाउन सक्षम वेजोड नेतृत्वकी धनी भिक्षुणी धम्मवतीले नारी जागरणमा अद्वितीय योगदान दिइन्। नेपालमा आज अनागारिका सङ्घमा दर्ता भएका भिक्षुणी (अनागारिकाहरू) को सङ्ख्या १९३ पुगेको छ। तीमध्ये हालसम्म १२ जना गुरुमाहरूले प्रव्रजित जीवनको ५० वर्ष पूरा गरिसकेका छन् छ भने ७ जनालाई म्यान्मार सरकारवाट विभिन्न उपाधि प्रदान गरी सम्मान गरिएको छ।[१३९]

यस्ता नारीरत्नहरूको योगदानबारे कमै चर्चा हुन्छ, दस्तावेज रहने त परैको कुरा भयो। पक्कै पनि पितृप्रधान समाजको प्रभाव धार्मिक क्षेत्रमा पनि परेको कारणले यस्तो भएको हुनुपर्छ। आज यस विषयमा चर्चा हुनु भनेको अन्तर्राष्ट्रिय जगत्मा नै शिर उठाउन लायकको कुरा गर्नु हो। विश्वमै महिला सशक्तीकरणको आवाज उठिरहेको सन्दर्भमा यहाँ उल्लेख हुन लागेका धार्मिक नेतृहरूलाई कुनै हालतमा पनि ओझेलमा पार्नु हुँदैन। नारी जातिले घरवार त्यागी धर्मको अध्ययनमा होमिनु पक्कै पनि ठूलो चुनौतीको कुरो हो। यस्ता नारीहरूको विषयमा अभिलेख राखिनु पक्कै पनि न्यायसङ्गत कुरा हुन्छ। अतः नेपालमा थेरवादी परम्परामा प्रव्रजित भएका भिक्षुणी (अनागारिका)हरूको योगदानबारे उल्लेख गर्नु यस लेखको उद्देश्य रहेको छ। पुस्तकको सीमिततालाई ध्यानमा राखी दिवङ्गत भइसकेका वाहेक जीवितमध्ये भिक्षुणीहरू (अनागारिका)मा प्रव्रजित जीवन ५० वर्ष पुगिसकेकाहरूलाई मात्र छानी यहाँ ती

---

१३८ **प्रज्ञानन्द स्मृतिग्रन्थ** (पृ. १०६–१०९)

१३९ **भिक्षुणीद्वय डा. दो. मोलिनी, डा. धम्मविजय अभिनन्दन स्मारिका**, (वि.स. २०६८), काठमाडौं : निर्वाणमूर्ति विहार, (पृ. ३६–४१)



Downloaded from http://www.dhamma.digital

भिक्षुणीहरू (अनागारिका) को चर्चा गर्न लागेकी छु। गुरुमाहरू प्रव्रजित भएको सालअनुसार जेष्ठताक्रमलाई ध्यानमा राखी प्रस्तुत गरेका गरिएको छ जसमा धर्मचारी, दो गुणवती, धर्मशीला, सुशीला, रत्नमञ्जरी, उत्तरा, माधवी, धम्मवती, ञाणशीला, सत्यशीला, उत्पलवण्णा, धम्मदीना, कमला छिन्।

### १. भिक्षुणी (अनागारिका) धम्मचारी

वि.सं. १९५५ मा काठमाडौंको असन टोलमा बुबा मानकाजी र आमा रत्नमाया तुलाधरको कोखबाट लक्ष्मीनानी तुलाधरको जन्म भयो। लक्ष्मीनानी बहा:चोकमा खेल्दै आमालाई घरको काममा सघाउँदै ८ वर्षको उमेरमा न मो बा गी स्व रा य देखि साँवा अक्षर वर्णमाला सिक्न थालिन्। त्यस बेलाको सामाजिक चलनअनुसार बालिका लक्ष्मीनानीको ११ वर्षको उमेरमा इतुंबहालको सेतेकाजी वनियाँसग विवाह भयो। १८ वर्षको उमेरमा लक्ष्मीनानीले छोरो जन्माइन्। तर उक्त बालकको १८ महिनामै मृत्यु भयो। त्यसपछि उनको जीवनमा वियोगान्त कथा सुरु भयो। अर्को बच्चा पेटमा छँदै श्रीमान् सेतेकाजीको पनि निधन भयो। त्यस्तै बाबुको मृत्युपछि जन्मिएको छोरीको पनि ७/८ वर्षको उमेरमा मृत्यु भयो। यस्तो अवस्थामा उनले विभिन्न ठाउँमा गई व्रत बसी धर्मकर्म गर्न थालिन्। पछि उनी काठमाडौंको स्वयम्भूस्थित किण्डोल विहार (किन्द्व बहा:) मा पुगिन् जहाँ महायानी क्रियाकलाप र वज्रयानी क्रियाकलाप सँगसँगै चलिरहेको थियो। उनले न्यूनव्रत (महायानी) बस्ने र अष्टमी व्रत (वज्रयानी) बस्ने चर्या निरन्तर गरिरहिन्। किन्द्वबहा:मा दसरत्न तुलाधर, लोकरत्न तुलाधर, मञ्जु हर्षको सक्रियतामा अष्टसहस्रीका प्रज्ञापारमिता पाठ, विभिन्न देवदेवीको धारणी पाठ, अष्टमी व्रत र लामा मतअनुसार करुणामय बुद्धको पूजा र न्यूनव्रत यस्ते गरिन्थ्यो। उक्त धार्मिक कार्यमा लक्ष्मीनानी सक्रिय रूपमा सहयोग गर्थिन्। लक्ष्मीनानीको कथाव्यथा पनि भन्ने गर्दै जाँदा त्यसको प्रभावबाट अरू गृहिणी आइमाईहरू पनि किन्द्वबहा:मा आउन थाले। अष्टमी, पूर्णिमाको दिनभरि त्यहीँ बसी व्रत बस्ने कथा सुन्न आउने महिलाहरूको जमात बढ्न थाल्यो। प्रज्ञानन्द स्थविरको आगमनपछि किन्द्वबहा:मा धार्मिक गतिविधिले नयाँ मोड लिई पञ्चशील, अष्टशील, परित्राण धर्मसाकच्छा आदि कार्यक्रमहरू चल्न थाले। लक्ष्मीनानी वि.सं. १९९१ मा भारतको कुशिनगरमा उ कित्तिमा भन्तेद्वारा प्रव्रजित भइन्। पछि आएर नेपालमै भिक्षुणीहरूका लागि प्रथम आवास निर्वाणमूर्ति विहार स्थापना गरिन्। गृहस्थ जीवनका लागि लक्ष्मीनानी उपासिका र प्रव्रजित जीवनमा धर्मचारी गुरुमा दुवै नाउँ उत्तिकै प्रख्यात छ। निडर, साहसी, नेतृत्व गुण भएको धर्मचारी गुरुमा 'म्हासु अजि ' अर्थात् पहेँलो वस्त्रधारीको नाउँले पनि प्रख्यात थिइन् भने नेपालभाषाको आधुनिक काव्यसाहित्यमा जनस्तरमा उठेकी प्रथम कवयित्री पनि थिइन्।



Downloaded from http://www.dhamma.digital

## भिक्षुणी धर्मचारीका क्रियाकलाप र सङ्घर्ष

नेपालमा राणा शासनकालको प्रचुर दमनकालमा भिक्षुणी धर्मचारी गुरुमाले विभिन्न किसिमका सामाजिक तथा राजनीतिक मार खेप्नुपरेको थियो। तर अलिकति पनि हार नखाइं उनले एकपछि अर्को विजय प्राप्त गर्दै गइन्। उनको योगदान प्रव्रज्या अघि र प्रव्रज्यापछि गरी दुई भागमा विभाजन गरी बुझ्न योग्य देखिन्छ।

### क) प्रव्रज्या अघिकी धर्मचारी

लक्ष्मीनानी उपासिकाले किन्द्रवहा:मा वज्रयानी चर्याको अष्टमी व्रत लगाउनुमा आफैं गुरुज्यू अर्थात् पुरोहित भई व्रतको मूल विधि सिकाउने र घण्टा बजाई पूजा गराउने गर्थिन्। यसले गर्दा महिला श्रद्धालुहरूको बाक्लो उपस्थिति हुन्थ्यो। यस कुरालाई महिलाहरूले कहिल्यै नगरेको काम गऱ्यो भनेर समाजमा निकै वादविवाद पनि भएको थियो।

कवि योगविरसिं कसा:, सिद्धिरत्न कसा: र लोकरत्न उपासकहरूको प्रभावले लक्ष्मीनानी उपासिकाले पनि कविता रच्नु भएको थियो। उनको कविता सर्वप्रथम "बुद्धधर्म व नेपाल भाषा" पत्रिकामा वि.सं. १९८५ मा लक्ष्मीनानी उपासिका नाउँबाटै प्रकाशित भएको छ। "स्वदेशवासी तताकेहें मय्जुपिंविद्या ब्वना दीयेमाल ....... " अर्थात् "स्वदेशवासी दिदीबहिनीहरू विद्या पढ्नुपऱ्यो ........." बोलको यो कविता ज्ञानमाला भजनका रूपमा गाउने गरियो। तत्कालीन सामाजिक अवस्थाको उजागर गरेर दिदीबहिनीहरूलाई शिक्षित बन्नमा आह्वान गरेको यो गीतले त्यस समयमा निकै चर्चा पाएको थियो। एक वर्षपछि सोही पत्रिकामा 'वागेश्वर मञ्जुश्रीयात छम्ह मय्जुया आत्म समर्पण' नाउँको कविता छापियो। यसरी उनी नेपाल भाषाकी आधुनिक कालकी प्रथम कवयित्री बनिन्।

वि.सं. १९८८ तिर लक्ष्मीनानी उपासिकाको पतिका घरमा कुलायन देउता पूजा गरी भोज खाने देवालीमा बोका बलि दिने प्रथा थियो। उक्त प्रथा न्यायसङ्गत नभएको भनी आफूभन्दा ठूलाबडालाई सम्झाई उनले बलि दिने प्रथा पूरै बन्द गराइन्।

वि.सं. १९८७ श्री ३ भीमशमशेरको पालामा किन्द्रवहा:मा विभिन्न किसिमका धार्मिक त्रियाकलाप बढ्दै गए र त्यो ठाउँ चेतनशील, बुद्धिजीवी व्यक्तिहरू जम्मा हुने केन्द्र जस्तै बन्यो। त्यसकारण १२ जना अगुवा व्यक्तिलाई मुलुकी अड्डामा हाजिर हुने पुर्जी दिइयो। १२ जनामा एक जना मात्र महिला लक्ष्मीनानी थिइन्। उनीहरूलाई लागेको मुद्दा थियो– किन्द्रवहा:मा धेरै मानिस जमघट भई माछा, मासु नखाने, ब्राह्मणलाई ढोग नगर्ने, नयाँ किसिमको व्रत



Downloaded from http://www.dhamma.digital

बस्ने, आइमाईले कथा भन्ने गऱ्यो भन्ने हो । लक्ष्मीनानी उपासिकाले त्यहाँ पनि चन्द्रबहादुर कप्तानसँग प्रति प्रश्न गर्दै विजय प्राप्त गरिन् ।।

वि.सं. १९८९ मा श्री ३ जुद्धशमशेर ज.ब.रा.को पालामा पनि जावलाखेल दरबारमा लक्ष्मीनानीसहित ८ जनालाई हाजिर हुने पुर्जी दिई बोलाइयो र हुकुम भयो– "............... सबैले आ–आफ्नो काम गरी बस्नू ............ तिमीहरू आइमाईहरूले कथा भन्दै, प्रवचन दिंदै हिंड्यौ रे कस्तो जमाना आयो पहिले कहिल्यै आइमाईले त्यस्तो गरेका छैनन् त्यसैले अब यस्तो नगर्नू" भनेर हुकुम भयो । यसरी पटकपटक राणा प्रधानमन्त्रीका सामु उभिनुपरे पनि धर्मचारीले आफ्नो कामलाई निरन्तरता दिन छाडिनन् ।

**ख) प्रव्रज्यापछि**

वि.स. १९९१ मा कुशिनगरमा लक्ष्मीनानी ऊ कित्तिमा महास्थविरद्वारा धर्मचारीको नाउँबाट प्रव्रजित भइन् । धर्मचारी प्रव्रजित भए यता उपत्यकाको चारैतिरबाट अनगारिकाहरूको उदय भयो– बनेपाकी धम्मानन्दी, पोखराकी धर्मशीला, बुटवलकी महानन्दी, तानसेनकी थुलनन्दी, चुलनन्दी, काठमाडौंकी उत्तरा, विरति, विमुखा, आरति आदि । त्यसमध्ये विरति र विमुखा भिक्षुणीले धर्मचारीलाई निर्वाणमूर्ति विहार स्थापनामा विशेष सहयोग पुऱ्याउने काम गरिन् . उनीहरू किन्द्रबहाःमै बस्दथे । सोही बहाःमा बसोबास गर्ने भन्तेहरूमा धर्मालोक भन्ते, प्रज्ञानन्द भन्ते, शाक्यानन्द भन्ते, श्रामणेर सुमङ्गल आदि थिए ।

किन्द्रबहाःमा थेरवादी भिक्षु, भिक्षुणी, लामा भिक्षु, लामा भिक्षुणीहरू एकै ठाउँमा बसोबास गर्नुपर्दा अनेक समस्याहरू आइपरेकोले धर्मचारी गुरुमाले भिक्षुर्णीका लागि छुट्टै आवासको खाँचो महसुस गरी बहाःको उत्तरपट्टिको जग्गा रु.२५५।– मा किन्ने काम भयो । सो जग्गा किन्नमा पनि उनले निकै सङ्घर्ष गर्नुपऱ्यो । आर्थिक भार त आफू र आफ्ना सहकर्मीहरू विरति गुरुमा र विमुखा गुरुमाहरूले नै जुटाए । धर्मचारी गुरुमाले उपासक उपासिकाहरूलाई शील दिंदै आएकोमा भिक्षु समूहद्वारा शील दिने र गुलुपा दान लिन नपाउने व्यवस्था गरियो ।

वि.सं. २००१ मा श्री ३ जुद्धशमशेरको सरकारले भिक्षु-भिक्षुणीहरूलाई १) विहारमा बुद्धपूजा नगर्नू, २) गृहस्थहरूलाई प्रव्रज्या नदिनू, ३) धर्मदेशना नगर्नू । यी ३ वटा बन्द सवालमा दस्तखत गराउने उर्दी जारी गऱ्यो . सो कुरालाई नकारेको कारण भिक्षुहरूलाई तत्काल देशनिकाला र भिक्षुणीहरूलाई ४ महिनापछि पठाउने आदेश जारी भयो । धर्मालोक भन्तेसहित ८ जनालाई देशनिकाला गरियो । तत्कालीन भिक्षुणीहरूले श्री ३ को सरकारसामु देशबाहिर नजाने उल्लेख गरी बिन्ती पत्र दिए र सोलाई मान्यता दिइएकाले भिक्षुणीहरू बाहिरिनु परेन । त्यति बेलाका भिक्षुणीहरूको उत्साह स्वागतयोग्य थियो ।



Downloaded from http://www.dhamma.digital

धर्मचारी गुरुमासहित अरू गुरुमाहरू आफूले किनेको जग्गामा भएको टहरामा बस्न थाले। उता धर्मालोक भन्ते पनि आनन्दकुटी विहार निर्माण गरी त्यतै सर्ने काम भयो। धर्मचारी गुरुमाले आफ्ना उपासक-उपासिकाहरूको ठूलो सहभागितामा भगवान् बुद्धको महापरिनिर्वाणलाई सङ्केत गर्ने मूर्ति स्थापना गरिन् जसको उद्घाटन वि.सं. २००८ सालमा अन्तर्राष्ट्रिय भिक्षु सङ्घको साम् तत्कालीन युवराजधिराज महेन्द्रवीरविक्रम शाहबाट भयो। त्यहाँदेखि धर्मचारी गुरुमाको प्रसिद्धि झन् व्यापक भयो। अहिलेसम्म नेपालमा हेर्न नपाएको भनी निर्वाणमूर्तिको दर्शन गर्न टाढा-टाढाबाट मानिसहरूको भीड लाग्यो।

वि.सं. २००८ सालमा भिक्षु अमृतानन्दको अगुवाइमा भिक्षु प्रज्ञानन्दको सभापतित्वमा "अखिल नेपाल भिक्षु महासङ्घ"को स्थापना भयो। तर दिनपरदिन बढ्दै गइराखेका भिक्षुणीहरूबारे नै बढी चर्चा भयो। भिक्षुणी सङ्घ स्थापना गर्ने कार्य भने भएको थिएन। भिक्षुणीहरूलाई ओझेलमा पार्ने कामको यो पनि एउटा उदाहरण हो। पछि कालान्तरमा वि.सं. २०४९ मा नेपालव्यापी अनागारिका सङ्घ वृहत् रूपमा भिक्षुणी धम्मवतीको सकृयतामा स्थापना भयो।

निर्वाणमूर्तिको स्थापनापछि धर्मचारी गुरुमासहित थुप्रै भिक्षुणीहरू विहारमा बस्दै आएको उक्त ठाउँलाई निर्वाणमूर्ति विहार नामकरण गर्नेतर्फ लागे। तर विभिन्न तत्वहरूले उक्त विहारलाई 'विहार' भन्न नमिल्ने भनी 'निर्वाणमूर्ति उपासिकाराम' भन्ने नामकरण गरियो। यसमा पुरुषप्रधान समाजको छायाँ प्रस्टै देखियो।

वि.सं. २०१८ मा धर्मचारी गुरुमाको प्रधान संयोजकत्वमा बस्ने ठाउँको विस्तार गर्न अतिथि भवन बनाउन "उपासिकाराम निर्माण कमिटी" गठन भयो। वि.सं. २०२६ मा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्षसहितको कमिटी पुनर्गठन भयो, जसको अध्यक्ष धर्मचारी गुरुमा नै थिइन्।

वि.स. २०३३ मा धर्मचारी गुरुमा आफ्नो वृद्धावस्थाको कारण निष्कृय हुँदै गएपछि निर्वाणमूर्ति विहारको गतिविधि पनि निष्कृय हुँदै गयो। यस समयमा पुग्दा नेपालमा प्रभावशाली नेतृ भिक्षुणी धम्मवतीको ख्याती व्यापक भइसकेको थियो। दूरदर्शी धर्मचारी गुरुमाले आफ्नो शेषपछि पनि विहार गृहत्यागी महिलाहरूले उपभोग गर्न पाउने गरी कसलाई जिम्मा दिऊँ भन्ने सोच्दै थिइन्। भिक्षुणी सङ्घको स्थापना भएको थिएन। त्यसैले 'आनन्दकुटी दायक सभा' लाई सुम्पिने निर्णय भयो र धर्मचारी गुरुमा प्रमुख विरति र विमुखा गुरुमाले निर्वाण मूर्ति संरक्षणका लागि आनन्दकुटी दायक सभाको पदाधिकारीहरूलाई हस्तान्तरण गरिन्।



Downloaded from http://www.dhamma.digital

सोही साल बुद्धधर्म प्रचारप्रसार र संवर्धनका लागि जीवन समर्पण गर्ने धर्मचारी गुरुमाको देहावसान भयो ।[१४०]

**२. भिक्षुणी (अनागारिका) मा (दो) गुणवती**

नेपालमा थेरवादी बुद्धधर्मको पुनरुत्थान गर्ने कार्यमा सक्षम तथा धम्मवती गुरुमालाई बलियो साथ दिने नारीरत्न हुन् । बर्मी नागरिक मा गुणवती गुरुमा ! धम्मवती गुरुमा बर्मामा बुद्धधर्मको उच्च अध्ययन सिद्धयाएर नेपालमा धर्म प्रचार गर्न आउँदा उनले एक सहकर्मीको आवश्यकता महसुस गरी अत्यधिक सहनशक्ति भएकी धैर्यवान गुणवती गुरुमालाई रोजिन् ।

बर्माको मुदौ राज्यको कोवरां भन्ने गाउँमा सन् १९२४ दिसम्बर मा पिता ऊ मे. र माता दो अे त्येङ्को कोखबाट मा दो गुणवतीको जन्म भयो । सानैदेखि सेवा भाव भएको उनको परिवारमा उनको बज्यै पनि पछि अनागारिका बनेमा थिइन् । १२ वर्षको उमेरमा सन् १९३६ मा मोलमिन सहरको भङ्गु च्याउँ विहारमा अनागारिका द्वय दो केसा र दो. वंसाचारी गुरुमाहरूद्वारा प्रव्रज्या ग्रहण गरिन् । चार वर्षसम्म उनले बर्माका वरिष्ठ गुरुमाहरूसङ्ग अध्ययन गरिसकेपछि सन् १९४० मा सतिपट्ठान ध्यान गुरुमा दो. कुशलाचारी कहाँ अध्ययन र ध्यान भावना अभ्यास गरिन् । सन् १९४९ मा मोलमिनको खेमाराम नन्स स्टडिज सेन्टरमा प्रवेश गरिन् । त्यहींबाट उनले बुद्धधर्ममा उच्च अध्ययन धम्मचारिय पास गरिन्[१४१] खेमाराम नन्स स्टडिज सेन्टरमा पढ्दा-पढ्दै उनको भेटघाट धम्मवती गुरुमासँग भएको हो । मा गुणवती गुरुमासहित अन्य बर्मेली गुरुमाहरू धम्मवती गुरुमासँग कुराकानी हुँदा नेपालबारे सोधनी हुन्थ्यो । नेपालमा बौद्ध भएर पनि बुद्धधर्म अध्ययन गर्ने अवसर नभएको, जातपातको विभेद, पुरुषप्रधान समाजका कारण महिलाहरू शिक्षाबाट पनि वञ्चित भएको अवस्था सुनेर बर्मेली गुरुमाहरू छक्क पर्थे । छोरा र छोरीलाई समान व्यवहार गर्ने चलन भएको समाज, बुद्धशिक्षाको लागि ठूलठूला शिक्षालय, प्रव्रजितहरूको आधारभूत सुविधा भएको विहार आदि बर्माको अवस्थाले नेपाल धेरै नै तल्लो दर्जामा पर्छ कि भन्ने त्यहाँका मानिसहरूले अडकल लगाउँथें । तर मा गुणवतीले नेपाली महिलाको स्थिति सुनेर असीम करुणाभरि दृष्टिले हेर्ने गर्थिन् । जब धम्मवती गुरुमाले आफ्नो अदम्य साहस बोकी नेपालमा धर्मप्रचार गर्न मा गुणवतीलाई प्रस्ताव राखिन् तब उनले सहर्ष स्विकारिन् । प्रतीकूल धार्मिक, सामाजिक अवस्था, भाषा र खानपान नमिल्ने कुरा केहीको पनि परवाह नगरी मा गुणवती गुरुमा नेपाल आइन् ।

---

१४० लोचनतारा तुलाधर, **धर्मचारी गुरुमा : किन्द्र बहाःनिसेँ निर्वाणमूर्ति तक** (वि.स. २०६४), किम्डोल : निर्वाणमूर्ति विहार

१४१ मा गुणवती, **नेपालय् २५ दँ जिगु लुमन्ति** (वि.स. २०४४), काठमाडौं : धर्मकीर्ति विहार ( पृ. १)



Downloaded from http://www.dhamma.digital

वि.सं. २०२० आश्विन ३ गते मा गुणवती धम्मवती र रत्नमञ्जरी गुरुमासहित नेपाल आइन्। नेपाल आगमन पछि गासवासको समस्या भेल्दै धर्मकीर्ति विहारको स्थापना (वि.सं. २०२२) पछि मात्र धर्म प्रचार र अन्य कृयाकलापहरू सुरु भयो।

मा गुणवती गुरुमा नेपालको विशेष गरी नेवार समाजमा भिज्दै गइन्। नेपाली खानाको पनि बानी पर्न थाल्यो, भाषा सिक्दै गइन्। धम्मवती गुरुमा संगसँगै प्रवचन दिने ठाउँमा गइन्। मा गुणवती प्रवचन, उपदेश दिने कमै गर्छिन्। तर शील आचरणद्वारा एक बौद्धको परिभाषा व्यापक रूपमा दिन्छिन्। मैत्री, करुणा, सहनशीलता अधिक मात्रामा भएकी उनी चुलाचौका, खाना बनाउने र हस्तकलामा पोख्त छिन्। उनले नै धर्मकीर्ति विहारमा विभिन्न हस्तशिल्प कलाको तालिम दिइन्। त्यसताका नेपाली बजारमा हस्तकलाका सामानहरू त्यति किन्न पाइँदैनथ्यो। त्यसैले कपडा र कागजका फूलहरू अत्यन्तै सुन्दर र सबैले मन पराउँथे। युवाहरू पनि गुरुमासँग प्रशिक्षण लिन भुम्मिने गर्थे। बुद्ध वचन– "शिल्प विद्या सिक्नु पनि मङ्गल हो" भन्ने कुरालाई मनन गरी मा गुणवती गुरुमाले उपासक उपासिकाहरूलाई उद्योगी बन्न प्रोत्साहन गरिन्। ठूलो सङ्ख्यामा भोजनको आयोजना हुँदा मा गुणवती गुरुमाको उपस्थितिमा भिक्षुहरू तथा अनगारिकाहरूलाई समयमा व्यवस्थित रूपमा भोजन गराउन सकिन्छ। ठूलो सानो काम नभनी आफैं जुट्ने उनको ठूलो विशेषता हो।

वि.सं. २०४४ सालमा मा गुणवती गुरुमा प्रव्रजित भएको ५० वर्ष तथा नेपाल आगमनको २५ वर्ष र ६४ औं जन्मदिनको उपलक्ष्य पारी धर्मकीर्ति विहारले सुवर्ण रजत उत्सव मनायो। यसै उपलक्ष्यमा उनले नेपाल भाषामा "नेपालय् २५ दँ जिगु लुमन्ति" नामक पुस्तक लेखेर प्रकाशनमा ल्याइन्।[१४२]

नेपालका लागि धर्मदूत भएर बर्माबाट आएकी मा गुणवती गुरुमा ३५ वर्ष नेपालमा बसोबास गरेपछि वि.सं. २०५९ मा स्वदेश फर्किन्। तर उनको मनमा नेपालीप्रति माया-ममता जस्ताको तस्तै छ। उनी बेलाबखत नेपाल आवतजावत गरिरहेकी छिन्।[१४३]

स्मरणीय छ, मा गुणवती गुरुमाको नेपाल र नेपालीप्रतीको अविस्मरणीय देनप्रति कृतज्ञता पोखी वि.सं. २०६१ मा उनको ८० औं जन्मदिनको उपलक्ष्यमा धर्मकीर्ति विहारमा भव्य सम्मान कार्यक्रमको आयोजना गरियो।

### ३. भिक्षुणी (अनागारिका) धर्मशीला

**परिचय**

भिक्षुणी (अनागारिका) धर्मशीला पोखरामा बुद्धधर्म प्रचार गर्ने अद्वितीय

---

१४२ मा गुणवती, नेपालय् २५ दँ जिगु लुमन्ति (पृ. १)।

१४३ धर्मकीर्ति : वर्ष २२, अङ्क ११ (वि.सं. २०६१) काठमाडौं : धर्मकीर्ति विहार



Downloaded from http://www.dhamma.digital

गुरुमा छिन्। कुशल नेतृत्व गुण भएकी धर्मशीला गुरुमाले पोखरामा बुद्ध विहार स्थापना गरी थेरवाद-बुद्धधर्म प्रचार गरेकी थिइन्।

वि.सं. १९७४ साल जेठ १७ गते बुधवार शुक्ल पक्ष नवमीका दिन पोखराको तेर्सापट्टि निवासी श्री धनबहादुर र धनकुमारी ताम्राकारको कोखबाट टेकलक्ष्मी ताम्राकारका रूपमा उनको जन्म भयो। वि.सं. १९८५ मा भिक्षु महादानले पोखरामा वडा नं. ३ को कार्यालय भवननिर पौवामा बालबालिकाहरूलाई अक्षर पढाउने र बुद्धधर्मका कुराहरू सरल भाषामा पढाउने गरिरहेका थिए। त्यहीं टेकलक्ष्मीले पनि पढ्ने अवसर पाइन्। परन्तु बुद्धधर्मको सङ्गठित प्रचार गरेको थाहा पाएर तत्कालीन राणा शासकीय प्रशासनले भिक्षु महादानलाई पक्रेर जेल लग्यो। आफ्नो सिद्धान्तमा अडिग भन्तेले जेलबाट छुटेर आई झन् त्यही पौवामा बौद्ध चैत्य बनाएर बालबालिकाहरूलाई पढाउने काम पनि जारी गरे। जिज्ञासु, चलाख टेकलक्ष्मीले महादान भन्तेले दिएको शिक्षा गम्भीर रूपले ग्रहण गर्न थालिन्।

भिक्षु महादानसमक्ष शील प्रार्थना गर्न आउने उपासक-उपासिकाहरू क्रमश: बढ्न थालेको थियो। तीमध्ये टेकलक्ष्मीको आचरण र व्यवहारमा निकै परिवर्तन आयो। फलस्वरूप उनले सिँगारपटार छोडेर सादा भेषभूषा लगाउन थालिन्। चञ्चल स्वभावकी उनी एकाग्र भई बस्न थालिन्। बाल्यकालदेखि पूजा गर्दै आएको महादेव र कृष्णको मूर्ति पूजा गर्न छाडी बुद्धको तस्विरमा वन्दना गर्थिन्। यसरी किशोरी उमेरमै धर्मको अध्ययन र अभ्यास गर्दागर्दै उनी गृहत्याग गरी प्रव्रजित हुनेतिर आकर्षित भइन्। वि.सं. १९९१ सालमा १७ वर्षको उमेरमा भिक्षु महादानसँग काठमाडौं जान घर छाडेर हिँडेपछि परिवारमा खैलाबैला मच्चियो। समाजमा अनेक कुरा चल्यो। तुरुन्त परिवारका सदस्य गएर उनलाई फेला पारी घर फर्काए। समाजमा जातपातको कुरा आयो। वर्णाश्रम व्यवस्थाले जरो गाडेको रहेको त्यस बेलामा उनका मातापिता र परिवारमा व्यावहारिक आपत्ति आयो। व्यवहार कुशल टेकलक्ष्मीले जातिच्युत गर्ने, आफ्नो परिवारको बेइज्जत गर्ने र सामाजिक बहिष्कार गर्न खोज्ने कसैमाथि पनि पूर्वाग्रह राखिनन्, द्वेष भाव राखिनन्। यसरी उनले बुद्धधर्मको आदर्शअनुरूप व्यवहार गरिन् र जातीय भेदभावको बन्धन तोड्न सफल भइन्।

**प्रव्रज्यापछिकी धर्मशीला**

मनमा वैराग्यले जड लिइसकेपछि टेकलक्ष्मीले घर छाड्ने निर्णय गरिन् र परिवारलाई छाडी अनेक डाँडा–काँडा, खोला-नाला पार गर्दै बन्दीपुरसम्म पुगिन्। त्यसपछि ज्यान हत्केलामा हालेर बाघ-भालु हिंसक जनावर भएको भिखना ठोरीको घना जङ्गल हुँदै भारत गइन्। अनेक डर, त्रास, भोक तिर्खा सहेर कुशिनगर पुगेपछि मात्र उनको मनमा शान्ति आयो। यस क्षणलाई



Downloaded from http://www.dhamma.digital

धर्मशीला गुरुमाले जीवनको सबभन्दा खतरनाक र जोखिमपूर्ण समय मान्छिन्। कुशिनगरमा भगवान् बुद्धको परिनिर्वाण मूर्ति दर्शन गरेर उनले गुरु ऊ चन्द्रमणि महास्थविरसमक्ष आफूले घरबार त्यागी आएको उद्देश्य बताइन्। ऊ चन्द्रमणि महास्थविरले यस्तो कलिलो उमेरमा आमाबाबुको अनुमति नलिई प्रव्रजित गर्न नमिल्ने कुरा प्रस्ट पारिन्। त्यस बेला उनको उमेर १९ वर्षको थियो। गुरुको यस्तो वचनले उनी हतोत्साही भई पुनः पोखरा फर्कन बाध्य भयो।

पोखरा फर्केर उनलाई चैन भएन। रातदिन कुशिनगरकै सपनाले पिरोलिरह्यो। कुनै एउटा बहाना मिलाएर उनी बुटवल पुगिन्। त्यहाँ भिक्षु विशुद्धानन्दबाट मज्झिम निकाय, अभिधर्मको अध्ययन गर्दै ध्यान भावनामा तल्लीन रहिन्। त्यति बेलासम्म उनले गरगहना त्यागी सेतो वस्त्र लगाउन सुरु गरिसकेकी थिइन्। पछि फेरि उनी कुशिनगर पुगिन्। त्यहाँ भिक्षु विशुद्धानन्दको उपस्थितिमा बुटवल निवासी रत्नमुनि तुलाधरको दायकत्व भएकाले भिक्षु ऊ चन्द्रमणि महास्थविरले विधिवत् प्रव्रज्या दीक्षा दिए। टेकलक्ष्मीका लागि त्यो महान् अवसर थियो वि.सं. १९९६ साल। त्यहाँदेखि उनी धर्मशीला गुरुमा भइन्।

**बुद्धधर्मको गहन अध्ययन**

प्रव्रज्यापश्चात् धर्मशीला गुरुमाले भिक्षु चन्द्रमणि गुरुज्यूबाट बुद्धधर्मको गहन अध्ययन गर्ने मौका पाइन्। भिक्षुवर सम्बोधनबाट अभिधर्मको अध्ययन, त्यस्तै तानसेन पाल्पा निवासी श्री अयोध्याप्रसाद प्रधानबाट सतिपट्ठानको शिक्षा हासिल गरिन्। धर्मशीला गुरुमा कुशिनगरमा रहँदा कुशिनगर निवासी डा. चन्द्रशीला शाक्य उनको अभिन्न साथी भएकी थिइन्। बनारस हिन्दू विश्वविद्यालयबाट पिएच्डी डिग्री हासिल गरेकी डा. चन्द्रशीला पनि धर्मशीला गुरुमा जस्तै प्रतिभावान् भएकाले उनीसँगको मित्रताले धर्मशीला गुरुमालाई ठूलो सहयोग तथा प्रेरणा मिल्यो। धर्मशीला गुरुमा कुशिनगरमा बस्दा गुरु चन्द्रमणि महास्थविरको महान्ता, सद्चरित्रता, कार्यकुशलतादेखि ज्यादै प्रभावित भएकी थिइन्। त्यस्तै गुरुमाको आदर भाव, वाक्चतुरता, प्रतिभा, व्यावहारिक कुशलताले गुरु पनि उत्तिकै सन्तुष्ट र खुसी थिए।

**नेपालमा आगमन, बसोबास समस्या**

धर्मशीला गुरुमा श्रामणेर अमृतानन्द (पछि डा. महानायक आचार्य भिक्षु अमृतानन्द) सँग काठमाडौं आइन् । काठमाडौंमा भिक्षु धर्मालोकको छत्रछायामा उनले धेरै कुरा बुझ्ने मौका पाइन्। त्यसपछि उनी आफ्नो जन्मथलो पोखरा फर्किइन्।

धर्मशीला गुरुमा पोखरामा फर्कनु पोखरावासीका लागि ठूलो सौभाग्यको कुरा भयो। तर पोखरा फर्किएकी धर्मशीला गुरुमाका सामु भने अनेकौं समस्या र



Downloaded from http://www.dhamma.digital

चुनौतीहरू थिए । पहिलो कुरा त बसोबासकै समस्या थियो । प्रव्रजित भिक्षु तथा अनागारिकाहरूका लागि त्यस बेला पोखरामा विहार छँदै थिएन । त्यसकारण उनी आफ्नो पुरानो घरमा रहन बाध्य भइन् । घरैमा बसेर उनले बुद्धधर्मका सिद्धान्तको प्रचार गर्न लागिन् । फलस्वरूप उनको उपदेश सुन्न, पञ्चशील, अष्टशील ग्रहण गर्न आउने उपासक -उपासिकाहरूको सङ्ख्या क्रमशः बढ्दै गयो । त्यो ठाउँ ज्यादै साँघुरो भयो र उनलाई अप्ठेरो महसुस भयो । तेर्सापट्टि निवासी उनकी एउटी चेली धर्मानन्दीले गुरुमाको लागि विहार बनाइदिने अठोट गरिन् ।

## विहार निर्माण

उपासिका धर्मानन्दीले विहारका लागि आफ्ना बाबु–बाजेसँग अनुरोध गरी पोखरा (नगर पञ्चायत) वडा नं. ३ वडा समितिको कार्यालय भवनको पछाडि करीब डेढ रोपनी जग्गामा १८×२८' को दुईतले माटाको विहार बनाइदिइन् । त्यसमा ढलोटको सुन्दर बुद्धमूर्ति पनि स्थापना गरियो । पोखराको इतिहासमा यो विहार नै पहिलो थेरवादी बौद्ध विहार हो । विहारको नाउँ 'बुद्ध विहार' राखियो । पछि यस विहारलाई धर्मशीला गुरुमाकै तर्फबाट विस्तार गरियो । गुरुमाको यस किसिमको हौसलाबाट पोखरा आएका भिक्षु महाप्रज्ञा ज्यादै प्रभावित भएका थिए र उनले भिक्षु प्रज्ञारश्मि र कविवर चित्तधर हृदयका बहिनीहरू मोतीलक्ष्मी र न्हुछेलक्ष्मीको सहयोगले माटाको सेतो सुन्दर कलात्मक बुद्धमूर्ति बनाइदिए ।

यस विहारको स्थापनापछि पोखरामा बौद्ध गतिविधि झन् व्यापक हुँदै गयो । वि.सं. २००१ मा पोखरा आएका भिक्षु शाक्यानन्दको धर्मदेशनाले पनि ठूलो चर्चा पायो । तर उनलाई बुद्धधर्म प्रचार गरेको आरोपमा पक्राउ गरियो किनकि तत्कालीन राणाशासनले बुद्धधर्म प्रचारलाई अपराध मान्थ्यो । त्यस्तो कठिन समयमा धर्मशीला गुरुमाले शाक्यानन्द भन्तेलाई गाउँमा यताउती लुकाउँदै भूमिगत रूपमा धर्मदेशना दिने वातावरण मिलाइदिन् । भिक्षु अनिरुद्ध पोखरा आएको बेला धर्मशीला गुरुमाले धेरै ज्ञान हासिल गरे ।

## राजनीतिक, सामाजिक, शैक्षिक क्षेत्रमा योगदान

वि.सं. २००७ सालमा प्रजातन्त्र आउनुअघि शैक्षिक, सामाजिक कार्यमा अग्रसर हुनु भनेको राजनीति गर्नु जस्तै थियो । विद्यालय खोल्नु अपराध जस्तै थियो । नेतृत्व गुण भएकी भिक्षुणी धर्मशीलाले यी सबै कुराको मनन गरिरहेकी थिइन् । त्यसैले बुद्ध विहार चेतनशील व्यक्तित्वहरूको जमघट हुने केन्द्र बन्न पुग्यो । गुरुमाले शैक्षिक संस्था स्थापना गर्ने, सामाजिक सङ्गठन, महिला सङ्गठन स्थापना गर्ने काममा पनि नेतृत्व लिइन् । यस्तै क्रियाकलापले उनलाई राजनीतिमा संलग्न भएको आरोप पनि लाग्यो । कविवर माधवप्रसाद घिमिरे,



Downloaded from http://www.dhamma.digital

मीनबहादुर गुरुङ आदिसँगै उनी पनि नौ दिनसम्म जङ्गी परेडको कोत कारागारमा थुनिनुपर्‍यो।

त्यस बेला पोखरामा कुनै विद्यालय थिएन। विद्यालय खुलाउन पहिलो बैठक नै बुद्ध विहारमा भयो। गुरुमाकै अगुवाइमा वि.सं. २००६ मा राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालयको जन्म भयो। त्यस्तै उनी संस्थापक सचिव भएर २०१४ सालमा रत्न राज्य लक्ष्मी कन्या स्कुल स्थापना गरिन्। स्कुल भवनको अभावमा विद्यालयका कक्षाहरू पनि विहारमा सञ्चालन गर्नुपरेको थियो। पछि उनले पोखराको बाल मन्दिर कलेजको स्थापना गर्नका लागि पनि आफैँ दौडधूप गरेर चन्दा सङ्कलन गरेकी थिइन्।

**बौद्ध गतिविधिको सुरुवात**

आत्मविश्वासले बौद्ध भएर पनि बुद्धधर्म बारे अनभिज्ञ रहेका पोखरावासीलाई धर्मशीला गुरुमाले बुद्धधर्मको सही ज्ञान र बाटो देखाइन्। त्यस क्रममा उनले वैशाख पूर्णिमाको दिन उत्सव मनाउने चलन थालिन्।

पोखरामा सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवसका रूपमा वैशाख पूर्णिमा मनाउने चलन ल्याउन धर्मशीला गुरुमाले ठूलो प्रयास गरिन्। बुद्धको मूर्ति रथमा राखी बजार परिक्रमा गर्ने कार्यक्रमसहित वि.सं. २०१८ मा बुद्धजयन्ती भव्य रूपमा मनाइयो। राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालय, (श्री ५) रत्न राज्य लक्ष्मी कन्या स्कुल, स्थानीय साहूहरूको सहयोगमा कार्यक्रमले भव्यता पायो। त्यसै वर्षदेखि प्रत्येक वैशाख पूर्णिमाका दिन बुद्धमूर्ति रथमा हाली परिक्रमा गराउने कामले निरन्तरता पायो। त्यस दिन प्रत्येक गुम्बा, चैत्य, स्तूपमा पालैपालो बुद्धपूजा, धर्मदेशना र प्रवचन गोष्ठी आदि गरेर मनाउने चलन गरियो।

Dhamma.Digital

**ज्ञानमाला सङ्घको स्थापना**

त्यसताका काठमाडौँमा ज्ञानमाला भजनले प्रशस्त प्रसिद्धि पाइरहेको थियो। धर्मशीला गुरुमाले पनि भजनका माध्यमले बुद्धधर्मको प्रचारमा सघाउ पुग्ने महसुस गरिन्। वि.सं. २०२२ सालमा संस्थापक सभापति श्री प्रज्ञारत्न वज्राचार्यको पहलमा गुरुमाकै निरीक्षणमा ज्ञानमाला सङ्घ गठन भयो।

**प्रथम महापरित्राण र बौद्ध सम्मेलन**

महापरित्राण बुद्धधर्मको एउटा महान् अनुष्ठान हो भन्ने कुरालाई ध्यानमा राखी धर्मशीला गुरुमाले पोखरामा महापरित्राण गर्नका लागि अथक परिश्रमद्वारा वातावरण मिलाइन्। तत्कालीन गण्डकी अञ्चलाधीश दानबहादुरको अध्यक्षतामा आयोजक समिति गठन भयो। २०२९ साल कात्तिक १९ देखि मङ्सिर १ गतेसम्म



Downloaded from http://www.dhamma.digital

पोखराको इतिहासमा पहिलो पटक तत्कालीन सङ्घ महानायक भिक्षु प्रज्ञानन्द महास्थविरको उपस्थितिमा महापरित्राण सम्पन्न भयो। यसको उपलक्ष्यमा रोचक एवं ज्ञानवर्धक बौद्ध पोस्टर प्रदर्शनी भयो र बौद्ध सम्मेलनको आयोजनाले पनि गरिमा बढायो। सोही उपलक्ष्यमा भिक्षु सुदर्शनद्वारा लिखित **बुद्धधर्म र बौद्ध संस्कृति** नामक पुस्तक प्रकाशित गरियो। पोखरावाट प्रकाशित बुद्धधर्मको यो पहिलो किताब हो।

तत्कालीन खाद्य तथा कृषि मन्त्री श्री रवीन्द्रनाथ शर्माद्वारा उद्घाटन भएको त्यस बौद्ध सम्मेलनले ४ वटा महत्त्वपूर्ण प्रस्तावहरू पारित गरेको थियो। विद्यालयको प्रारम्भिक कक्षादेखि उच्च कक्षासम्मको पाठ्यक्रममा बुद्धधर्मको नैतिक शिक्षा समावेश गर्न तत्कालीन श्री ५ को सरकारसँग माग गर्ने, रेडियो नेपालबाट बुद्धधर्मको प्रचारप्रसारको व्यवस्था मिलाउन सरकारसँग अनुरोध गर्ने, बुद्धधर्मको विशेष पर्वहरूमा मासु र रक्सी बिक्री गर्नमा कडाइपूर्वक रोक लगाउने, बौद्ध साहित्यको उत्थान र प्रोत्साहनका लागि तत्कालीन राजकीय प्रज्ञाप्रतिष्ठानमा बौद्ध साहित्यसम्बन्धी विशेषज्ञलाई पनि सदस्यता पाउनुपर्ने भनेर माग गर्ने आदि प्रस्तावहरू पारित गरेको थियो।

उक्त महापरित्राणको आयोजनाले विभिन्न ठाउँमा छरिएर रहेका बौद्ध धर्मावलम्बीहरू एकत्रित गर्नमा ठूलो योगदान पुऱ्याएको र त्यसपछि पोखरामा बुद्धधर्मको विकासमा अरू तीव्रता आएको देखिन्छ।

### विश्व शान्ति स्तूप निर्माण र अवरोध

वि.सं. २०३० को कुरा हो। मृदुभाषी, मिलनसार भिक्षुणी धर्मशीला गुरुमाको जापानी गुरुज्यू निचिदात्सु फुजी गुरुसँग भेट भयो। त्यसताका निचिदात्सु फुजी गुरु संसारभरि विश्वशान्ति स्तूपको निर्माण गर्दै, आणविक हातहतियारविरुद्ध विश्वपद यात्रा गर्दै हिंडेका थिए। उनले पोखरामा पनि शान्ति स्तूप निर्माण गर्ने इच्छा व्यक्त गरे। आर्थिक र प्राविधिक सहयोग आफूबाटै हुने विचार प्रकट भयो। गुरुज्यूको यस्तो भनाइले धर्मशीला गुरुमाले शान्ति स्तूप निर्माणले पोखराको गरिमा बढ्ने अभिलाषाले उनी आफैं तत्परता साथ लागे र विभिन्न उपयुक्त ठाउँ देखाइयो। यसरी देखाइएका ठाउँमध्ये अन्दु थुम्को डाँडा राम्रो ठानियो। धर्मशीला गुरुमा उनका उपासकहरू तथा जापानी भिक्षु मोरियोको सोनीको अगुवाइमा शान्ति स्तूप निर्माण कार्य सुरु भयो। जापानी भिक्षु र स्वयंसेवकहरूसँग अन्य नेपालीहरू पनि रमाई-रमाई श्रमदान गरिरहेको त्यो क्षण अविस्मरणीय छ।

वि.सं. २०३० मङ्सिर १३ (सन् १९७३) सिद्धार्थको जन्म मूर्ति उक्त स्तूपमा विधिवत् स्थापना गरियो। यसरी ३ वटा भवनहरू पनि कम समयमा नै तयार भयो र ३५ फिट अग्लो स्तूप तयार भयो। यस्तै समय बौद्ध जगत्मा फेरि



Downloaded from http://www.dhamma.digital

सरकारको कुदृष्टि पर्‍यो र निर्माण कार्यमा रोक लगाइएको मात्र होइन, शान्ति स्तूप भत्काउने आदेशसमेत आयो। बुद्धमूर्तिसमेत स्थापना भइसकेको त्यस निर्माण कार्यलाई नगर योजनाको नियमविपरीत बनाइएको भन्ने आधारहीन कारण देखाई निर्ममतापूर्वक शान्ति स्तूप भत्काइयो। तीनतीन भवनहरू निर्माण भइसकेका र ३५ फिटसम्म स्तूप निर्माण पूरा भइसक्दा, नगर परिक्रमा गरी बुद्धमूर्ति स्थापना गर्दा सरकारले के हेरिरहेथ्यो ? बुद्धको जन्मभूमि नेपालमा योभन्दा ठूलो लज्जापूर्ण घटना के होला ?

यसरी वातावरण भयपूर्ण भयो। धर्मशीला गुरुमालाई पनि पक्रने हल्ला चल्यो। तर गुरुमाले धैर्यपूर्वक पाइला चालिन्। भत्काउने काम रोक्का होस् भनेर धर्मशीला गुरुमा काठमाडौं धाइन्। उनी र भिक्षु सुदर्शनले तत्कालीन राष्ट्रिय पञ्चायतसम्म पुगी सक्दो प्रयास गरे। तर धर्मशीला गुरुमाले आफ्नो जीवनकालमा पोखरामा शान्ति स्तूप तयार भएको देख्न पाइनन्। पछिबाट वि.सं. २०४९ (सन् १९९२, २९ मे) देखि सोही ठाउँमा पुनः निर्माण भएर वि.सं. २०५६ (सन् १९९७, अक्टोवर ३०) मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको हातबाट शान्ति स्तूपको उद्‌घाटन भयो।

## विहार बिस्तार

धर्मशीला गुरुमाको उत्साहलाई नियाली हेरिरहेका काठमाडौंका एक उपासक सानुरत्न स्थापितले गुरुमाको सुत्ने, बस्ने कोठाको राम्रो व्यवस्था नभएको देखे। उनले गुरुमाको लागि चारवटा कोठा भएको विहार निर्माण गर्ने वचन दिए र वि.सं. २०३३ मा सो विहार निर्माणकार्य पूरा भयो। पछि मोहोरिया टोलका निवासीले पनि अर्को विहार निर्माण गरिदिए।

धर्मशीला गुरुमा जापानी संस्था निप्पोजान म्याहोजीसँग निकट थिइन्। वि.सं. २०३८ सालमा जापानको टोकियोमा भएको विश्व शान्ति सम्मेलनमा गुरुमा अरू उपासकहरूका सहित टोलीसँगै सहभागी भएकी थिइन्। त्यस्तै वि.सं. २०४२ सालमा बेलायतको ल्याटर्सी पार्कमा निर्मित विश्व शान्ति स्तूपको उद्‌घाटन समारोहमा पनि गुरुमा सहभागी भएकी थिइन्। त्यस्तै सोही सालमा निचिदात्सु फुजी गुरुको निर्वाण भएको औपचारिक समारोहमा भाग लिन जापान पुगेकी थिइन्।

## अरूका लागि प्रेरणाका स्रोत

धर्मशीला गुरुमाको शील, आचरणदेखि प्रभावित कास्की जिल्लाको घाचोक निवासी जयलाल लम्सालले बुद्ध विहारमा आएर बुद्धधर्मसम्बन्धी धेरै ज्ञान आर्जन गरिन् र अन्ततः उनले प्रव्रजित हुने इच्छा प्रकट गरिन्। ब्राह्मण कूलमा जन्मेका र समाजसेवी एवं राजनीतिक कार्यकर्ता वयोवृद्ध जयलाल लम्साललाई



Downloaded from http://www.dhamma.digital

प्रव्रज्या दिलाउन धर्मशीला गुरुमाले भिक्षु अमृतानन्दसँग आवश्यक सल्लाह लिनुभयो । यसरी लम्सालज्यू ७५ वर्षको उमेरमा वि.सं. २०३५ मा कुशिनगर पुगी सुभद्र नाउँले प्रव्रजित भए । जयलाल लम्साल जस्ता जनैधारी ब्राह्मणले आफ्नो जनै उतारी बौद्ध भिक्षुको रूपमा प्रव्रज्या लिँदा समाजमा ठूलो चर्चा चलेको थियो । यस कुरालाई धर्मशीला गुरुमाको प्रभावशाली धर्मप्रचारको नमुना भन्दा हुन्छ ।

**धर्मशीला गुरुमाको अन्तिम समय**

पोखरामा बुद्धधर्म प्रचार गर्ने मात्र होइन, विभिन्न क्षेत्रका विकास निर्माणकार्यमा आफ्नो जीवन समर्पण गरिरहेकी धर्मशीला गुरुमालाई जीवनको अन्तिम समयतिर फोक्सोमा क्यान्सर रोग लाग्यो । मनोबल अति बलियो भएकाले गुरुमा निरास नभए पनि उनका चेला, उपासक-उपासिकाहरू निकै चिन्तित भए । उपचारका लागि काठमाडौं ल्याइयो । पछि जापानका भिक्षु मोरियाको सोनी आफैं आई गुरुमालाई जापानमा उपचार गर्न लगे । वि.सं. २०४३ आश्विन १३ देखि कार्तिक १८ सम्म टोकियोस्थित दिशुको काइ इलेक्ट्रो केमिकल एन्ड क्यान्सर इन्स्टिट्युटमा उपचार गरियो । तर रोगले यस्तो जरो गाडिसकेको थियो कि डाक्टरहरू निरास हुन बाध्य भए । अन्ततः गुरुमालाई पोखरा फर्काएर ल्याइयो । २०४३ कार्तिक २६ गतेका दिन सबैलाई शोक विह्वल पारी धर्मशीला गुरुमाको जीवनलीला समाप्त भयो । उनको निधनको समाचार चारैतिर फैलियो । काठमाडौंबाट अखिल नेपाल भिक्षु सङ्घका तर्फबाट भिक्षु सुदर्शन, भिक्षु सीवली आए । त्यस्तै मा गुणवती, धम्मवती, सङ्घमिता गुरुमाहरू, आए । धर्मशीला गुरुमाको शवयात्रामा भिक्षु, गुरुमा, लामा, शिक्षक, प्राध्यापक, राजनीतिक कार्यकर्ता, उद्योगी, व्यापारीहरूसहितको अपार जनसमूहको उपस्थिति थियो । देहावसानपछि उनीद्वारा निर्मित बुद्ध विहारको नाउँ **'धर्मशीला बुद्ध विहार'** राखियो । हाल उक्त विहारमा कर्मशीला गुरुमाले विहार संरक्षण तथा धार्मिक कार्यक्रम गरिरहेकी छिन् । वि.सं. २०४६ फाल्गुण २४ का दिन धर्मशीला गुरुमाको स्मरणमा विहारको प्राङ्गणमा उनको सालिक स्थापना गरियो ।[१४४]

**४. भिक्षुणी (अनागारिका) सुशीला**

भोजपुरकी सुशीला गुरुमा नेपाल अधिराज्यव्यापी अनागारिका सङ्घकी संस्थापक अध्यक्ष र नेपाल बौद्ध परियत्ति शिक्षाको पनि संस्थापक त्रयमध्ये एक छिन् । नेपालमा पहिलो समूहकी विद्यार्थी भएर "परियति सद्धम्म कोविद" उपाधि लिने सुशीला गुरुमा नै भइन् ।

---

१४४ तिलकमान गुभाजु, *अनगारिका धर्मशीला र उनका कार्यहरू* (वि.सं. २०४६), नदीपुर पोखरा : धर्मशीला बुद्ध विहार



Downloaded from http://www.dhamma.digital

गृहस्थ नाम आशामाया शाक्य भएकी उनको जन्म भोजपुरको टक्सारमा वि.सं. १९७२ (ने. सं. १०३५) फागुन पूर्णिमाको दिन भएको थियो। पितृप्रधान समाजमा छोरा पाउने ठूलो आसमा रहेका उनका पिता पूर्णरत्न शाक्यलाई आशामायाको जन्मले ठूलो आघात पुऱ्याएको थियो। छोरीहरू अक्षर पढ्न वञ्चित थिए। आशामायालाई विद्या आर्जन गर्ने ठूलो इच्छा थियो। भाइहरूले पढेको-लेखेको हेरेर चित्त बुझाउनुपर्थ्यो। बिस्तारै उनमा धर्मप्रति आस्था बढ्न थाल्यो। गुरुजुहरूले राखिने अष्टमी व्रततिर लागिन्। पं. निष्ठानन्द वज्राचार्यद्वारा लिखित ललितविस्तरको कथामा उनले महारानी प्रजापति गौतमी र यशोधरा देवीहरू भिक्षुणी भएको कुरा प्रसङ्गवश सुनेपछि आफू पनि त्यसरी नै गृहत्याग गरी प्रव्रजित हुन सक्छु भन्ने मनमा आशा जाग्यो।

त्यसताका किण्डोलमा धर्मचारी गुरुमा र विशाखा गुरुमाहरूले धर्मउपदेश दिएर बुद्धधर्म प्रचार गरिरहेको कुरा आशामायाले थाहा पाइन्। वि.सं. १९९३ मा भिक्षु अमृतानन्द र भिक्षु महाप्रज्ञा भोजपुर आए। आशामायाले ज्ञानको खोजी गर्दै गरेको बेला बुद्धधर्मको उपदेश सुन्ने मौका मिल्यो। भोजपुरमा आएका भिक्षु शाक्यानन्दबाट पनि केही सिक्ने मौका मिल्यो।

वि.सं. २००० मा आशामाया आमासँग वचन लिई पाटन पुगिन्। त्यहाँबाट किण्डोल विहारमा धर्मचारी गुरुमाकहाँ बसी आरती गुरुमा र विरती गुरुमासँगै अध्ययन गर्ने मौका मिल्यो। वि.सं. २००१ कार्तिकमा आशामाया धातुजात्रा हेर्ने निहुँमा सारनाथ पुगिन्। त्यहाँबाट कुशिनगर पुगेर ऊ चन्द्रमणि महास्थविरलाई भेटिन्। एक वर्षअगाडि नै प्रव्रज्या दीक्षा लिन आएकी आशामाया पुनः आएको देखेर महास्थविरले उनलाई प्रव्रज्या दीक्षा दिए। यसरी वि.सं. २००१, पौष पूर्णिमाको दिन उनी प्रव्रजित भएर अनागारिका सुशीला भइन्। त्यस बेला उनको उमेर २९ वर्षको थियो। कुशिनगरमै दुई वर्ष बसी उनले अभिधर्म, हिन्दी र गणित सिकिन्। त्यहाँ भिक्षु अनिरुद्ध र भिक्षु बुद्धघोष पनि आए। भिक्षु बुद्धघोषले सुशीला गुरुमालाई "हाम्रो नेपालमा बुद्धधर्म प्रचार गर्न राम्ररी अध्ययन गर" भने। त्यसअनुरूप गुरुमा ठूलो मेहनतका साथ अध्ययनमा लागिन्।

वि.सं. २००३ मा सुशीला गुरुमा सङ्घमित्रा र विरति गुरुमासँग तानसेन पुगिन्। तानसेनमा पद्म पब्लिक हाईस्कुलका हेडमास्टर विद्वान् अयोध्याप्रसाद प्रधानसँग उनको भेट भयो। अयोध्याप्रसाद प्रधान १२ वर्षसम्म लगातार जङ्गलमा बसी सतिपट्ठान ध्यानअभ्यास गरिसकेका विद्वान् थिए। यसरी सुशीला गुरुमाले तानसेनमा अयोध्याप्रसाद प्रधान, भिक्षु शाक्यानन्दबाट औपचारिक शिक्षा, धम्मपद, अभिधर्म आदि अध्ययन गर्न मौका पाइन्। तानसेन टक्सारको महाचैत्य विहारमा गुरुमाले बुद्धशिक्षा पढाउन थालिन्। वि.सं. २०१३ मा राजा महेन्द्रको देश भ्रमणअन्तर्गत भोजपुरको शाक्यमुनि विहार हेर्ने कार्यक्रम बन्यो। त्यस बेला



Downloaded from http://www.dhamma.digital

सुशीला गुरुमा भोजपुरमै थिइन्। त्यहींका उपासिकाहरूसँग मिली महिला सङ्घको स्थापना गरिन्।

वि.सं. २०१९ सालमा उपासक धर्मरत्न शाक्यको निमन्त्रणामा सुशीला गुरुमा त्रिशूली पुगिन्। त्रिशूलीको सुगतपुर विहारमा बुद्धघोष भन्ते पनि आएकाले गुरुमाले त्यहाँ राम्ररी अध्ययन गर्ने मौका पाइन्। बुद्धधर्मसम्बन्धी अध्ययनलाई व्यवस्थित ढङ्गले शिक्षा दिन पाए हुन्थ्यो भनी गुरुमाले राखेको प्रस्तावअनुसार छलफल भयो। सो कुरा त्रिशूलीका उपासक धर्मरत्न शाक्य, भिक्षु बुद्धघोषको अगुवाइमा अखिल नेपाल भिक्षु महासङ्घमा निवेदन पठाइयो सो निवेदन स्वीकृत भई वि.सं. २०२० सालमा "नेपाल बौद्ध परियति शिक्षा" नामले संस्थागत रूपमा परीक्षा दिने व्यवस्था भयो। यसअन्तर्गत १ देखि ५ कक्षासम्मको पाठ्यक्रम तयार भयो। हाल वि.सं. २०७० मा "नेपाल बौद्ध परियति शिक्षा" को स्वर्णजयन्ती मनाईदै छ। "नेपाल बौद्ध परियति शिक्षा" को स्थापना भएको लगत्तै पछि सुशीला गुरुमाले ४७ वर्षको उमेरमा परियत्ति परीक्षा दिने काम गरिन्। जहाँ इच्छा त्यहाँ उपाय भनेजस्तै गुरुमाले बडो उत्साहपूर्वक मेहनत गरी दसौं कक्षासम्म अध्ययन गरी उपाधि लिइन्। यसरी 'परियत्ति सद्धम्म कोविद' उतीर्ण भएपश्चात् उनी बौद्ध परियत्ति अध्यापनमा लागिन्।[१४५]

नेपालमा भिक्षुहरूको मात्र भिक्षु महासङ्घ गठन भयो। भिक्षुणी / अनागारिकाहरूको पनि सङ्गठन भए सामूहिक कार्य अघि बढाउन सकिन्छ भन्ने महसुस गरी अनागारिका सङ्घको स्थापना वि.सं. २०४० भाद्र १७ गते भयो। सुशीला गुरुमा संस्थापक अध्यक्ष भएर सो अनागारिका सङ्घलाई नेपालभरका अनागारिकाहरूलाई सङ्गठन गरी विस्तारित रूप दिई वि.सं. २०४९, कार्तिक १२ मा अधिराज्यव्यापी अनागारिका सङ्घ स्थापना भयो। सो सङ्घ स्थापना गर्नुमा उनको ठूलो भूमिका छ। सोही सङ्घ हाल आएर 'अन्तर्राष्ट्रिय भिक्षुणी सङ्घ' नाउँमा दर्ता भएको छ।

वि.सं. २०५१ मा सुशीला गुरुमा प्रव्रजित भएको ५० वर्ष र उनको ८० औं जन्मोत्सवको उपलक्ष्यमा अभिनन्दन गरियो। जीवनको अन्तिम समयतिर उनी पाटनको जयमङ्गल विहारमा बसिन्। बुद्धानुशासनको निम्ति जीवन समर्पित गरेकी सुशीला गुरुमा ८५ वर्षको उमेरमा मिति वि.सं.२०५७ फागुन ९ गते यस संसारबाट बिदा भइन्।[१४६]

सुशीला गुरुमाले आफ्नो अधवैंसे उमेरमा शिक्षा आर्जन गरेर पनि धेरै उपलब्धि हासिल गरेर जनमानसमा ठूलो गुण छाडेर गएकी छिन्। उनीद्वारा

---

१४५ अनागारिका सुशीला *अनागारिका सुशीलाया आत्मकथा* (वि.सं. २०५१), यल : अनागारिका सुशीला अभिनन्दन समारोह समिति

१४६ नेपाल भाषा परिषद्, नेपाल *ऋतुपौ* वर्ष ५९, अङ्क १, वि.सं. २०६७ (पृ. १२)



Downloaded from http://www.dhamma.digital

लेखिएको, सम्पादन गरिएको तथा अनुवाद गरिएको गरी ९वटा पुस्तकहरू प्रकाशित भएका छन् ।

### ५. भिक्षुणी (अनागारिका) रत्नमञ्जरी

नेपालका प्रथम महिला विपश्यना आचार्य रत्नमञ्जरी गुरुमा छुट्टै किसिमको व्यक्तित्वकी धनी थिइन् । हेमराज श्रेष्ठ र दिलकुमारी श्रेष्ठकी छोरी नरेन्द्रकुमारी श्रेष्ठका रूपमा उनको वि.सं. १९७५ वाला चतुर्दशीका दिन जन्म भएको थियो । नरेन्द्रकुमारी सानैमा आमावाबुको ममतावाट वञ्चित भइन् । उनी आफ्ना दाजुहरूसँग दोलखामा बस्थिन् । उनको बाल्यकाल आफ्नो मामाघर पूर्व नं. ४ भोजपुरको टक्सारमा बित्यो । भोजपुरमा भक्तपुरका भिक्षु विवेकानन्दबाट बुद्धधर्मको सारगर्भित उपदेशले प्रभावित भई उनमा प्रव्रजित हुने इच्छा पलाएर आयो । तर हिन्दू संस्कारको परिवारजनका कारण उनलाई गृहत्याग गर्न निकै सङ्घर्ष गर्नुपर्‍यो ।

आफ्नो सङ्कल्पमा दृढस्वभावकी नरेन्द्रकुमारी प्रव्रजित हुनका लागि दोलखावाट भागेर काठमाडौं र त्यहाँबाट पनि अनेक दुःखकष्ट झेलेर कुशिनगर पुगिन् । वि.सं. २००२ कुशिनगरमा ऊ चन्द्रमणि महास्थविरको आचार्यत्वमा २७ वर्षको उमेरमा उनले प्रव्रज्या दीक्षा ग्रहण गरिन् र रत्नमञ्जरी गुरुमा भइन् । त्यसताका प्रव्रजित जीवन ज्यादै कठिन थियो । गाँस, बासको केही ठेकान थिएन । उनले कहिले कलकत्ता, कहिले कालिम्पोङ, दार्जिलिङ आदि ठाउँमा बस्दै आइन् । त्यसमध्ये उनी काठमाडौंका प्रसिद्ध उद्योगपति मणिहर्ष ज्योतिको कलकत्ताको रामजीदास जेटिया लेन, बडाबजारमा धेरै समय बिताइन् । त्यसताका नेपालमा थेरवाद-बुद्धधर्मको अध्ययन गर्ने कुनै व्यवस्था थिएन । भिक्षुहरू, अनागारिकाहरू भारत, श्रीलङ्का अथवा बर्मा देशमा अध्ययन गर्न जाने गर्थे । रत्नमञ्जरी गुरुमालाई साहू मणिहर्ष ज्योतिले नै बर्मासम्म पुग्ने व्यवस्था गरिदिए ।

वि.सं. २०१३ मा बर्माको रङ्गुन सहरको हंसावतीमा उनले भाव परियत्ति उत्तीर्ण गरिन् । त्यस्तै मोलमिनको खेमाराम नन्स स्टडिज सेन्टरमा बुद्धधर्मको उच्चशिक्षा अध्ययन गर्न जाँदै गर्दा रङ्गुनको महासी शासन यता ध्यानकेन्द्रमा पाँचपल्टसम्म तीनतीन महिनाको ध्यान कोर्स अभ्यास गरिन् । उनको ध्यान भावनामा विशेष दखल थियो । उनको बर्मामै धम्मवती गुरुमाँसँग चिनाजानी भएको थियो । ६ वर्षको अध्ययन अभ्यास पूरा गरी स्वदेश फर्कनका लागि कलकत्ता पुगिन् । कलकत्तामै बर्मावाट स्वदेश फर्किन लागिरहेकी धम्मवती र साथमा आएकी मा गुणवतीको रत्नमञ्जरी गुरुमा भेट भयो र तीनै जना अनागारिकाहरूसँगै नेपाल फर्किए ।

नेपालमा विभिन्न समस्याहरूसँग लड्दै तीनै जना गुरुमाहरू मिलेर वि.सं. २०२२ मा धर्मकीर्ति विहार स्थापना गर्न सफल भए । धम्मवती गुरुमाको



Downloaded from http://www.dhamma.digital

अगुवाइमा धर्मप्रचार पनि द्रुत गतिमा भयो। रत्नमञ्जरी गुरुमा प्रवचन दिनमा भन्दा पनि ध्यान अभ्यास गर्न गराउन रुचाउँथिन्। रत्नमञ्जरी गुरुमा स्थायी रूपले धर्मकीर्ति विहारमै बसिन्।

बर्मामा पटकपटक ध्यान अभ्यास गरेकी रत्नमञ्जरी गुरुमाले नेपालमा विपश्यना पद्धति भित्रनुभन्दा पहिले भारतको बुद्धगयामा बर्मिज विहारमा तथा इगतपुरी विपश्यना केन्द्रमा गई ध्यान गर्थिन्। वि.सं. २०२८ (सन् १९७१) देखि उनी गुरुजी कल्याणमित्र सत्यनारायण गोयन्काज्यूको राजगृहमा वर्षको एकचोटि राखिने ध्यान शिविरमा सधैं सहभागी भइन्। पछि वि.सं. २०३८ (सन् १९८१) मा नेपालमै पहिलोपल्ट सत्यनारायण गोयन्का गुरुजीबाट आनन्दकुटीमा अस्थायी शिविर राख्ने आयोजना भयो। त्यस्तै वि.सं. २०३८ (सन् १९८२) मा बूढानीलकण्ठ स्कुलमा शिविर सञ्चालित गरियो। यसरी विपश्यना ध्यान शिविर विस्तारित हुँदै वि.सं. २०४० (सन् १९८४) मा बूढानीलकण्ठमा धर्मशृङ्ग विपश्यना केन्द्र स्थापना भयो। भगवान् बुद्धको महत्त्वपूर्ण प्रतिपत्ति शिक्षालाई दरोसँग ग्रहण गरी अभ्यासमा समर्पित गुरुमालाई सोही साल गुरुजीले विपश्यना आचार्य पदमा नियुक्त गरे। यसरी रत्नमञ्जरी गुरुमा नेपालको पहिलो महिला विपश्यना आचार्य भइन्।

विपश्यना केन्द्रको रेकर्डअनुसार उनको आचार्यत्वमा साठी (६०) पल्ट शिविर सञ्चालन भयो। रेकर्डअनुसार पहिलो शिविर सन् १९८४ जुन १६ तारिखदेखि २६ तारिखसम्म र अन्तिम शिविर सन् २००६ मार्च १६ देखि २६ तारिखसम्म चलाइयो। धर्मकीर्ति विहारमा उनले हप्तामा एकचोटि सामूहिक ध्यान राख्थिन्। उनले काठमाडौंबाहेक नारायणघाट, बुटवल, धरान, पोखरा आदि ठाउँमा पनि शिविर सञ्चालन गरिन्। रत्नमञ्जरी गुरुमाको प्रव्रज्या ५० वर्ष पुगेको उपलक्ष्यमा वि.सं. २०५२ मङ्सिरमा धर्मकीर्ति विहारको आयोजनामा भव्य सम्मान कार्यक्रमको आयोजना गरिएको थियो। वि.सं. २०६३ जेठ २८ का दिन म्यान्मार सरकारबाट "महासद्धम्म जोतिक धज" उपाधिद्वारा विभूषित गरियो।

अमूल्य मानवजीवनको ६१ वर्षसम्म पवित्र प्रव्रजित जीवन बिताएकी उनी प्रव्रजित जीवनको नियमप्रति ज्यादै कट्टर थिइन्। उनले जीवनको अन्त्यतिरको समय आफूलाई दानस्वरूप प्राप्त भएको रकम वि.सं. २०६२ चैत्र १ गते धर्मकीर्ति विहार संरक्षण कोषमा हस्तान्तरण गरेर भनिन्– "मलाई प्राप्त भएको दानको रकम मेरो शेषपछि धर्मकीर्ति विहारलाई नै भयो। अरू कुनै ठाउँमा यसको प्रयोग हुन्न।" धर्मकीर्ति विहारकै शोभा बनेकी रत्नमञ्जरी गुरुमा आफ्नो तालिकाअनुसार नियमित ध्यान गर्न छाड्दिन्थिन्। ८८ वर्षको उमेरमा पुरानो रोग नाकमा मासुको डल्लो बढेर तेस्रो पटक अपरेसन गरियो। अपरेसनपछि स्वास्थ्य लाभ गरी विहारमै बसेकी गुरुमा वि.सं. २०६३ असोज १९ गते अचानक देहावसान भइन्। यसरी धर्मकीर्ति विहारको एउटा रत्न धेरै टाढा



Downloaded from http://www.dhamma.digital

पुग्यो। आफू प्रचारमा आउन नचाहने गुरुमाको शवयात्रामा भने हजारौं गण्यमान्य र उपासक-उपासिकाहरूले भाग लिई उनको गुणानुस्मरण गरे।[१४७]

### ६. भिक्षुणी (अनागारिका) उत्तरा

नेपालमा प्रजातन्त्र आउनुभन्दा पहिले धर्मचारी गुरुमाको समकालीन प्रव्रजित भएका महिला समूहमा प्रव्रजित भएकी भिक्षुणी उत्तरा गुरुमा पनि छिन्। काठमाडौंको जोरगणेश टोलमा आमा कान्छीमाया (जो पछि अनागारिका ब्रम्हानन्दी बनिन्) र बुवा भाजुरत्न शाक्यको कोखमा वि.सं १९८६ मा जन्मेकी उनको गृहस्थी नाम सानुकान्छी थियो। उनी सानै उमेरदेखि आफ्नी आमासँग किण्डोल विहारमा जाने गर्थिन्। विरति गुरुमा (गृहस्थी छँदा नानीवेटी) सँगसँगै सानुकान्छीले वि.सं. १९९८ तिर भिक्षु शाक्यानन्दबाट पालि भाषा र बुद्धधर्म सिकिन्। वि.सं. २००५ फागुन शुक्ल चतुर्दशीका दिन सारनाथमा प्रव्रजित भएकी अनागारिका उत्तरा गुरुमा प्रव्रजित भएपछि किण्डोल विहारमा बसिन्। प्रव्रजित भएपछि उनले वर्मामा गएर साढे दुई वर्षसम्म बुद्धधर्मको अध्ययन गरिन्। ऐतिहासिक किण्डोल निर्वाणमूर्ति विहारमा धर्मचारी गुरुमाको देहावसानपछि यसको संरक्षणमा त्यहीं बसी उपासक-उपासिकाहरूलाई सक्दो धर्मउपदेश दिनुमा उत्तरा गुरुमाको भूमिका रहेको छ। प्रव्रजित जीवन पचास वर्ष पूरा भइसकेको उपलक्ष्यमा यशोधरा महाविहार सेवा समितिबाट बु.सं २५५० (वि.सं २०६३) अभिनन्दन पत्रद्वारा उनलाई सम्मान गरेको छ। उनले विभिन्न बौद्ध देश भ्रमण गरी बुद्धधर्मबारे विविध जानकारी पाएकी छिन्।

### ७. भिक्षुणी (अनागारिका) माधवी

पाटन ओकुवहालमा जन्मेकी पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यको सुपुत्री शोभालक्ष्मी नै पछि माधवी गुरुमा भइन्। वि.सं. १९९३ मा जन्मिएकी सानैदेखि शिक्षाप्रेमी शोभालक्ष्मीले तत्कालीन समाजमा व्याप्त छोरीलाई शिक्षा दिन नहुने मान्यतालाई तोडी आफ्नी आमाको प्रेरणामा आनन्दकुटी विद्यालयमा तीन कक्षासम्म पढिन्। वि.सं. २००६ कार्तिक ५ का दिन आमासँगै कुशिनगर पुगेर ऊ चन्द्रमणि महास्थविरकहाँ प्रव्रज्या लिई भिक्षुणी (अनागारिका) माधवी भइन्। त्यहाँबाट नेपालमा फर्केर उनले भिक्षु बुद्धघोष महास्थविरबाट पालि भाषा, बुद्धधर्मको अध्ययन गरिन्। बुद्धधर्मको उच्च तहको अध्ययन गर्न उनी विभिन्न कठिनाइहरू भोलेर बर्मा पुगिन्। त्यहाँ विभिन्न तहको परीक्षामा सफल भई वि.सं. २०११ मा आफ्नी आमाको दुःखद निधन भएपछि नेपाल

---

१४७ **धर्मकीर्ति** वर्ष २५, अङ्क ७ (वि.सं २०६३), काठमाडौं : धर्मकीर्ति विहार



Downloaded from http://www.dhamma.digital

फर्किन्। त्यसपछि उनले नेपालको शिक्षानीतिअनुरूप दरबार हाईस्कुल र पछि आदर्श कन्या निकेतन हाईस्कुलबाट एस्.एल्.सी. उत्तीर्ण गरिन्।

शिक्षाप्रेमी माधवी गुरुमाले आफूले सिकेको ज्ञान परिवार, समाज र अशिक्षित महिलावर्गलाई बाँड्न चाहिन्। फलस्वरूप वि.सं. २०१३ मा आफ्नो जन्मस्थल पाटनमा "चन्द्रलक्ष्मी विद्यालय" स्थापना गरी औपचारिक रूपमा बौद्ध शिक्षा पठन–पाठन कार्य सुरु गरिन्। उनको त्याग र लगनशीलतालाई कदर गर्दै तत्कालीन पञ्चायत र स्थानीय विकास मन्त्रालयले वि.सं.२०१८ मा सो विद्यालयलाई श्री यशोधरा बौद्ध विद्यालयको नाममा स्वीकृति दियो। वि.सं. २०१८ सम्म आइपुग्दा शिक्षा मन्त्रालय शिक्षा विभागसमेत प्रभावित भई तत्कालीन श्री ५ को सरकारको पाठ्यक्रमानुसार "यशोधरा बौद्ध प्राथमिक विद्यालय" को नामले विद्यालय सञ्चालन गर्न स्वीकृति प्राप्त भयो। यस पुनीत कार्यमा अनागारिका ज्ञाणशीला, अनागारिका सत्यशीला, बौद्ध विद्वान् धर्मरत्न शाक्य (त्रिशूली) को अहम् भूमिका रहेको थियो। पछि कसैको कुदृष्टिका फलस्वरूप यस विद्यालयको नाममा वि.सं. २०१९/२० मा अचानक "बौद्ध शिक्षा" को शीर्षकमाथि (श्री ५ को) सरकारले आपत्ति जनायो। पटक–पटक लामो छलफलपश्चात् तत्कालीन जिल्ला शिक्षा कार्यालय ललितपुरले बडो कठिनपूर्वक "बौद्ध शिक्षा" को सट्टा "नैतिक शिक्षा" को नामबाट पाठ्य सामग्री प्रयोगमा ल्याउने अनुमति दियो जसमा उदान, जातक माला, विश्वन्तर जातक, त्रिरत्नवन्दना आदि पर्दथ्यो। सेवा भावले ओतप्रोत सबै शिक्षिक शिक्षिका माधवी गुरुमाको निर्देशनमा काम गर्दथे। फलस्वरूप माधवी गुरुमालाई राजा महेन्द्रबाट वि.सं. २०२५ मा "गोरखा दक्षिणबाहु" पाँचौं पदकबाट सम्मानित गरियो। यसरी क्षमतावान् माधवी गुरुमाकै प्रयासबाट वि.सं. २०५६ मा माध्यमिक विद्यालयमा परिणत भयो।

देशका कर्णधार बालबालिकाहरूलाई औपचारिक शिक्षा सँगसँगै बुद्धशिक्षा दिन सफल माधवी गुरुमा नेपाल अधिराज्यव्यापी अनागारिका सङ्घमा सचिव तथा उपाध्यक्ष पदभार लिएर काम गरिन्। "आदर्श बौद्ध महिलायें" नामक हिन्दी पुस्तक "आदर्श बौद्ध महिलापिं" नाममा नेपाल भाषामा अनुवाद गर्नुभएको छ भने उनको कलम कविता लेख्नमा पनि पोख्त छ। वि.सं. २०५६ मङ्सिर २५ गतेका दिन माधवी गुरुमाका उपासक-उपासिकाहरूले उनको ५० औं प्रव्रज्या दिवस भव्यताका साथ मनाए भने वि.सं. २०६३ जेठ ३ गते श्री यशोधरा बौद्ध माध्यमिक विद्यालयले ५० वर्ष पूरा भएको स्वर्णजयन्ती पनि मनाइयो। यस प्रकार बुद्ध शिक्षालाई स्कुल स्तरमा पठनपाठन गराई बालबालिकालाई सानै उमेरदेखि बुद्धधर्मको संस्कार दिने खालको उल्लेखनीय योगदान दिने व्यक्ति माधवी गुरुमा छिन्।[१४८]

---

१४८ **यशोधरा बौद्ध विद्यालय स्वर्ण जयन्ती स्मारिका** (वि.स. २०६३), ललितपुर : यशोधरा बौद्ध मा.वि.



Downloaded from http://www.dhamma.digital

### ८. भिक्षुणी (अनागारिका) धम्मवती

नेपालमा थेरवाद– बुद्धधर्मको इतिहास नियाल्दा थुप्रै भिक्षुणीहरू देखा पर्दछन्। तीमध्ये युग फेर्न सक्षम एक विशेष नारीरत्न छिन्– भिक्षुणी (अनागारिका) धम्मवती गुरुमा।

पाटनको रुद्रविहार, ओकुवहालमा वि.सं. १९९१ असार पूर्णिमाको दिन बुवा हर्षमान शाक्य र आमा हेराथकुङ्को कोखबाट जन्मेकी गणेशकुमारी शाक्य दुई दाजु र दुई भाइको बीच एक्ली छोरी भई पुलपुलिएर हुर्केकी बालिका हुन्। तीक्ष्ण बुद्धि भएकी गणेशकुमारीको सानैदेखि बुद्धशिक्षा अध्ययन गर्ने ठूलो अभिलाषा थियो। त्यति बेला पाटनको सुमङ्गल विहारमा भिक्षु बुद्धघोषले ससाना बालबालिकाहरूलाई बुद्धधर्मको प्रारम्भिक शिक्षाको कक्षाहरू सञ्चालन गरिरहेका थिए। त्यो बेला नेपालमा बालिकाहरूले स्कुलमै उच्चस्तरको अध्ययन गर्ने चलन थिएन। सुमङ्गल विहारमै बुद्धधर्मको प्रारम्भिक शिक्षा अध्ययन गर्दागर्दै गणेशकुमारीले उच्च अध्ययनको लागि बर्मा जाने अठोट गरिन्। किनभने त्यो बेला नेपालमा सुमङ्गल विहारमा आइराखेका बर्मी भिक्षु धम्मावुधबाट तिनले थाहा पाइन् कि बर्मा देशसम्म पुग्न सके बुद्धधर्मको उच्चस्तरीय अध्ययन गर्न सकिनेछ। नेपालमा राणाशासनको त्यो शोषित, सङ्कुचित समाजमा एउटी बालिकाले विदेश गएर पढ्नु ठूलो चुनौतीको कुरा थियो। तर पनि गणेशकुमारीले आमाबाबुसामु बर्मा गएर बुद्धधर्मको उच्चशिक्षा अध्ययन गर्ने ढिपी छाडिनन्। अन्ततः उनी सक्दो प्रयास गरी आफ्ना दुई सखीहरू मनोहरादेवी शाक्य र शोभालक्ष्मी शाक्यसँग परिवारको अनुमतिबिना भारतको कुशिनगर पुगिन्।[१४१]

#### प्रव्रज्या ग्रहण

वि.सं. २००६ कार्तिक १० गते कुशिनगरमा बर्मी भिक्षु ऊ चन्द्रमणि महास्थविरद्वारा गणेशकुमारीसहित उनका दुई सखीहरूलाई प्रव्रज्या मिल्यो। क्रमशः उनीहरूको प्रव्रजित नाम धम्मवती (गणेशकुमारी) मागधी (मनोहरा) र माधवी (शोभालक्ष्मी) रह्यो। कुशिनगरमा उनीहरू बर्मा जान तयार भएर बसेका थिए। तर त्यहाँ पासपोर्ट र भिसाको व्यवस्था मिलाउन सकिएन। त्यसैबीच गुरुमाहरूलाई फिर्ता लिएर जान उनका आफन्त कुशिनगरसम्म पुगे। मागधी र माधवी गुरुमालाई आफन्तले नेपाल फर्कन बाध्य गरे भने दृढसङ्कल्प लिएकी धम्मवती गुरुमा जस्तोसुकै कठिन अवस्था आइपरे पनि बर्मा जाने निष्कर्षमा पुगिन्। १४ वर्षकी यी कलिली धम्मवती गुरुमा भिक्षु धम्मावुधका साथमा आसाम

---

१४१. र वे ख्व (अनु. ज्ञानपुण्णिक) : प :म्ह म्हयाय् (द्वि.सं.), (वि.सं. २०७०) : नेवाः जागरण मञ्च



Downloaded from http://www.dhamma.digital

नागाल्यान्डको जङ्गली बाटो भई बाघ, भालु, अजिङ्गरसँगको जम्काभेटसँगै माउतेहरू साथ लिई बर्माको मिचिना सहर पुगिन्।

बर्माको मोलमिनमा बुद्धधर्म अध्ययनका लागि खेमाराम नन्स स्टडी सेन्टर भन्ने प्रसिद्ध विहारमा भर्ना भइन्। यस विहारको विहाराधिपति दो पञ्ञाचारी गुरुमाको छत्रछायामा धम्मवतीले रातदिन मेहनत गरी पढ्न थालिन्। वि.सं. २०१५ सालभित्रमा विभिन्न तहको परीक्षामा उत्तीर्ण हुँदै पालिमा तक्षशिला आचार्यद्वारा लिइने अत्यन्त कठिन "धम्माचरिय" परीक्षाका लागि उनी तयार भइन्। यसरी १२ वर्षको अध्ययनकाल पूरा भएपछि 'सासनधज धम्माचारिय' जस्तो अति उच्चस्तरको उपाधि हासिल गर्न सफल भइन्। म्यान्मारको बुद्धधर्मको इतिहासमा 'सासनधज धम्माचारिय' उपाधि पाउने उनी पहिलो महिला भइन्। बर्मामा रहुन्जेल जेहेनदार छात्राको रूपमा चर्चित उनी "मानिपो" (नेपाली केटी) नाउँले प्रख्यात भइन्। त्यसपछि उनी २ वर्ष बर्मामै थप अध्ययन तथा अध्यापनको कार्य गरी बसिन्।

**धम्मवतीको नेपाल आगमन**

धम्मवती गुरुमाको उद्देश्य नेपालमा थेरवादी बुद्धधर्मको प्रचार गर्नु थियो। त्यसैले उनले प्रव्रजितहरूलाई विशेष सुविधा र संरक्षण प्राप्त बर्मा देश छाडी नेपाल फर्कने तरखर गरिन्। तर जातीय विभेदको संस्कारले ग्रसित अनि नारी जातिप्रति अवहेलनाको दृष्टि राख्ने त्यति बेलाको समाज सम्झँदा आफू एक्लैले धर्म प्रचार गर्न कठिन हुने अनुमान भयो। आफ्ना सहपाठीहरू बर्मी अनागारिकाहरूतिर उनको दृष्टि फैलियो। सयौं अनागारिकाहरूबीच उनले आफूसँग नेपालमा धर्म प्रचार गर्न साथ दिन सक्ने व्यक्ति दो गुणवती (मा गुणवती) लाई देखिन्। मा गुणवती एक करुणाको प्रतिमूर्ति व्यक्ति छिन् जसको साथ धम्मवती गुरुमाले नपाएको भए यस महान् कार्यमा सफलता पाउन गाह्रो हुने थियो। मा गुणवती गुरुमा धम्मवती गुरुमाको जीवनमा एउटा छुट्टै अध्याय हो। नेपालका अज्ञानी मानिस, विशेष गरी समाजमा महिलाहरूप्रति हुने विभेदपूर्ण व्यवहारका कुराहरू धम्मवती गुरुमाबाट सुन्दै गर्दा मा गुणवतीको मनमा नेपालीहरूप्रति असीम करुणा जाग्यो। त्यसैले उनी नेपालमा ज्ञानको ज्योति फैलाउने कार्यमा धम्मवतीलाई सघाउन उनीसँगै नेपाल आउन तयार भइन्।[१५०]

कलकत्तामा पुग्दा अनागारिका रत्नमञ्जरीलाई उनीहरूले भेटे। त्यहाँबाट बर्मी भिक्षुणी मा गुणवती र रत्नमञ्जरी गुरुमासँगै धम्मवती गुरुमा वि.सं. २०२० मा नेपाल फर्किइन्।

---

१५० "र वे ध्व" (वि.सं. २०७०)



Downloaded from http://www.dhamma.digital

**बसोबासको समस्या**

काठमाडौं पुगनासाथ यहाँ गुरुमाहरूका लागि बस्ने छुट्टै विहार नभएको कारण धम्मवतीको आमा हेराथकुं शाक्यले आफ्नो घर पाटनमा लगिन्। दुई महिनासम्म उनीहरूको बसाइ त्यहीं भयो। तर गृहत्यागी भइसकेकाहरू त्यसरी गृहस्थको घरमा बसिरहन उचित लागेन। हुन त त्यहीं घरबाटै गुरुमाहरूले बुद्धधर्मको प्रचार कार्य थालनी गरिसकेका थिए। त्यसताका भिक्षु सुमङ्गल काठमाडौंको गणवहालस्थित गणमहाविहारमा स–साना बालबालिकाहरूलाई बौद्ध शिक्षाको अध्यापन कक्षा सञ्चालन गरिरहेका थिए। सञ्चालक भिक्षु सुमङ्गल जापान यात्रामा जानुपरेकाले उनले सो बाल कक्षा सञ्चालन गर्ने अभिभारा तीन जना गुरुमाहरूलाई सुम्पिए। त्यसपछि उनीहरूको बसाइ ज्या:बहालस्थित भाजुरत्न ज्ञानमान शाक्यको घरमा भयो र त्यहीं बालबालिकाहरूलाई पढाउने काम भयो। त्यही समय धम्मवती गुरुमाले काठमाडौं, ललितपुर र भक्तपुरको टोलटोलमा प्रवचन दिंदै धर्मप्रचारमा तीव्रता ल्याउँदै गइन्। यसरी धम्मवती गुरुमाको प्रवचनले प्रभावित उपासक-उपासिकाहरूको जमात बढ्न थाल्यो र गुरुमाहरूको स्थायी बसोबासको व्यवस्था गर्नुपर्ने कुरा सबैले महसुस गरे।

त्यतिन्जेलसम्म धम्मवती गुरुमाले निकै लोकप्रियता हासिल गरिसकेकी थिइन् फलस्वरूप ललितपुर निवासीहरूले गुरुमालाई उतै विहार बनाइराख्ने इच्छा व्यक्त गरे। कसैले ज्या :बहालतिर विहार बनाउनुपर्छ भन्ने सोचाइ राखे त कसैले काठमाडौंको नयाँसडक, दुर्गबही भगवान् बहालतिर ठाउँ हेर्न लागे। भिक्षु सुमङ्गलले पाटनमा केही धर्म प्रचार भइसकेको सन्दर्भलाई लिएर पाटनमा भन्दा काठमाडौंतिरै विहार बनाई बस्नुपर्छ भन्ने सल्लाह दिए। अन्त्यमा न:घलस्थित श्रीध: बहालको जग्गा पायक पर्ने ठानियो र त्यहीं विहार बनाउने योजना सबैको सहमतिअनुसार भयो। श्री :घमा विहार बनाउनका लागि धम्मवती गुरुमाले आफ्नो दिवङ्गत पिता हर्षमान शाक्यले दानस्वरूप दिएको तीन हजार रकमले जग्गा किनिन्। चतुरत्न शाक्यसहित लक्ष्मीप्रभा तुलाधर, केशरीलक्ष्मी कंसाकार र दानलक्ष्मी कंसाकारहरूले विशेष टेवा दिई विहार निर्माण कार्य थालनी भयो। ज्या :बहालदेखि आउन जान टाढा भएकाले नजिक पर्ने आफ्नो घरमा बस्नका लागि उपासिका दानलक्ष्मी कंसाकारले अनुरोध गरेकोमा धम्मवती गुरुमाले स्वीकार गरिन्। त्यसपछि गुरुमाहरूको बसाइ काठमाडौंको केलटोल त:खाछें स्थित दानलक्ष्मी कंसाकारको घरमा भयो।

यसरी विभिन्न श्रद्धालुहरूको श्रद्धादानले वि.सं. २०२२ वैशाख २६ गते "धर्मकीर्ति विहार" को नाउँले विहार समुद्घाटन भयो। पछिबाट धर्मकीर्ति विहारमा अनागारिका मा गुणवती, अनागारिका रत्नमञ्जरी, अनागारिका धम्मवती



Downloaded from http://www.dhamma.digital

गुरुमाका साथ अर्को दुई जना अनागारिकाहरू चमेली र कमला गुरुमाहरू पनि विहारवासी भएर बसे ।[१५१]

**बुद्धधर्म प्रचारसँगै बाल तथा प्रौढ कक्षा**

धर्मकीर्ति विहार निर्माणपछि धम्मवती गुरुमाको अगुवाइमा विभिन्न धार्मिक कृयाकलापहरू द्रुत गतिमा सञ्चालन भए । तीमध्ये नियमित बुद्धपूजा,, पञ्चशील, अष्टशील ग्रहण गराउने, धर्मदेशना, बाल कक्षा, प्रौढ कक्षा प्रमुख हुन् ।

विहारमा धम्मवती गुरुमाको धर्मदेशना सुन्न आउने गृहिणीहरू अधिकांश अक्षर पनि नचिन्ने निरक्षर महिला थिए । गुरुमाहरूले त्यस समूहका महिलाहरूलाई सावा अक्षरदेखि लेख्न र पढ्न सिकाए । साक्षर भइसकेपछि तिनीहरू बुद्धधर्मसम्बन्धी महत्त्वपूर्ण पुस्तकहरू पढ्न सक्षम भए । बाल तथा प्रौढ कक्षामा बुद्धपूजा विधि पञ्चशील, अष्टशील, परित्राण पाठ, धम्मपद गृही विनय, अभिधर्म आदि विषयको पालि गाथा र अर्थसहित पठनपाठन हुन्थ्यो । परीक्षा लिने र परीक्षामा सम्मिलित हुनेहरूलाई गुरुमाहरूले आफ्नै तर्फबाट व्यवस्था गरी पुरस्कार दिने चलनले पनि प्रौढ तथा बालबालिकाहरू पढ्नमा उत्साहित हुने गर्दथे । वि.सं. २०२० मा अखिल नेपाल भिक्षु सङ्घद्वारा **नेपाल बौद्ध परियत्ति शिक्षाको** औपचारिक थालनी भएको थियो । धर्मकीर्ति विहारमा पनि उपासक-उपासिकाहरूलाई परियत्ति शिक्षा अध्ययन गराउनेतर्फ गुरुमाहरू लागे ।

**धर्मकीर्ति विहार भवनको विकासक्रम**

धम्मवती गुरुमाको लोकप्रियताका कारण विहारमा आउने जनसमूहको भीड बढेको बढ्यै हुँदै गएपछि धर्म श्रवण गर्न आउनेहरूका लागि विहारमा बस्ने ठाउँको कमी हुन थाल्यो । उपासक-उपासिकाहरूको बढ्दो चाप तथा विहारवासी गुरुमाहरूको सङ्ख्या पनि बढ्दै गएपछि विहार भवनको विस्तार गर्ने काम पनि अगाडि बढ्यो । विभिन्न दाताहरूको पटक/पटक सहयोगमा विहारका कोठाहरू र तल्लाहरू थप हुँदै विहारले ठूलो भवनको रूप लियो ।[१५२]

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना**

बाल बौद्ध कक्षा र प्रौढ बौद्ध कक्षा सुरु भइरहेकै समयमा विशेष गरी युवा वर्गलाई बुद्धधर्म सिकाउने उद्देश्य लिई वि.सं. २०२८ जेठमा धम्मवती गुरुमाको अध्यक्षतामा 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको' स्थापना भयो । उक्त गोष्ठीको प्रमुखमा गुरु श्रद्धेय भिक्षु अश्वघोष रहे जसले धम्मवती गुरुमालाई बुद्धानुशासनिक कार्यमा समानान्तर भई सहयोग गरिन् । भिक्षु अश्वघोषले

---

१५१ रीना तुलाधर, **चिरं तिट्ठतु सद्धम्मो** (वि.सं. २०५९), श्रीघ : धर्मकीर्ति प्रकाशन
१५२ रीना तुलाधर, (वि.सं. २०५९)



Downloaded from http://www.dhamma.digital

युवाहरूलाई नयाँ ढङ्गबाट बुद्धका व्यावहारिक शिक्षा दिए र रचनात्मक तवरबाट छुट्टै किसिमले बुद्धधर्मको प्रचार गर्ने तरिका सिकाउँदै लेखरचना लेख्ने र सार्वजनिक कार्यक्रमहरूमा बोल्ने तालिमहरू दिनेजस्ता कार्यहरू अघि बढ्यो।

**बौद्ध साहित्यमा धम्मवती गुरुमाको देन**

धम्मवती गुरुमाले बुद्धधर्मको प्रचार गर्ने सिलसिलामा विभिन्न पुस्तकहरू लेख्ने तथा सम्पादन गरी प्रकाशनमा ल्याउने कार्य पनि गरिन्। सुरुमा उनले त्रिरत्न वन्दना (बुद्धगुण, धर्मगुण र सङ्घगुण) बुद्धपूजा विधिको पुस्तक सम्पादन गरी प्रकाशनमा ल्याइन्। अनि "बुद्धया भिनिगु विपाङ्क" नामक पुस्तकबाट लेखनी थालिन्। लक्ष्मी चो, मति भिंसा गति भिंनी, अभिधर्म भाग १/२, बुद्धया मूल उपदेश आदि गरी उनका ३ दर्जनभन्दा बढी पुस्तक प्रकाशित भएका छन्। उनले 'धर्मकीर्ति प्रकाशन' को नाममा थुप्रै बौद्ध पुस्तकहरू प्रकाशन पनि गरिन्। दिवङ्गत आफन्तहरूको सम्झनामा पुण्य कार्य गर्ने नाउँमा पुस्तक धर्मदान गर्ने चलन ल्याई बौद्ध साहित्य प्रकाशनमा टेवा दिने कामको थालनी भयो। वि.सं. २०२४ मा भिक्षु प्रज्ञानन्द महास्थविरद्वारा सम्पादन गरिएको 'महासति पट्ठान सूत्र' नामक पुस्तक धर्मकीर्ति प्रकाशनको प्रथम पुस्तक हो। यस धर्मकीर्ति प्रकाशनद्वारा हालसम्म नेपालीमा १०३ वटा, नेपाल भाषामा १५६ वटा र अङ्ग्रेजीमा ६ वटा पुस्तकहरू प्रकाशन भइसकेको छ (नोट : २०६९ सम्मको उपलब्ध स्रोतअनुसार)। त्यस्तै वि.सं. २०२९ देखि विहारको मुखपत्र **"धर्मकीर्ति"** पत्रिका निरन्तर प्रकाशित हुँदै आइरहेको छ।

**काठमाडौँबाहिर थेरवादी विहार निर्माण**

धम्मवती गुरुमाले बुद्धको शिक्षालाई व्यापक मात्रामा प्रचार गर्न धर्मकीर्ति विहारमा मात्रै सीमित बसिनन्। काठमाडौँमा बाहेक बाहिर पनि विहार स्थापना भएको खण्डमा त्यहाँका स्थानीय बासिन्दालाई बुद्धशिक्षा ग्रहण गर्न सजिलो हुने उनको विचार थियो। यसरी उनले आफैँले नेतृत्व लिएर उपत्यकाबाहिर विहार निर्माण गर्ने कार्यलाई अगाडि बढाइन्।

वि.सं. २०३०मा काभ्रे जिल्लाको बनेपामा स्थापना भएको ध्यानकुटी विहार निर्माण कार्यमा धम्मवती गुरुमाको महत्त्वपूर्ण भूमिका रहेको छ। वि.स. २०३५ सालमा ध्यानकुटी विहारकै पछाडिपट्टि दुईतल्ले विहार बनाउने काम भयो। उक्त विहार निर्माणको खर्च गुरुमाले आफूलाई दानस्वरूप प्राप्त भएकै पैसाबाट बेहोरिन्। पछि आएर वि.सं. २०५० सालदेखि धम्मवती गुरुमाकै इच्छाअनुसार सो विहार भत्काएर बौद्ध वृद्धाश्रम निर्माणका लागि सुम्पियो।

वि.सं. २०३८ मा काठमाडौँको बसुन्धरा टोलमा एक उपासिकाले विहार निर्माणार्थ दान दिएको जग्गामा धम्मवती गुरुमाको सक्रियतामा 'धर्मकीर्ति बसुन्धरा



Downloaded from http://www.dhamma.digital

विहार' नाउँबाट विहार स्थापना भयो। सो विहार निर्माणमा बुद्ध प्रतिमा भएको मन्दिरको निर्माण श्रद्धालु दाताहरूले प्रदान गरेको चन्दा रकमबाट भएको थियो भने बाँकी कोठाहरू निर्माणका लागि धम्मवती गुरुमाले आफूलाई दानस्वरूप प्राप्त भएको रकम लगाउनुभयो। उक्त विहारमा हाल बौद्ध परियत्ति कक्षाको पठन-पाठनसँगै विभिन्न बौद्ध गतिविधिहरू सञ्चालित छन्। वि.सं. २०३५ सालतिर शङ्खमूलमा निर्माण भएको अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको स्थापनामा पनि धम्मवती गुरुमाको प्रमुख भूमिका रहेको छ।[१५३]

वि.सं. २०५१ तिरको कुरा हो। बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा नेपाल सरकारको नीतिअनुरूप विभिन्न बौद्ध देशहरूबाट आ-आफ्नो किसिमले मन्दिर, विहारहरू निर्माण गर्न थालियो। विदेशीहरूको त्यत्रा भव्य विहारहरू निर्माण भइरहेको ठाउँमा नेपालको तर्फबाट भने केही बनिरहेको थिएन। यस तथ्यले धम्मवती गुरुमाको मनमा निकै दुःख लाग्यो। फलस्वरूप उनी आफैं अग्रसर भई लुम्बिनीकै एक ठाउँमा ८० वर्ग मिटर जग्गा अन्तर्राष्ट्रिय भिक्षुणी सङ्घ नेपालको नाउँमा लिइन्। वि.सं. २०५१ साल फाल्गुणदेखि त्यहाँको निर्माण कार्य सुरु भयो। लुम्बिनीमा सो विहार निर्माणका समय जेठ महिनाको गर्मी होस् वा पौषको जाडो केही परवाह नगरी धम्मवती गुरुमाले लुम्बिनी क्षेत्रमा वि.सं. २०५४ माघ २८ गते स्वयम्भू आकारको चैत्य र धर्मशाला निर्माण गरी गौतमी विहारको निर्माण कार्य पूरा गराइन्।[१५४]

कीर्तिपुरको चोभार, सुन्दरीघाटमा निर्मित सुलक्षण कीर्ति विहार निर्माणको सूत्रधार पनि धम्मवती गुरुमा नै छिन्। धर्मकीर्ति विहारको नाउँमा दानमा जग्गा प्राप्त भएपछि धम्मवती गुरुमाले सो निर्माण कार्य आफ्नी शिष्या भिक्षुणी (अनागारिका) अनोजा गुरुमालाई सुम्पिइन्। वि.सं. २०५३ सालमा जग हाली सुरु गरेको उक्त विहारले हाल भव्य विकास गरी नियमित बुद्धपूजा पाठ, बौद्ध परियत्ति शिक्षाको पठनपाठन तथा विशेषत : सामाजिक सेवा कार्य सञ्चालन गरेको छ।[१५५]

सतुङ्गलमा निर्माण भएको शाक्यमुनि कीर्ति विहार पनि धम्मवती गुरुमाले केही आर्थिक सहयोग जुटाएकी छिन्। विहार स्थापना पश्चात् सतुङ्गलवासीहरूले बुद्धधर्मसम्बन्धी ज्ञान हासिल सिक्न पाएका छन्। यसबाहेक भारतको सारनाथमा वि.सं. २०४७ सालमा निर्मित नेपाली धर्मशाला पनि धम्मवती गुरुमाकै प्रयासमा बनेको हो।

---

१५३ रीना तुलाधर, (वि.स. २०५९)
१५४ "धर्मकीर्ति", वर्ष १५, अङ्क ११ (वि.स. २०५४), काठमाडौं : धर्मकीर्ति विहार)
१५५ डा. अनोजा गुरुमा, सुलक्षणकीर्ति विहार एक परिचय)



Downloaded from http://www.dhamma.digital

### निर्वाणमूर्ति विहार संरक्षणको जिम्मा

नेपालको पहिलो अनागारिकाहरूको विहार **निर्वाणमूर्ति विहार** धर्मचारी गुरुमाको देवहासानपछि डुबेको घामझैं हुन थालेको थियो। विहारको संरक्षण गर्न नसकेर भौतिक संरचना पनि जीर्ण अवस्थामा पुग्यो र विहार नै अरूको हातमा पर्न जान सक्ने स्थितिसम्म आइपुग्यो। यस्तो अवस्थामा उक्त विहारका शुभचिन्तक उपासकहरूले विहार संरक्षणका लागि धम्मवती गुरुमाकहाँ गुहार माग्न आए। धम्मवती गुरुमाको नेतृत्वमा विभिन्न चरणमा कार्यक्रमहरू गरी विहारमा विस्तारै चहलपहल सुरु भयो। वि.सं. २०५९ मा उनले आफ्नी शिष्याहरू भिक्षुणी डा. धम्मविजया गुरुमा र डा. दोमोलिनी गुरुमालाई उक्त विहार संरक्षणको जिम्मा लगाइन्। वर्तमानमा गुरुमाहरूले विहारको संरक्षण तथा सम्भार गर्न सफल भएका छन्।[१५६]

### धम्मवती गुरुमाको नेतृत्वमा धार्मिक यात्रा

एकै ठाउँमा बसी अध्ययन गर्नुभन्दा स्थलगत भ्रमणले मानिसलाई धेरै कुरा सिकाउँछ भन्ने विचार राखी धम्मवती गुरुमाले बौद्ध चारधाम तीर्थयात्राको कार्यक्रम सुरु गर्नुभयो। त्यस्तै नेपालका विभिन्न ठाउँमा रहेका मौलिक चैत्यहरू दर्शनार्थ यात्राको आयोजना गरिन्। धर्म प्रचारका लागि नेपालका गाउँगाउँमा पुगी धर्मदेशना कार्यक्रमहरू गर्दै गइन्।

लुम्बिनी, बुद्धगया, सारनाथ र कपिलवस्तु बौद्धहरूको लागि दर्शनीय तीर्थस्थल रेलबाट यात्रा गरिन्थ्यो। वि.सं. २०३० मा धम्मवती गुरुमाको नेतृत्वमा पहिलोपल्ट बसबाट बौद्ध चारधाम तीर्थयात्राको आयोजना गरियो। पछि आएर उनले भारतबाहेक अन्य बौद्ध देशहरूको रहनसहन, बुद्धपूजा गर्ने तरिका आदि हेर्न लायक छ भनी बर्मा र थाइल्यान्डको भ्रमण कार्यक्रम आयोजना गर्नुभयो। त्यस्तै पटक-पटक गरी श्रीलङ्का, मलेसिया, ताइवान, सिङ्गापुर आदि बौद्ध देशमा धार्मिक यात्राको आयोजना हुँदै गयो।

देश, विदेश, गाउँ, सहरको अनुभव बटुल्ने र बुद्धधर्म प्रचारको उद्देश्य बोकेकी गुरुमाले वि.सं. २०३३ मा नेपालका विभिन्न ठाउँको गतिविधि जानकारी गराउनका लागि पूर्वदेखि पश्चिमसम्म ७ वटा अञ्चल समेटी 'नेपाल दर्शन यात्रा' को आयोजना गरिन्। ग्रामीण क्षेत्र तथा जिल्लातिरको भ्रमणअन्तर्गत त्रिशूली, बनेपा, नमोबुद्ध, नाला, बुङ्गमती श्रीखण्डपुर, चोभार, चापागाउँ, बलम्बु, भक्तपुर, पोखरा, तानसेन, नारायणगढ, धरान, चितवन, विराटनगर, हेटौंडा आदि पर्छन्। यसरी धार्मिक यात्राको आयोजनाबाट श्रद्धालुहरूले बुद्ध जीवनीसँग सम्बन्धित धेरै ऐतिहासिक ठाउँहरू अवलोकन गर्न पाए। त्यसमा पनि धम्मवती गुरुमा स्वयंले

१५६ लोचनतारा तुलाधर, **धर्मचारी गुरुमा**, पृ. ५७–६१।



Downloaded from http://www.dhamma.digital

ती ठाउँहरूबारे जानकारी दिएको सुन्न पाउनेले त कहिल्यै नबिर्सने गरी उनलाई सम्झन्छन्। यस्ता भ्रमणमा बुद्धपूजा, धर्मदेशना, प्रवचन, ध्यान, धार्मिक छलफल जस्ता कार्यक्रमहरू सम्मिलित गरिने गरिएको छ।[१४७]

### स्वास्थ्य सेवा कार्यक्रम

"जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गरेको हो।" भन्ने बुद्ध वचनलाई हृदयङ्गम गरी धर्मकीर्ति विहारले वि.सं. २०३० देखि निःशुल्क स्वास्थ्य सेवा दिने काममा पाइला चाल्यो। नर्सिङ होम, प्राथमिक उपचार जस्ता तालिमहरू पनि वेला वेलामा भइरहेको छ। वि.सं. २०४० देखि हालसम्म अटुट रूपमा रक्तदान कार्यक्रम पनि सञ्चालन भइरहेको छ।[१४८]

### समाजका रूढिवादी संस्कार र कर्मकाण्डमा रूपान्तरण

धम्मवती गुरुमा सुरुमा बर्माबाट नेपाल फर्केकी वेला यहाँको समाजमा जातीय भेदभावको संस्कार ज्यादै गहिरो थियो। यहाँसम्म कि त्यसताका गुरुमाहरूलाई भोजन निमन्त्रणा दिए पनि उनीहरूले भोजन गरेको जुठो थाल तल्लो जातकाहरूले उठाउनुपर्थ्यो। गुरुमाहरू जोकसैको हातबाट भात खाने हुनाले उनीहरूको जात चोखो रहेन भन्ने मान्यता राखिन्थ्यो। विस्तार–विस्तारै धम्मवती गुरुमाले धर्मोपदेशद्वारा मानिसहरूलाई बोध गराइन्। सरसफाई गरेर बस्नु मानिसको राम्रो आचरण हो, गल्ली चोकमा बढारेर, सफा गर्न आउनेलाई तल्लो जातको भनेर हेय दृष्टिले हेर्नु गलत हो भन्दै गुरुमाले शिक्षा दिँदै गइन्। यस्तो शिक्षाबाट विहारमा जलपान, भोजन कार्यक्रम हुँदा माथिल्लो र तल्लो जातका भनाउँदाहरू सँगै बसेर खाने बानी बस्दै गयो। यस्तैमा गुरुमाले धर्मकीर्ति विहार अवस्थित श्रीघः चैत्य परिसर सफाइ गर्न विहारका उपासक उपासिकाहरूलाई १२ वटा समूह बनाएर प्रत्येक पूर्णिमाको अघिल्लो दिन कूचो, खरेटो लिई बढार्ने सफाइ अभियानको थालनी गरिन्। १२ वटा समूहले पालैपालो चैत्य परिसर सफा गर्ने काम अद्यापि हुँदै छ।

पूजाको थाली लिई पूजा गर्दैमा धर्म गरेको हुँदैन बिरामीको सेवा गर्नु पनि धर्म हो भन्ने सिकाएर उपासिकाहरूलाई वैशाख पूर्णिमाको दिन काठमाडौंभित्रका अस्पतालहरूमा बिरामीहरूलाई फलफूल र विस्कुट वितरण गर्ने-गराउने काम सुरु गरिन्। तर आजभोलि बढ्दो बिरामीको चाप र बढ्दो अस्पताल सङ्ख्याले गर्दा सो काम वीर अस्पतालमा मात्र सीमित भएको छ।

दिवङ्गत आफन्तहरूका नाउँमा पिण्ड दिई श्राद्ध गर्ने पुरानो चलनलाई प्रतिस्थापन गर्न पुण्यानुमोदन गर्ने, धर्मदान गर्ने चलन सिकाइन्। पिण्ड दिन छोरा

---

१४७ धर्मकीर्ति, वर्ष १७ अङ्क ७ (वि.सं. २०५६)। (पृ. ४१–४३)।
१४८ रीना तुलाधर, (पृ. ७४)।



Downloaded from http://www.dhamma.digital

नै चाहिन्छ भन्ने मान्यता हटाइनुपर्छ भन्ने चेतना फैलाइन् र विस्तारै त्यो मान्यता पनि हराउँदै गयो गुरुमाका उपासक-उपासिकाका बीच। दिवङ्गतका नाउँमा शिक्षामूलक पुस्तक प्रकाशन गरिदिने चलन ल्याइदिनाले बुद्धधर्मका पुस्तकहरू धेरै प्रकाशनमा आए। बौद्ध पुस्तक प्रकाशनको काम पुण्यदानको रूपमा धर्मकीर्ति विहारबाट यथेष्ट मात्रामा भइरहेको छ।

समाज सुधारस्वरूप अल्पकालीन ऋषिनी र श्रामणेर प्रव्रज्याको सुरुवात गर्नुमा धम्मवती गुरुमाको प्रमुख भूमिका छ। नेवार समुदायमा बालिकाहरूलाई रजस्वला हुनुअघि गुफा राख्ने चलन छ। बालिकाहरूलाई १२ दिनसम्म कोठामा थुनेर बाह्रौं दिनमा पूजाअर्चनासहित सूर्य देवतासँग विवाह गराइन्छ। यो परम्परा आधुनिक वैज्ञानिक दृष्टिकोणले औचित्यहीन देखिन आउँछ। गुरुमाले यसको विकल्पमा १२ दिनसम्म बालिकाहरूलाई थेरवादी बौद्ध परम्पराअनुसार ऋषिनी प्रव्रज्या दिने चलनको थालनी गरिन्। ऋषिनी प्रव्रज्या लिनेहरूले गेरु रङको वस्त्र धारण गरी विहारमा गुरुमाहरूको निर्देशनमा अष्टशील ग्रहण गरी बस्नुपर्छ। यो चलन वि.सं. २०२३ मा धर्मकीर्ति विहारमै पहिलोपल्ट दुई जना बालिकाहरूलाई ऋषिनी प्रव्रज्या गराएर सुरु गरिएको हो।

त्यस्तै केटाहरूलाई गरिने व्रतबन्धमा पनि श्रामणेर प्रव्रज्याले विकल्प दिएको छ। श्रामणेर प्रव्रज्यामा केटाले कपाल मुण्डन गरेर चीवर वस्त्र धारण गरी विहारमा बसी भिक्षुको सामु अष्टशील ग्रहण गर्नुपर्छ। यस्ता किसिमको अल्पकालीन श्रामणेर ऋषिनी प्रव्रज्या अन्य बौद्ध देशमा जस्तै नेपालमा पनि थेरवादी बुद्धधर्मको विकास सँगसँगै बढेर अहिले नेपालका विभिन्न विहारमा यस्तो प्रव्रज्या शिविर राखी बुद्धशिक्षा दिने कार्य व्यापक मात्रामा भइरहेको छ। ऋषिनी तथा श्रामणेरको रूपमा अस्थायी प्रव्रजित हुने बालबालिकाहरूलाई बस्ने अवधिभर अष्टशील व्रतको पालना गराउनुका साथै बुद्धधर्मका प्रारम्भिक ज्ञान दिने, ध्यान भावना सिकाउने आदि गराइन्छ जसबाट बालबालिकाहरू निकै लाभान्वित भएको पाइएको छ।

**ध्यान शिविर सञ्चालन**

वास्तवमै भन्नू भने धम्मवती गुरुमा नेपाल फर्केको ताका नेपाली बौद्ध समुदायले शुद्ध बुद्धधर्मको ज्ञान बुझ्न सकेकै थिएन। हुन त कमै सङ्ख्यामा प्रव्रजित भएका भिक्षुहरूबाट पनि प्रभावशाली धर्मोपदेश त भइसकेकै हो। तैपनि घरबाट बाहिर निस्कन नपाउने महिलाहरूलाई त ढकी र पूजाको थाली लिएर देवीदेउता पूजा गर्नु र व्रतहरू बस्नु नै धर्मको परिभाषा रहेको थियो। गौतम बुद्धले सिकाएका धर्ममा त बाह्य पूजाले चित्त शुद्धि हुँदैन। चित्त शुद्धिका लागि त अध्ययन र ध्यान अभ्यास नै हुनुपर्छ। विपश्यना सहायक आचार्य रत्नमञ्जरी



Downloaded from http://www.dhamma.digital

गुरुमाले धर्मकीर्ति विहारमै ध्यान सञ्चालन त गर्थिन्। तर त्यो व्यापक मात्रामा भएको थिएन।

अभिधर्मको गहन अध्ययन पूरा गरेकी धम्मवती गुरुमाले ध्यानको अभ्यासविना बुद्धको मौलिक दर्शन सही रूपमा बुझ्न सकिन्न भन्नुहुन्छ। त्यसैले आफ्ना गुरुमाहरू बर्माकी दो पञ्ञाचारी र दो सुखाकारी गुरुमाहरूलाई नेपालमा निमन्त्रणा गरी यहाँका उपासक उपासिकाहरूलाई ध्यान अभ्यास गराउने अवसर दिलाइन्। वि.सं. २०३६ मा धम्मवती गुरुमाको निर्देशन र धर्मकीर्ति विहारको व्यवस्थापनमा नेपालमै पहिलोचोटि थेरवादी ध्यान शिविरको आयोजना भयो। दो पञ्ञाचारी र दो सुखाकारी गुरुमाहरूको पछि बर्माका महान् ध्यानगुरु महासी सयादोलाई पनि निमन्त्रणा गरी लुम्बिनीमा ध्यान शिविरको आयोजना गरिन्। बर्माका अन्य ध्यान गुरुहरू दो. ऊ ञाणीस्सर, सयादो ऊ सुन्दर, सयादो ऊ पण्डिताभिवंश, सयादो ऊ आसभाचार आदिहरूलाई निमन्त्रणा गरी विभिन्न ठाउँमा ध्यान शिविरहरू लगाइयो। यही क्रममा ध्यान आचार्य कल्याणमित्र श्री सत्यनारायण गोयन्काज्यूलाई नेपालमा निमन्त्रणा गरी ध्यान शिविर सञ्चालन गराएपछि नेपालमा विपश्यना ध्यान अभ्यासको बेजोड प्रचार हुन थाल्यो।

**विभिन्न क्षेत्रमा धम्मवती गुरुमाको नेतृत्व**

नेपालमा विभिन्न समयमा बुद्धधर्मको क्षेत्रमा समस्याहरू आइरहने गरेको छ। वि.सं. २०४६ मा बहुदलीय सरकार गठन भएपछि संविधानमा नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनुपर्ने व्यापक माग जनताबाट आयो। यसलाई समर्थन गराउन थेरवादी बौद्ध समुदायबाट भिक्षु अमृतानन्द, भिक्षु सुदर्शन र महिलाको तर्फबाट धम्मवती गुरुमाले अग्रणी भूमिका खेले। धम्मवती गुरुमाको नेतृत्वमा धर्मकीर्ति विहारका उपासक उपासिकाहरू सबभन्दा बढी सङ्ख्यामा जुलुस र्‍यालीमा सहभागी भएका थिए।[१५९]

वि.सं. २०५४ आषाढ १९ को रात नेपाल देश नै अन्तर्राष्ट्रिय बौद्ध जगत्मा अति लज्जित हुनुपर्ने गरी दुर्घटना भयो। बुद्ध जन्मभूमि लुम्बिनीमा जापानी सरकारद्वारा शान्ति स्तूप निर्माण भइरहेको कार्यमा समूहको इन्चार्ज रहेका जापानी भिक्षु नावाताकेलाई नकाबधारीहरूद्वारा लुम्बिनीमै गोली हानी हत्या गरियो। लुम्बिनीमा भिक्षुको हत्या ! यो जस्तो ठूलो अपराध के होला ? सम्पूर्ण नेपालीका लागि अति दुःखद घटना ! यसको विरुद्ध बौद्ध जगत् जागी उठे। विभिन्न बौद्ध सङ्घ संस्थाद्वारा विभिन्न ठाउँबाट विरोध जुलुस, विरोध विज्ञप्ति जारी गरे। टुँडिखेलको खुल्ला मञ्चमा विभिन्न संस्थाद्वारा शोकसभा आयोजना

---

१५९. धर्मकीर्ति, वर्ष ७।



Downloaded from http://www.dhamma.digital

गरियो। धम्मवती गुरुमाले पनि सयौं उपासक-उपासिकाहरूको जुलुसमा अगुवा भई भाग लिइन्। उनले आफ्नो वक्तव्यमा भनिन्–

"शान्ति क्षेत्र नेपालमा विश्व शान्ति स्तूप निर्माणमा संलग्न भिक्षुको हत्या भनेको राजाको शान्ति क्षेत्र भावनामा थप्पड दिनु हो।" पछि विभिन्न आयोग गठन हुँदै भिक्षुको हत्यारा खोज्ने काम शिथिल हुँदै गयो। यही छ यहाँको नियति![१६०]

प्रव्रजित भिक्षु तथा अनागारिकाहरूको देहावसान पछि थेरवादी विधिमै दाहसंस्कार गर्ने चलन छ। काठमाडौं क्षेत्रमा स्वयम्भू डाँडाको उत्तरतिर त्यसका लागि प्रव्रजित दीप भनी एक ठाउँ छुट्याइएको छ। अहिले आएर त्यस दीपमा विभिन्न तत्त्वहरूको अतिक्रमणबाट पटकपटक जग्गा मिच्दै आएर मृत भिक्षु र अनागारिकाहरूको दाहसंस्कारको समयमा बाधा पुऱ्याउने काम भइरहेको छ। यस कुरामा धम्मवती गुरुमा धेरै नै चिन्तित छिन्। यस्तो बाधा हटाउन सम्बन्धित निकायसँग पटकपटक अनुरोध गरी विज्ञहरूसँग सहयोग लिएर जुटेकी छिन्। प्रव्रजित दीप चिरकालसम्म प्रव्रजितहरूले चलाउन पाऊन् भन्ने प्रयासमा धम्मवती गुरुमा लागिरहेकी छिन्।

**धम्मवती गुरुमाको जीवनीमा आधारित पुस्तकहरू**

१) **तेमि छेत्** (बर्मी भाषा)– बर्मी भिक्षु र वेथ्वं– सन् १९६३
२) तेमि छेत् को नेपालभाषामा अनुवाद: **योम्ह म्ह्याय्**– अनुवादक– भिक्षु ज्ञानपूर्णिक महास्थविर– वि.सं. २०२७
३) **योम्ह म्ह्याय्**को नेपाली भाषामा अनुवाद: **स्नेही छोरी**– अनुवादक– मोतिकाजि शाक्य– वि.सं. २०४९
४) अनागारिका धम्मवती– लेखक– रत्नसुन्दर शाक्य– वि.सं. २०४९

**धम्मवती गुरुमाले पाएको उपाधि**

१) बुद्धशासनमा अद्वितीय योगदान पुऱ्याएको हुँदा त्यस कार्यको कदर गरी भिक्षुणी धम्मवतीलाई बर्मी सरकारद्वारा प्रदान गरिने अति उच्चस्तरीय "अग्गमहागन्थवाचक पण्डित" उपाधि सन् १९९२ जनवरी ४ (वि.सं. २०४८ पुस २०) प्रदान गरियो।
२) नेपालभाषा परिषद्बाट 'भाषा थुवा :' उपाधि –ने.सं १११९ (वि.सं. २०५६)
३) स्वयम्भू ज्ञानमाला भजनबाट "ज्ञानमाला रत्नवत सिरपा :" (वि.सं. २०५२ पुस)

१६० "**धर्मकीर्ति**", वर्ष १५, अङ्क ११ (वि.स. २०५४), काठमाडौं : धर्मकीर्ति विहार)



Downloaded from http://www.dhamma.digital

**यसरी धम्मवती गुरुमाको अभिनन्दन पनि भएको छ**

धम्मवती गुरुमा प्रव्रजित भएको ५० वर्ष पूरा भएको अवसरमा वि.स. २०५६ कार्तिकमा श्रीघ : वहा:मा भव्य कार्यक्रम भयो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा ३९ संस्थाद्वारा प्रदान गरिएको अभिनन्दन पत्र गुरुमालाई प्रदान गरियो। त्यस्तै धम्मवती गुरुमा ७७ वर्ष पूर्ण भएको उपलक्ष्यमा लुम्बिनीमा वि.सं. २०६७ फागुनमा विशेष र धार्मिक समारोह भयो। वि.सं. मा नेवा: जागरण मञ्चको आह्वानमा काठमाडौंमा भव्यसँग जनस्तरबाट अभिनन्दन गरियो।

**९. भिक्षुणी (अनागारिका) ज्ञाणशीला**

वि.सं. १९८३ पाटनको यतालवि, ओकुवहा: रुद्रवर्ण महाविहारका गणेशराज शाक्य र इन्द्रकुमारी शाक्यकी सुपुत्री कुलशोभाको बाल्यवस्थादेखि नै धर्म, कर्ममा झुकाव रहन्थ्यो। आफ्नी वज्यै फुपूहरूसँग देव देवालयमा व्रत बस्ने, दीपङ्खा यात्रामा र मतया : जानुमा ठूलो रुचि थियो। एक दिन स्वयम्भूबाट फर्केकी कुलशोभा किण्डोलमा पुगिन् र त्यहाँ धर्मचारी र विरति गुरुमाहरूको धार्मिक जीवन देखेर आफू पनि त्यस्तै हुन पाए हुन्थ्यो भन्ने इच्छा उनको मनमा जाग्यो। पाटनको सुमङ्गल विहारमा भिक्षु प्रज्ञानन्दको आगमनपछि उनको धर्मोपदेशले कुलशोभा निकै प्रभावित भइन्। प्रज्ञानन्द भन्तेले सुमङ्गल विहारमा दैनिक धर्मोपदेश र ध्यान भावना अभ्यास गराउँथे। त्यस समय बर्माबाट अध्ययन पूरा गरी फर्केका भिक्षु बुद्धघोष पनि सुमङ्गल विहारमा बसे। कुलशोभाले भन्तेहरूबाट पालि भाषा, बर्मी भाषा, अभिधर्म आदि अध्ययन गरिन्।

वि.सं. २००६ कार्तिक २८ गते (नवेम्बर १३, १९४९) कुलशोभाले ऊ चन्द्रमणि महास्थविरसमक्ष प्रव्रज्या दीक्षा ग्रहण गरी अनागारिका ज्ञाणशीला गुरुमा बनिन्। प्रव्रजित भएर पाटन फर्केपछि गुरुमाहरूलाई बस्ने विहारको बन्दोवस्त नभएको कारण यताउति उपासक-उपासिकाहरूको घरमा बसी धर्मप्रचार गरिन्। पछिबाट पाटनको शाक्य सिंह विहारसँगै नरसिंहारामको निर्माण भएपश्चात् गुरुमाहरू त्यहीं बसे। शाक्य सिंह विहारमा आफ्नो गुरु प्रज्ञानन्द महास्थविरको छत्रछायामा उनले बुद्ध शिक्षाको गहन अध्ययन गरिन्। ज्ञाणशीला गुरुमाले सत्यशीला र अरू विहारबासी गुरुमाहरूसँग मिली बालबालिकाहरूलाई अनौपचारिक रूपमा शिक्षा दिने र बुद्धशिक्षा अध्यापन गर्ने कार्य निरन्तर रूपमा अघि बढिन्। उता माधवी गुरुमाले पनि बालबालिकाहरूलाई पढाइरहेकी थिइन्। दुवै समूहका बच्चाहरूलाई एकैसाथ राख्न पाए सरकारद्वारा स्कुल खोल्नको निमित मापदण्ड पूरा हुन्छ भन्ने धर्मरत्न शाक्य "त्रिशूली" को सल्लाहअनुसार त्यस्तै भयो। फलस्वरूप वि.सं. २०१३ मा यशोधरा बौद्ध विद्यालयको स्थापना भयो।



Downloaded from http://www.dhamma.digital

त्राणशीला गुरुमा हाल शाक्य सिंह विहारमा स्थापना भएको प्रज्ञानन्द स्मृति क्लिनिकका सल्लाहकार, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका निर्देशक छिन्। उनले शाक्य सिंह विहारका नियमित धार्मिक कार्यक्रम सुचारु रूपमा चलाइरहेकी छिन्।

त्राणशीला गुरुमालाई वि.सं. २०५६ सालमा प्रव्रजित जीवन ५० वर्ष पूरा भएको उपलक्ष्यमा उपासक-उपासिकाहरूले अभिनन्दन कार्यक्रमको आयोजना गरी सम्मान गरे। नेपालको बुद्धानुशासनमा उल्लेखनीय योगदान गरेको कदरस्वरूप वि.सं. २०६०, फागुनमा म्यान्मार सरकारद्वारा "महासद्धम्म जोतिक धज उपाधि" ले विभूषित गरिएको छ।[१६१]

## १०. भिक्षुणी (अनागारिका) सत्यशीला

बलम्बुमा ने.सं. १०५० मा मानबहादुर र जगत्माया तण्डुकारको सुपुत्री उज्यालीको जन्म भयो। तत्कालीन लोकप्रिय अनागारिका धर्मचारी गुरुमा आफ्नो घरमा भिक्षाटन आएदेखि उज्यालीको मन गृहत्यागी हुनेतर्फ आकर्षित भयो। त्यसताका भिक्षु चुल्लपन्थ, भिक्षु सुमङ्गल (दृष्टिविहीन) द्वम्बुको सतलमा नियमित बुद्धपूजा, धर्मदेशना गर्दथे। वि.सं. २००३ मा बलम्बुको खाममा प्रज्ञानन्द महास्थविरले धर्मोपदेश र ध्यान भावना अभ्यास गराएका थिए। प्रज्ञानन्द महास्थविरको गहन उपदेशले उज्यालीको भित्री हृदयसम्म छोयो। भिक्षु प्रज्ञानन्द महास्थविर द्वम्बुमा वर्षावास बसेको बेला कुलशोभा (पछि त्राणशीला गुरुमा) पनि आउँदा उज्यालीसँग भेट भयो र दुवै जना घनिष्ठ मित्र बन्न पुगे। वि.सं. २००६ कार्तिक २८ गते उज्याली कुशिनगरमा गुरु ऊ चन्द्रमणि महास्थविरसामु प्रव्रज्या दिक्षा लिई अनागारिका सत्यशीला बनिन्।

सत्यशीला गुरुमा बालबालिकाहरूलाई पढाउनमा रुचि राख्छिन्। उनले यशोधरा बौद्ध विद्यालय स्थापना गर्नमा पनि योगदान पुर्‍याएकी छिन्। उनी र त्राणशीला गुरुमाले शाक्य सिंह विहार, पाटनमा प्रज्ञानन्द महास्थविरको छत्रछायामा धार्मिक कार्यक्रमहरू अटुट रूपमा चलाइराखिन्। शाक्य सिंह विहारको अस्तित्व दुई गुरुमाहरूको मेहनतमा निहित छ। सत्यशीला गुरुमा धर्मोपदेशमा भन्दा पनि विहार व्यवस्थापन, भोजन, जलपान कार्यहरू व्यवस्थापनमा निपुण छिन्। वि.सं. २०५६ मा उनको प्रव्रजित जीवन ५० औं वर्ष मनाइयो।[१६२]

---

१६१ अनागारिका त्राणवती (स) **शाक्य सिंह विहारया दैनिक प्रार्थना सङ्ग्रह**, (वि.स. २०५६), ललितपुर छपिर्छे : मङ्गलमान अवाले।

१६२ अनागारिका त्राणवती (सं) (वि.स २०५६)।



Downloaded from http://www.dhamma.digital

११. भिक्षुणी (अनागारिका) उत्पलवण्णा (चिनी)

पाटन नागबहालको सम्पन्न शाक्य परिवारमा जन्मेकी चिनी शाक्य नेपालको थेरवादी बौद्ध जगत्मा हाल चिनी गुरुमा नाममा प्रख्यात छिन्। वास्तवमा उनको प्रव्रजित नाम उत्पलवण्णा हो। वि.सं. १९९६ मा पाटनको ठूलो संयुक्त परिवारमा जन्मेकी चिनी शाक्य बुवा चिरी काजी शाक्य र आमा बेटीमाया शाक्यकी छोरी हुन्। शाक्य कुलकी छोरी चिनी शाक्य शाक्य सिंह विहारमा प्रज्ञानन्द महास्थविरको धर्मदेशनाबाट प्रेरित भई प्रव्रज्याको बाटोमा लागिन्। उनकी आमा विहारमा गई भन्तेहरूको उपदेश सुन्ने गर्थिन् र आफ्ना छोरीलाई शिक्षित बनाउन चाहन्थिन्। तसर्थ बेटीमायाले एक दिन छोरीलाई बोलाएर– "तिमी बर्मामा गई प्रव्रजित भई अध्ययन गर्छौ ?" भनेर सोधिछन्। यस कुराबाट चिनीको मनमा ठूलो हर्ष छायो। तर घरका पुरुष सदस्यहरूले बैंस पुगेकी छोरीलाई विदेश पठाउनुमा आपत्ति जनाए। घरमा कलह पनि भयो। तर चिनीको दृढसङ्कल्पको फलस्वरूप उनी बर्मा देश पुगी छाडिन्। उनलाई बर्मा जाने प्रबन्ध मिलाउन भिक्षु प्रज्ञानन्द, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि र भिक्षु सुदर्शनले ठूलो सहयोग गरे। त्यति बेला बर्मामा अध्ययनरत धम्मवती गुरुमा उनको लागि ठूलो प्रेरणाको स्रोत बनिन्।

बर्मामा खेमाराम नन्स स्टडिज सेन्टरमा वि.सं. २०१६ (सन् १९६०) मा चिनी शाक्य 'उत्पलवण्णा' को नाउँले प्रव्रजित भइन्।

नेपालमा हाल उत्पलवण्णा गुरुमा सन्ति सुखावास विहार चाकुपाटमा बस्छिन्। भिक्षु ञाणपुण्णिक महास्थविरद्वारा लिखित एवं सम्पादित सबैजसो पुस्तकहरू प्रकाशित गर्ने क्रममा प्रुफ हेर्ने कार्यदेखि अन्य कार्यहरूमा सहयोग गरेकी छिन्। उनले 'महावग्ग' र 'बुद्धयात गथे म्हसीकेगु' नामक दुईवटा पुस्तक सम्पादन गरेकी छिन्। नेपालमा ठूलो भिक्षु तालिम केन्द्रका रूपमा सञ्चालित विश्व शान्ति शिक्षालयमा अध्ययनरत श्रामणेर तथा भिक्षुहरूलाई आवश्यक पर्ने हरेक प्रबन्धमा कुशल नेतृत्व दिई उल्लेखनीय योगदान पुऱ्याउँदै आएकी छिन्। सन्ति सुखावास विहार, विश्व शान्ति विहारमा हुने विभिन्न धार्मिक कार्यक्रममा उनी सक्रिय भई बुद्धानुशासनमा टेवा दिँदै आएकी छिन्।

वि.सं. २०६६ आश्विन १६ गते उत्पलवण्णा गुरुमा प्रव्रजित भएको ५० वर्ष पूरा भएको उपलक्ष्यमा तारेमाम सङ्घ, नागबहाल, हिरण्यवर्ण महाविहारको प्रमुख व्यवस्थापनमा भव्य अभिनन्दन गरियो।

१२. भिक्षुणी (अनागारिका) धम्मदिन्ना (चमेली)

पाटन नागबहालको सम्पन्न शाक्य परिवारमा जन्मेकी चमेली शाक्य चिनी शाक्य (अनागारिका उत्पलवण्णा) कै बहिनी (ठूलो बाकी छोरी) हुन्। नेपालको थेरवादी बौद्ध जगत्मा हाल चमेली गुरुमाको नाममा प्रख्यात छिन्।



Downloaded from http://www.dhamma.digital

वास्तवमा उनको प्रव्रजित नाम धम्मदिन्ना हो। पाटनको ठूलो संयुक्त परिवारमा वि.सं. १९९६ मा जन्मेकी बुवा हीरारत्न शाक्य र आमा नानीमाया शाक्यकी छोरी चमेली शाक्य हुन्। शाक्यकुलकी दुई दिदी बहिनी चिनी शाक्य र चमेली शाक्य शाक्य सिंह विहारमा प्रज्ञानन्द महास्थविरको धर्मदेशनाबाट प्रेरित भई प्रव्रज्याको बाटोमा लागेका थिए। चिनी शाक्य र चमेली शाक्य दुवैको जन्म वि.सं. १९९६ भएको मा एउटै परिवारमा दुईजना साखै दाजुभाइका सन्तानको रूपमा भएको थियो। उनीहरूका आमाहरू दुवै जना विहारमा गई भन्तेहरूको उपदेश सुन्ने गरेका कारण शिक्षाको महत्त्व बुझेपछि आफ्ना छोरीहरूलाई शिक्षित बनाउन चाहन्थे। तसर्थ बेटीमायाले एक दिन दुवैलाई बोलाएर– "तिमीहरू बर्मामा गई प्रव्रजित भई अध्ययन गर्छौ ?" भनेर सोधिछिन्। यस कुराबाट दुवै जनाको मनमा ठूलो हर्ष छायो। तर घरका पुरुष सदस्यहरूले बैंस पुगेकी छोरी बेटीहरूलाई विदेश पठाउनुमा आपत्ति जनाए। घरमा कलह पनि भयो। तर चिनी जस्तै चमेलीको पनि दृढसङ्कल्प थियो। फलस्वरूप उनीहरू दुवै जना बर्मा देश पुगिछाडे। उनीहरूलाई बर्मा जाने प्रबन्ध मिलाउन भिक्षु प्रज्ञानन्द, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि र भिक्षु सुदर्शनले ठूलो सहयोग गरे। त्यति बेला बर्मामा अध्ययनरत धम्मवती गुरुमा उनीहरूका लागि ठूलो प्रेरणाको स्रोत बनिन्।

बर्मामा खेमाराम नन्स स्टडिज सेन्टरमा वि.सं. २०१६ (सन् १९६०) मा चमेली शाक्य 'धम्मदिन्ना' को नाउँले प्रव्रजित भइन्।

धम्मदिन्ना गुरुमा हाल धर्मकीर्ति विहारमा बस्छिन्। उनी धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष छिन्। धर्मकीर्ति विहारमा बाल तथा प्रौढलाई बुद्ध शिक्षा अध्यापन गराउनमा उनको ठूलो योगदान छ। त्यस्तै धर्मकीर्ति परियत्ति केन्द्रमा सुरुदेखि नै उनले पठनपाठनसँगै व्यवस्थापन कार्यभार समालेकी छिन्। आधुनिक ढङ्गले बुद्धधर्म प्रचार गर्ने उद्देश्यले धर्मकीर्ति विहारबाट प्रकाशित हुने विभिन्न धार्मिक सिडी, डिभिडी, चक्कामा चमेली गुरुमाले स्वर दिन्छिन्। सुरिलो एवं बुलन्द स्वर उनको विशेषता हो। वि.सं. २०६६ कात्तिक २८ गते धम्मदिन्ना गुरुमा प्रव्रजित हुनुभएको ५० वर्ष पूरा भएको उपलक्ष्यमा धर्मकीर्ति विहार संरक्षण कोषको व्यवस्थापनमा भव्य अभिनन्दन गरियो।[१६३]

### १३. भिक्षुणी (अनागारिका) कमला

पद्मकुमारी र पद्मबहादुर राजकर्णिकारको सुपुत्री कमला राजकर्णिकारको जन्म वि.सं. २००४ मा कमलपोखरीमा भएको हो। कमलाकी आमा र ठूली आमा पाटनको सुमङ्गल विहारमा भिक्षु बुद्धघोषकहाँ धर्मोपदेश सुन्न जाने गर्दथे।

१६३ "धर्मकीर्ति" बौद्ध मासिक – वर्ष २७ अङ्क – ८ (वि.सं. २०६६), काठमाडौं : धर्मकीर्ति विहार



Downloaded from http://www.dhamma.digital

उनको मामा भक्तकृष्ण पनि बर्मामा प्रव्रजित भई भिक्षु सुमङ्गल भए त्यसैले उनीहरूको परिवार सुरुदेखि नै बुद्धधर्मप्रति समर्पित थियो। कमलाले बर्मामा अध्ययन गर्ने इच्छा पूरा गर्न प्रव्रजित हुने निश्चय गरिन्। भिक्षु सुमङ्गल र धम्मवती गुरुमाको सहयोगले उनी बर्मा पुगिन्। वि.सं. २०१८ मा मोलमिनको खेमाराम नन्स स्टडिजमा अनागारिका दो पञ्ञाचारी गुरुमाबाट उनले प्रव्रज्या दीक्षा लिइन् र 'मा पञ्ञा' गुरुमा बनिन्।

नेपाल फर्केपछि उनी धर्मकीर्ति विहारमा बसिन्। धर्मकीर्ति विहारमा बालबालिकाहरूलाई बुद्धशिक्षा पढाउने कक्षाहरूमा कमला गुरुमाले विशेष भूमिका निर्वाह गरिन्।

वि.सं. २०४७ मा उनले राजकर्णिकार परिवारले दान भएको जग्गामा पद्मकीर्ति विहार निर्माण गरी हाल त्यहीं विहार प्रमुख भएकी छिन्। पद्मकीर्ति विहार वर्तमानमा एक व्यस्त थेरवादी विहारका रूपमा प्रख्यात छ। यहाँ विभिन्न बौद्ध गतिविधिहरू नियमित रूपमा सञ्चालित हुँदै आएको छ। आफ्नो स्वास्थ्यको प्रतीकूलतालाई रत्तीभर परवाह नगरी निरन्तर बुद्धानुशासनको लागि आफैंलाई समर्पित गर्दै आएकी कमला गुरुमा साहसकी प्रतिमूर्ति छिन्।

वि.सं. २०६८ श्रावण १४ गते कमला गुरुमाको प्रव्रजित जीवन ५० वर्ष पूरा भएको उपलक्ष्यमा पद्मकीर्ति विहारको व्यवस्थापनमा भव्य अभिनन्दन गरियो।[१६४]

**वर्तमानमा सक्रिय भिक्षुणी (अनागारिका) गुरुमाहरू**

प्रव्रजित जीवन पचास वर्ष पूरा हुन बाँकी वर्तमानका सक्रिय केही भिक्षुणी (अनागारिका) हरूको योगदान पनि उल्लेखनीय छ। वि.सं. २०२० पछाडि प्रव्रजित भएका आधुनिक युगका अनागारिकाहरूले पनि आ-आफ्नो क्षेत्रबाट बुद्धधर्मको संरक्षण र संवर्धनको कार्यमा महत्त्वपूर्ण भूमिका पूरा गर्दै आएका छन्। उदाहरणका लागि केही उल्लेखनीय कार्य गर्दै रहेका गुरुमाहरूको छोटो परिचय यहाँ प्रस्तुत गरिन्छ।

१) भिक्षुणी (अनागारिका) डा. अनोजा सुलक्षण कीर्ति विहारका प्रमुख छिन्। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विभिन्न बौद्ध गतिविधिमा संलग्न रहेकी उनी बुद्धिस्ट हस्पिटल र बौद्ध वृद्धाश्रम निर्माण कार्यमा सक्रिय छिन्।

२) ज्ञाणवती गुरुमा भास्सरा विद्यालयकी संस्थापक प्रिन्सिपल तथा परियत्ति शिक्षा अध्यापन गर्छिन्।

---

१६४ "धर्मकीर्ति" बौद्ध मासिक – वर्ष २९ अङ्क – ४ (वि.सं. २०६८), काठमाडौं : धर्मकीर्ति विहार



Downloaded from http://www.dhamma.digital

३) पञ्ञावती गुरुमा पब्लिक इमेज कमिटीकी प्रमुख भई बौद्ध गतिविधिका अडियो, भिडियो रेकर्ड प्रकाशन गर्छिन्।

४) सुजाता गुरुमाले भारत र नेपालमा पालि र अभिधर्म अध्यापन गर्छिन्। उनी म्यान्मार सरकारबाट "महासद्धम्मजोतिक ध्वज" उपाधिबाट विभूषित छिन्।

५) बर्मी गुरुमा डा. मोलिनी गुरुमा अमेरिकाको युनिभर्सिटीमा बुद्धधर्म अध्यापन गर्नुका साथै किण्डोल निर्वाणमूर्ति विहार सञ्चालन गर्छिन्। म्यान्मार सरकारबाट "गन्थवाचक पण्डित" उपाधिबाट विभूषित उनी हाल दुर्गम क्षेत्रका बालिकाहरूलाई बुद्धशिक्षा दिलाई सक्षम बनाउने अभियानमा संलग्न छिन्।

६) रूपशीला गुरुमा बलम्बु क्षेत्रका बासिन्दालाई बुद्धशिक्षा र सरसफाइसम्बन्धी तालिम दिने गर्छिन्।

७) पुण्यवती गुरुमा सतुङ्गलमा शाक्यमुनि कीर्ति विहार स्थापना गरी त्यस क्षेत्रको ७ वटा गाउँका मानिसहरूको बीच बुद्धधर्म प्रचार गर्दै छिन्।

८) डा. धम्मविजया गुरुमा अमेरिकाको युनिभर्सिटिमा बुद्धधर्म अध्यापन गर्नुका साथै किण्डोल निर्वाणमूर्ति विहार सञ्चालन गर्छिन्। म्यान्मार सरकारबाट "गन्थवाचक पण्डित" उपाधिबाट विभूषित उनी हाल दुर्गम क्षेत्रका बालिकाहरूलाई बुद्धशिक्षा दिलाई सक्षम बनाउने अभियानमा संलग्न छिन्।

९) अग्गञाणी गुरुमा धम्मवती गुरुमा पछि बर्मी सरकारबाट सासनध्वज धम्माचरिय उपाधि प्राप्त अनागारिका छिन्। ध्यान शिविर सञ्चालन र परियत्ति अध्यापनमा तल्लीन छिन्।

१०) विमलञाणी गुरुमा पनि धम्मवती गुरुमा पछि बर्मी सरकारबाट सासनध्वज धम्माचरिय उपाधि प्राप्त अनागारिका छिन्। ध्यान शिविर सञ्चालन र परियत्ति अध्यापनमा तल्लीन छिन्।

११) खेमेसी गुरुमा लुम्बिनी ज्ञानप्रभा स्कुलकी संस्थापक प्रिन्सिपल तथा परियत्ति शिक्षा अध्यापन गर्छिन्।

१२) कुसुम गुरुमा वसुन्धरा विहार प्रमुख, लेखिका तथा परियत्ति शिक्षा अध्यापन गर्छिन्।

१३) निर्मलञाणी गुरुमा (वीणा गुरुमा) रत्न विपश्यना विहारका प्रमुख भएर विपश्यना ध्यान शिविरहरू सञ्चालन गरी उपासक-उपासिकालाई ध्यान अभ्यास गराउने कार्यमा उल्लेखनीय कार्य गर्दै आएकी छिन्।



Downloaded from http://www.dhamma.digital

१४) इन्दावती गुरुमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष, चाइनिज भाषा प्रशिक्षक तथा शाक्यधिता नेपाल च्याप्टरकी सचिव पदमा रही कार्यकलाप गर्छिन्।

१५) वीर्यवती गुरुमा धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका सम्पादक छिन्।

१६) शुभवती गुरुमा धर्मकीर्ति बौद्ध मासिक पत्रिकामा सम्पादन सहयोगी तथा परियत्ति शिक्षा अध्यापन गर्छिन्।

१७) रम्मावती गुरुमा स्टाफ नर्स भई स्वास्थ्य सेवामा कार्यरत छिन्।

यहाँ उल्लेख नभएका अन्य धेरै अनागारिकाहरू छन् जसले बुद्धानुशासन संरक्षण, संवर्धन गर्न आ–आफ्नो सीप र कार्यक्षमता अनुसार कार्य गरिरहेका छन्।

**उपसंहार**

धर्मचारी गुरुमादेखि हालसम्मका भिक्षुणीहरूको क्रियाकलाप नियाल्दा उनीहरूले नेपाली समाजमा विशेष गरी निम्नलिखित कुराहरूमा योगदान दिइरहेका पाइन्छन्।

**१) शैक्षिक क्षेत्र**

साठी-सत्तरी वर्ष अगाडिसम्म अधिकांश महिलाहरू निरक्षर थिए। मनमनैले कण्ठस्थ गरी केही देवी-देवताका स्तोत्र धारणीहरू वाचन गर्नमा मात्र उनीहरू सीमित थिए। शिक्षाप्रेमी नारीहरू पनि स्कुल जानबाट वञ्चित थिए। तर जब भिक्षु प्रज्ञानन्द महास्थविरको प्रेरणाबाट नारीहरू भिक्षुणी जीवनमा प्रवेश गरे तब नारीहरूलाई शिक्षित बनाउने अभियान नै चल्न थाल्यो। "स्वदेशवासी तताकेहेँपिं विद्या ब्वनादियेमाल" अर्थात् "स्वदेशवासी दिदीबहिनीहरू, विद्या सिक्नुपर्‍यो" भन्ने कविताबाट धर्मचारी गुरुमाले महिलाहरूलाई शिक्षित हुनुपर्छ भन्ने कुरा आह्वान गर्दै अघि बढिन्। यसरी प्रारम्भिक चरणका गुरुमाहरू धर्मचारी, धर्मशीला, धम्मवती गुरुमाहरूले विशेष गरी प्रौढ कक्षा सञ्चालन गरी चुलाचौकामा मात्र सीमित महिलाहरूलाई साँवा अक्षरदेखि लेख्न पढ्न सिकाए। प्रौढ महिलाहरूलाई साक्षर बनाई बौद्ध परियत्ति परीक्षामा सहभागी हुन सक्षम तुल्याइएको छ। बुद्धशिक्षा अध्ययनबाट यी महिलाहरूको घर र समाजमा उल्लेखनीय सकारात्मक प्रभाव परेको छ। प्रारम्भिक चरणका गुरुमाहरूकै अनुसरण गरी वर्तमानमा युवा पिंढीका भिक्षुणीहरू पनि महिला तथा बालबालिकाहरूलाई नैतिक शिक्षा दिन सक्रिय छन्। यसरी थेरवादी नेपाली भिक्षुणीहरूले प्रौढ महिलाहरूलाई कक्षा लिइ साक्षर बनाएर शिक्षित नारीहरूको सङ्ख्या बढाउनमा ठूलो योगदान गरिरहेका छन् जसको राज्यस्तरबाट समेत सही मूल्याङ्कन हुनुपर्ने कुरा जायज छ।



Downloaded from http://www.dhamma.digital

२) सामाजिक क्षेत्र

समाजमा व्याप्त जातिपातिको पर्खाल तोडेर एउटै सङ्घमा समान रूपले प्रव्रजित भएर भिक्षुणीहरूले मानवताको ज्वलन्त उदाहरण देखाइरहेका छन्। ठूला जाति भनाउँदाले तल्लो जाति भनाउँदाहरूको हातले पानी खान हुँदैन भन्ने मान्यता तोडेर विहारमा आउने सबै जातका उपासक-उपासिकाहरूलाई सँगै लाइनमा राखेर जलपान भोजन गराउने चलनको थालनीबाट जातपातको सङ्कुचित संस्कार हटेको छ विहारका उपासक-उपासिकाहरूबीच। केटीहरूलाई गुफा राख्ने र केटाहरूलाई व्रतबन्ध गर्ने चलनको ठाउँमा अल्पकालीन ऋषिनी र श्रामणेर प्रव्रज्या दिलाई केही दिनका लागि सद्धर्म अभ्यासको प्रचलनमा ल्याइएबाट पनि बौद्धहरूले परम्परागत कर्मकाण्डको ठाउँमा धर्म अभ्यास गर्ने, गराउने मौका पाएका छन्। दिवङ्गत आफन्तहरूको पुण्य स्मृतिमा ज्ञानवर्द्धक बौद्ध पुस्तक प्रकाशन गरी धर्मदान गर्ने चलन सिकाइदिँदा पालि र हिन्दी भाषामा मात्र सीमित बुद्धधर्मका पुस्तकहरू सर्वसाधारणले बुझ्ने नेपाल भाषा र नेपालीमा पढ्ने अवसर प्राप्त भयो। बौद्ध समुदायमा बसेको यस्तो नयाँ चलनले बौद्ध साहित्यको भण्डारमा पनि व्यापकता आएको छ।

३) बुद्धधर्मको सही अभ्यास

नेपाली समाजमा विशेष गरी धर्म-कर्म, तीर्थव्रत गर्ने देवी-देवताहरूका मन्दिरमा लाम बस्नेहरू महिलाहरू नै बढी देखिन्छन्। यस्ता महिला समूहलाई सही मानेमा धर्मको अभ्यास के हो भन्ने कुरा बुझाउन भिक्षु-भिक्षुणीहरूको भूमिका उल्लेखनीय छ। चित्त शुद्ध गर्नु नै धर्मको पहिचान हो, पूजाको थाली मात्र धर्म होइन भन्ने कुरा जनमानसलाई बुझाउन धर्मदेशना र प्रवचनद्वारा गुरुमाहरूले सक्दो प्रयास गरे। चित्त शुद्धिका लागि, समाधि र प्रज्ञाको विकास हुनुपर्छ र यसका लागि ध्यानको अभ्यास हुनुपर्छ भन्ने तथ्य बुझाउन भिक्षुणीहरूले विहार-विहारमा ध्यान कार्यक्रमको आयोजना गर्दै गएबाट बुद्धको धर्म सही रूपले अभ्यास गर्ने वातावरण बन्यो। ध्यान भावनाको अभ्यासमा हुन त सुशीला गुरुमाले प्रज्ञानन्द महास्थविरबाट सिकी विपश्यना ध्यानको प्रचारप्रसार केही गरिसकेकी थिइन्। पछि दो पञ्ञाचारी गुरुमा (बर्मा) बाट शिविरका रूपमा कार्यक्रम चलाएपछि यसले गति लिन थाल्यो। दिवङ्गत रत्नमञ्जरी गुरुमाले ध्यान भावना सिकाउनुमा अग्रणी भूमिका निर्वाह गरिन्। यसरी बुद्ध जन्मभूमि नेपालमा थेरवादी भिक्षुणीहरूले भिक्षुहरूसरह बुद्धधर्म संरक्षण, संवर्धन र प्रचार–प्रचारमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेको कुरा छर्लङ्ग छ।

विभिन्न क्षेत्रमा आफ्नो कार्य क्षमताअनुसार योगदान दिइरहेका यी अनागारिकाहरूको प्रमुख उद्देश्य भनेको बुद्धधर्म प्रचार, प्रसार तथा संवर्धन अनि



Downloaded from http://www.dhamma.digital

बुद्धशिक्षाद्वारा मानिसहरूमा ज्ञानको ज्योति फैलाई समाज र राष्ट्रमा शान्ति कायम गर्नु हो। उनीहरू नारी भएर पनि सौन्दर्य साधन, रागरस त्यागी, कपाल मुण्डन गरी गुलाबी वस्त्र धारण गर्नुको अर्थ नै सांसारिक सुखभोग त्यागी विमुक्तिरस निर्वाण मार्गमा पाइला राख्न बुद्धधर्मको अध्ययन र अभ्यास गर्नु-गराउनु हो, आफूले सिकेको शिक्षा अरूलाई बाँड्नु हो।

**सन्दर्भ ग्रन्थ सूची**


अनागारिका ज्ञाणवती (सं) *शाक्य सिंह विहारया दैनिक प्रार्थना सङ्ग्रह,* (वि.सं. २०५६), ललितपुर खपिछें : मङ्गलमान अवाले।

अनागारिका सुशीला "परियत्ति सद्धम्म कोविद" *अनागारिका सुशीलाया आत्मकथा* (वि.सं. २०५१), यल : अनागारिका सुशीला अभिनन्दन समारोह समिति।

गुभाजू, तिलकमान, *अनागारिका धर्मशीला र उनका कार्यहरू* (वि.सं. २०४६), नदीपुर पोखरा : धर्मशीला बुद्ध विहार।

गुरुमा डा. अनोजा, *सुलक्षणकीर्ति बुद्ध विहार परिचय* (वि.सं. २०६१), चोभार : तकाजि प्रजापति।

तुलाधर, रीना, *चिर तिइतु सद्धम्मो* (वि.सं. २०५९), श्रीघ : धर्मकीर्ति प्रकाशन।

तुलाधर, लोचनतारा, *धर्मचारी गुरुमा किन्द्र बहा:निसें निर्वाणमूर्ति तक* (वि.सं. २०६४), किम्डोल : निर्वाणमूर्ति विहार।

*"धर्मकीर्ति",* बौद्ध मासिक– वर्ष ५, पूर्णाङ्क – ४५ (वि.स.२०४४), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति",* वर्ष १५ अङ्क ४ (वि.सं. २०५४), काठमाडौं : धर्मकीर्ति विहार।

"धर्मकीर्ति", वर्ष १५, अङ्क ११ (वि.सं. २०५४), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति",* बौद्ध मासिक – वर्ष १७ अङ्क – ७ (वि.सं. २०५६), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति",* बौद्ध मासिक – वर्ष २२ अङ्क – ११ (वि.सं. २०६१), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति"* : वर्ष २२, अङ्क ११ (वि.सं. २०६१), काठमाडौं : धर्मकीर्ति विहार

*"धर्मकीर्ति",* बौद्ध मासिक – वर्ष २४ अङ्क – ७ (वि.स. २०६३), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति",* वर्ष २५, अङ्क ७ (वि.सं. २०६३), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति"* बौद्ध मासिक – वर्ष २७ अङ्क – ८ (वि.स. २०६६), काठमाडौं : धर्मकीर्ति विहार।

*"धर्मकीर्ति"* बौद्ध मासिक – वर्ष २९ अङ्क – ४ (वि.सं. २०६८), काठमाडौं : धर्मकीर्ति विहार।

निर्वाणमूर्ति विहार, *निर्वाणमूर्ति विहार स्मारिका* (वि.सं. २०६८), किण्डोल : निर्वाणमूर्ति विहार।

निर्वाणमूर्ति विहार, *भिक्षुणीद्वय डा. धम्मवती, डा. धम्मविजय अभिनन्दन स्मारिका,* (वि.सं. २०६९), किण्डोल : निर्वाणमूर्ति विहार।




Downloaded from http://www.dhamma.digital

नेपाल भाषा परिषद्, *नेपाल भ्रुतु पौ* – दँ ५९, त्या : १ (वि.सं. २०६७), काठमाडौं : नेपाल भाषा परिषद् ।
प्रज्ञानन्द स्मृतिग्रन्थ प्रकाशन समिति, *प्रज्ञानन्द स्मृतिग्रन्थ,* (वि.सं.२०५२), ललितपुर : प्रज्ञानन्द स्मृतिग्रन्थ प्रकाशन समिति ।
भिक्षु, अमृतानन्द, *बुद्धकालीन श्राविका चरित* (बु.सं. २५२६), काठमांडौ : आनन्दकुटी विहार गुठी ।
मा. गुणवती, *नेपालय् २५ दँ जिगु लुमन्ति* (वि.सं. २०४४), काठमाडौं : धर्मकीर्ति विहार ।
यशोधरा बौद्ध मा.वि., *यशोधरा बौद्ध विद्यालय स्वर्ण जयन्ती स्मारिका* (वि.सं. २०६३), ललितपुर : यशोधरा बौद्ध माध्यमिक विद्यालय ।
र वे ध्वं (अनु. ज्ञानपुण्णिक) : *य :म्ह म्हयाय्* (द्वि.सं.), (वि.सं. २०७०) : नेवा: जागरण मञ्च
वज्राचार्य, धनबज्र, *लिच्छवीकालका अभिलेख* काठमांडौ, (वि.सं. २०५३), कीर्तिपुर : नेपाल र एसियालि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।
वज्राचार्य, प्रकाश, *बौद्ध दर्पण* (१९९६) काठमाडौं : बुद्ध जयन्ती समारोह समिति ।

॥ भवतु सब्ब मङ्गलं ॥

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937589826

Downloaded from http://www.dhamma.digital

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital